सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

# फैसला

०७७-CR-१०७५

मुद्दाः- कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी।

कैलाली जिल्ला साविक दुर्गौली गा.वि.स. वडा नं. ८ हाल जानकी गाउँपालिका वडा नं.६ घर भई हाल कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा थुनामा रहेको लालवीर चौधरीको छोरा रेशमलाल चौधरी---१ — पुनरावेदक प्रतिवादी

विरूद्ध

प्र.ना.नि. मानबहादुर बोहराको जाहेरीले नेपाल सरकार----------------१ — प्रत्यर्थी वादी

०७८-CR-१३०९

कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं.७ घर भई हाल कारागार कार्यालय झुम्का, सुनसरीमा थुनामा रहेका सिताराम चौधरी-------------१ — पुनरावेदक प्रतिवादी

विरूद्ध

प्र.ना.नि. मानबहादुर बोहोराको जाहेरीले नेपाल सरकार---------------१ — प्रत्यर्थी वादी

०७७-CR-१३१०

कैलाली जिल्ला मनुवा गा.वि.स. वडा नं.४ घर भई हाल कारागार कार्यालय कैलालीमा थुनामा रहेका हरिनारायण चौधरी-----------------------------१ — पुनरावेदक प्रतिवादी

कैलाली जिल्ला जोशीपुर गा.वि.स. वडा नं.७ घर भई हाल कारागार कार्यालय कैलालीमा थुनामा रहेका गंगाराम डगौरा चौधरी--------------१

कैलाली जिल्ला टीकापुर नगरपालिका वडा नं.३ घर भई हाल कारागार कार्यालय कैलालीमा थुनामा रहेका वीरबहादुर चौधरी-----------------१

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोरासमेतको जाहेरीले नेपाल सरकार------------१ **प्रत्यर्थी वादी**

**०७७-CR-१३११**

कैलाली जिल्ला मुनुवा गा.वि.स. वडा नं.४ घर भई हाल बालसुधार गृह साराङकोट पोखरामा रहेका मेवालाल चौधरीको छोरा श्रवण चौधरी-----१ **पुनरावेदक प्रतिवादी**

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोराको जाहेरीले नेपाल सरकार-----------------१ **प्रत्यर्थी वादी**

**०७७-CR-१३५८**

कैलाली जिल्ला जोशीपुर गा.वि.स.वडा नं.७ बडैपुर बस्ने चुन्नीराम चौधरी-१

कैलाली जिल्ला मुनुवा गा.वि.स. वडा नं.१ बस्ने रामकुमार कठरिया----१ **पुनरावेदक प्रतिवादी**

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोराको जाहेरीले नेपाल सरकार----------------१ **प्रत्यर्थी वादी**

**०७७-CR-१३५९**

कैलाली जिल्ला मुनुवा गा.वि.स. वडा नं.१ मा बस्ने राजकुमार कठरिया--१

कैलाली जिल्ला मुनुवा गा.वि.स. वडा नं.१ मा बस्ने सुन्दरलाल कठरिया--१

कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं.७ बस्ने वृजमोहन डगौरा चौधरी-१

कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं.७ बस्ने राजेश चौधरी----------१ **पुनरावेदक प्रतिवादी**

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोरासमेतको जाहेरीले नेपाल सरकार-------------१ **प्रत्यर्थी वादी**

०७७-CR-१३८९

कैलाली जिल्ला मुनुवा गा.वि.स. वडा नं.४ घर भई हाल कारागार कार्यालय कपिलवस्तुमा थुनामा रहेका प्रदिप चौधरी--------------------१ **पुनरावेदक प्रतिवादी**

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोरासमेतको जाहेरीले नेपाल सरकार------------१ **प्रत्यर्थी वादी**

०७८-RC-००५२

प्र.ना.नि. मानबहादुर बोहोरासमेतको जाहेरीले नेपाल सरकार ----------१ **प्रत्यर्थी वादी**

**विरूद्ध**

कैलाली जिल्ला फुलबारी गा.वि.स. वडा नं.१ मा घर भएका लक्ष्मण (थारू) चौधरी-------------------------------------------------१ **निवेदक प्रतिवादी**

०७८-FN-०५७०

कैलाली जिल्ला फुलबारी गा.वि.स. वडा नं.१ मा घर भएका लक्ष्मण (थारू) चौधरी-------------------------------------------------१ **निवेदक प्रतिवादी**

**विरूद्ध**

प्र.ना.नि. मानबहादुर बोहोरासमेतको जाहेरीले नेपाल सरकार------------१ **प्रत्यर्थी वादी**

**सुरू तहमा फैसला गर्नेः-** कैलाली जिल्ला अदालत
मानननीय न्यायाधीश श्री परशुराम भट्टराई
२०७५।११।२२

**पुनरावेदन तहमा फैसला गर्नेः** उच्च अदालत, दिपायल, डोटी
माननीय न्यायाधीश श्री टेकनारायण कुँवर
माननीय न्यायाधीश श्री सिताराम मण्डल
२०७७।०९।०२

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम पुनरावेदनको रोहमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

## मुद्दाको संक्षिप्त तथ्य

### जाहेरी दरखास्त र प्रहरी प्रतिवेदनः

१. थरूहट राज्यको माग गर्दै केही दिन अगाडि देखि थरूहट समर्थक नेता तथा कार्यकर्ताहरूले बन्द, चक्काजाम, हड्तालको कार्यक्रम गरी आएका थिए। त्यसक्रममा जनधनको सुरक्षा गर्न सेती अंचल प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा टीकापुरको एरियामा हामी खटिएका थियौं। मिति २०७२/५/७ गतेका दिन थरूहट कार्यकर्ताले टीकापुर बजारमा आई सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने, तोडफोड गर्ने, हुलदङ्गा गर्ने जस्ता कार्यक्रम रहेको छ भन्ने सूचना बमोजिम सुरक्षाकर्मीहरू त्यसतर्फ तैनाथ भएको र आन्दोलनकर्ताको सुरक्षा र सरकारी कार्यालयहरूको सुरक्षार्थ तोकिएको निषेधित क्षेत्रभित्र प्रवेश गर्ने बाटोमा गई सुरक्षाकर्मीहरूले सम्झाईबुझाई गर्दा समेत मार्ने योजनाका साथ आएका अन्यायीहरूले हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल, घरेलु हतियार, आधुनिक हतियार सहित आई प्रहरीलाई घेराबन्दीमा पारी छापामार शैलीमा चारैतिरबाट घेरी आफूले बोकी ल्याएका हातहतियार प्रहार गरी सुरक्षाकर्मीहरूलाई निर्मम तरिकाले कुटपिट गरी कर्तव्य गरी मारी केही सुरक्षाकर्मीहरूलाई गम्भीर घाईते बनाएको तथा डेढ वर्षिय बालक समेतलाई गोली हानी मारेको र हतियार लगायतका प्रहरीका संचार सेटसमेत लुटी लगेकोले घटनामा संलग्न प्रतिवादी राम कुमार कठरिया समेत उपर कारवाही गरी पाउँ भन्ने समेत बेहोराको **प्र.ना.नि. मानबहादुर बोहराको जाहेरी दरखास्त।**

२. वारदातका दिन मेरो श्रीमान समेतको सुरक्षाकर्मीको टोली टीकापुरस्थित पशु हाटबजारमा सार्वजनिक सम्पत्तिको सुरक्षार्थ खटिइ गएको अवस्थामा प्रतिवादीहरू, श्रवण चौधरीसमेत वारदातस्थलमा आई निषेधित क्षेत्र प्रवेश गर्न खोज्ने क्रममा सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरूले रोक्न खोज्दा उल्टै आफूहरूले बोकी ल्याएका भाला, खुँडा, खुकुरी लगायतका घरेलु हतियारले प्रहार गरी घेराबन्दीमा पारी निर्मम तरिकाले कर्तव्य गरी मारेकोले निज प्रतिवादीहरूलाई कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको मिति २०७२/५/२० गतेको **शारदा कडायत बोहराको जाहेरी दरखास्त।**

३. मिति २०७२/५/७ गते मेरो दाजु प्रहरी निरीक्षक बलराम विष्ट जनधनको सुरक्षा गर्न टीकापुरमा खटी जानु भएकोमा थरूहटका कार्यकर्ताले टीकापुर बजारमा आई सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने, तोडफोड गर्ने, हुलदङ्गा गर्ने, जस्ता कार्यक्रम रहेको छ भन्ने जानकारी पाएपछि सार्वजनिक सम्पत्ति तोडफोड नहोस भनी सुरक्षाको लागी पश्चिमबाट टीकापुर प्रवेश गर्ने पशुहाटबजारको बाटोमा खटीई आन्दोलनकारीलाई सम्झाईबुझाई गर्दै थिए। अन्यायी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिदै प्रहरीको ज्यान मार्ने, प्रहरीलाई जलाउने योजनाका साथ राम कुमार कठरिया, सुन्दरलाल कठरिया समेतको जत्था हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल, घरेलु हतियार, आधुनिक हतियार सहित आई पूर्वयोजना बमोजिम प्रहरी कर्मचारीलाई चारैतिरबाट घेरा हाली मेरो दाजुसमेतलाई बन्चरो, खुकुरी, ढुङ्गा, लाठी समेतले हानी भालाले रोपी दाजु समेतका सुरक्षाकर्मीहरूको हत्या गर्ने योजना बनाउने आदेश दिने तथा अमानवीय किसिमले विभत्स हत्या गर्ने धनीराम चौधरी, रेशमलाल चौधरी, रामचन्द्र चौधरी, लक्ष्मण चौधरी, फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदीप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, प्रदीप चौधरी, रामकुमार कठरिया, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, सन्तराम चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, वीर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारू, राम चन्द्र चौधरी तथा लाहुराम चौधरी उपर कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको **धर्मसिंह विष्टको जाहेरी दरखास्त।**

४. मिति २०७२/५/७ गतेका दिन टीकापुरमा भएको बन्द हड्तालमा शान्ति सुरक्षाका लागी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो दाजु श्याम खड्का खटिई जानु भएकोमा अन्यायीहरूले टीकापुर बजारमा हुलदङ्गा गरी जनधनको क्षति पुऱ्याउने जानकारी पाएपछि सो स्थानमा ड्युटीमा खटिई जाँदा मार्ने योजना तथा नियतका साथमा आएका रेशमलाल चौधरी समेत नेतृत्वको हुल जत्थाले मेरो दाजु माथी सांघातिक आक्रमण गरी निर्ममताका साथ हत्या गरेको हुँदा हदैसम्मको कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **प्रकाश खड्काको जाहेरी दरखास्त।**

५. मिति २०७२/५/७ गतेका दिन प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो भतिजा जनक बहादुर नेगी थरूहट राज्यको माग गरी टीकापुर लगायतका स्थानमा भएको बन्द हड्ताल, तोडफोडमा शान्ति सुरक्षाका लागी खटिई गएकोमा घरेलु हातहतियार सहित सुसज्जित भई मार्ने योजना तथा नियतका साथमा आएका रेशमलाल चौधरी समेत नेतृत्वमा रणभुमि भन्ने फिरूलाल चौधरी, बिसराम चौधरी, फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी समेतको जत्थाले मेरो भतिजा समेतका प्रहरीलाई सांघातिक आक्रमण गरेकोमा मेरो भतिजा जनक बहादुर नेगी गम्भीर घाईते भएकोमा भतिजाको उपचारका क्रममा मृत्यू भएको हुँदा हत्या गर्ने प्रतिवादीहरूलाई हदैसम्मको कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **राज बहादुर नेगीको जाहेरी दरखास्त।**

६. मिति २०७२/५/७ गतेका दिन प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो श्रीमान लोकेन्द्र बहादुर चन्द टीकापुरमा खटिई जानु भएकोमा अन्यायीहरूले टीकापुर बजारमा हुल दङ्गा गरी जनधनको क्षति पुऱ्याउने अवस्था भएपछि आन्दोलनकारीलाई सम्झाईबुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिई राम कुमार कठरिया, सुन्दरलाल कठरिया समेतका प्रतिवादीहरूले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पूर्वयोजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो श्रीमान् लोकेन्द्र बहादुर चन्द माथी साङ्घातिक आक्रमण गरी निर्ममताकासाथ हत्या गरेको हुँदा हदैसम्मको कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **पशुपती चन्दको जाहेरी दरखास्त।**

७. मिति २०७२/५/७ गतेका दिन उग्रतारा गण टीकापुरमा कार्यरत मेरो भाई सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउद टीकापुर बजारमा ड्युटीमा खटिई गएको थियो, प्रतिवादीहरूलाई सम्झाईबुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिए अनुसार प्रतिवादीहरू राम कुमार कठरिया, सुन्दरलाल कठरिया, रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, प्रदिप चौधरी, चमन चौधरी, करन चौधरी, प्रदिप चौधरी, राम कुमार कठरिया, राज कुमार कठरिया,

दिल बहादुर चौधरी, समेतका प्रतिवादीहरूले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियारसहित आई पूर्वयोजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो भाई ललित बहादुर साउदसमेत माथि साङ्घातिक आक्रमण गरी निर्ममताका साथ हत्या गरेको हुँदा निज प्रतिवादीहरूलाई कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **गोरख बहादुर साउदको जाहेरी दरखास्त।**

८. २०७२/५/७ गतेका दिन उग्रतारा गण टीकापुरमा कार्यरत मेरो भाई सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू टीकापुर बजारमा खटिई गएको थियो। प्रतिवादीहरूलाई सम्झाईबुझाई गर्ने क्रममा प्रतिवादी धनिराम चौधरीको योजनामा लक्ष्मण चौधरी, रेशमलाल चौधरी समेतले निर्देशन दिदै राम कुमार कठरिया, सुन्दरलाल कठरिया, रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, प्रदिप चौधरी, चमन चौधरी, करन चौधरी प्रदिप चौधरी, राम कुमार कठरिया, राज कुमार कठरिया, दिल बहादुर चौधरी, समेतका प्रतिवादीहरूले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पूर्वयोज़ना बमोजिम चारैतिरबाट घेरा हाली मेरो भाई राम विहारी थारू समेत माथी साङ्घातिक आक्रमण गरी जिउदै आगो लगाई निर्ममताका साथ हत्या गरेको हुँदा निज प्रतिवादीहरूलाई कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **ओमकार थारूको जाहेरी दरखास्त।**

९. वारदातका दिन टीकापुरस्थित सरकारी कार्यालयहरको सुरक्षार्थ खटी गएको प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको सुरक्षाकर्मीको टोलीलाई थरूहटका आन्दोलन कर्ता प्रतिवादी हरिनारायण चौधरी समेतका व्यक्तिहरूले टीकापुरस्थित पशुहाटबजार नजिक निषेधित क्षेत्रमा जान नदिएपश्चात चारैतिरबाट घेराहाली आफूहरूले बोकी ल्याएका लाठा, भाला, तरवार लगायतका घरेलु हतियारहरूले प्रहार गरी विभत्स रूपमा हत्या गरेकोले निज प्रतिवादीहरूलाई कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको **दिपक न्यौपानेको जाहेरी दरखास्त।**

१०. टीकापुर न.पा.वडा नं.-९ स्थित पशुहाटबजारमा सुरक्षाकर्मीमाथि आक्रमण गरी कर्तव्य गरी मार्नमा संलग्न रहेका प्रतिवादीहरू राजेश चौधरी, सन्तराम चौधरी, किशनलाल चौधरी, बृज मोहन डगौरा, विश्राम भन्ने जित बहादुर डगौरा, राम नरेश

चौधरी, वीर बहादुर चौधरी समेत उपर कारवाही गरी पाउन **प्र.ना.नि.मान बहादुर बोहराको थप जाहेरी दरखास्त।**

११. मिति २०७२/५/७ गते थरूहटका कार्यकर्ताहरूले टीकापुर बजारमा आई निजी तथा सार्वजनिक सम्पत्तिको क्षति पुऱ्याउने योजना रहेको छ भन्ने जानकारी पाएपछि शान्ति सुरक्षाका लागी सशस्त्र प्रहरी टोली खटीई जाँदा बदनियतका साथ आएका प्रतिवादीहरूले अगाडि महिला तथा बाल बालिकालाई व्यानर बोक्न लगाई पछाडि घरेलु हातहतियार सहित आएका जत्थाले छापामार शैलीमा प्रहरी टोलीलाई घेराबन्दीमा पारी आक्रमण गर्दा नेपाल प्रहरीका उच्च अधिकारी सहित सशस्त्र प्रहरी हवल्दार ललित बहादुर साउद, सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूको हत्या गरी दर्जनौ सशस्त्र प्रहरी कर्मचारीलाई घाईते बनाएको उक्त घटना धनिराम चौधरी, रेशमलाल चौधरी समेतको निर्देशनमा रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरीको अगुवाईमा विभत्स हत्या घटना गराएको हुँदा हदैसम्मको कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी बल उग्रतारा गण टीकापुर कैलालीका **सशस्त्र प्रहरी उपरीक्षक हर्क बहादुर रावलको प्रतिवेदन।**

१२. वारदात मिति देखि भागी फरार रहेका प्रतिवादी संगम भन्ने सन्तोष कुमार थारू मिति २०७२।०५।१७ गते पक्राउ परेकोले कारवाही गरीपाउँ भन्ने बेहोराको मिति २०७२/५/१७ गतेको **प्रहरी प्रतिवेदन।**

<u>घटनास्थल प्रकृति मुचुल्का:</u>

१३. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नं.-९, ब्लक नम्बर २९, पशुहाटबजार स्थित पूर्वमा सदबरूवा तर्फ जाने कच्ची सडक, पश्चिममा शंकरपुर गाउँ, उत्तरमा सदबरूवा गाउँ, दक्षिणमा जमरा खोला यती चार किल्ला भित्र चर्चेको पशु हाटबजार क्षेत्र, शंकरपुर गाउँ टीकापुरबाट मुनुवा गाउँ समेतको स्थानमा जाने बाटो, धानखेतीलाई घटनास्थल कायम गर्न सुरू घटना भएको उदगमस्थल टीकापुर बजारबाट मुनुवा गाउँ जाने पिच सडकको बिचमा प्रशस्त शिशाका टुक्राहरू फुटेका, सो सडकको पूर्व किनारामा रहेको नालीको माटोमा प्रशस्त खुट्टाको कुल्चन भएको, पूर्व सडक किनारामा राम धनी वर्माको घर, सो घरको पछाडि पट्टी ८ फिट चौडाई भएको बाटो, सो बाटोमा मानिस लखेटी माटो कुल्चिएको देखिएको, रामधनी बर्माको

घर पछाडि लगाएको मकैबारी कुल्चिएको, सोही स्थानबाट ५ मिटर टाढा जङ्ग बहादुर सिँजालीको घर आगनमा लगाएको मकैबारी कुल्चिएको, पात डाँढबाट पानी निस्केको सोही स्थानबाट ५ मिटर अगाडि विर बहादुर बटालाको घर आगनको पानी नल्का बारेको ईट्टा भत्काईएको, प्रशस्त्र संघर्ष भएको देखिएको, सो स्थानबाट १० मिटर उत्तर संङ्गिता बर्माको घर आगनमा रगत जस्तो लागेको फुटेको ढुङ्गा, काँचो बाँसमा फलामे किला ठोकेको हात्र प्रयोग भई फुटेका ६ वटा लठ्ठी रहेका, सो स्थानबाट १० मिटर पूर्व संङ्गिता बर्माके कुखुरापालनका लागि बनाईएको छाना सोही छानाको ५ मिटर दक्षिण खर पोलेको खरानी, मुस्लो, प्लाष्टिक जलेको अवशेष रहेको, सोही स्थान नजिक बाँसका लाठी, फुटेका चिरीएका ४ वटा, कडा काठको लठ्ठी टुटेको अवस्थामा फेला परेको। सोही स्थानमा छरिएको तरवार २, फलामे पाईप १, घन १ रहेको सो स्थानबाट ५ मिटर पूर्व खर जलेको धुलो, मुस्लो र आधा जलेको खर, दाउ जस्तो धार भएको हतियार १ रहेको, सो स्थानबाट अ.१ किलोमिटर सम्म धानबारी रहेको, धानको बिचमा प्रशस्त मानिस हिडेको, दगुरेको धान मडारिएको पाईएको, खेतमा प्रशस्त ठुला साना ढुङ्गा रहेका, बियरका खाली ४ वटा बोतल, धानखेती भित्रै अलग-अलग स्थानमा फेला परेको, खेतको बिचमा विर बहादुर के.सी.को खेतको धान माडिएको, सोही स्थानबाट ८ मिटर उत्तर खेत बिचको नालिमा घाँस मडारिएको, फुटेका ढुङ्गा, अन्दाजी डेढ किलो तौल भएका ढुङ्गाहरूमा रगत लागी सुकेको, सो स्थानबाट ५० मिटर उत्तर नेत्र बहादुर साउदको घर, सो घरको उत्तर तर्फ पर्खाल खेत रहेको। मिति २०७२/५/७ गते थरूहटको टीकापुर बजारमा आई सार्वजनिक निजी सम्पत्ति क्षति पुऱ्याउने योजना थाहा पाई प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोली सुरक्षाको लागी खटिई जाँदा घरेलु आधुनिक हतियार सहित आएका अन्यायीहरूले हाटबजारस्थित बाटोमा सम्झाईबुझाई गर्न लागेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई घेरा हाल्दा आफ्नो बचाउका लागी वीर बहादुर बडालको घर पछाडिको बाटोबाट भाग्न खोज्दा योजनाबद्ध रूपमा मार्न आएका अन्यायीहरूले पछाडिबाट लाठी, भाला, बन्चराले हान्दै लखेटेका निज वीर बहादुर बडालाको पानी नल्का बारेको ईट्टा भत्काई प्रहरीलाई हिर्काएको र घाईते भएका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने आफ्नो ज्यान जोगाउन संङ्गिता वर्माको घर कोठा भित्र पस्दा अन्यायीले बाहिर तानी आंगनमा ढुङ्गा,

लाठी, भाला, खुकुरीले टाउँको, निधार अनुहार समेतमा प्रहार गरी मारेका र सोही स्थानबाट ५ मिटर पूर्व सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरीलाई लाठी भालाले हानी घाईते पारी जमिनमा ढलाई नजिकै भएको खरले जिउँदै जलाएका, सोही स्थान भन्दा ५ मिटर पूर्व प्रहरी जवान लोकेन्द्र चन्दलाई पनि भाला, डण्डा, खुकुरी, बन्चरोले हिर्काई शरीरका विभिन्न भागमा चोट पुऱ्याई जिउँदै शरीरमा आगो लगाएका, सोही स्थानबाट पश्चिममा श्याम खडकालाई धारिलो हतियारले मारेको, सो स्थानबाट अन्दाजी १ किलोमिटर उत्तर ज्यान जोगाउन भाग्दै गरेका प्रहरी निरीक्षक केशव बोहरा र बलराम विष्टलाई पछाडिबाट लखेटी धानखेतमा ढलाई बन्चरो, तरवार, लाठी, हसियाले ढुङ्गा लाठीले हानी मारेका, तत्पश्चात ५० मिटर उत्तर सशस्त्र प्रहरी हवल्दार ललित साउदलाई धान खेतमा लाठीले हानी मारेका र सोही स्थान नजिक घर आगनमा खेलिरहेको डेढ वर्षको टेक बहादुर साउदलाई टाउकोमा गोली हानी मारेको र घटनास्थलमा हत्याराले छाडी गएका लाठी, तरवार, ढुङ्गा, रड, घन, काडेतार बेरिएका बाँस, किल्ला ठोकिएको बाँस, चप्पल, ढुङ्गा संकलन गरी उठाई फोटो खिचिएको भन्नेसमेत बेहोराको **मिति २०७२/५/७ गतेको घटनास्थल प्रकृति मुचुल्का कागज।**

१४. जिल्ला कैलाली, टीकापुर न.पा. वडा न.९, पशु हाटबजारस्थित पूर्वमा टेक बहादुर चौधरीको कच्ची घर, पश्चिममा उदय सिजालीको घर, उत्तरमा रामधनी बर्माको खेतबारी, दक्षिणमा वीर बहादुर बटालाको १ तले पक्की घर यती चार किल्ला भित्र मिति २०७२/५/७ गते प्रतिवादी रेशमलाल चौधरी समेतले प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई लखेटी लखेटी ज्यान जोगाउन रामधनी बर्माको घरको उत्तर पट्टीको कोठामा पस्दा ढोकामा भाला हानी कोठा बाहिर निकाली आँगनमा निर्ममतापूर्वक हत्या गरेका प्रहरी वरिष्ठ उपरीक्षकलाई घर बाहिर निकाल्न भाला हानेका, घर पाखाको टायल फुटाएको, ढोका धारिलो हतियार प्रहार गरी ढोकाको चौखट काटिएको अवस्थामा रहेको भन्नेसमेत बेहोराको **घटनास्थल मुचुल्का कागज।**

**लाश जाँच प्रकृति मुचुल्काः**

१५. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तर टीकापुर

अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र लाश राख्ने सिमेन्टको शैया माथि उतानो अवस्थामा मृतक प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको बायाँ आँखामा चोट लागी बन्द रहेको, अनुहार क्षतविक्षत र चिउँडोमा निलडाम रहेको, बायाँ घुँडामा निलडाम रहेको, कानमा रगत बगी सुकेको, माथिल्लो ओंठको मासुको चोक्टा नभइ दाँत देखिएको, टाउकोको पछाडिको भागमा गहिरो धारिलो हतियारले हाने जस्तो घाउबाट रगत बगिरहेको, बायाँ कञ्चटमा काटिएको घाउ रहेको, अनुहारको छाला खोस्रिएको भन्नेसमेत बेहोराको **प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको लाश जाँच प्रकृति मुचुल्का।**

१६. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तरमा टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र पश्चिम टाउँको, पूर्व खुट्टा भई उत्तानो अवस्थामा रहेको, तालुको भाग छुँदा चार इन्च भित्र गड्ने ३ इन्च गोलाइ भित्र ठोस पदार्थले हिर्काएजस्तो देखिने घाउ रहेको, दायाँ कानमा रगत जस्तो लागी सुकेको, अनुहार र पिठयुँमा खोस्रिएको घाउचोट, दायाँ खुट्टाको तिघ्राको भागमा लाठीले हाने जस्तो डाम परेको र छाला डढेको भन्नेसमेत बेहोराको **प्रहरी निरीक्षक मृतक बलराम विष्टको लाश जाँच प्रकृति मुचुल्का।**

१७. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तरमा टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन, यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र भुईमा उत्तानो अवस्थामा रहेको, दाँत देखिएको, दुवै हातमा आगोजन्य पदार्थले जलेजस्तो रहेको, दायाँ तिघ्रामा पोलिएजस्तो छाला निस्केको, तालु र सोको पछाडिको भागमा छाला काटिइ भित्री भागमा चोट पुगेको र घाउबाट रगत बगिरहेको भन्ने बेहोराको **मृतक प्रहरी निरीक्षक केशव बोहराको मिति २०७२/५/७ गतेको घटनास्थल लाश जाँच प्रकृति मुचुल्का।**

१८. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तर टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यति चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र दक्षिण टाउको, पूर्व खुट्टा गरी उतानो अवस्थामा रहेको, दुवै खुट्टाको तिघ्रांमा कालो निलडाम रहेको, अनुहार सुन्निएको, टाउकोको पछाडितर्फ ३ इन्च जति काटिएको घाउ रहेको, मुखबाट फिंज निस्किएको,कानबाट रगत निस्किएको,घाँटीमा कालो डामका साथै घाँटीको छाला रातो निलो भएको भन्नेसमेत बेहोराको **मृतक सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउदको लाश जाँच प्रकृति मुचुल्का।**

१९. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तर टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र उत्तानो अवस्थामा रहेको मृतक सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूको अनुहार र कपाल रगतले लतपतिएको, बायाँ आँखा बाहिर निलडाम परेको, शरिरमा निलडाम रहेको, नङ्ग र खुट्टा जलेको, आगोले पोलिइ शरिरको छाला खोस्रिएको, टाउकोमा घाउ परीं रगत बगिरहेको,मुखमा निलडाम देखिएको, तल्लो शरिर जलेको एवम् लगाएको कपडा समेत जलेको, यौनाङ्गको छाला जलेको भन्नेसमेत बेहोराको **सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूको लाशजाँच प्रकृति मुचुल्का।**

२०. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तर टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र उत्तानो अवस्थामा रहेको मृतक प्रहरी जवान लोकेन्द्र बहादुर चन्दको नाक, कान कपालबाट रगत निस्किएको, अनुहारमा निलडाम परेको, हातमा ढाडमा खोस्रिएको घाउ रहेको, टाउकोमा २ इन्च जति काटिएको घाउ रहेको, घाँटीको माथिल्लो भागमा निलडाम रहेको, दायाँ कञ्चटको बाहिरी छाला कालो निलो भएको भन्नेसमेत बेहोराको **प्रहरी जवान लोकेन्द्र बहादुर चन्दको घटनास्थल लाश जाँच प्रकृति मुचुल्का।**

२१. जिल्ला कैलाली, टीकापुर नगरपालिका वडा नम्बर ९ स्थित पूर्वमा टीकापुर अस्पतालको खाली जमिन, पश्चिममा टीकापुर अस्पतालको मुल गेट, उत्तर टीकापुर अस्पतालको पर्खाल, दक्षिण टीकापुर अस्पतालको नयाँ भवन यती चार किल्ला भित्र दक्षिण मोहडा भएको जस्ताले छाएको टीकापुर अस्पतालको शव गृह भित्र मृतक प्रहरी हवल्दार श्याम बहादुर खड्काको टाउकोमा गहिरो चोट रहेको, हात पेट अनुहारको छाला खोस्रिएको, मुख रगताम्मे रहेको, नाक घाँटी र कानको छाला जलेको, खुट्टा र पिठयुँमा निलडाम रहेको, पेंटको छाला जलेको भन्नेसमेत बेहोराको **प्रहरी हवल्दार श्याम बहादुर खड्काको घटनास्थल लाशजाँच प्रकृति मुचुल्का।**

२२. श्री सशस्त्र प्रहरी गण, पिपलाडी कञ्चनपुरको हेलीप्याडमा राखीएको मृतक प्रहरी हवल्दार जनक नेगीको लाश, दाहिने पाखुरामा काटिएको घाउ तथा निलडाम रहेको, दुवै आँखा सुन्निएको, शरीरमा निलडाम रहेको, दाहिने कोखा तथा पिठ्युमा थेचारिएको निलडामहरू रहेको भन्ने **प्रहरी हवल्दार जनकसिंह नेगीको लाश जाँच प्रकृति मुचुल्का कागज।**

**<u>मृतकहरूको शव परीक्षण प्रतिवेदन र घाइते सुरक्षाकर्मीहरूको घाउजाँच केश फारामः</u>**

२३. Cause of death: Grievous Head Injury भन्ने बेहोराको प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको **शव परीक्षण प्रतिवेदन।**

२४. Cause of death: Grievous Head Injury with intra-abdominal haemorrhage भन्ने बेहोराको प्रहरी निरीक्षक बलराम विष्टको **शव परीक्षण प्रतिवेदन।**

२५. Grievous Head Injury भन्ने बेहोराको प्रहरी निरीक्षक केशव बोहराको **शव परीक्षण प्रतिवेदन।**

२६. Cause of death: Massive intra-abdominal haemorrhage, भन्ने बेहोराको सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउदको **शव परीक्षण प्रतिवेदन।**

२७. Cause of death: Grievous Burn injury with head injury भन्ने बेहोराको सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूको **शव परीक्षण प्रतिवेदन।**

२८. Cause of death: Grievous Head Injury with intra-cranial hematoma भन्ने बेहोराको प्रहरी जवान लोकेन्द्र बहादुर चन्द को **शव परीक्षण प्रतिवेदन।**

२९. Cause of death: Grievous Head Injury with intra-cranial hematoma भन्ने बेहोराको प्रहरी हवल्दार श्याम बहादुर खड्काको **शव परीक्षण प्रतिवेदन**।

३०. Cause of death: Blunt force trauma to chest भन्ने बेहोराको प्र.ह. मृतक जनकसिंह नेगीको **शव परीक्षण प्रतिवेदन**।

३१. टाउको समेतमा चोट पटक लागेको भन्ने समेत बेहोराको प्रहरी निरीक्षक एकेन्द्र बहादुर खड्काको **घाउजाँच केश फाराम**।

३२. घुँडा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. नेत्रराज पडालको **घाउजाँच केश फाराम**।

३३. गम्भीर चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ना.नि. रविन्द्र धनुषेको घाउजाँच केश फाराम।

३४. खुट्टा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ह.मकेन्द्र बहादुर अधिकारीको घाउजाँच केश फाराम।

३५. चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ह. केशव राज जोशीको घाउजाँच केश फाराम।

३६. टाउको, हात समेतमा चोटपटक लागेको भन्नेसमेत बेहोराको प्र.ह. खेमराज भट्टको घाउजाँच केश फाराम।

३७. छाती समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. देब बहादुर मौनीको घाउजाँच केश फाराम।

३८. टाउकोमा चोटपटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. सुरेन्द्र चन्दको घाउजाँच केश फाराम।

३९. खुट्टा, हात समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. जयराज धामीको घाउजाँच केश फाराम।

४०. टाउको समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. दिपराज थापाको घाउजाँच केश फाराम।

४१. हात समेतमा चोट लागको भन्नेसमेत बेहोराको प्र.ज. लक्ष्मण साउदको घाउजाँच केश फाराम।

४२. टाउको समेतमा चोट पटक लागको भन्नेसमेत बेहोराको प्र.ह. मान बहादुर बुढामगरको घाउजाँच केश फाराम।

४३. हात खुट्टा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. गज बहादुर भण्डारीको घाउजाँच केश फाराम।

४४. शरिरको बाँया भागमा चोट लागेको भन्नेसमेत बेहोराको प्र.ज. केशव महराको घाउजाँच केश फाराम।

४५. ढाड समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. आन सिंह विष्टको घाउजाँच केश फाराम।

४६. हात खुट्टामा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. दिपेन्द्र धामीको घाउजाँच केश फाराम।

४७. पाखुरामा समेत चोट पटक लागेको भन्नेसमेत बेहोराको प्रहरी जवान लक्ष्मण नेपालीको घाउजाँच केश फाराम।

४८. पिठ्यूँ समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. दिपक नेपालीको घाउजाँच केश फाराम।

४९. हात, टाउको, पाखुरा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. राम बहादुर ऐरको घाउजाँच केश फाराम।

५०. हात खुट्टामा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. शेर राम पार्कीको घाउजाँच केश फाराम।

५१. शरिरमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. भरत सिंह बुडालको घाउजाँच केश फाराम।

५२. शरिरमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. रामचन्द्र जोशीको घाउजाँच केश फाराम।

५३. टाउको समेतमा गम्भीर चोट लागेको भन्नेसमेत बेहोराको प्र.ज. योगेन्द्र बहादुर ऐरको घाउजाँच केश फाराम।

५४. हात, खुट्टा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ना.नि. मान बहादुर बोहराको घाउजाँच केश फाराम, शरिरमा चोट पटक लागको भन्नेसमेत बेहोराको प्र.ह. गजेन्द्र बहादुर शाहको घाउजाँच केश फाराम।

५५. हात खुट्टामा, टाउकोमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ह.मान बहादुर बुढामगरको घाउजाँच केश फाराम।

५६. हात, खुट्टामा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. मान सिंह साउदको घाउजाँच केश फाराम।

५७. खुट्टा समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. देब सिंह कार्कीको घाउजाँच केश फाराम।

५८. पिठ्यूँ समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको प्र.ज. राजेन्द्र सिंह धामीको घाउजाँच केश फाराम।

५९. टाउको, हात खुट्टा समेतमा चोट पटक लागेको भन्ने प्र.ज. सुरज सिंह ठकुरीको घाउजाँच केश फाराम।

६०. छाती, टाउको समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी हवल्दार शम्शेर टमटाको घाउजाँच केश फाराम।

६१. हात, खुट्टा टाउको समेतमा चोट पटक लागेको भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी हवल्दार रविन्द्र बि.क.को घाउजाँच केश फाराम।

६२. शरिरमा चोट पटक लागेको भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी हवल्दार सुरेन्द्र हमालको घाउजाँच केश फाराम।

६३. हात, खुट्टा र शरिरमा चोट पटक लागेको भन्ने सशस्त्र प्रहरी हवल्दार डम्मर विष्टको घाउजाँच केश फाराम।

६४. हात खुट्टामा काटीएका घाउ भएका भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी हवल्दार सोनु बहादुर चौधरीको घाउजाँच केश फाराम।

६५. हात खुट्टामा चोट लागी सुन्निएको भन्नेसमेत बेहोराको स.प्र.ज. खगेन्द्र बि.क.समेतको घाउजाँच केश फाराम।

६६. Injury and Abrasion over leg भन्नेसमेत व्यहोरा सशस्त्र प्रहरी हवल्दारमोहन नाथको घाउजाँच केश फाराम।

६७. खुट्टामा घाउचोट लागको भने समेत बेहोराको स.प्र.ज. प्रसाद बि.क. को घाउजाँच केश फाराम।

६८. टाउकोमा चोट पटक लागेको भन्नेसमेत बेहोराको स.प्र.ज. अंकित नेपालीको घाउजाँच केश फाराम।

६९. वारदातमा घाईते भएका स.प्रहरी निरीक्षक प्रेम बहादुर ठकुल्ला, सशस्त्र प्रहरी हवल्दार जयराम रोकाया, सशस्त्र प्रहरी हवल्दार कमल बहादुर चन्द, स.प्र.स.ह.

नवराज नाथ, स.प्र.स.ह. कृष्ण बुढा, स.प्र.स.ह. केशव जोशी, स.प्र.ज. नविन शाह, स.प्र.ज. राजेन्द्र प्रसाद जोशी, प्र.ज. सुरेश तिरूवा, स.प्र.ज. सोनराज चौधरी, स.प्र.ज. प्रशान्त बि.क. स.प्र.ज. अभुज नेपाली, स.प्र.ज. खगेन्द्र खड्का, स.प्र.ज. गंगादत्त पन्त, स.प्र.ज. महेश पार्की, स.प्र.ज.राम थान, स.प्र.ज. अनिल चौधरी, स.प्र.ज. शिवदत्त भट्ट, स.प्र.ज. खगेन्द्र दमाई, स.प्रहरी निरीक्षक सुबर्ण बम, स.प्र.उ.लक्ष्मण सिंहको घाउकेश फाराममा शरीरका विभिन्न ठाउँमा चोटपटक लागी घाईते भएको भन्नेसमेत बेहोराको विभिन्न मितिका घाईतेहरूको घाउजाँच केश फाराम।

<u>प्रतिवादीहरूको घाउजाँच केश फाराम र स्वास्थ्य परीक्षण प्रतिवेदनः</u>

७०. काटिएको घाउ भएको भन्नेसमेत बेहोराको प्रतिवादी राम प्रसाद चौधरीको घाउजाँच केश फाराम।

७१. हिपको भागमा चोट लागेको भन्नेसमेत बेहोराको प्रतिवादी राज कुमार कठरियाको घाउजाँच केश फाराम।

७२. टाउकोमा चोट लागेको भन्नेसमेत व्यहाराको प्रतिवादी दिल बहादुर चौधरीको घाउजाँच केश फाराम।

७३. खुट्टा, साप्रामा चोट लागेको भन्नेसमेत बेहोराको प्रतिवादी सुन्दरलाल कठरियाको घाउजाँच केश फाराम।

७४. छाती समेतमा चोट लागेको भन्नेसमेत बेहोराको प्रतिवादी हरीनारायण चौधरी समेतको घाउजाँच केश फाराम।

७५. Nine depressed circular wound on left lower thing above knee. Each having-1 cm radius. Slight bleeding present. भन्नेसमेत बेहोराको **सुन्दरलाल कठरियाको** स्वास्थ्य परीक्षण प्रतिवेदन, multiple (4-5) healed abrasion marks on the back. Each - 3 inch long भन्नेसमेत बेहोराको दिल बहादुर चौधरीको स्वास्थ्य परीक्षण रिपोर्ट, 4 inch long wound on right back भन्नेसमेत बेहोराको **प्रतिवादी राजकुमार कठरिया**को स्वास्थ्य परीक्षण प्रतिवेदन, 1 inch wound in left arm And vicular joint. भन्नेसमेत बेहोराको **प्रतिवादी हरिनारायण चौधरीको स्वास्थ्य परीक्षण प्रतिवेदन।**

<u>बरामदी मुचुल्काः</u>

७६. जिल्ला कैलाली, टीकापुर न.पा.वडा नं. ९पशु हाटबजार नजिक पुर्वमा सदबरूवा तर्फ

जाने कच्ची सडक, पश्चिममा शंकरपुर गांउ, उत्तरमा सदबरूवा गाँउ, दक्षिणमा जमरा खोला यति चार किल्ला भित्र रहेको चर्चेको पशु हाटबजार क्षेत्र, शंकरपुर, टीकापुर, मुनुवा जोड्ने सडक, धानखेतलाई घटनास्थल कायम गरी सुरू प्रहरीलाई घेराबन्दीमा पारी ढुङ्गामुढा, गुलेली प्रहार गरेको पिच सडकको बाटोबाट हुदै अन्तिममा मृत लाश सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउद भएको ठाउँसम्म सरसर्ती हेर्दा घरेलु हतियारहरू भेटिएका, प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई निर्ममतापूर्वक हत्या गर्नमा प्रयोग गरीएका र घटनास्थलमा नै छाडि गएका भनीएका र प्रहरीलाई घेराबन्दी गरेको पिच सडकमा थरूहट राज्य जिन्दाबाद लेखिएका पर्चा रहेका, प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई मारेको घर आगनमा १ फिट ९ ईन्च लम्बाई ९ ईन्च गोलाई भएको चारपाटे काठ छेउको भागमा रगत लागी सुकेको काठ थान १, १ फिट १० ईन्च लम्बाई ५ ईन्च गोलाई भएको काठको लाठीमा काँडेतार बेरेको लाठी थान १, प्रहरी जवान लोकेन्द्र चन्दलाई मारेको स्थान नजिक १ फिट १० ईन्च लम्बाई भएको ५ ईन्च गोलाई भएको काठको लाठी टुप्पोमा काँडेतार बेरीएको लाठी थान १, सशस्त्र प्रहरी हवल्दार रामविहारी थारू समेतलाई जलाएको स्थान नजिक २ फिट ८ ईन्च लम्बाई भएको बाँस चिरीएको, फलामे किला ठोकेका थान १, ५ फिट लम्बाई भएको हान्न प्रयोग भएको फुटेको आलो बाँसको लाठी थान १, ३ फिट ६ ईन्च लम्बाई भएका बाँसको लाठी थान २, ६ फिट ७ ईन्च लम्बाई गोलाई ७ ईन्च भएको टुप्पोमा फुटेको सुकेको बाँसको लाठी थान १, ४ फिट ११ ईन्च लम्बाई भएको बाँसको सुकेको लाठी थान १, ३ फिट २ ईन्च लम्बाई भएको छेउमा फलामे किला ठोकेको लाठीथान २, २ फिट ९ ईन्च लम्बाई ९ ईन्च गोलाई भएको काठको लाठी थान १, ३ फिट लम्बाई ७ ईन्च गोलाई भएको काठको लाठी थान १, २ फिट ७ ईन्च लम्बाई भएको काठको लाठी थान १, ४ फिट लम्बाई भएको फलामे रड थान १, २ फिट ९ ईन्च लम्बाई भएका तरवार थान २, १ फिट ८ ईन्च लम्बाई भएको अंग्रेजी टि आकारको छड थान १, १ फिट २ ईन्च लम्बाई भएको काठको बिंड भएको घन थान १, प्रहरी युनिफर्ममा प्रयोग गर्ने कालो रंगको बेतकाठको टुक्रा जलाएको अवस्थामा रहेको, कालो रङ्गको चप्पल थान १, प्रहरी निरीक्षक बलराम विष्ट, केशव बोहरा समेतलाई हत्या गरीएको स्थान नजिक टुबर्ग बियरका बोतलथान

२, १ फिट गोलाई भएको फुटाई धार बनाईएको ढुङ्गा थान १, १० ईन्च गोलाई भएको ढुङ्गा फुटाई धार पारीएको थान १, प्रहरी हवल्दार श्याम खड्कालाई हत्या गरेको स्थान नजिक १ फिट ४ ईन्च लम्बाई रडको भित्र प्वाल भएको बाहिरी भागमा टेप धागोले बेरेको रड १, १ फिट ४ ईन्च लम्बाई भएको फलामे रड थान १, १० फिट ६ ईन्च लम्बाई भएको फलामे चेप्टो रड थान १, १ फिट २ ईन्च लम्बाई भएको टुप्पोमा धार भएको फलामे छिना थान १ फेलापारी बरामद गरीएको भन्नेसमेत बेहोराको **बरामदी मुचुल्का**।

७७. जिल्ला कैलाली, मुनुवा गा.वि.स.वडा न. ५ मोतिनगर स्थित पुर्व, पश्चिम टीकापुरबाट मुनुवा गा.वि.स. हुंदै जोशिपुर जाने कच्ची बाटो, उत्तरमा डिल्लीराज शर्माको टायल व्लग उद्योग, दक्षिणमा मोती मा.वि.मोतिनगर स्कुलको वाल पर्खाल, यति चार किल्ला भित्र रहेको, कच्ची रोडको उत्तर पट्टीको नरकट घारीमा मिति २०७२/५/७ गते थरूहट थरूवान आन्दोलनकारीले लुटीलगेको एस.एल.आर. तोडफोड गरेको भनी श्रवण चौधरीले यस कार्यालयमा जानकारी गराए पश्चात् यस कार्यालयबाट प्रहरी टोली खटी गई खोज तलास गर्दा एस.एल.आर. राईफलको साइड कभर (खोल) फेला परेको भन्नेसमेत बेहोराको **बरामदी मुचुल्का**।

७८. घटनास्थल वरपरबाट बन्चरो थान-१, चक्कु थान १, फलामको भाला थान १ बरामद भएको भन्ने मिति २०७२/५/२९ गतेको **बरामदी मुचुल्का**।

<u>वस्तुस्थिति मुचुल्का</u>

७९. मिति २०७२/५/७ गते अ. १३:३० बजेको समयमा जिल्ला कैलाली, टीकापुर-९ पशुहाट बजार नजिक ड्युटीमा रहेको अवस्थामा प्रतिवादी रेशमलाल चौधरीले आन्दोलन शान्तिपुर्ण हुन्छ भनी भ्रममा पारी अन्य प्रतिवादीहरूलाई हातमा लाठा, भाला, रड जस्ता घरेलु हातहतियार ल्याउन लगाई प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई एक्कासी घेराबन्दी गरी चारैतिरबाट आक्रमण गरी केही प्रहरी कर्मचारीलाई पेट्रोल खन्याई जिउँदै जलाई निर्मम तरीकाले हत्या गर्न लगाएकाले यो षडयन्त्र रेशमलाल चौधरीको हो भन्नेसमेत बेहोराको घाईते स.प्र.ज. नविन शाह, टेक बहादुर साउद, खुशिराम चौधरी र सशस्त्र प्रहरी हवल्दार राजेन्द्र प्रसाद थारूले करीव एकै मिलान हुने गरी खुलाई दिएको **वस्तुस्थिति मुचुल्का**।

८०. मिति २०७२/५/७ गते मुनुवा-६ चिलिम चौराहमा ड्युटीमा खटीएकोमा हात हातमा लाठी भाला, बन्चरो जस्ता हतियार बोकी आएका आन्दोलनकारीहरूले चिलिम चौराहाबाट सुरक्षाकर्मीलाई धक्का लगाउदै टीकापुर-९ पशुहाट बजार नजिक पुऱ्याई निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्न खोज्दा निज प्रतिवादीहरूले चारैतिरबाट घेराबन्दी गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेतका प्रहरी कर्मचारीहरूलाई भाला, लाठीले घोपी, रोपी, ढुङ्गा प्रहार गरी, ज्युँदै आगो लगाई निर्मम तरिकाले हत्या गरेका हुन्। आन्दोलन शान्तिपूर्ण हुन्छ भनी भ्रममा पारी आफ्ना कार्यकर्तालाई हातहातमा लाठी, भाला जस्ता घरेलु हातहतियार बोक्न लगाई प्रहरी कर्मचारीको हत्या गर्ने योजना प्रतिवादी रेशमलाल चौधरीको हो भन्नेसमेत बेहोराको घाईते स.प्र.ज. खगेन्द्र दमाई, ईन्द्र भण्डारी, स.प्र.स.ह. गणेश बहादुर साउद, स.प्र.ज. नवराज नाथ, स.प्र.ज. खगेन्द्र कुमार साउद, स.प्र.ज. दिपक महरासमेतले करीब एकै मिलान हुने गरी खुलाई दिएको **वस्तुस्थिति मुचुल्का।**

८१. म समेतका सशस्त्र प्रहरी कर्मचारी मिति २०७२/५/७ गते थरूहटको आन्दोलनमा शान्ति सुरक्षाका लागी टीकापुर-९, पशुहाट बजारमा खटीएका थियौं। भाला, लाठी, खुकुरी, बन्चरो सहित आएका अन्यायीहरूको जत्थालाई सम्झाईबुझाई गर्न खोज्दा चारैतिरबाट घेराबन्दी गरी लाठी, ढुङ्गा, भाला समेतले हान्न थाले, निषेधित क्षेत्र तोडे, त्यस अवस्थामा अश्रुग्यासँसम्म प्रहार गरेका हौं। ज्यान मार्ने योजनाका साथ आएका अन्यायीहरूले छापामार शैलीमा गरेको आक्रमणका अगाडि टिक्न नसकी ज्यान जोगाउन भाग्दा पछाडि पछाडि लखेट्दै प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई भाला, ढुङ्गा, समेतले हानी हत्या गरे। सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरी र प्र.ह. श्याम खड्कालाई ज्यूँदै जलाई मारेका हुन्। त्यसैगरी खेतमा बन्चरो समेतले टाउकोमा हिर्काई प्रहरी निरीक्षक बलराम विष्ट र केशव बोहरालाई मारेका हुन्। निर्मम तरीकाले स.प्र.ब.ह. ललित बहादुर साउद र प्रहरी जवान लोकेन्द्र बहादुर चन्दलाई मारेका हुन्। घटनामा हामीहरू घाईते भएका छौं। प्रतिवादी राम प्रसाद चौधरी, रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी लगायतका व्यक्तिहरूले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा षडयन्त्रपूर्वक प्रहरी टोलीलाई घेराबन्दी गरी लखेटी

लखेटी मारेका तथा घाईते बनाई हातहतियार समेत लुटी लगेका हुन् भन्नेसमेत बेहोराको एकै मिलानको सशस्त्र प्रहरी हवल्दार रविन्द्र बि.क., सशस्त्र प्रहरी हवल्दार लच्छुराम खत्री, सशस्त्र प्रहरी हवल्दार प्रदिप चौधरी, सशस्त्र प्रहरी हवल्दार आशा राम नेपाली, सशस्त्र प्रहरी हवल्दार राजेन्द्र ऐर, सशस्त्र प्रहरी सहायक हवल्दार सुरेन्द्र हमाल समेतले गरीदिएको **वस्तुस्थिति मुचुल्का।**

<u>घटना विवरण कागज</u>

८२. वारदातको दिन म टीकापुरस्थित पशु हाटबजार ड्युटीमा खटिईएको थिएँ। सो स्थानमा थरूहट स्वयत प्रदेशको माग राख्दै अन्यायीहरू हातमा घरेलु हातहतियार समेत ल्याई आएका हुन। म संगै खटिनुभएका कमाण्डरले निजहरूलाई सम्झाईबुझाई गर्न खोज्दा मार्ने योजना तथा नियतका साथ आएका अन्यायीहरूले चारैतिरबाट म समेतलाई घेराबन्दी गरी ढुङ्गा, गुलेली वर्साएपछि हामी पछाडि हट्दा समेत लखेट्न नछाडी उल्टै सांघातीक आक्रमण गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने, प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव बोहरासमेतलाई ईट्टा, ढुङ्गा, भाला, गुलेलीसमेतले हान्दा मेरो बायाँ खुट्टा तथा टाउकोमा गम्भीर चोट लागी म रगताम्य भई ढलेपछि मलाई मऱ्यो भनी अरूलाई आक्रमण गर्दै थिए। मलाई घटनास्थलबाट कसले उठाई लग्यो सो समेत थाहा पाइन। टीकापुर अस्पतालमा पुगेपछि मेरो होश खुलेको हो। हाल मेरो स्वास्थ्य अवस्था क्रमिक रूपमा सुधार हुदै आईरहेको छ। म संगै घाईते भएका प्रहरी हवल्दार जनक सिंह नेगीको अस्पतालमै मृत्यु भयो। म समेतलाई साङ्घातिक आक्रमण गर्नमा लक्ष्मण थारू, रेशमलाल चौधरी, फिरूलाल चौधरी समेतको निर्देशनमा राम प्रसाद चौधरी, राम कुमार कठरिया समेतले भाला, खुँडा हानी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको हत्या गरी म समेतलाई घाईते बनाएका हुन् भन्नेसमेत बेहोराको **प्रहरी हवल्दार केशवराज जोशीको घटना विवरण कागज।**

८३. मिति २०७२/५/७ गते १३:३० बजेको समयमा म घटना घटेको स्थान टीकापुर ९ पशुहाटबजारमा डियूटीमा खटिईएको थिएँ। थरूहट आन्दोलनकारीहरू अराजक हिंसक नहुन भनी स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो। म संगै प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी हवल्दार श्याम खडका समेत थियौं। घरेलु हातहतियार

सहित आएका प्रतिवादीहरूलाई सम्झाईबुझाई गर्दा निजहरू मार्ने योजना साथ आएका रहेछन, म समेतलाई चारैतिरबाट घेराबन्दी गरे। ढुङ्गा, भाला, खुकुरी, तरवार, गुलेली हान्न थाले, हामीसँग जनशक्ति कम भएको हुँदा हामी अश्रुग्याँस प्रहार गर्दै पछाडि हट्यौं। प्रहरी वरिष्ठ उपरीक्षक समेतको थप टोली आउँदासमेत प्रतिवादीहरूले हातहतियार प्रहार गर्न छाडेनन। प्रतिवादीहरूले हानेको ईट्टाले मेरो छातीमा लागेपछि म ढलें। मैले उठने कोसिस गर्दा पनि टाउकोमा प्रहार गरे। भालाले दायाँ हातको कोखामा रोपे, मेरो मुखबाट रगत आएको रहेछ, त्यस पछि मर्यो भनी छाडेका रहेछन। मलाई उपचारको लागि कसले लग्यो सो समेत थाहा पाईन। प्रहरी वरिष्ठ उपरीक्षक समेतलाई हत्या गर्ने म समेतलाई घाईते पार्ने लक्ष्मण थारू, रेशमलाल चौधरी, फिरूलाल चौधरीको निर्देशनमा प्रेम बहादुर चौधरी, राम कुमार कठरिया समेतका व्यक्ति हुन। वारदातमा संलग्न अन्य व्यक्तिलाई देखेमा चिन्नेछु भन्नेसमेत बेहोराको **प्र.ना.नि. रविन्द्र बहादुर धनुषेको कागज।**

८४. वारदातको दिन टीकापुरस्थित पशुहाटबजारान ड्युटीमा खटिएको थिएँ। शान्ति सुरक्षाको अवस्थालाई हेरी सो क्षेत्रमा निषेधाज्ञा जारी गरिएको थियो। चिलिम चौराहामा ड्युटीमा खटिएका प्रहरी निरीक्षक बलराम विष्ट समेतले अन्यायीहरूलाई सम्झाईबुझाई गर्ने प्रयास गरीरहेका थिए, प्रतिवादीहरूले नमानी भाला, खुकुरी, बन्चरो समेतले प्रहार गर्दै पछाडि धकेल्दै ल्याएपछि निषेधाज्ञा जारी गरेको स्थानबाट अगाडि बढन नदिन अश्रुग्याँस समेत प्रहार गर्दा प्रतिवादीहरूले चारैतिरबाट घेराबन्दीमा पारे, थप टोलीमा खटिई आएका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतले सम्झाईबुझाई गर्दा नमानी आक्रमण गरे। मलाई पछाडिबाट खुट्टा समाती भुईमा लडाई पाखुरा, पेट, पिठ्यु, ढाडमा ढुङ्गाले प्रहार गरे, म बेहोस भए पछि अन्य प्रहरीलाई लखेट्दै गएका थिए। मेरो एकछिन पछि होस खुले पछि भागेर सशस्त्र प्रहरीको ब्यारेकमा गए त्यस पछि मलाई उपचारको लागी टीकापुर अस्पतालमा लगिएको हो, हाल मलाई नेपाल प्रहरी अस्पताल काठमाण्डौमा ल्याई उपचार भई रहेको छ। मेरो काँध, किडनी, हातखुट्टामा चोट लागेको छ। लक्ष्मण थारू, रेशमलाल चौधरी, फिरूलाल चौधरीको निर्देशनमा प्रेम बहादुर चौधरी, राम कुमार कठरिया समेतका व्यक्तिले हानेका हुन, प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई निर्ममतापूर्वक हत्या गरेपश्चात प्रहरीको साथमा भएका एस.एल.आर, पेस्तोल, संचार

सेटसमेत लुटी लगेका हुन् भन्ने समेत बेहोराको **प्रहरी जवान रामचन्द्र जोशीले गरेको कागज।**

८५. मिति २०७२/५/७ गतेका दिन सुरूमा मुनुवा-६ चिलिम चौराहमा ड्युटीमा थियौं, प्रतिवादी धनिराम चौधरीको योजना तथा रेशमलाल चौधरी र लक्ष्मण चौधरीको निर्देशनमा आएका प्रतिवादी हरिनारायण चौधरी, फिरूलाल चौधरी, लगायतका व्यक्तिहरूले धक्का दिदै अटेर गरी म समेतको प्रहरी टोलीलाई टीकापुर-९ स्थित पशुहाट बजार नजिक पुऱ्याई चारैतिरबाट अन्य प्रतिवादीहरूलाई घेराबन्दी गर्न लगाई प्रहरी वरिष्ठ उपरीक्षक्र लक्ष्मण न्यौपाने समेतको प्रहरी टोलीलाई हातहातमा ल्याएको लाठी, ढुङ्गा, भाला, बन्चरो, खुकुरी, तरवार, गुलेली जस्ता घरेलु हातहतियारले आक्रमण गर्न थालेपछि प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी निरीक्षकहरू र अन्य प्रहरी कर्मचारी समेत भाग्न बाध्य भयौं, भागी घर भित्र लुकेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर बाहिर निकाली निर्मम तरिकाले हत्या गरी अली पर सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू, प्र.ह. श्याम खड्कालाई ज्यूँदै आगो लगाए, तत्पश्चात खेतै खेत अन्य प्रहरी कर्मचारीलाई समेत लखेटी भाला हानी, ढुङ्गा, मुढा, लाठी प्रहार गरी निर्मम तरीकाले हत्या गरे। म समेत घाईते भई हाल सामान्य अवस्थामा छु भन्ने बेहोराको **प्रहरी जवान लक्ष्मण सिंह नेपालीको कागज।**

८६. मिति २०७२/५/७ गतेका दिन मुनुवा-६ चिलिम चौराहमा खटीएको प्रहरी निरीक्षकबलराम विष्ट समेतको टोलीलाई हातमा भाला, लाठी खुंडा, तरवार, बन्चरो, गुलेली, चिरपट, तरवार जस्ता घरेलु हातहतियार लिई आएका प्रतिवादी हरिनारायण चौधरी समेतको टोलीले प्रहरी निरीक्षक बलराम विष्टको टोलीलाई धक्का लगाउन थालेपछि निज प्रहरी निरीक्षकले प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको टोली तथा प्रहरी निरीक्षक केशव बोहराको टोलीमा म समेत भई थप मद्दतका लागि गयौं, पशुहाटबजार नजिक पुग्दा प्रहरी वरिष्ठ उपरीक्षकज्यूले सम्झाईबुझाई गर्दा प्रतिवादीहरूले नमानी चारैतिरबाट घेराबन्दी गरी घरेलु हातहतियारले आक्रमण गरी केही प्रहरी कर्मचारीको शरिरमा पेट्रोल खन्याई जिउदै आगो लगाई हत्या गरेका हुन्। सो वारदातमा म घाईते भएको थिएँ। सो घटनाको योजनाकार धनिराम चौधरी र रेशमलाल चौधरी, लक्ष्मण चौधरीको निर्देशनमा प्रतिवादी विश्राम चौधरी, फिरूलाल चौधरी, शिव कुमार चौधरी, प्रदीप चौधरी, बालकृष्ण चौधरी, चमन चौधरी, श्रवण चौधरी,

करन चौधरी, रामकुमार कठरिया, राजकुमार कठरिया, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बृज मोहन डगौरा, राजेश चौधरी, जित बहादुर डंगौरा, वीर बहादुर चौधरी, राम नरेश चौधरी, सन्तोष कुमार थारू, हरिनारायण चौधरी लगायतका व्यक्तिहरूले प्रहरी कर्मचारीहरूलाई निर्मम तरीकाले कर्तव्य गरी मारेका हुन् भन्नेसमेत बेहोराको **प्रहरी जवान भरत सिंह बुडालको कागज।**

८७. मिति २०७२/५/७ गतेका दिन टीकापुर-९ पशु हाटबजारमा ड्युटीमा थिएँ। हातमा भाला, लाठी, खुकुरी, तरबार, रड समेत ल्याई आएका प्रतिवादीहरू हरिनारायण चौधरी लगायतका व्यक्तिहरूलाई प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले निषेधित क्षेत्र प्रवेश नगर्नुहोस् भनी सम्झाईबुझाई गर्ने क्रममा निजहरूले प्रहरी कर्मचारीलाई लखेटी-लखेटी भाला, लाठी समेतले प्रहार गरी विभत्स तरीकाले हत्या गरेका हुन्, केही कर्मचारीलाई आगो समेत लगाई मारे, सो हिंसात्मक भिडको नेतृत्व प्रतिवादी लक्ष्मण चौधरी र रेशमलाल चौधरीले धनिराम चौधरीको योजनामा गरेका थिए, सुरक्षाकर्मीका हातहतियार संचार सेट प्रतिवादी श्रवण चौधरी लगायतका व्यक्तिहरूले लुटी लगेका हुन् भन्ने समेत बेहोराको **प्रहरी जवान गज बहादुर भण्डारीको कागज।**

८८. मिति २०७२/५/७ गते दिउँसो अ.१३:३० बजेको समयमा म टीकापुर-९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, जस्ता घरेलु हातहतियार ल्याई आएका प्रतिवादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरूले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा प्रहरी टोलीलाई घेराबन्दी गरी निर्ममतापूर्वक मार्नुका साथै हातहतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदातको समयमा म पनि घाईते भएको हुं भन्ने समेत बेहोराको **प्रहरी जवान सुरज सिंह ठकुरीको कागज।**

८९. मिति २०७२/५/७ गते दिउँसो अ. १३:३० बजेको समयमा म टीकापुर-९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्ने क्रममा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, जस्ता घरेलु हातहतियार ल्याई आएका प्रतिवादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरूले

धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा षडयन्त्रपूर्वक तरीकाले प्रहरी टोलीलाई घेराबन्दी गरी ज्यानको भिख माग्दा समेत वास्ता नगरी निर्ममतापूर्वक मार्नुका साथै हातहतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदातको समयमा म पनि घाईते भएको हुँ भन्नेसमेत बेहोराको **प्रहरी जवान राम बहादुर ऐरको कागज।**

९०. मिति २०७२/५/७ गते दिउँसो अ. १३:३० बजेको समयमा म ,टीकापुर-९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्ने क्रममा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायतका घरेलु हातहतियार ल्याई आएका प्रतिवादी राम प्रसाद चौधरी लगायतका व्यक्तिहरूले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा षडयन्त्रपूर्वक तरीकाले प्रहरी टोलीलाई घेराबन्दी गरी लखेटी लखेटी ज्यानको भिख माग्दा समेत वास्ता नगरी घर भित्र पसेकालाई समेत बाहिर निकाली निर्ममतापूर्वक मार्नुका साथै ज्युँदै शरीरमा आगो हाली, हातहतियार तथा संचार सेट लुटी लगेका हुन्, उक्त वारदातमा प्रतिवादी राम कुमार कठरिया, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, रामप्रसाद चौधरी, प्रेम चौधरी समेतको संलग्नता रहेको छ, सो वारदातको समयमा म पनि घाईते भएको हुँ भन्नेसमेत बेहोराको **प्रहरी जवान दिपक दमाईको कागज।**

९१. मिति २०७२/५/७ गते दिउँसो अ. १३:३० बजेको समयमा म टीकापुर-९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायत घरेलु हातहतियार ल्याई आएका प्रतिवादी राम प्रसाद चौधरी, रण भुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी, राम कुमार कठरिया, राज कुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बृज मोहन डंगौरा, सन्तोष कुमार थारू, राजेश, चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा र लाहुराम चौधरी लगायतका व्यक्तिहरूले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा षडयन्त्र पुर्वक तरीकाले प्रहरी टोलीलाई घेराबन्दी गरी लखेटी लखेटी ज्यानको भिख माग्दा समेत वास्ता नगरी

घर भित्र परेकालाई समेत बाहिर निकाली निर्ममतापूर्वक मार्नुका साथै ज्यूँदै शरिरमा आगो लगाई हातहतियार तथा संचार सेट लुटी लगेका हुन्। सो वारदातको समयमा म पनि घाईते भएको हुँ भन्नेसमेत बेहोराको **प्रहरी जवान राजेश धामीको कागज।**

९२. मिति २०७२/५/७ गते दिउँसो अ. १३:३० बजेको समयमा म टीकापुर-९ पशुहाट बजारमा ड्युटीमा रहेको बेला प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्ने क्रममा हातमा लाठी, भाला, खुकुरी, रड, ढुङ्गा, लगायतका घरेलु हातहतियार ल्याई आएका प्रतिवादी राम प्रसाद चौधरी, रण भुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, लाहुराम चौधरी लगायतका व्यक्तिहरूले धनिराम चौधरी, लक्ष्मण चौधरी, रेशमलाल चौधरीको पूर्वयोजना तथा निर्देशनमा षडयन्त्रपूर्वक तरीकाले प्रहरी टोलीलाई घेराबन्दी गरी लखेटी लखेटी ज्यानको भिख माग्दा समेत वास्ता नगरी घर भित्र परेकालाई समेत बाहिर निकाली निर्ममता पूर्वक मार्नुका साथै ज्युँदै शरीरमा आगो हाली, हातहतियार तथा संचार सेट लुटी लगेका हुन् सो वारदातको समयमा म पनि घाईते भएको हुँ भन्नेसमेत बेहोराको **प्रहरी जवान जयराज सिंह धामीको कागज।**

९३. टीकापुर लगायतका क्षेत्रमा हिंसात्मक गतिविधी बढेको हुँदा शान्ति सुरक्षाका लागी मिति २०७२/५/५ गते टीकापुरमा खटिई गएको थिए। मिति २०७२/५/७ गतेका दिन मेरो ड्यूटी टीकापुर ९ पशु हाटबजारमा थियो। सो स्थानमा अन्यायीहरू घरेलु हातहतियार सहित नारा जुलुस लगाउदै आउँदा म भन्दा माथिल्लो कमाण्डरले यहाँ निषेधाज्ञा छ अगाडि नबढनु होस भन्दै थिए। त्यतिभन्दा भन्दै प्रतिवादीहरूले म समेतलाई लाठी, भाला, गुलेली हान्न थाले, घेराबन्दी गरे, घेराबन्दी पश्चात् धारिलो घरेलु हतियार प्रहार गरे। मेरो बायाँ खुट्टामा समेत ढुङ्गा लागी घाईते भए, मलाई उपचारको लागी ल्याईएको हो। फिरूलाल चौधरी, सुन्दरलाल कठरिया, प्रेम बहादुर चौधरी समेतले म समेतलाई सांघातिक रूपमा आक्रमण गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई हत्या गरेका हुन भन्नेसमेत बेहोराको **प्रहरी जवान योगेन्द्र ऐरीको घटना विवरण कागज।**

९४. मिति २०७२/५/६ गते बेलुका प्रतिवादी लक्ष्मण चौधरी, धनिराम चौधरी समेतको योजना तथा निर्देशनमा प्रतिवादी विश्राम चौधरीले मिति २०७२/५/७ गते हात

हातमा लाठी भाला जस्ता घरेलु हातहतियार ल्याई निषेधाज्ञा तोडी कार्यक्रम सफल पार्नु पर्छ भनी गाउँमा उद्घोष गरेको मैले सुनेको हुँ। टीकापुर-९ पशुहाटबजारमा प्रहरी वरिष्ठ उपरीक्षक सहित अन्य प्रहरी कर्मचारीको हत्या गर्नमा प्रतिवादीहरू रेशमलाल चौधरी, विश्राम चौधरी, धनिराम चौधरी र लक्ष्मण चौधरीको महत्वपुर्ण भूमिका रहेको थियो भन्नेसमेत बेहोराको **टेक बहादुर चौधरीको घटना विवरण कागज।**

९५. मिति २०७२/५/७ गते का दिन टीकापुर-९ पशु हाटबजारमा प्रतिवादीहरू कालु रावत, बिमल रावत, छन्कु चौधरी, राम बहादुर चौधरी, संन्दिप चौधरी, शिवराज कठरिया, नामथर थाहा नभएको सन्तु रानाको छोरा र निरज राना लगायतका व्यक्तिहरूको प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई कर्तव्य गरी मार्नेमा संलग्नता रहेको भन्ने सुनी थाहा पाएको छु भन्नेसमेत बेहोराको **महाराजा रानाको घटना विवरण कागज।**

९६. मिति २०७२/५/७ गतेका दिन सशस्त्र प्रहरी निरीक्षक प्रेमसिंह ठकुल्लाको कमाण्डमा मुनुवा गा.वि.स. वार्ड न.६ चिलीम चौराहामा ३५ जना खटी गएका थियौं। त्यहां ३,००० देखि ३५०० जना आन्दोलनकारीहरू भाला, लाठी, गुलेली दाउ सहित आएका थिए। आन्दोलनकारीहरूले सशस्त्र प्रहरी टोली तथा नेपाल प्रहरीको टोलीलाई धकेल्दै ढुङ्गा, गुलेली हान्दै ल्याएपछि सो हुल पशुहाटबजारमा पुग्दा त्यहाँ निषेधाज्ञा क्षेत्र घोषणा गरेको हुँदा टीकापुरबजार प्रवेश गर्न नदिन रोक्ने प्रयास गऱ्यौं। त्यसक्रममा योजनाबद्ध रूपमा घरेलु हातहतियार सहित प्रतिवादीहरूले चारैतिरबाट घेराबन्दी गरी हामीहरू बिचमा पऱ्यौं, त्यस पछि पनि भाला लाटीले हान्दा ज्यान जोगाउन समस्या परेकोले भाग्न बाध्य भयौं। संगै भएका अन्य साथीहरूसंग ३ नाल एस.एल.आर र २ नाल ग्याँस गन थियो, त्यस अवस्थामा पनि क्षति पुऱ्याउने सम्भावना ठानी खेतको बाटो हुदै आए, मेरो पछाडि अन्यायी आई बाया हातमा लाठीले हिर्काई दाहिने खुट्टाको तिघ्रामा समेत हिर्काए। म सोही ठाउमा ढलेपछि नेपाल प्रहरीको एक जना साथीले मलाई उठाई पछाडि ल्याए पछि मसँग भएको पारदर्शी सिल्ड समेत अर्को साथीले ल्याउनु भएको हो। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरूलाई आन्दोलनकारीहरूले घरेलु हतियार

प्रयोग गरी कर्तव्य गरी मारेको तथा मेरो बाँया हात र खुट्टामा चोट लागेको हो भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी जवान **डम्बर बहादुर विष्टको कागज।**

९७. मिति २०७२/५/७ गते म ड्युटीको सिलसिलामा टीकापुर-९ पशुहाट बजारमा खटीएको थिएँ। उक्त समयमा उत्तेजित भिडले वारदातस्थलमा S.S.P सरलाई घेरा हालेको थियो। सो पश्चात निजहरूले ढुङ्गामुढा गर्न थालेपश्चात आफूहरूले अश्रुग्यास हान्दै पछाडि गएका हौं, निजहरूले हानेको गुलेलीले म घाईते भएको हुँ, यी प्रतिवादीहरू मार्ने उद्देश्यका साथ हातहतियार लिई योजनाबद्ध तरिकाले आई सुरक्षाकर्मीलाई कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको **प्रहरी जवान देव बहादुर मौनीको कागज।**

९८. मिति २०७२/५/७ गते म ड्युटीको सिलसिलामा टीकापुर-९ पशु हाटबजारमा खटीएको थिए। वारदातका दिन प्रहरी निरीक्षकबलराम विष्टको नेतृत्वमा सुरक्षाकर्मीको टोली थरूहट कार्यकर्ताको आन्दोलनको पूर्व जानकारी पाएपश्चात चिलिम चौराहा भन्ने ठाउँमा खटिएका थियौं। ऐ.दिउँसो १३:३० बजेको समयमा प्रहरी निरीक्षक बलराम विष्टले आन्दोलनकारीको जुलुशले उग्ररूप लिईसकेको भनी खबर गरेपछि प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा १३ जनाको टोली र प्र.ना.नि. लोकसिंह भाटको कमाण्डमा म समेत १५ जनाको टोली टीकापुर न.पा.वडा नं.९ पशुहाटबजारमा खटिगएका हौं, उक्त समयमा वारदातस्थलमा प्रहरी टोलीलाई धकलपकल गरी ढुङ्गामुढा प्रहार गर्ने काम भईरहेको थियो। प्रहरी वरिष्ठ उपरीक्षकले सम्झाईबुझाई गर्दै गर्दा आफूहरू सबैलाई आन्दोलनकारीहरूले C आकारको घेरा हालीसकेपश्चात एउटा घरको बाहिर लगाएको काठ बार भत्काई उक्त घरको आड लिन पुगेका हौं, निजहरूले ढुङ्गामुढा प्रहार गर्न लागेपश्चात आफूहरूले हवाई फायर, रबर बुलेट, हान्दा समेत निजहरू भाला, भाटा, फलामे रड लिई आफूहरूमाथि प्रहार गरेको र खेतबारीतर्फ भाग्ने क्रममा केही सुरक्षाकर्मीहरूलाई सोही स्थानमा मारेको, केही सुरक्षाकर्मीलाई आगो लगाई जलाई मारेको र प्रहरी वरिष्ठ उपरीक्षकलाई समेत निर्मम तरिकाले कर्तव्य गरी मारेका हुन, मेरो हात खुट्टा कम्मरका भागमा चोट पटक लागेको छ, जुलुशको अग्रभागमा प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी समेतका व्यक्तिहरू थिए भन्नेसमेत बेहोराको **प्रहरी जवान आन सिंह विष्टको कागज।**

९९. मिति २०७२/५/७ गते म ड्युटीको सिलसिलामा टीकापुर-९ पशुहाटबजारमा खटि गएको हुँ। प्रहरी निरीक्षक बलराम विष्टको कमाण्डमा सुरक्षाकर्मी चिलिम चौराहामा खटिई गएकोमा जुलुशले उग्ररूप लिएपश्चात प्रहरी निरीक्षक बलराम विष्टले थप जनशक्ति माग गरेपछि प्रहरी वरिष्ठ उपरीक्षकको कमाण्डमा १३ जनाको टोली र प्र.ना.नि. लोकसिंह भाटको कमाण्डमा १५ जनाको टोली पशुहाटबजारमा खटि गएका हौं। आन्दोलनकारीहरूले सुरक्षाकर्मीलाई धकेलपकेल गरी ढुङ्गा मुढा गर्दा प्रहरी वरिष्ठ उपरीक्षकले सम्झाईबुझाई गर्दा समेत निजहरूले चारैतिर घेरा हाली आक्रमण गरे पश्चात नजिकैको घरमा लगाएको बार भत्काई घरको सहारा लिईरहेका थियौं, पुनः प्रतिवादीहरूले लगातार आक्रमण गरेपश्चात प्रहरी वरिष्ठ उपरीक्षकले खेतबारीतर्फ जान निर्देशन दिएपश्चात सो स्थान तिर जानेक्रममा प्रहरी निरीक्षक बलराम विष्ट समेतका सुरक्षाकर्मीलाई भाला समेतका हतियारले कर्तव्य गरी मारेको, केही सुरक्षाकर्मीलाई भाला रोपी जलाई मारेको, प्रहरी वरिष्ठ उपरीक्षक समेतलाई भाला रोपी मारेको, आफू घाईते भई बाँच्न सफल भएको हुँ, जुलुसको अग्रपंक्तिमा प्रतिवादी हरिनारायण चौधरी र राम प्रसाद चौधरी लगायतका व्यक्तिहरू थिए भन्नेसमेत बेहोराको **प्रहरी जवान सुरेन्द्र चन्दको कागज।**

१००. म प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको अङ्गरक्षक भई मिति २०७२/५/७ गतेका दिन प्रहरी वरिष्ठ उपरीक्षकको कमाण्डमा रहेको १४ जनाको टोली थरूहटको आन्दोलन कार्यक्रममा सुरक्षार्थ खटिईगएका थियौं। जुलुसले टीकापुरस्थित सरकारी कार्यालयको बोर्डहरू हटाइ थरूहट राज्य लेख्ने भन्ने सूचनाको आधारमा वारदातका दिन विभिन्न स्थानमा सुरक्षाकर्मी खटिएका थियौं। प्रहरी निरीक्षक बलराम विष्टको कमाण्डमा मुनुवा गा.वि.स.वडा नं. ६, चिलिम चौराहामा १५ जनाजतिको प्रहरी टोली खटाएकोमा दिउँसो १३:०० बजेको समयमा प्रहरी निरीक्षकले 'जुलुश हाम्रो नियन्त्रण भन्दा बाहिर छ, थप जनशक्ति पठाई दिनु पर्‍यो' भनी ई.प्र.का. टीकापुरमा जानकारी गराउँदा सशस्त्र प्रहरी बल उग्रतारा गणका सशस्त्र प्रहरी उपरीक्षक समेत ई.प्र.का. टीकापुरमा आएको अवस्थामा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकले आफ्नै गाडीमा राखी वारदात स्थलमा गएका हौं, प्रहरी निरीक्षक केशव बोहराको कमाण्डमा १२/१३ जनाको टोली थप वारदात स्थलमा गएको हो, प्रहरीहरूलाई धकेल्दै गरेको अवस्थामा

पशुहाटबजारमा प्रतिवादीहरूले एकाएक लाठा, ढुङ्गा प्रहार गर्दै आफूहरूलाई 'C' आकारको घेराबन्दी गरी आक्रमण गर्दै गर्दा आफूहरूले अश्रुग्याँस र रबर बुलेट प्रहार गरेका हौं, रबर बुलेट र अश्रुग्याँस सकिसकेको अवस्थामा निजहरूले लगातार हातहतियार प्रयोग गरी आफूहरूमाथि प्रहार गर्दै गर्दा मैले प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई नजिकैको घर भित्र बस्नलगाई म खेत तर्फ भागेको हुँ, मेरो खुट्टामा कम्मरमा चोट लागी घाईते भएको थिएँ। पछि प्रतिवादीहरूले प्रहरी वरिष्ठ उपरीक्षक घरभित्र रहेको थाहापाई उहाँलाई आँगनमा ल्याई सोही स्थानमा भाला रोपी मारेका हुन, अन्य प्रहरी कर्मचारीहरूलाई समेत सोही तरिकाले निर्ममतापूर्वक कर्तव्य गरी मारेका हुन, उक्त जुलुशको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेको सुन्नमा आएको थियो। जुलुशको अग्रपङ्क्तिमा घाईते अवस्थामा पक्राउ भएका प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, राज बहादुर कठरिया र राम कुमार कठरिया समेतका प्रतिवादीहरू थिए भन्नेसमेत बेहोराको **प्रहरी हवल्दार मान बहादुर बुढामगरको कागज**।

१०१. मिति २०७२/५/७ गते म थरूहट आन्दोलनको सुरक्षार्थ खटिं गएकोमा थरूहटको जुलुशले चिलिम चौराहामा खटिएको प्रहरी टोलीलाई च्याप्दै पशुहाटबजारसम्म ल्याएकोमा उक्त स्थानमा S.S.P समेतको टोली वारदात स्थलमा पुगेपश्चात सम्झाउँदा समेत नमानेपछि अश्रुग्याँस प्रहार गरेकोमा अश्रुग्याँस उल्टै आफूहरूतिर फाली आफूहरूमाथि लाठा, भाला, ढुङ्गा प्रहार गर्दै आन्दोलनकारीहरूले आफूहरूलाई C आकारको घेरामा पारी कुटपिट गर्दा मलाई ढुङ्गाले हिर्काई म बेहोस भए पछि मेरो हतियार समेत लगि गएका हुन, निजहरूले S.S.P समेतको टोलीलाई भाला, लाठा, खुँडा समेत प्रहार गरी कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको **नेत्रराज पडालको कागज**।

१०२. मिति २०७२/५/७ गतेका दिन थरूहटका आन्दोलनकारीले टीकापुर बजारमा आई धनजनको क्षति पुऱ्याउने जानकारी कार्यालयमा प्राप्त भए पश्चात स.प्रहरी निरीक्षक प्रेम सिंह ठकुल्लाको कमाण्डमा जिल्ला कैलाली, मुनुवा गा. बि. स. वार्ड न.६ चिलीमे चौराहमा ३५ जना खटी गएका थियौं। ३०००/३५०० सम्म आन्दोलनकारीहरू भाला, लाठी, गुलेली दाउ सहित आएका थिए, आन्दोलनकारीहरूले सशस्त्र प्रहरी टोली तथा नेपाल प्रहरीको टोलीलाई धकेल्दै ढुङ्गा, गुलेली हान्दै

ल्याएपछि सो हुल टीकापुर ९ स्थित पशुहाटबजारमा पुग्दा त्यहाँ निषेधाज्ञा क्षेत्र घोषणा गरेको हुँदा टीकापुर बजार प्रवेश गर्न नदिन रोक्ने प्रयास गर्‍यौं, त्यस क्रममा योजनावद्ध घरेलु हातहतियारसहित प्रतिवादीहरूले चारै तिरबाट घेरा बन्दी गरी हामीहरू बिचमा पारी निजहरूले भाला, लाठीले हान्दा समेत ज्यान जोगाउन समस्या परी हवाई फायर खोली भाग्न उम्कन बाध्य भयौं। अन्य साथीहरूसंग रहेका ३ नाल एस.एल.आर र २ नाल ग्याँसगन भएको अवस्थामा पनि क्षति पुग्ने ठानी खेतको बाटो हुदै आएपछि मेरो पछाडि प्रतिवादीहरू आई हातमा रडले हिर्काई टाउकोमा पछाडिबाट हिर्काई म सख्त घाईते भएपनि ज्यान जोगाई सुरक्षीत ठाउँसम्म पुगें, अन्य साथीहरूले उद्धार गरी अस्पतालसम्म पुर्‍याएका हुन, घटनामा प्रतिवादीहरूले चारैतिरबाट घेरा हाली भेटेका जती नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरूलाई निर्घात कुटपिट गरी जलाई मार्ने कार्य गरेका हुन भन्नेसमेत बेहोराको **शमसेर सिंह टमाटाको कागज।**

१०३. मिति २०७२/५/७ गते बिहान अन्दाजी १०:०० बजेको समयमा प्रहरी निरीक्षक बलराम विष्टको कमाण्डमा मुनुवा ६ चिलीम चौराहमा प्रहरी टोली खटी गएकोमा निज प्र.नि सेमतको प्रहरी टोलीलाई प्रतिवादीहरूको भिडले धकेल्दै टीकापुर न.पा.वडा नं.९ पशुहाटबजार नजिक पुर्‍याए पछि निज प्रहरी निरीक्षकले थप मद्दतका लागी रिपोटिङ्ग गरे पश्चात प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने स.प्र.उ.को गाडी चढी घटनास्थल पुगेपश्चात प्रहरी वरिष्ठ उपरीक्षकसमेतको टोलीलाई प्रतिवादीहरूले विभिन्न प्रकारका हातहातमा ल्याएका भाला, खुँडा, खुकुरी समेत प्रहार गरी कर्तव्य गरी मारेको हो र सो आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेको थियो र प्रतिवादीहरू श्रवण चौधरी, प्रदिप चौधरी, संगम, रणभुमी नाम गरेका ब्यक्तीहरूले हत्या गरी प्रहरी संग रहेको हातहतियार समेत लुटी लगेका हुन भन्नेसमेत बेहोराको **प्र.ना.नि.राजु शाहको कागज।**

१०४. मितिं २०७२/५/४ गतेका दिन अखण्ड सुदुरपश्चिम पक्षधर र थरूहटका बिच टीकापुर क्षेत्रमा झडप भएको र स्थिती तनाबग्रस्त हुने अवस्था भएकोले ऐ.७ गतेका दिन प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको टोली टीकापुरमा खटिई आएको थियो। थरूहट समर्थकहरूले लाठी, भाला समेतका घरेलु हातहतियार लिई टीकापुर बजार तर्फ आउदैछन भन्ने जानकारी मलाई भए पछि टीकापुर बजारको आसपासका

एरीयाहरूमा निशेधाज्ञा जारी गरेको थियो। मलाई लम्की पुलमा ड्युटीमा खटाएको र चिलिम चौराहामा प्रहरी निरीक्षकबलराम विष्टको कमाण्डमा टोली खटीएको मा उक्त स्थानमा हुलले च्यापेपश्चात निज प्रहरी निरीक्षकले थप सुरक्षाका लागि जानकारी गराउँदा प्रहरी निरीक्षक केशव बोहरा समेतको टोली लिई प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोली उक्त स्थानमा थप खटिएकोमा चिलिम चौराहाबाट आन्दोलनकारीहरूले सुरक्षाकर्मीहरूलाई धकेल्दै पशुहाटबजारमा पुऱ्याउँदा प्रहरी वरिष्ठ उपरीक्षक समेतले निशेधित क्षेत्र प्रवेश गर्न रोक्दै सम्झाई रहेको अवस्थामा सोही हुलबाट अन्यायीहरूले लाठी, भाला, गुलेली, तरवार समेतका घरेलु हतियारले आक्रमण गरी सुरक्षार्थ खटि गएका प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरूको हत्या गरेको भन्ने कुरा मलाई जानकारी भएपश्चात म आफू खटिएको स्थानबाट वारदातस्थलमा जादा घरेलु हतियारहरू यत्रतत्र छरिएका रगतका टाटाहरू भएको तथा मृतकहरूलाई अस्पताल ल्याई सकेको देखेको हुँ। सो घटनाका मुख्य योजनाकार रेशमलाल चौधरी, लक्ष्मण थारू र रामचन्द्र चौधरी समेतको योजना तथा निर्देशनमा रणभुमि भन्ने फिरूलाल चौधरी, विकास भन्ने बाल कृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, लाहु राम चौधरी, खुसीराम चौधरी, सन्तराम चौधरी र हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू हरिनारायण चौधरी समेतले उक्त घटना योजनावद्ध तरीकाले गरेको भन्नेसमेत बेहोराको **प्रहरी नायब उपरीक्षक धन बहादुर कठायतको घटना विवरण कागज।**

१०५. मिति २०७२/५/७ गतेका दिन म प्रहरी निरिक्षकको कमाण्डमा जिल्ला कैलाली, टीकापुर न.पा. वडा नं.९ पशुहाट बजारमा ड्युटीमा खटिएको थिएँ। उक्त स्थानमा आक्रोशमा आएका आन्दालनकर्ताहरूले ढुङ्गा मुढा प्रहार गर्दै छन् भन्ने जानकारीपश्चात उक्त स्थानमा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोली खटिएको थियो। वारदातका दिन प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी, धनीराम चौधरी र रामचन्द्र चौधरीको निर्देशन अनुसार प्रतिवादीहरूले बोकी ल्याएका घरेलु हतियार सहित निजहरू वारदात स्थलमा आई अन्यायीहरूले उक्त घरेलु हातहतियार भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गर्दै सुरक्षार्थ खटिएको प्रहरी कर्मचारीहरूलाई घेरा बन्दि गरी योजनाबद्ध तरीकाले कुटपिट गर्दा आफू समेत घाईते भएको हौं। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने सख्त घाईते भएपश्चात

ज्यान जोगाउन घर भित्र पसेका र घर भित्रबाटै प्रतिवादीहरूले निकाली घर आँगनमा लछारपछार गर्दै भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गरी निजको हत्या गरेको थियो भने सोही स्थान नजिकै सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू, प्रहरी जवान लोकेन्द्र बहादुर चन्द, प्रहरी हवल्दार श्याम खड्का समेतलाई भाला, लाठी, ढुङ्गा, तरवार, खुकुरी समेत प्रहार गरी हत्या गरेका हुन भने धानको खेतबारीमा प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव बोहरा, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललितबहादुर साउद समेतलाई लखेटी लखेटी मारेका हुन भने प्रहरी हवल्दार जनक नेगी सोही घटनामा सख्त घाईते भई उपचारका क्रममा मृत्यू भएको हो। हामीहरूसंग भएका हातहतियार एस. एल. आर, पेस्तोल, ग्यासगन, संचारसेट समेत प्रतिवादीहरूले लुटि लगेका हुन। सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरूलाई हाल प्रहरी हिरासतमा रहेका प्रतिवादी हरिनारायण चौधरी, जित बहादुर डगौरा समेतले निर्ममतापूर्वक हत्या गरेका हुन। उक्त घटनामा जित बहादुर डगौरा, राम नरेश चौधरी, विश्व चौधरी, राजेश चौधरी, बृज मोहन डगौरा, सन्तराम चौधरी, किसनलाल चौधरी, प्रेम चौधरी, राम प्रसाद चौधरी, राजकुमार कठरिया, रामकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया तथा हाल फरार रहेका प्रतिवादीहरू रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, विकाश भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, रामचन्द्र चौधरी, लाहुराम चौधरी, राम चन्द्र चौधरी, खुशीराम चौधरी, सन्तराम चौधरी, डम्मर कठरिया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम चौधरी, नुरूल अलि जागा, सिताराम चौधरी, सुरज मिया हासमी समेतका व्यक्ति घटनामा संलग्न थिए भन्नेसमेत बेहोराको मिति २०७२/५/२२ गतेको **प्रहरी जवान केशव सिंह महरा समेतको कागज।**

१०६. मिति २०७२/५/७ गतेका दिन थरूहट राज्यको माग गर्दै आन्दोलनकारीहरूले उग्ररूप लिदै छन्, थप टोली पठाउनु पर्‍यो भनी मुनुवा-६ चिलिम चौराहमा ड्युटीमा खटीएका प्रहरी निरीक्षक बलराम विष्टको टोलीले भनेपछि प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने उक्त स्थानमा खटी जाँदा उँहाको पछाडि म पनि प्रहरी निरीक्षक केशव बोहराको कमाण्डमा खटी गएको थिएको थिएँ। पशुहाटबजारमा म समेत पुग्दा घरेलु हातहतियार सहित आएका प्रतिवादीहरूलाई सम्झाईबुझाई गर्न खोज्दा निजहरूले प्रहरीलाई घेराबन्दीमा पारी लाठी, ढुङ्गा, भाला समेतले हिर्काएपछि ज्यान

जोगाउन भाग्दा समेत घर भित्र पसेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई घरबाट तानी निर्ममतापूर्वक हत्या गरेको र सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू समेतलाई जलाई हत्या गरेको, खेतमा भाग्दै गरेका प्रहरी निरीक्षक बलराम विष्ट समेतलाई खेतमा लडाई भाला बन्चरो टाउकोमा हानी निर्ममता पूर्वक हत्या गरेका हुन् र घटनामा म समेत घाईते भएका हौं। रेशमलाल चौधरी, धनिराम चौधरी, लक्ष्मण चौधरीको मुख्य योजनामा सन्तराम चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी समेतका प्रतिवादीहरूले निर्ममतापूर्वक हत्या गरेका हुन्, प्रहरीको हतियार प्रतिवादी श्रवण चौधरीले लगि गएको भन्ने सुनेको हुँ भन्नेसमेत बेहोराको मिति २०७२/५/२३ गतेको **प्र.ना.नि. मान बहादुर बोहराको घटना विवरण कागज।**

१०७. मिति २०७२/५/७ गतेका दिन थरूहट आन्दोलनकारीहरूले हातमा भाला, खुँडा, खुकुरी, दाउँ जस्ता घरेलु हातहतियार लिई प्रहरी कर्मचारीहरूलाई लखेट्दै लखेट्दै मारेको मैले देखेकी हुँ। केही समय पछि गोली पडकिएको आवाज सुनेपछि म बाहिर गई हेर्दा मृतकको घरमा कराईरहेको सुनी म समेत गई हेर्दा नाबालिग टेक बहादुर साउदको टाउको पछाडि गोली लागि मृत अवस्थामा मैले देखेको हुँ। प्रतिवादीहरू थारू समुदायका हुन भन्नेसमेत बेहोराको मिति २०७२/५/२३ गतेको **यज्ञदेवी भट्टको घटना विवरण कागज।**

१०८. मिति २०७१।०५।०७ गतेका दिन म भाईलाई लिन करूणा बोडिङ्ग स्कुल जाने क्रममा थारू आन्दोलनकारीहरूले हातमा भाला खुँडा, गुलेली, मासु काट्ने फलामे दाउ, समातेको देखि छिमेकी घरमा गई बसेको हुँ। त्यहाँबाट हेर्दा निजहरूले सुरक्षाकर्मीहरूलाई लखेटी लखेटी मारेको देखेको हुँ। सुरक्षाकर्मीलाई मारीसके पछि निजहरू मुनुवातर्फ भागी गएका हुन्। पछि निजहरूले नाबालिगलाई समेत मारेको सुनें सुरक्षाकर्मीलाई मारेपश्चात हातहतियारसमेत लुटी लगेको हुन् भन्नेसमेत बेहोराको मिति २०७२/५/२३ गतेको **गोकुल भण्डारीको कागज।**

१०९. मिति २०७२/५/७ गते म खाना खाई आफ्नै घरमा बसीरहेको अवस्थामा करिब १३:०० बजेको समयमा मेरो घरको पश्चिमतर्फबाट मानिसहरूको जमात आएको देखि घर भन्दा टाढा बाँधी राखेका भैसीलाई नजिक ल्याई बरण्डामा बसीरहेको अवस्थामा पछि नाम थाहा पाएका सेती अञ्चल प्रहरी कार्यालयका प्रहरी वरिष्ठ

उपरीक्षक लक्ष्मण न्यौपानेलाई लखेटी ल्याएका हुन, निज लक्ष्मण न्यौपानेलाई मेरो घरको पश्चिम पट्टिको ढोका भित्र प्रवेश गरी ढोका भित्रबाट लगाउन खोज्दा उक्त हुलले ढोकाको तलको भागबाट उप्काई निज लक्ष्मण न्यौपानेलाई कठाल्लोमा समाती बाहिर ल्याउँदा मैले त्यसो नगर्नु होस भनी आग्रह गर्दा समेत यो घरमा आगो लगाउनु पर्छ भनी धम्की दिए, निज लक्ष्मण न्यौपानेले समेत नमार भनी आग्रह गर्दा समेत निज व्यक्तिहरूले आँगनमा ल्याई कुटी भाला घोची तेर्साई टाउकोमा ढुङ्गा प्रहार गरी निर्ममतापूर्वक हत्या गरेका हुन, उक्त हुल सयौंको संख्यामा थियो, निजहरूले हातमा लाठी, खुँडा, तरवार, बन्चरो, हसिया समेतका हतियार ल्याएका थिए। ग्यालनमा पेट्रोल बोकेका थिए, मेरो घरको पूर्वपट्टि सशस्त्र प्रहरीका राम विहारी चौधरीको हातमा हिर्काई सो पश्चात शरीरमा पेट्रोल खन्याई आगो लगाई हत्या गरेका हुन। सोहि नजिक अर्का प्रहरी कर्मचारीलाई समेत शरीरमा पेट्रोल खन्याई आगो लगाई हत्या गरेका हुन, निज तिनै जनाको हत्या गरेको मैले आफ्नै आँखाले देखेकी हुँ, सो घटनामा संलग्नहरूको यकिन नाम मलाई थाहा भएन, सबै थारू जातीका व्यक्तिहरू थिए। सो घटनामा पूर्वयोजना एवम् तयारीका साथ प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतका सुरक्षाकर्मीहरूको निर्ममतापूर्वक क्रुर तवरबाट हत्या गरेको हो भन्ने समेत बेहोराको **प्रत्यक्षदर्शी सुशिला बर्माको कागज।**

११०. वारदात पूर्व प्रतिवादीहरू रेशमलाल चौधरी, लक्ष्मण थारू, बन्धु थारू र रामचन्द्र चौधरी समेतका कार्यकर्ताले थापापुर गा.वि.स.मा प्रत्येक वडा, गा.वि.स. का भलमन्सा बोलाई एक कार्यक्रम गरी थरूहट राज्यको मागको लागि सशक्त आन्दोलन गर्नुपर्छ, सबैले उपस्थित हुनु पर्छ भन्ने निर्देशन दिएका थिए, सोही निर्देशन बमोजिम भलमन्साहरूले आफ्नो वडाका चौकीदार मार्फत प्रत्येक घरधुरीबाट एक एक जना आन्दोलनमा जानुपर्ने, नगएमा रू.१,०००।- जरिवाना हुने भनी उर्दी जारी गरी निर्देशन भए बमोजिम वारदातका दिन विभिन्न गाउँबाट हातमा घरेलु हतियार भाला, खुँडा, लाठा, तरबार समेत बोकी गएका हौं, म समेत वारदातका दिन दिउँसो १४:०० बजेको समयमा मोती चोकमा पुग्दा प्रहरीले अश्रुग्याँश हानेको अवस्थामा आन्दोलनकारी दौडिदै गर्दा संगम भन्ने व्यक्तिलाई मैले देखेको थिए। निजले आफ्नो साथमा बन्दुक बोकी ल्याएको समेत देखेको हुँ, को कस्ले भाला, खुँडा प्रयोग गरी मारे थाहा भएन भन्नेसमेत बेहोराको **सितलराज डगौराको कागज।**

१११. मिति २०७२/५/७ गते म आफ्नै घरमा नै थिएँ। घटना भएको ठाउँ नै मेरो घर हो, सो दिन थरूहटका मानिस आई टीकापुर बजारमा आई क्षति पुऱ्याउने योजना रहेको छ भन्ने बिहान थाहा भएको थियो, हामी घटनास्थलका मानिसहरूलाई घर भित्र बस्नु आत्तिनु पर्दैन भनेका थिए, दिउँसो १३:३० बजेको समयमा हजारौको संख्यामा आएको जत्थाले ड्युटीमा रहेका प्रहरी वरिष्ठ उपरीक्षक समेतको टोलीलाई मेरो घर भन्दा २०० मिटर अगाडि सडकमा चारैतिरबाट घेरा हाली ढुङ्गा, गुलेली लाठा हिर्काउन लाग्दा प्रहरी टोलीले अश्रुग्याँस प्रहार गरीरहेका थिए, प्रहरीको केही नलागी आफ्नो ज्यान जोगाउन भाग्नलाग्दा छिमेकी संगिता बर्माको घर भित्र छिरेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई तानी घर बाहिर ल्याई लाठा, भालाले हानी गोरू चुटाई गरी मारेको र प्रहरी हवल्दार श्याम खड्कालाई सडकमा नै मारी सकेका थिए, सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरी र प्रहरी जवान लोकेन्द्र चन्दलाई पनि भन्ने नसकीने गरी दानबिय तरीकाले हातमा भएँका किला रोपेका लाठी, तार बेरेका लाठीले हानी नजिकैको खर ल्याएर आगो लगाएका हुन। घाईते भई भाग्दै गरेका अन्य प्रहरीलाई समेत खेतमा लखेट्दै हान्दै गरेका थिए, रगताम्य भई भाग्दै गरेका प्रहरी निरीक्षक बलराम विष्ट र केशव बोहरालाई धान खेतमा फेला पारी मारमार भन्दै फरूवा, भाला, लाठीले हानी मारेको, उक्त घटना प्रत्यक्ष मैले आफ्नो घरको झ्यालबाट हेरी रहेको थिए, प्रहरी दयाको भिख माग्दै थिए, त्यस्तो क्रुरतापूर्वक मार्ने मराउने र घटना गराउनेमा १६ वर्ष देखि ४० वर्ष सम्मका थारू मानिसहरू थिए भन्नेसमेत बेहोराको **केशे भण्डारीको कागज**।

११२. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए, थरूहट आन्दोलन कर्ता हातमा लाठी भाला समेत ल्याई आएका थिए, प्रहरी टोलीले उक्त भिडलाई रोक्न खोज्दा ज्यान मार्ने उद्देश्यका साथ आएका अन्यायीहरूले मेरो घर अगाडि घेरा बन्दी गरी प्रहरीको केही नलागी भाग्यो त्यस क्रममा अन्यायीहरूले मेरो घरको नल्का पनि तोडेका हुन, तनाव पुर्ण अवस्था भए पछि अन्यायीहरूले प्रहरीलाई लखेटी लखेटी भाला रोपी, खकुरीले हानी आगोले जलाई मारेका रहेछन। अलिकती अवस्था शान्त भई सकेपछि म घर बाहिर निस्कदा क्षतबिक्षत अवस्थाका लाश प्रहरीले ओसारीरहेको थियो, युवा उमेरका थारू समुदायका मानिसहरूले घटना गराएका हुन् भन्नेसमेत बेहोराको **गोपाल पुनको कागज**।

११३. मिति २०७२/५/७ गते मेरो घरमा नै खाना खाई घरमा बसी रहेको अवस्थामा टाढाबाट मानिसहरूको हुल आएको देखेको हुँ। पछि घर नजिकै पुग्दा प्रहरी टोलीलाई लखेटीलखेटी कुटीरहेका थिए। घटनामा संलग्न ब्यक्तीहरूले हातमा लाठी, भाला, खुकुरी, खुँडा, बन्चरो, हसिया समेतका हातहतियारहरू बोकेका थिए, उक्त घटनामा सबै थारू जातीका मानिसहरू थिए, निजहरू पूर्वयोजनाका साथ हातहतियार बोकी आएका थिए, निजहरूले प्रहरी बरिष्ट उपरीक्षक लक्ष्मण न्यौपाने समेतका प्रहरी कर्मचारीहरूलाई लखेटीलखेटी कुटीकुटी धारीलो हतियार समेत प्रहार गरेका हुन। निज ब्यक्तीहरूले ग्यालेनमा पेट्रोल समेत बोकी ल्याएका थिए, पेट्रोल छर्की आगो लगाई निर्मम तवरबाट हत्या गरेका हुन, सोही घटनामा फुलवारी रिसोर्टका संचालक रेशमलाल चौधरी समेतका व्यक्तिहरू थिए भन्नेसमेत बेहोराको **नरेश चौधरीले गरेको कागज।**

११४. मिति २०७२/५/७ गते दिउँसो थरूहटको आन्दोलनमा लाठी भाला बन्चरो सहित टीकापुर बजारमा प्रवेश गर्न लागेको जानकारी पाई म मेरो छिमेकी भिम बहादुर भण्डारीको २ तले घरको छतमा गएको थिएँ, हजारौको संख्यामा आएका हातमा लाठी, भाला बोकेका प्रतिवादीहरूको हुलले प्रहरीलाई धकेल्दै थिए। प्रहरीलाई बिचमा पारे पछि तितरबितर पार्न प्रहरीले अश्रुग्याँस हान्यो मार्ने योजनाका साथ आएका अन्यायीहरूले चारै तिरबाट प्रहरी टोलीलाई घेरा हालेपछि ज्यान जोगाउन प्रहरीहरू भाग्दा पिछा गरेका अन्यायीहरूले संगिता बर्माको घर भित्र पसेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर बाहिर निकाली मारेको, म बसेको ठाउबाट उक्त घट्ना छेकीएको हुँदा सबैकुरा देख्न पाइन। सशस्त्रका प्रहरी हवल्दार राम विहारी चौधरीलाई चारैतिरबाट घेरी भाला डन्डाले प्रहार गरिरहेका थिए। निज अन्यायीहरूले हानहान मारमार भन्दै थिए, पछि नजिकै भएको घरबाट खर ल्याई जिउदै जलाए, संग संगै लोकेन्द्र चन्दलाई पनि त्यसै गरी हानेर खरले जलाएर मारे, घाईते भएका प्रहरी निरीक्षक केशव बोहरा र बलराम विष्ट घाईते भई खेततिर भाग्दै गरेका थिए, राम्रो संग दौड्न पनि सकि रहेका थिएनन्, टाउकोबाट बगेको रगत पुछ्दै थिए, प्रहरी निरीक्षक केशव बोहराको खेतको आलीमा ढले पछि हाप पाईन्ट लगाएको मोटो जिउ भएको ब्यक्तीले सोही स्थानमा गई फरूवाले टाउकोमा हिकाई

मारेको र प्रहरी निरीक्षक बलराम विष्टलाई पनि खेतमा हानी मारेका हुन भन्नेसमेत बेहोराको **किरण भन्ने राजेन्द्र हमालको कागज।**

११५. मिति २०७२/५/७ गते गाउँका भलमन्सा टिकाराम कठरियाले आन्दोलनमा सहभागी हुनुपर्ने नभए जरीवाना तिर्नु पर्ने भनी उर्दी जारी गरेपछि म समेत उक्त आन्दोलनमा गएको हुँ, वारदात स्थलमा पुग्दा सुरक्षाकर्मीहरूले सम्झाईबुझाई गर्दा समेत निज आन्दोलनकारीहरूले निषेधित क्षेत्र प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीहरूले अश्रुग्याँस प्रहार गरेकोमा प्रतिवादी राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरूले सुरक्षाकर्मीमाथि घरेलु हातहतियार प्रयोग गर्न थाले, म सोही स्थानबाट फर्कि घर आएको हुँ, घर फर्कि आउँदै गर्दा आन्दोलनकारीहरूले सुरक्षाकर्मीहरूलाई विभत्स तरिकाले मारेको हो भन्ने कुरा सुनेको थिए। वारदातको समयमा लक्ष्मण चौधरी, रेशमलाल चौधरीसमेत सोही स्थानमा नै थिए, निजहरूले नै योजना बनाएका हुन, वारदातमा खुशीराम चौधरी, सिताराम चौधरी, संगम चौधरी, लगायतका प्रतिवादीहरू प्रत्यक्ष रूपमा प्रहरीलाई प्रहार गर्नमा संलग्न थिए। सुरक्षाकर्मीको हतियार संगम चौधरी लगायतले लुटी लगेको हो भन्नेसमेत व्यहोराको **कृष्ण डगौराको घटना विवरण कागज।**

११६. मिति २०७२/५/७ गते दिउँसो अन्दाजी १३:३० बजेको समयमा थरूहट राज्यको माग गर्दै चिलिम चौराहाबाट ठूलो संख्याको जुलुस स्थानीय पशुहाटबजार नजिक आईपुग्दा निषेधित क्षेत्रमा प्रबेश गर्न नदिने गरी खटिएका सुरक्षाकर्मीहरूलाई निजहरूले घेरा बन्दी गरी आफू साथ बोकी ल्याएका हातहतियार लाठी, भाला, गुलेली, बोतल प्रहार गरी अमानबिय तरीकाले कुटपिट गर्न लाग्दा ज्यान जोगाउन संगीता बर्माको घरमा रहेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई प्रतिवादी हरिनारायण चौधरीले बाहिर आँगनमा ल्याई भाला रोपी कर्तव्य गरी मारेको तथा अन्य सुरक्षाकर्मीहरूलाई वारदात स्थलमा विभत्स तरिकाले हत्या गरेको हो भन्नेसमेत बेहोराको **पतिपावन कठरियाको कागज।**

११७. मिति २०७२/५/७ गते १३:३० बजेको समयमा आन्दोलनकारीहरूको ठुलो भिड वारदात स्थलमा आउन लाग्दा प्रहरीहरूले सर्वसाधारणलाई घरभित्र जान लगाएकोमा म पशुहाटबजार नजिक भएकोले घर जान टाढा हुँदा डम्मर चौधरीको घरमा बसेको थिएँ। पछि आन्दोलनकारीहरूले सुरक्षाकर्मीहरूलाई घेराबन्दी गर्दा समेत प्रहरीले

सम्झाउन थालेकोमा उल्टै आन्दोलनकारीहरूले आफूसाथ भएका हतियार प्रहार गर्न थालेपश्चात सुरक्षाकर्मीले अश्रुग्याँस हानेकोमा आन्दोलनकारीहरूले नमानी सुरक्षाकर्मीमाथि लगातार प्रहार गर्दा संगीता बर्माको घरमा ज्यान जोगाउन बसेका प्रहरी वरिष्ठ उपरीक्षक समेतलाई बाहिर निकाली विभत्स तरिकाले हत्या गरेको तथा अन्य सुरक्षाकर्मी समेतलाई लाठी, भाला समेतका हतियारले विभत्स रूपमा कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको **झनक विश्वकर्माको कागज।**

११८. मृतक प्रहरी निरीक्षक केशव बोहरा मेरो छोरा हो। निज अञ्चल सशस्त्र प्रहरी गुल्म सेतीमा कार्यरत रहीआएकोमा थरूहट संघर्ष समितिको आन्दोलनमा शान्ति सुरक्षाका लागी टीकापुरमा खटीएको थियो। मिति २०७२/५/७ गते मेरो अर्को छोरा नविन सिंह बोहराले दाजुलाई अन्यायी रेशमलाल चौधरी समेतले कर्तव्य गरी मारेको जानकारी दिएपछि संचार माध्यमबाट खबर सुनी यकिन भएँ। वारदातस्थलमा सुरक्षाकर्मी माथि आक्रमण गरी विभत्स तरिकाले हत्या गर्नेमा रामचन्द्र चौधरी, रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदीप चौधरी, श्रवण चौधरी, करन चौधरी, रामकुमार कठरिया, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, हरिनारयाण चौधरी, राम प्रसाद चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष थारू समेतका व्यक्तिहरूले प्रतिवादी रेशमलाल चौधरी र लक्ष्मण चौधरी समेतको योजना र निर्देशनमा सुरक्षाकर्मी माथि भाला, खुंडा, खुकुरी र लाठी समेत प्रहार गरी विभत्स रूपमा सुरक्षाकर्मीको हत्या गरेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत बेहोराको **प्रेमसिंह बोहराको कागज।**

११९. मिति २०७२/५/७ गते दाजु केशव बहादुर बोहरालाई अन्यायी रेशमलाल चौधरी समेतले नेतृत्व गरेको हुलले हत्या गरेको खबर पाएको हुं। घटनाको वास्तविकता बुझ्दा थारू कल्याणकारी सभाका अध्यक्ष तथा संयोजक धनिराम चौधरी, रेशमलाल चौधरी, लक्ष्मण थारू चौधरी समेतले थारू संघर्षका नामबाट संचालन गरेको हुल जत्थामा घरेलु हातहतियार बोकेको रणभुमी भन्ने फिरूलाल चौधरी, बृज मोहन डगौरा, राजेश चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारू, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, राजेश चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, रामचन्द्र चौधरी, फुलराम चौधरी,

बालकृष्ण चौधरी, प्रदीप चौधरी, शिवकुमार चौधरी, श्रवण चौधरी, करन चौधरी, राम कुमार कठरिया, राज कुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया समेतले निर्ममतापूर्वक हत्या गरेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत बेहोराको **महेश बोहराको कागज।**

१२०. थरूहट राज्यको माग गरी टीकापुर लगायतका स्थानमा भएको बन्द हड्ताल, तोडफोडमा शान्ति सुरक्षाका लागी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा मेरो छोरा लोकन्द्र बहादुर चन्द टीकापुरमा ड्युटी खटिएको भनी निज छोरा संग फोन सम्पर्क हुँदा जानकारी भएको र वारदातको दिन समेत बिहानको समयमा फोन सम्पर्क भएकोमा दिउँसोको समयमा एक्कासी मिडियाबाट मेरो छोरा लगायत ५/६ जनाको विभत्स हत्या भएको जानकारी पाएको हुँ। सो हत्याकाण्ड थारू कल्याणकारी सभाका संयोजक धनिराम चौधरी, जिल्ला कैलाली, दुर्गौली गा.वि.स.घर भई कैलाली जिल्ला क्षेत्र नम्बर १ का थारू संघर्ष समितिका संयोजक रेशमलाल चौधरी, ऐ. फुलबारी १ बस्ने लक्ष्मण चौधरी, रणभुमी भन्ने फिरूलाल चौधरी, माओवादी पूर्व लडाकु विश्राम चौधरी लगायतका व्यक्तिहरूको निर्देशनमा अन्य प्रतिवादीहरू राम कुमार कठरिया, सुन्दरलाल कठरिया समेतले हातहातमा लाठी, भाला, खुकुरी, बन्चरो, गुलेली समेतका घरेलु हतियार सहित आई पूर्व योजना बमोजिम चारैतिरबाट घेरा हाली मेरो छोरा लोकेन्द्र बहादुर चन्द माथी साङ्घातिक आक्रमण गरी निर्ममता पूर्वक हत्या गरेका हुन भन्नेसमेत बेहोराको **जित बहादुर चन्दको कागज।**

१२१. मिति २०७२/५/७ गते दिउँसो १३:३० बजेको समयमा मेरो श्रीमान स.प्र.ब.ह ललित बहादुर साउद र प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोली टीकापुर-९ पशु हाटबजार नजिक ड्युटीमा खटीएको अवस्थामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनिराम चौधरीको निर्देशन तथा योजनामा हाल प्रहरी हिरासतमा रहेका राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरूले निषेधित क्षेत्र तोडी निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुर्‍याउने खोजेकाले निजहरूलाई सम्झाईबुझाई गर्ने क्रममा उल्लिखित प्रतिवादीहरूले चारैतिरबाट घेराबन्दी गरी पूर्वयोजना मुताविक हात-हातमा लिएका लाठी, भाला, बन्चरो, जस्ता घरेलु हातहतियारले निर्मम तरीकाले

हत्या गरी केही प्रहरी कर्मचारीलाई जिउदै आगो लगाई क्रुर तवरले हत्या गरेको भन्ने बेहोराको **पबित्रा साउदको कागज।**

१२२. मिति २०७२/५/७ गते दिउँसो १३:३० बजेको समयमा मेरो श्रीमान सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू र प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतको टोली टीकापुर-९ पशुहाट बजार नजिक ड्युटीमा खटीएको अवस्थामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनिराम चौधरीको निर्देशन तथा योजनामा हाल प्रहरी हिरासतमा रहेका राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरूले निषेधित क्षेत्र तोडी निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने खोजेकाले निजहरूलाई सम्झाईबुझाई गर्ने क्रममा उल्लिखित प्रतिवादीहरूले चारैतिरबाट घेराबन्दी गरी पूर्वयोजना मुताबिक हात-हातमा लिएका लाठी, भाला, बन्चरो, जस्ता घरेलु हातहतियारले निर्मम तरीकाले प्रहार गरी जिउदै आगो लगाई क्रुर तवरले हत्या गरेको भन्नेसमेत बेहोराको **सृजना थारूको कागज।**

१२३. प्रहरी हवल्दार जनक नेगी मेरो छोरा हो। निज छोरा अञ्चल सशस्त्र प्रहरी गुल्ममा कार्यरत रही आएको थियो। केही हप्ता पहिले देखि टीकापुर लगायतको क्षेत्रमा थरूहट आन्दोलन कर्ताहरूले टीकापुर लगायतको क्षेत्रहरूमा जनधनको क्षति पुऱ्याउने अवस्था आए पछि प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतको कमाण्डमा छोरा खटिई गएको मलाई जानकारी थियो। मिति २०७२/५/७ गतेका दिन जिल्ला कैलाली टीकापुर न.पा.-९ पशु हाटबजारमा डियूटीमा खटिएको अवस्थामा प्रहरीलाई मार्ने योजनाका साथ रेशमलाल चौधरी समेतका मानिस घरेलु हातहतियार सु-सजित भई आई छोरा समेतको प्रहरी टोलीलाई घेरा बन्दी पारी भाला, लाठी, खुकुरी, काडेतार बेरेका लाठी, गुलेली समेतका हातहतियारले हिर्काई निर्ममता पूर्वक केही सुरक्षाकर्मीको हत्या गरेको तथा केही सुरक्षाकर्मीहरूलाई गम्भीर घाईते बनाएकोमा मेरो छोराको उपचारको क्रममा मृत्यु भएको हो, उक्त घटनामा प्रतिवादीहरू राम कुमार कठरिया, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, राज कुमार कठरिया, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, प्रेम चौधरी, किसनलाल चौधरी, सान्तराम चौधरी, बृज मोहन डंगौरा, राजेश चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, जित बहादु डंगौरा, सन्तोष कुमार थारू, लाहुराम चौधरी समेतका प्रतिवादीको संलग्नता रहेको तथा उक्त वारदात गर्नमा प्रतिवादी धनीराम चौधरी,

लक्ष्मण थारू, रेशमलाल चौधरी समेतको योजना र निर्देशन गरेका हुन भन्नेसमेत बेहोराको **वीर बहादुर नेगीको कागज।**

१२४. घटना मितिमा म आफ्नै घरमा थिएँ। मेरो श्रीमान् श्याम खडका शान्तिसुरक्षाको लागी टीकापुरमा खटिएको भन्ने जानकारी थियो। अन्यायी प्रतिवादीहरू घरेलु हतियार लाठी, खुकुरी, भाला, समेत साथमा लिइ टीकापुर बजारमा जनधनको क्षति गर्न आउँदै गर्दा प्रतिवादीहरू वारदातस्थलमा पुग्दा मेरो श्रीमान् समेतले उक्त क्षति हुन नदिन रोक्ने प्रयास गर्दा श्रीमान् समेतको उच्च प्रहरी अधिकारी समेतको टोलीलाई घेराबन्दी गरी निर्ममतापूर्वक हत्या गरेका हुन। हत्या गर्नेमा धनी राम चौधरी, रेशमलाल चौधरी, लक्ष्मण थारू समेतको पूर्व योजनामा राम कुमार कठरिया, सुन्दरलाल चौधरी, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, राजेश चौधरी, जित बहादुर डगौरा, संगम भन्ने सन्तोष कुमार थारू, प्रेम चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, बृजमोहन डंगौरा, राजेश चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, सन्तोष कुमार थारू समेतले निर्ममतापूर्वक हत्या गरेको भन्नेसमेत बेहोराको **लक्ष्मीदेवी खडकाले गरेको कागज।**

<u>बरामदी/ खानतलासी मुचुल्का</u>

१२५. जिल्ला कैलाली, धनगढी न.पा.वडा न.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुलगेट, दक्षिणमा जिल्ला सरकारी वकिल कार्यालयको पर्खाल संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, मुनुवा गा.वि.स. वडा नं. १ कञ्चनपुर बस्ने **प्रतिवादी हरि नारायण चौधरीले** लगाएको पाईन्टको गोजी भित्र रहेको पर्समा राखेको सिम कार्ड बरामद गरिएको भन्नेसमेत बेहोराको **खानतलासी तथा बरामदी मुचुल्का कागज।**

१२६. जिल्ला कैलाली, धनगढी न.पा. वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णधिन भवन, पश्चिममा कार्यालय प्रमुखज्यूको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालयसँग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड

भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, मुनुवा गा.वि.स. वडा न.१ कञ्चनपुर बस्ने प्रतिवादी दिल बहादुर चौधरीले लगाएको पाईन्टको दायाँ खल्तीबाट VIDEOCON कम्पनीको कालोमा रातो रङ्ग भएको मोबाईल थान १ बरामद गरिएको भन्नेसमेत बेहोराको **खानतलासी तथा बरामदी मुचुल्का कागज**।

१२७. जिल्ला कैलाली, धनगढी न.पा. वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णाधीन भवन, पश्चिममाञ्चल कार्यालय प्रमुखज्यूको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, जोशीपुर गा.वि.स.वडा नं.४ बस्ने प्रतिवादी राम प्रसाद चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट स्यामसुङ्ग कम्पनीको सेतो रङ्गको मोबाईल टयाब एवम् सो मोबाईलमा ९८०४६३६२६५ नम्बरको सिम कार्ड रहेको मोबाईल, टयाबको ग्यालरी फोल्डर भित्र प्रतिवादी राम प्रसाद चौधरीले वारदातको समयमा खिचेको भिडियो फुटेज तथा भिडियो तथा फोटोहरू, ईन्टेक्स कम्पनीको सेतो रंगको ९८२४६०८५२७ नम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल सेट थान एक, RAGE कम्पनीको कालो रंगको ९८११६७४२३९ नम्बरको एनसेलको सिमकार्ड समेत बरामद गरिएको भन्ने **बरामदी/ खानतलासी मुचुल्का कागज**।

१२८. जिल्ला कैलाली, धनगढी न.पा.वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई वटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, थापापुर गा.वि.स.वडा न.६ बस्ने प्रतिवादी जित बहादुर डगौराले लगाएको पाईन्टको दाहिने गोजीबाट LAVA कम्पनीको मोडल नं. २८३ कालो रङ्ग ९८०४६१२३११ र ९८६८४३०६२८ नम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल थान एक समेत बरामद गरिएको भन्ने **बरामदी/ खानतलासी मुचुल्का कागज**।

१२९. जिल्ला कैलाली, धनगढी न.पा. वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, थापापुर गा.वि.स.वडा न. ५ बस्ने प्रतिवादी सन्तराम चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट कलर्स कम्पनीको सेतो रंगको एनसेल कम्पनीको ९८२४६६९५७० र ९८०४६५२५६५ नम्बरको सिमकार्ड प्रयोग भएको मोवाईल थान एक समेत बरामद गरिएको भन्ने **बरामदी/खानतलासी मुचुल्का कागज।**

१३०. जिल्ला कैलाली, धनगढी न.पा. वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालयसंग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, टीकापुर नगरपालीका वडा नम्बर ३ बस्ने प्रतिवादी राम नरेश चौधरीले लगाएको हाप पाईन्टको गोजीबाट स्यामसुङ्ग डस कम्पनीको कालो रंगको ९८४८४३३०२२ नम्बरको नमस्तेको सिमकार्ड ९८१२६६४४७३ नम्बरको एनसेल कम्पनीको सिमकार्ड प्रयोग भएको मोवाईल सेट समेत बरामद गरिएको भन्ने **बरामदी/ खानतलासी मुचुल्का कागज।**

१३१. जिल्ला कैलाली, धनगढी न.पा.वडा नं.१ स्थित जिल्ला प्रहरी कार्यालय कैलालीको कम्पाउण्ड भित्र पूर्वमा निमार्णाधिन भवन, पश्चिममा कार्यालय प्रमुख ज्युको निवास कक्ष, उत्तरमा कार्यालयको मुल गेट, दक्षिणमा जिल्ला सकारी वकिल कार्यालय संग जोडिएको पर्खाल यती चार किल्ला भित्र रहेको उत्तर मोहडा भएको क्वाटर गार्ड भवन भित्र दुई ओटा हिरासत कक्ष रहेको सो कक्ष बाहिर ग्यालरीमा जिल्ला कैलाली, थापापुर गा.वि.स.वडा न.५ बस्ने प्रतिवादी किसनलाल चौधरीको प्यान्टको बायाँ खल्तीमा स्यामसुङ्ग जिटिएस ५३०१ नमस्तेको ९८४८४६६०९२ नम्बरको सिम कार्ड प्रयोग भएको मोबाईल थान १, माईक्रोम्याक्स सेतो मोडेल एक्स ०९९१

एनसेलको ९८२४६१३३३४ नम्बरको सिम कार्ड प्रयोग भएको मोबाईल थान १ समेत बरामद गरिएको भन्ने **बरामदी/ खानतलासी, मुचुल्का कागज।**

१३२. जिल्ला प्रहरी कार्यालय कैलालीको हिरासत कक्ष बाहिर ग्यालरीमा प्रतिवादी संङ्गम भन्ने सन्तोष कुमार चौधरीलाई हिरासतमा राख्न भन्दा पहिले निजको जिउको तलासी लिई नोकिया कालो रंङ्गको ९८१८९४२०८८ नं.को सिमकार्ड प्रयोग भएको मोबाईल बरामद भएको भन्नेसमेत बेहोराको **खानतलासी तथा बरामदी मुचुल्का।**

१३३. राज कुमार कठरिया, राम कुमार कठरिया संङ्गम भन्ने सन्तोष चौधरी, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, वीर बहादुर चौधरी, राम नरेश चौधरी, हरिनारायण चौधरीको **घर खानतलासी गरीएको मुचुल्का।**

१३४. जिल्ला प्रहरी कार्यालय कैलालीको हिरासत कक्ष बाहिर ग्यालरीमा प्रतिवादी लक्ष्मण थारू चौधरीलाई हिरासतमा राख्न भन्दा पहिले निजको जिउको तलासी लिई पाईन्टको खल्तीमा बोकेको ईन्टेक्स कम्पनीको मोबाईल र सो मा ९८१३६४२१४० नं. को सिमकार्ड प्रयोग भएको मोबाईल बरामद भएको भन्नेसमेत बेहोराको **खानतलासी तथा बरामदी मुचुल्का।**

**<u>प्रतिवादीहरूको मौकाको बयान</u>**

१३५. थारू जातिको बाहुल्यता भएको कैलाली समेतका जिल्लालाई संघीय थारूवान संघीय प्रदेश बनाउनका लागि नयाँ संविधानमा लेखाउन सबैले आमहडताल गर्नुपर्छ र टीकापुर नगरपालिका अन्तर्गतका सरकारी कार्यालयहरूमा संघीय थारूवान प्रदेश लेख्नुपर्छ, यदि राज्य पक्षले हाम्रो कार्यमा बाधा पुऱ्याएमा प्रतिकार गर्नु पर्छ, त्यसका लागि प्रत्येक घरबाट अनिवार्य रूपमा आन्दोलनमा घरेलु हातहतियार बोकी मिति २०७२/५/७ गते टीकापुर जानुपर्ने, नगए दण्ड जरिवाना हुने भनी उर्दी जारी भएपश्चात प्रतिवादी लक्ष्मण चौधरी, रेशमलाल चौधरी र धनीराम चौधरी, फुलराम चौधरी समेतका नेताहरूले दिएको निर्देशन अनुसार म समेत हाल प्रहरी हिरासतमा रहेका संगम भन्ने सन्तोष कुमार थारू, राम कुमार कठरिया, राम नरेस चौधरी, विर ब. चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, दिल बहादुर चौधरी, हरिनारायण चौधरी, प्रेम चौधरी, जित बहादुर डगौरा समेतका हजारौं व्यक्तिहरू गएका थियौं। हामीहरूको टीकापुर बजारको पश्चिमपट्टिको नाका जिल्ला कैलाली, टीकापुर न.पा.वडा न.९

पशुहाटबजारबाट टीकापुर बजार प्रवेश गर्ने र यदि प्रहरीले छेकेमा रोकेमा प्रतिकार गर्ने निर्देशन अनुसार पशुहाटबजारबाट टीकापुर बजार प्रवेश गर्न खोज्दा हाल नाम दर्जा थाहा भएका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेतको टोलीले हामीहरूलाई छेकी रोकी टीकापुर बजार प्रवेश गर्न नदिएकोले हामीहरूले प्रतिकार गरेका हौं। उक्त दिन टीकापुर बजारमा रहेका सरकारी कार्यालयहरूमा स्वायत, थरूहट राज्य लेख्न रेशमलाल चौधरी समेतका नेताहरूले पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिरका नाकाहरूबाट एकै साथ प्रवेश गर्ने भने बमोजिम सोही बमोजिम प्रवेश गरेका हौं। उक्त पशुहाट बजारमा प्रहरीमाथि आक्रमण गरी भाग्न सजिलो हुने भएकोले सोही नाकाबाट प्रवेश गरेका हौं। प्रहरीले सुरूमा नै फायर गर्दैनन् सुरूमा सम्झाईबुझाई गरी अश्रुग्याँस हानेमा वा रोकेमा चारैतिरबाट घेरा हाली मार्ने पूर्व योजनाका साथ गएका थरूहटका कार्यकर्ताहरूलाई पशुहाट बजारमा रोकेको हुँदा सोही बमोजिम घेरा हाली पूर्व योजना बमोजिम नै लाठी, भाला, खुकुरी, खुँडा, समेतका घरेलु हतियार प्रहार गरी डियुटीमा रहेका प्रहरी कर्मचारीहरू माथि आक्रमण गरिएको हो। उक्त स्थानमा हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू फिरूलाल चौधरी, विश्राम चौधरी, सुरज मिया हास्मी, फुलराम चौधरी, विकास भन्ने वालकृष्ण चौधरी, शिवकुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, समेतका व्यक्तिहरू थिए। उक्त आक्रमणमा परी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने, प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव बोहरा, प्र.ह.जनक नेगी, प्र.ह.श्याम खडका, प्र.ज.लोकेन्द्र बहादुर चन्द र २ जना सशस्त्र प्रहरीका २ जना कर्मचारीहरूको समेत मृत्यु भएको हो भन्ने समेत बेहोराको **प्रतिवादी राम प्रसाद चौधरीको बयान।**

१३६. मिति २०७२/५/७ गते बिहान गाउँको भलमन्सा डम्मर कठरियाले टीकापुर आन्दोलनमा प्रत्येक घरबाट आन्दोलनमा जाने र नगएमा रू. १००० (एक हजार) जरिवाना लाग्छ भनी चिराकी सुनवर्ष कठरिया मार्फत उर्दी भन्न लगाएको र साथै आ-आफ्नो घरबाट भाला डन्डा बोकेर बिहान १०:०० बजे गाउँका सबै मानिस जनता मा.वि.को पिपल चौतारामा जम्मा हुने भनेपछि म संग दिनेश कठरिया, पुरन कठरिया, राम कुमार कठरिया समेतका मानिस प्राय सबैको हातहातमा किला ठोकेको लाठी, तार बेरेको लाठी, हसिया, बन्चरो, समेत ६/७ जनाको हातमा

थियो। हामी भेला जम्मा भईसकेपछि गाउँको भलमन्सा डम्मर कठरियाले नारा जुलुस लगाउँदै अगाडि बढ्ने र चिलिम चौराहा पुगेपछि अन्य गा.वि.स.का मानिससंग भेट भई अगाडि बढने भनेपछि चिलिम चौराहमा ७/८ हजार मानिस भाला, डण्डा सहित भेला भएका थिए, प्रहरी टोली पनि थियो। महिला अगाडि, हामी पछाडि हुदै प्रहरी टोलीलाई धकेल्दै पशुहाटबजार सम्म पुऱ्याउदा त्यहाँ निषेधित क्षेत्र तोकिएको हुँदा प्रहरीले रोक्ने कोशिश गर्यो, हामीहरूलाई जस्तोसुकै भएपनि टीकापुर पुग्ने र सरकारी कार्यालय तोडफोड गर्ने भनिएको हुँदा अगाडिका प्रहरीहरूलाई ढुङ्गामुढाको बर्षा गऱ्यौ, केही टोली प्रहरीलाई घेर्न गए, म पनि प्रहरीलाई घेर्न सडकको दक्षिणपट्टीको घरको बाटो हुँदै जाँदा मेरो हिपको भागमा पछाडिको साथीले पछाडिबाट प्रहरीलाई हान्न खोज्दा मेरो पछाडि चोट लागी उपचारको लागी मुनुवा गा.वि.स.वडा नं.२, कञ्चनपुर बस्ने दिनेश कठरिया, ऐ.ऐ.बस्ने राम कुमार कठरियाले लगी गएका हुन, म संगै प्रहरीलाई घेरा हाल्न भनी मुनुवा गा.वि.स. वडा नं.२ बस्ने दुतराम कठरिया, ऐ.ऐ. वडा नं.१ बस्ने दिनेश कठरिया म संगै पक्राउ भएका राम कुमार कठरिया समेत घेरा हाले पछि प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर भित्रबाट तानी घर आगनमा ल्याई भाला, लाठी, ढुङ्गा, समेतले निर्घात कुटपिट गरी मारेको हो भने सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरी र प्रहरी जवान लोकेन्द्र बहादुर चन्दलाई आगो लगाएको हो, खेतमा भाग्दै गरेको प्रहरी निरीक्षक बलराम विष्ट र केशव बोहरालाई लखेटी निर्घात रूपमा मार्नेमा जिल्ला कैलाली, मुनुवा गा.वि.स.-४ बस्ने श्रवण चौधरी, ऐ.ऐ. बस्ने प्रदिप चौधरी, ऐ.टीकापुर न.पा.५ घियापुछारी बस्ने संगम भन्ने सन्तोष कुमार डगौरासम्मका मानिस नाम थाहा भएको र अन्य घटनास्थलमा उपस्थित मानिसहरू देख्न पाएमा चिन्दछु। आगो लगाउने भाला रोप्ने लगभग ४०/५० जना थिए, घटनामा भाला हान्ने, आगो लगाउने मध्येका मुनुवा गा.वि.स.वडा न.४ बस्ने श्रवण चौधरी, ऐ.ऐ.बस्ने वर्ष १९ को प्रदिप चौधरी, ऐ.टीकापुर घिया पुछारी बस्ने संगम भन्ने सन्तोष कुमार डगौरा, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, समेतका व्यक्ति हुन, प्रहरीका हतियार श्रवण चौधरी र सन्तराम चौधरीले लुटी लगेको हो भन्ने सुनेको हुँ, घटनाका मुख्य योजनाकार टीकापुर ९ फुलबारी एफ.एम. भएका रेशमलाल चौधरी, फुलबारी गा.वि.स. वडा नं.१ फुलबारी

बस्ने लक्ष्मण थारू(चौधरी) हुन्। निजहरूले गाउँगाउँबाट भाला, डण्डा सहित मानिस ल्याउन अह्राएका हुन भन्नेसमेत बेहोराको **प्रतिवादी राजकुमार कठरियाको बयान।**

१३७. नेतृत्वकर्ता प्रतिवादी रेशमलाल चौधरी समेतले थरूहट राज्यको माग गर्न आन्दोलन गर्नुपर्छ, त्यसको लागि गाउँगाउँ, घरघरबाट भाला, खुकुरी, डण्डा सहित मिति २०७२/५/७ गते टीकापुर जानु पर्छ भनी गाउँको भलमन्सा कनैयालाल चौधरीमार्फत गाउँभरीका मानिसलाई भाला, खुकुरी, बन्चरो, लाठी, गुलेली सहित जान भनेको हुँदा पूर्वयोजना अनुसार घरेलु हातहतियार लिई गएको, बाटोमा प्रहरीले अवरोध गरेमा त्यहीं सिध्याएर अगाडि बढने, टीकापुर बजारमा थरूहट राज्यको बोर्ड लगाई छाडने भन्ने गाउँगाउँमा भनेकोले वारदातको दिन भाला, डण्डा, खुकुरी समेत लिई आउने र नआएमा रू.१०००(एक हजार) दण्ड जरिवाना हुने भनेकाले मेरो गाउँबाट २/३ सयको संख्यामा झवही भन्ने स्थानमा आयौं, त्यसैगरी भजनी, जोशीपुर, मुनुवा, थापापुर, लगायतको गाउका मानिस पनि सोही स्थान हुँदै टीकापुर बजार प्रवेश गर्ने पश्चिमपट्टीको पशुहाटबजारको नाकामा आई पूर्वयोजना बमोजिम टीकापुरमा स्वयात्त राज्यको बोर्ड लगाउन प्रहरीले अवरोध गरेमा साथमा भएका हातहतियारले बर्षाउने भन्ने योजना थियो। जुलुशको अगाडि महिला थिए, सो जुलुस पशुहाटबजार नजिक पुग्दा त्यहाँ खटिएका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीले यहाँ निषेधित क्षेत्र घोषणा गरिएको छ यहाँ बाट अगाडि नबढनुहोस भन्दा प्रहरीलाई जसरी पनि सिध्याउन पर्छ भन्ने आदेश अनुसार अगाडि भएका महिला टोली अगाडि बढीरहेको अवस्थामा पछाडिको पुरूषको समुहले प्रहरीहरूलाई घेराबन्दीमा पारेपश्चात हातमा भएका भाला, बन्चरो, फरूवा, गुलेलीले हिर्काउँदा निजहरूले आफूसँग भएको रबरको गोली, अश्रुग्यासले हान्दा आफूहरूले नछोडेपश्चात निजहरू टिक्न नसकी भाग्न थाले, भाग्दै गरेका प्रहरीलाई पछाडिबाट लखेटी हान्दा घर भित्र छिरेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई तानी घर बाहिर भाला लाठाले हानी मारेको र त्यसैगरी सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरी, प्रहरी जवान लोकेन्द्र चन्दलाई लाठा भाटाले हानी ढाले पश्चात आगो लगाई दिएको तथा भाग्दै गरेका प्रहरी निरीक्षक बलराम विष्ट, केशव बोहरा लगायतका प्रहरी कर्मचारीलाई समेत लखेटीलखेटी मारेको हो, मैले बोकी लगेको लाठीले प्रहरीलाई हिर्काएको हुँ र उक्त लाठी मैले वारदातस्थलमै छोडी गएको थिएँ, प्रतिवादी

रेशमलाल चौधरी घटनास्थलमा म सँगै थिए। घटनामा वचन दिनेमा फुलबारी गाउँ बस्ने लक्ष्मण थारू रहेको निजले गाउँका भलमन्साहरू र थारू संघर्ष समितिमा नेतृत्व गर्ने गाउगाँउबाट भाला, डण्डा, खुकुरी, सहित आउन लगाएको र पूर्व माओवादीका लडाकु विश्राम चौधरी, ऐ.नारायणपुर ९ बस्ने फिरूलाल चौधरी, ऐ.टीकापुर ५ बस्ने संङ्गम भन्ने सन्तोष कुमार डगौरा, ऐ मुनुवा ५ का श्रवण चौधरी, करन चौधरी, प्रदिप चौधरी समेतले प्रहरीलाई भाला, खुकुरी, हान्ने, आगो लगाउने काम गरेका हुन, प्रहरीसंग भएको हातहतियार लग्ने मध्येका श्रवण चौधरी, संङ्गम भन्ने सन्तोष कुमार डगौरा समेतका हुन भन्नेसमेत बेहोराको **प्रतिवादी प्रेम बहादुर चौधरीको कागज।**

१३८. मिति २०७२/५/७ गते जिल्ला कैलाली, टीकापुर आन्दोलनमा जान भनी मेरो गाउँको भलमन्सा डम्बर कठरियाले निर्देशन गरे अनुसार मेरो गाउँको चौकीदार (चिराकी) घर घरमा आई घरबाट अनिवार्य रूपमा १ जना आन्दोलनमा जाने नगएमा रू.१०००।- जरिवाना हुने र लाठी, घरेलु औजार हसिया, भाला, लगी वार कि पार गर्ने खबर भए अनुसार म बिहान खाना खाई मेरो गाउँको जनता माध्यमिक विद्यालय कञ्चनपुर मुनुवामा आई सो विद्यालयबाट भलमन्सा डम्बर कठरियाले १२/१५ जनाको समुह बनाई हात हातमा भाला तथा लाठी बोकी मुनुवा गा.वि.स.वडा न.६ चिलिम चौराहमा भेला जम्मा भएका हौं। मैले पनि बासको लाठीमा किला हानेको लाठी सहित चौराहमा गएको थिए। सो चौराहमा मेरो गाउँबाट ७/८ सय जना भेला जम्मा भई सकेका थिए, अन्य जोशीपुर, बौनिया, खैलाड, भजनी एरियाबाट टीकापुर ९ फुलबारी एफ.एमका संचालक रेशमलाल चौधरीले निर्देशन गरे अनुसार घरेलु हातहतियार लिएर आउनु भनेकाले आन्दोलनको आगाडी पंक्तीमा महिला र पछाडि पुरूष नारा लगाउँदै जिल्ला कैलाली मुनुवा गा.वि.स. वडा नं.६ स्थित चिलिम चौराहमा पुग्दा प्रहरी टोलीले आन्दोलन गर्ने समुदायका व्यक्तिहरूलाई सम्झाई रहेका थिए, आन्दोलनकारीले प्रहरी टोलीलाई धकेलेर अन्दाजी ३ किलोमिटर पछाडि पशु हाटवजार सम्म लगेका थिए। उक्त निषेधित स्थानमा पुग्दा प्रहरीले रोक्न खोज्दा आन्दोलनकारीले प्रहरी टोलीलाई घेरा हाली लाठा, भाला प्रहार गरेको र प्रहरीसंग भएको अश्रुग्याँस, रबरछर्रा हान्दा म अग्र पंक्तीमा भएकोले मेरो खुट्टामा ९ ओटा छर्रा लागेका हुन। प्रहरी आफ्नो सुरक्षाको लागी भागी रहेको बेला

मेरो हातमा भएको बासको लाठीले ३/४ पटक प्रहरीलाई प्रहार गरेको थिए। सो पश्चात म मेरो खुट्टामा लागेका रबरको छर्रा र अश्रुग्यासले गर्दा बेहोस भएको थिए, को कसले अस्पतालमा लगेको हो थाहा भएन, म संगै मेरो गाउँका भलमन्सा डम्मर कठरिया, तुल्सीराम कठरिया, गुम्मन कठरिया समेतका गाउँका अन्य साथीहरू संगै आएका हौं र आन्दोलनको बेला अगाडि पछाडि भएको हो। प्रहरीलाई अन्य आन्दोलनकारीले कुटपिट गर्दा घर भित्र पसेका प्रहरीलाई बाहिर निकाली भाला प्रहार गर्ने, आगो लगाउने र हत्या गर्ने जि.कै. मुनुवा गा.वि.स.वडा न.४ लटकनिया बस्ने मेवालाल चौधरीको छोरा श्रवण चौधरी, ऐ.ऐ.बस्ने प्रदिप चौधरी, हरिनारायाण चौधरी हुन, प्रदीवादी करन चौधरीले २ जना प्रहरीलाई मार्यो, वीर पहलमान हो भनी निजलाई काँधमा बोकी प्रतिवादीहरूले लगेका थिए भन्ने सुनेको हुँ, प्रतिवादी मध्येका हरिनारायण चौधरी र श्रवण चौधरीले प्रहरीको हतियार लग्दै गरेको मैले देखेको हुँ, वारदातस्थलमा मसँग हरिनारायण चौधरी, राजकुमार कठरिया, किसनलाल कठरिया, बृज मोहन चौधरी समेतका हाल हिरासतमा रहेका अन्य प्रतिवादीहरू समेत थिए। निर्देशन दिने प्रमुख भुमिकामा रेशमलाल चौधरी र लक्ष्मण चौधरी नै हुन भन्ने बेहोराको **प्रतिवादी सुन्दरलाल कठरियाको बयान।**

१३९. गाउँको भलमन्सा मोकुलाल चौधरीको उर्दी र चिराकीले भने अनुसार प्रत्येक घरवाट २ जना मानिस अनिवार्य रूपले आन्दोलनमा जानु पर्ने, प्रत्येकले घरेलु हतियार वोक्नु पर्ने, नगए रू.१०००/-जरिवाना हुने भने पश्चात मिति २०७२/५/७ गतेका दिन विहान म समेत मेरो गाउंका मानिसहरू लाठा भाला बोकी चिलिम चौराहामा जम्मा भएका हौं। उक्त स्थानमा जानुपूर्व गाउँका भलमन्सा लगायतका मान्छेहरू गोल्डेन एकेडेमी स्कूलमा वैठक वसी जसरी पनि निषेधित क्षेत्र तोड्ने निर्णय गरेका हुन्। ८/१० हजारको संख्यामा चिलिम चौराहामा जम्मा भएका हातहातमा घरेलु हतियार बोकेका आन्दोलनकारीहरूले सुरक्षाकर्मीहरूलाई धकेल्दै २ कि.मि.टाढा पशुहाटबजारसम्म पुऱ्याएपछि निषेधित क्षेत्र तोड्न खोज्दा सुरक्षाकर्मीहरूले अश्रुग्याँस तथा रबर छर्रा हानेको हो। म अग्र स्थानमै भएको हुनाले मेरो हातको पाखुरा र दायाँ छातीको भागमा रबरको छर्रा लागेको हो। भिडले प्रहार गरेको लाठी, भाला, खुकुरीको आगाडि प्रहरीहरूको केही सीप नलागी घरका गल्ली र खेततीर भागेका हुन्। मेरो हातमा भएको काँचो बाँसको डण्डाले प्रहरीलाई हिर्काएको हुँ। अन्य

साथीहरू समेतले हिर्काउँदै गरेका थिए, सुरक्षाकर्मीहरूलाई पशुहाटबजारमा घेराहाली आक्रमण गर्दा म लगायतका अन्य प्रतिवादीहरू थिए, आन्दोलनमा मसँग हुकुमलाल चौधरी, अनिल चौधरी, वीर बहादुर चौधरी समेत थिए, आक्रमण गर्दा निजहरू अगाडि पछाडि थिए, घर भित्र लुकेका प्रहरीलाई प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी समेतले ल्याई मारेका हुन, अन्य प्रहरीलाई प्रतिवादी करन चौधरी समेतले मारेको हो, निजलाई २ जना प्रहरी [illegible]को भन्दै काँधमा बोकी लगेको हो भन्ने सुनेको हुँ, प्रतिवादीहरू रेशमलाल चौधरी र लक्ष्मण चौधरीले निर्देशन गरेको हो भन्नेसमेत बेहोराको **प्रतिवादी हरिनारायण चौधरीले गरेको बयान कागज।**

१४०. मिति २०७२/५/७ गते बिहान गाँउको भलमन्सा डम्मर कठरियाले चिराकी मार्फत घर घरमा आज टीकापुर आन्दोलनमा जानुपर्छ, नगएमा प्रत्येक व्यक्तिले रू.१,०००।- जरीवाना तिर्नु पर्छ। आन्दोलनमा अनिबार्य रूपमा भाला, लाठी खुकुरी सहित जानु पर्ने र पहिले बोर्डिङ्ग स्कुलमा जम्मा हुने भनेको हुँदा म आफ्नो घरबाट लाठी हातमा लिई स्कुलमा गएँ। स्कुलमा ७/८ हजार जनाको संख्यामा घरेलु हातहतियार सहित जम्मा भई डम्मर कठरियाको निर्देशनमा पंक्तिबद्ध भई प्रतिवादीहरू टीकाराम चौधरी, बिरू चौधरी समेत सँगै लाठी बोकेर गएका थिए। उक्त हुलमा म अगाडि गएको हुँ, पशुहाटबजार नजिक प्रहरीलाई घेरा बन्दी गरी लाठा हानी सकेको अवस्थामा म पुगेको हुँ, आन्दोलानकारीले प्रहरीलाई हान्ने क्रममा प्रतिवादी राजकुमार कठरियाको हिपमा चोट लाग्न गएको हो, उक्त वारदातमा प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी, हरिनारायण चौधरी, सिताराम चौधरी, संगम चौधरी, समेतको संलग्नता रहेको छ, उक्त वारदात गर्नमा लक्ष्मण चौधरी, तथा रेशमलाल चौधरीले निर्देशन गरको हो, प्रहरीको हतियार लुटी लिने प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी हुन भन्ने बेहोराको **प्रतिवादी रामकुमार कठरियाको बयान कागज।**

१४१. वारदातका दिन म आफ्नै घरमा थिएँ। सो दिन विहान मेरो गाउँको भलमन्सा डम्मर कठरियाले चिराकी मार्फत प्रत्येक घरबाट हातमा हातहतियार लिई अनिवार्य रूपमा आन्दोलनमा जानु पर्ने, नगए रू.१,०००/-जरिवाना हुने भनेपछि मसमेत डम्मर बहादुर कठरिया सँगै जनता मा.वि.मा.जम्मा भएका हौं, सो स्थानबाट चिलिम चौराहा तर्फ जानु पर्छ भनेपछि म समेत समूह बनाई डम्मर बहादुर कठरिया, राज

कुमार कठरिया, राम कुमार चौधरी, कालुराम चौधरी, काठराम कठरिया र हाल हिरासतमा रहेका प्रतिवादीहरू समेत उक्त स्थानमा गएका हौं, चिलिम चौराहामा ८/१० हजारको संख्यामा मानिसहरू जम्मा भएका थिए। उक्त स्थानबाट अगाडि बढी निषेधित क्षेत्र तर्फ जानलाग्दा खटिएका प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतको सुरक्षाकर्मीको टोलीले आफूहरूले जबरजस्ती आगाडि बढ्न खोज्दा, सुरक्षाकर्मीहरूले अश्रुग्याँश तथा रबर गोली प्रहार गर्दा आफूहरूले सुरक्षाकर्मी माथि घेरा हाली आक्रमण गरेका हौं। मैले ढुङ्गा, लाठी, बोतल समेतले प्रहार गरेको थिएँ। को-कसको चोटले प्रहरीहरू मरेका हुन थाहा भएन। उक्त घटनामा बालकृष्ण चौधरी, फुलराम चौधरी समेतको संलग्नता छ। प्रतिवादीहरू रेशमलाल चौधरी, लक्ष्मण चौधरी र धनीराम चौधरीको निर्देशन अनुसार उक्त घटना भएको हो, वारदात स्थलमा प्रहरी माथि आक्रमण गर्ने मध्येका श्रवण चौधरी र सन्तोष चौधरीले प्रहरीको हतियार समेत लुटी लगेका हुन भन्नेसमेत बेहोराको **प्रतिवादी दिल बहादुर चौधरीको बयान।**

१४२. थारू समुदायको हकहितको लागि आमहडताल गर्नु पर्ने, प्रहरीहरूको हस्तक्षेप भएको खण्डमा प्रतिकार गर्नु पर्ने भएकोले वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा गई थरूहट प्रदेशको बोर्ड लगाउनु पर्ने हुँदा, प्रत्येक घरबाट अनिवार्य रूपमा हातमा घरेलु हतियार लाठा, भाला, खुँडा जस्ता बोकी आन्दोलनमा आउनु पर्ने, यदि नआएको खण्डमा रू.१,०००/- जरिवाना हुने भनी प्रतिवादी रेशमलाल चौधरी समेतले निर्देशन गरेपछि म साईकल चढेर उक्त कार्यक्रममा आएको हुँ, गाउँगाउँबाट आएका आन्दोलनकारीहरू चिलिम चौराहा हुँदै अग्र पङ्क्तिमा महिलाहरू लगाई पशुहाटबजार तर्फ गएकोमा निशेधित क्षेत्र भनी प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतले सम्झाउँदै गर्दा आफूहरूले नमाने पछि प्रहरीहरूले Tear Gas प्रहार गरेका हुन। सोपश्चात महिलाहरू भागदौड गरेपछि आफूहरूले चारैतिरबाट सुरक्षाकर्मीहरूलाई घेरा बन्दी पारी आफू सँग भएका हातहतियारले निजहरूलाई प्रहार गरेका हौं, सुरक्षाकर्मीहरूलाई कर्तव्य गरी मारी सकेपश्चात निजहरूको हतियार को कसले लुट्यो थाहा भएन, म सँगै गएका सुरक्षाकर्मीलाई हतियार प्रहार गर्ने किसन लाल चौधरी लगायतका साथीहरू नै हुन, नाम थाहा नभए पनि हाल आएर

सबैलाई मैले चिनी सनाखत गरेको छुँ भन्नेसमेत बेहोराको **प्रतिवादी बृज मोहन डगौराको बयान**।

१४३. प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू लगायतका व्यक्तीहरू बिच घर घरबाट हातमा लाठी भाला बन्चरो जस्ता घरेलु हातहतियार लिई टीकापुर स्थित सरकारी कार्यालयमा थारूवान स्वयात्त प्रदेषको बोर्ड लगाउने भनी निर्णय गरेअनुसार वारदातका दिन विभिन्न गाउँबाट प्रत्येक घरबाट १/१ जनाका दरले हातहतियार सहित वारदातका दिन आन्दोलनमा जानु पर्ने निर्देशन भए अनुसार चिलिम चौराहामा जम्मा भएको आन्दोलनकारीहरूको समूह अगाडि बढने क्रममा पशुहाटबजारनजिक पुग्दा प्रहरीले रोक्न खोज्दा प्रहरी माथि आक्रमण गर्दा प्रहरी वरिष्ठ उपरीक्षक छिमेकी घरमा बसेको देखि निजलाई समेत बाहिर ल्याई खुँडा प्रहार गरेको र अन्य प्रहरी कर्मचारीहरू समेतलाई लखेटी आफूहरूसँग भएका हतियार प्रहार गरी मारेका हौं। उक्त कार्यमा प्रतिवादीहरू सिताराम चौधरी, फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी, प्रदीप चौधरी, हरिनारायण चौधरी समेतका व्यक्तिहरू संलग्न थिए। यसका मुख्य योजनाकार प्रतिवादीहरू धनीराम चौधरी, रेशमलाल चौधरी, राम चन्द्र चौधरी र लक्ष्मण चौधरी समेतका व्यक्तिहरू हुन भन्नेसमेत बेहोराको **प्रतिवादी रामनरेश चौधरीको बयान कागज**।

१४४. वारदातका दिन प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू, समेतले प्रत्येक घरबाट एक एकजना घरेलु हतियार सहित थरूहटको आन्दोलनमा जानु पर्ने यदि कोही नगएमा रू.१,०००।- जरिवाना हुने निर्देशन गरेपश्चात, म वारदातका दिन विकास चौधरीले नेतृत्व गरेको टोलीमा सहभागी भएको थिए। सबैको हातमा लाठा, भाला, बन्चरो, काँडेतार बेरिएका लाठीहरू बोकेका थिए। वारदातस्थल पुशहाटबजार नजिक पुगेपछि निशेधित क्षेत्र प्रवेश गर्न खोज्दा S.S.P लक्ष्मण न्यौपाने समेतको टोलीले सम्झाईबुझाई गर्दा आफूहरूले नमानेपश्चात सुरक्षाकर्मीहरूले अश्रुग्याँस हान्दा अग्रपक्तिमा रहेका महिलाहरू यत्रतत्र भागेपछि हामीहरू पूर्वयोजना अनुसार प्रहरीलाई घेराबन्दी गरी म लगायत प्रतिवादीहरू राम प्रसाद चौधरी, प्रेम चौधरी, राम नरेश चौधरी लगायतले प्रहरीलाई घेराबन्दी हाली बोकी लिएका हातहतियारले प्रहार गरेका हौं, सो पश्चात म घर फर्किएको हुँ, पछि S.S.P सहितका प्रहरीहरूलाई मारेको भन्ने सुनेको हुँ, उक्त

आन्दोलनमा प्रतिवादी राम कुमार कठरिया, दिल बहादुर चौधरी, लगायतका व्यक्तिहरू समेत थिए। निजहरूलाई मैले चिनी सखानत गरि दिएँ। अन्य व्यक्तिहरूमा प्रतिवादी सिताराम चौधरी, राम चन्द्र चौधरी, खुशीराम चौधरी, श्रवण चौधरी लगायतका समेत थिए भनी सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको **प्रतिवादी वीरबहादुर चौधरीको बयान।**

१४५. मिति २०७२/५/७ गतेका दिन थारू सामुदायका नेता रेशमलाल चौधरी, लक्ष्मण थारू समेतले प्रत्येक गाउँका भलमन्साहरूलाई जिल्ला कैलाली, टीकापुर न.पा. अन्तर्गतका सरकारी कार्यालयहरूमा थरूहट स्वायत्व प्रदेश लेख्ने आन्दोलनमा आउंदा प्रत्येकले हातमा घरेलु लिएर आउनु पर्ने, नआएमा जरीवाना समेत गराउने निर्देशन दिएकाले म समेत प्रतिवादीहरू सन्तोष कुमार कठरिया, राजकुमार कठरिया, दिल बहादुर चौधरी, राम नरेश कठरिया, वीर बहादुर चौधरी, सुन्दरलाल चौधरी, समेत आएका हौं। आफूहरू समेत भएको उक्त आन्दोलनमा संलग्न व्यक्तिहरू पशुहाटबजार नजिक पुग्दा निषेधित क्षेत्रमा प्रवेश गर्न खोज्ने क्रममा प्रहरीले रोक्दा आफूहरूले नमाने पश्चात सुरक्षाकर्मीबाट अश्रुग्याँश प्रहार भए पछि आफूहरूले बोकी लिएका हतियार सहितले सुरक्षाकर्मीहरूलाई घेरा बन्दी पारी आक्रमण गरेको हौं। उक्त समयमा प्रतिवादीहरू फुलराम चौधरी, विश्राम चौधरी, बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदीप कुमार चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी समेतका व्यक्तिहरू थिए। सबैले आफूले बोकी लिएका हतियारहरूले सुरक्षाकर्मी माथि प्रहार गरी विभत्स रूपमा सुरक्षाकर्मीलाई मारेका हौं। सुरक्षाकर्मीको हतियार श्रवण चौधरीले लगेको हो भन्ने हाल थाहा पाएको हुँ भन्नेसमेत बेहोराको **प्रतिवादी जित बहादुर डगौराको बयान।**

१४६. मिति २०७२/५/७ गतेका दिन टीकापुर बजार स्थित सरकारी कार्यालयहरूमा हामी प्रतिवादीहरूले थारूवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना ब्यक्ती आउनु पर्ने यदी नआएमा १ हजार जरिवाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुंडा, बेल्चा, भाला, खुकुरी, बन्चरो समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशम लाल चौधरी, लक्ष्मण थारू समेतका ब्यक्तीहरूको निर्देशन दिए अनुसार गाउँका भलभन्सा ईश्वरी प्रसाद चौधरीले सुनाए पश्चात आफू

समेतका करिब ३०० जना जति मानिस सोही बिहान थापापुर गा.वि.स.मा जम्मा भई प्रतिवादी रामचन्द्र चौधरी र बन्धु थारूले भेलामा भाषण समेत गरिसकेपश्चात आफूहरू उक्त स्थानबाट हातहातमा घरेलु हतियार बोकी चिलिम चौराहामा पुगेका हौं। ८/१० हजारको संख्यामा रहेका आन्दोलनकारीहरू अगाडि बढ्दै पशु हाटबजार पुगे पश्चात सुरक्षाकर्मीहरूले सम्झाईबुझाई गर्दा महिला टोलीले नमाने पछि प्रहरीले अश्रुग्याँश हानेको र महिला टोली तितरबितर भएका हुन, सो पश्चात वारदात स्थलमा उपस्थित व्यक्तिहरूले प्रहरी माथि घेरा हाली कुटपिट गर्दा म समेत अगाडि गई प्रहरीलाई लखेटेको हुँ। प्रहरीलाई भाला, बन्चरो, घन प्रहार गर्ने प्रतिवादीहरू हाल हिरासतमा रहेका हरिनारायण चौधरी समेतका व्यक्तिहरू हुन भन्नेसमेत बेहोराको **प्रतिवादी राजेश चौधरीको बयान।**

१४७. मिति २०७२/५/७ गतेका दिन टीकापुर बजार स्थित सरकारी कार्यालयहरूमा हामी प्रतिवादीहरूले थारूवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना ब्यक्ती आउनु पर्ने यदी नआएमा १ हजार जरिवाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरो समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशम लाल चौधरी, लक्ष्मण थारू समेतका ब्यक्तीहरूको निर्देशन दिए बमोजिम भलमन्सा खुशीराम चौधरीले उर्दी जारी गरे पछि म सेमतका प्रतिवादीहरूले हातहातमा लाठी, भाला, रड, खुकुरी, खुँडा, समेतका हातहतियार लिई मुनुवा, बनगाउ, झबही, थापापुर, भजनीबाट थुप्रै प्रतिवादीहरू आएका हौ, प्रहरीले एकै चोटी गोली हान्दैन पहिले सम्झाईबुझाई गर्छन, त्यस पछि अश्रुग्याँस प्रहार गर्छन, सोही समयमा प्रहरीलाई चारै तिरबाट घेरा हाली आक्रमण गरी मार्नु पर्छ भन्ने पूर्वयोजना बमोजिम टीकापुर न.पा. ९ पशुहाटबजारमा म समेतका प्रतिवादीहरूले ड्युटीमा खटीएका प्रहरी माथी हातहातमा बोकी ल्याएका हातहतियारले आक्रमण गरेका हौ, सोही आक्रमणमा परी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेतका प्रहरी कर्मचारीहरूको मृत्यु भएको हो। अन्य प्रहरी कर्मचारीहरू घाईते भएका हुन। उक्त घटनामा म समेत हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू फुलराम चौधरी, फिरूलाल चौधरी, विश्राम चौधरी, बिकाश भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, प्रदिप चौधरी, चमन चौधरी, श्रवण चौधरी, करन चौधरी लगायतका

प्रतिवादीहरूको संलग्नता छ भन्नेसमेत बेहोराको **प्रतिवादी किसनलाल चौधरीको बयान।**

१४८. मिति २०७२/५/७ गतेका दिन टीकापुर बजार स्थित सरकारी कार्यालयहरूमा हामी प्रतिवादीहरले थारूवान संघिय राज्य लेखेको बोर्ड राख्नु पर्ने र सो का लागी प्रत्येक घरबाट एक एक जना व्यक्ति आउनु पर्ने यदी नआएमा १ हजार जरिवाना तिर्नु पर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरा समेतका हातहतियार लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नु पर्छ भन्ने रेशमलाल चौधरी, लक्ष्मण थारू समेतका व्यक्तीहरूको निर्देशन बमोजिम म समेतका प्रतिवादीहरू हातहातमा लाठी, भाला, खुकुरी, गुलेली, बन्चरो, रड समेत लिई आएका हौ, सोही दिनको दिउँसो जिल्ला कैलाली, टीकापुर न.पा.वार्ड न. ९ पशुहाट बजारमा प्रहरीले म समेतका प्रतिवादीहरूलाई रोक्न खोज्दा म समेतले हातहातमा ल्याएका उल्लिखित हातहतियारबाट ड्युटीमा खटीएका प्रहरी कर्मचारीहरू माथि आक्रमण गरेका हौ, पछि मसँगै रहेका साथीहरू पुलिस मरेको भनी खुशीयाली मनाउँदै थिए। उक्त वारदातमा प्रतिवादी संगम चौधरी, हरिनारायण चौधरी, किसनलाल चौधरी, बृज मोहन चौधरी, प्रदीप चौधरी, श्रवण चौधरी, करन चौधरी, फिरूलाल चौधरी, राम प्रसाद चौधरी, राजेश चौधरी समेतको संलग्नता थियो भन्नेसमेत बेहोराको **प्रतिवादी सन्तराम चौधरीको बयान।**

१४९. मिति २०७२/५/७ गते बिहान गाउँको भलमन्साले आज टीकापुरमा गाउँका सबै मानिस जाने हातहातमा भाला, लाठी बोकेर जाने भनी खबर गरे पछि बिहान अन्दाजी १०:०० बजेको समयमा सबै मानिसहरू गाँउको स्कुलमा जम्मा भयौं, म पनि संगै हातमा लाठी बोकेर गएको हुँ। त्यसपछि टीकापुर आउनका लागी हिड्यौं। मुनुवा-६ चिलिम चौराहामा पुग्दा अन्य गाँउका मानिसहरू पनि त्यस स्थानमा जम्मा भएका थिए, नारा जुलस गर्दै टीकापुर आयौ, त्यहाँ प्रहरी टोली थियो, प्रहरी टोलीलाई धकेल्दै अगाडि बढेका हौं। पशुहाट बजार नजिक पुग्दा निषेधित क्षेत्रमा जान नदिन सम्झाईबुझाई गर्न लाग्दा प्रतिवादी रेशमलाल चौधरीले प्रहरी हाम्रो दुश्मन हो, प्रहरीलाई घेराबन्दीमा पारी मार भनेपछि म समेतले प्रहरी माथि लाठी, ढुङ्गा, भाला, तरबार, गुलेली हिर्काउदा प्रहरी भागेका थिए। पिछा गर्ने क्रममा सडक किनारामा फेला परेका प्रहरी जवान लोकेन्द्र चन्दलाई भाला, लाठीले हानी मार्यौं, निजलाई हान्दा

मैले पनि लाठीले हिर्काएको थिएँ, त्यसपछि सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूलाई हान्दै गरेको ठाँउमा गएँ, निजलाई लाठी भालाले हाने पछि खरले आगो लगाएको हो। नजिकै प्रहरी हवल्दार श्याम खड्कालाई पनि भाला लाठाले हानी मरणासन्न पारी पेट्रोल शरीरमा छर्किई आगो लगाएका हौ, निजलाई पनि मैले लाठीले हिर्काएको थिए, त्यस पछि घर भित्र ज्यान जोगाउन छिरेका प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घर बाहिर तानी श्रवण चौधरी समेतले भाला बन्चरोले हानी मारेका हौं। त्यसपछि भाग्दै गरेको प्रहरी निरीक्षक बलराम विष्ट र केशव बोहरालाई खेतमा बन्चरो समेतले टाउकोमा हानी मारेका हौं। अन्तिममा स.प्र.ब.ह. ललित बहादुर साउदको घाँटी च्यापी मारेका हौं। सो घटना क्रममा म संगै भएका मैले चिनेका रेशमलाल चौधरी, रमेश चौधरी, नरेश चौधरी, प्रदिप चौधरी, लालु चौधरी, श्रवण चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, मेवालाल चौधरी समेतका व्यक्तिहरू थियो, सबैको हातहातमा लाठी बन्चरो लगायतका हतियारहरू थिए भन्नेसमेत बेहोराको **प्रतिवादी करन चौधरीको बयान।**

१५०. म थरूहट संघर्ष समिति क्षेत्रिय सदस्य हुँ। घटना मिति २०७२/५/७ गते म टीकापुर गएको थिएन। सो दिनको योजना टीकापुर लगायतका मुख्य स्थानमा स्वयत थरूहट प्रदेशको बोर्ड लगाउने योजना थियो। सो कुराको निर्देशन धनीराम चौधरी, रेशमलाल चौधरी र लक्ष्मण चौधरीले गरेका थिए। प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतलाई निर्मम हत्या गरेको भिडको नेतृत्व रेशमलाल चौधरीको हो। घटनाका बारेमा बुझ्दा लाठी, भाला, खुकुरी, बन्चरो समेत ल्याई आएका प्रतिवादीहरूले निषेधित क्षेत्र तोडन खोजे पछि प्रहरीले सम्झाईबुझाई गरी अश्रुग्यास प्रहार गर्दा चारै तर्फबाट प्रहरीलाई घेरा बन्दी गरी क्रुर तरिकाले प्रहरीको हत्या गरेको भन्ने सुनेको हुँ। थरूहट आन्दोलनका क्रममा घटना मिति भन्दा पहिले विभिन्न भाषण माईकिङका क्रममा थारू समुदायलाई उत्तेजित बनाउने गरी स्वयात्त थारू प्रदेश नदिए प्रहरीलाई मार्नु पर्छ, कुटपिट गर्नु पर्छ भन्ने कार्य गरी आएका थिए भन्नेसमेत बेहोराको **प्रतिवादी विश्राम चौधरीले गरेको बयान।**

१५१. घटना मिति २०७२/५/७ गते बिहान म दाङ जिल्लाको लमहीमा थिएँ। सोही दिन १३:०० बजेको समयमा बाँके जिल्लाको कोहलपुर र १४:३० बजेको समयमा बर्दिया जिल्लाको गुलरीयामा थिएँ। उक्त दिनको राती गुलरीया नै बसेको हुँ। उक्त

कर्तव्यज्यान मुद्दाको योजनाकार थरूहट थारूवान संघर्ष समिति कैलाली जिल्ला क्षेत्र नं १ का संयोजक रेशमलाल चौधरी नै हुन। अन्य को कसले सहयोग गरे मलाई थाहा छैन, सो सम्बन्धमा प्रतिवादी रेशमलाल चौधरीलाई नै थाहा होला। सो घटनाका सम्बन्धमा मैले बाँके जिल्लाको कोहलपुरमा नै फुलाराम चौधरीबाट थाहा पाइ सो पश्चात मैले मैले प्रदीप चौधरीलाई फोन गरी जानकारी लिएको हुँ। उक्त घटनाको योजना निज रेशमलाल चौधरीले नै बनाएको हुनुपर्छ। सो घटनामा मेरो प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता छैन। मैले विभिन्न कार्यक्रमहरूमा कञ्चनपुर देखि चितवन सम्म एक थरूहट राज्य बनाउन पर्छ। यदि त्यसो नभएमा प्रत्येक थारूहरूले हात हातमा लाठी ल्याई जुलुस निकाल्नु पर्दछ भनी मन्तव्यसम्म दिने गरेको हो। टीकापुर घटना पश्चात टीकापुरका केही घरहरूमा आगो लगाएको देखे पछि मलाई आक्रोस आई थारूहरूले हतियार उठाएमा के होला भनी फेसबुकमा स्टाटस लेखेको हुँ भन्नेसमेत बेहोराको **प्रतिवादी लक्ष्मण थारू (चौधरी)को बयान।**

१५२. घटना मिति २०७२/५/७ गते बिहान खेतको घास काटने विषयमा चौधरी पक्ष संग मेरो नजिकको भाई संग झगडा भएकोले मेरो गाउँको भलमन्सालाई भेटन गएको थिए, सो दिन १७:३० बजेको समयमा झगडा मिलाउन खोज्दा नमिलेपछि सो दिन म घरमा फर्किएँ। ऐ ८ गतेका बिहान प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई भाला, खुँडा, खुकुरी, गुलेली लगायतका घरेलु हतियार प्रयोग गरी निर्मम हत्या गरेको भन्ने सुनेको हुँ, म गाउँको अगुवा मान्छे भएकोले मलाई घटना संलग्न भनी पोलेको हुनु पर्छ। वारदातमा मेरो संलग्न छैन, उक्त घटना हरिनारायण चौधरी, रेशमलाल चौधरी समेतले घटाएका हुन भन्ने मैले बुझेको छु भन्नेसमेत बेहोराको **प्रतिवादी नरूल अली जागा भन्ने तहौवर अली जागाको बयान।**

१५३. घटना मिति २०७२/५/७ गते दिन धनी राम चौधरीको योजनामा संयोजक रेशमलाल चौधरी अर्का नेता लक्ष्मण चौधरीको निर्देशनमा थारूहरूको छुट्टै थरूहट राज्य बनाउनका लागी बोर्डमा टीकापुरका सरकारी कार्यालयमा थरूहट स्वयात्त सरकार लेख्ने कार्यक्रम सशक्त पार्न हातमा लाठी, भाला, खुकुरी समेत लिई जाने यदी नगएमा रू. १०००।- रूपैया जरिवाना हुन्छ भनी भनेको र बाटोमा प्रहरीले अवरोध पुगाएमा लाठी, भाला, जे जेले हुन्छ प्रतिकार गर्नु पर्छ भनी गाउँको भलमन्सा शुसिल चौधरी मार्फत गाउँ गाउँमा उर्दी गरेको थियो। सोही मुताविक म समेत

सहभागी भई टीकापुर आएका हौ, घटनास्थानमा पुग्दा निषेधित क्षेत्र तोडन खोज्दा प्रहरीले सम्झाईबुझाई अश्रुग्याँस प्रहार गरी तितर वितर गर्न खोजेको थियो। पूर्व योजना बमोजिम म समेतले प्रहरीलाई लखेटेका हौं। प्रहरीलाई घेराबन्दीमा पारेपश्चात साथमा भएका भाला, खुकुरी, धनले प्रहरीलाई हानेका हौं। प्रहरीलाई आगो लगाउँदा समेत देखेको थिए। खेत सम्म लखेटी लखेटी मारेका हौं। घटनामा मैले चिनेका राज बहादुर कठरिया, सोलारी कठरिया, दिनेश कठरिया, बिरू चौधरी, कालु रावत, छुन्कु चौधरी, राम ब. चौधरी, सन्दिप चौधरी, शिवराज कठरिया समेतका अन्य व्यक्तिहरू तथा हाल पक्राउ व्यक्तिहरू समेत संलग्न थिए भन्नेसमेत बेहोराको **प्रतिवादी संगम भन्ने सन्तोष कुमार थारूको बयान।**

१५४. म थरूहट थारूवान संघर्ष समितिको कैलाली जिल्ला संयोजक हुं, स्वयात्त प्रदेशका लागि सशक्त आन्दोलन गर्ने जिल्ला भरी संघर्ष समिति गठन गरिएको थियो। वारदातका दिन कैलाली जिल्लाका विभिन्न कार्यालयहरूमा थरूहट थारूवन स्वयत प्रदेश लेखिएको बोर्ड ब्यानर टास्ने भन्ने कार्यक्रम थियो। म कैलाली सदरमुकाम धनगढीको आन्दोलनको नेतृत्व गरी रहेको थिएँ। सोहीक्रममा टीकापुरमा रेशमलाल चौधरीको नेतृत्वमा भएको हातहतियार खुकुरी, भाला, डन्डा बोकेको जत्थाले प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतलाई निर्ममता पूर्वक हत्या गरेको भन्ने सुनेको हुँ। सो घटनाको योजनाकार तथा घटना गराउने व्यक्ति रेशमलाल चौधरी हो भन्नेसमेत बेहोराको **प्रतिवादी लाहुराम चौधरीको बयान।**

१५५. मिति २०७२/५/७ गतेका दिन प्रतिवादी रेशमलाल चौधरी, धनीराम चौधरी, लक्ष्मण चौधरीको योजना तथा निर्देशन अनुसार गाउँको भलमन्सा बलीराम चौधरीले प्रत्येक घर घरबाट हात हातमा घरेलु हातहतियार सहित बोकी टीकापुरमा हुने थरूहट आन्दोलनमा जानु पर्छ भनेपछि म समेतका मानिस सोही योजनामा सरिक भई हातमा घरेलु हातहतियार बोकी नारा जुलुस गर्दै टीकापुरसम्म जाने क्रममा टीकापुर ९ पशुहाटबजार पुग्दा निषेधित क्षेत्रबाट प्रहरीले आगाडी नबढ्नु भनी सम्झाईबुझाई गर्दा आफूहरूले नमाने पश्चात भिडलाई तितरवितर गर्न अश्रुग्यास समेत प्रहार गर्दा पूर्व योजना बमोजिम नै प्रहरीलाई घेराबन्दी गर्ने, मार्ने कार्यका लागि प्रहरीलाई चारैतिरबाट घेरी ढुङ्गा, भाला, लाठीले हानी प्रहरी ज्यान जोगाउन भाग्दा बाटोमा नै प्र.ज. लोकेन्द्र चन्दलाई हानी मारे पश्चात सशस्त्र प्रहरी हवल्दार राम विहारी चौधरी,

प्र.ह. श्याम खडका समेतलाई पिछा गरी भाला लाठीले घोपी रोपी जिउँदै आगो लगाई जलाउने तथा अन्य प्रहरीलाई खेतमा लखेटी लखेटी मार्नेमा मेरो संलग्नता रहेको छ, प्रहरीको साथबाट एस एल आर राईफल म समेतले खोसी लगे पछि मैले बोकी लगेको हु, हाल प्रहरीले देखाएको एस एल आर बोकेको फोटो मेरो हो, उक्त एस एल आर प्रदिप चौधरीले लगेका छन, उक्त घटनामा हाल हिरासतमा रहेका प्रतिवादीहरू मध्ये किसनलाल चौधरी, गंगाराम डगौरा, नरूल जागा, लक्ष्मण चौधरी, लाहुराम चौधरीलाई मैले घटनास्थलमा देखिन। अन्य सबै पक्राउ प्रतिवादीहरू सुरक्षाकर्मीलाई मार्नमा संलग्न थिए। भागी फरार रहेका प्रदीप चौधरी, कन्डु चौधरी, बलिराम चौधरी, अन्डुराम चौधरी, लाहानु चौधरी लगायतका व्यक्तिहरू समेत घटनामा संलग्न थिए भन्नेसमेत बेहोराको **प्रतिवादी श्रवण चौधरीको बयान।**

१५६. प्रतिवादीहरू धनीराम चौधरी, लक्ष्मण चौधरी र रेशमलाल चौधरीको योजना तथा निर्देशन अनुसार गाउँका भलमन्सा बलिराम चौधरीले मिति २०७२/५/७ गते प्रत्येक घरबाट १/१ जनाका दरले घरेलु हातहतियार सहित आन्दोलनमा टीकापुर जानु पर्ने, नगए रू.१,०००/-जरिवाना हुने उर्दी जारी गरेपश्चात गाउँका साथीहरू श्रवण चौधरी लगायतका व्यक्तिसँग आफूसमेत गई चिलिम चौराहामा पुगेकोमा चारैतिरबाट हातमा घरेलु हतियार बोकी आएका आन्दोलनकारी समेत उक्त स्थानमा नाराजुलुश गर्दै आएका थिए। प्रतिवादी रेशमलाल चौधरी निजहरूको नेतृत्व गर्दै थिए। निज प्रतिवादीले हातमा पन्जा र मुखमा मास्क लगाएका थिए, म निज रेशमलाल चौधरीको विश्वासपात्र भएको हुनाले मलाई निजले बडिगार्डको रूपमा राखेका थिए। पछि वारदात स्थलमा पुग्दा सुरक्षाकर्मीहरूमाथि प्रतिवादीहरू श्रवण चौधरी, हरिनारायण चौधरी, गंगाराम डगौरा बलिराम चौधरी, रेशमलाल चौधरी, रमेश चौधरी लगायतले आक्रमण गरेका हौं। S.S.P को पेटमा प्रतिवादी मध्येका श्रवण चौधरीले भाला हानेको हो। मैले सुरूमा बासको लठ्ठीले हानेको र पछि चक्कुले आँखा तथा शरीरका अन्यमा भागमा समेत हानेको हुँ। प्रतिवादी रेशमलाल चौधरीले हामीहरूलाई पहाडी समुदायको पक्ष लिनु हुँदैन, तिनीहरूलाई आक्रमण गर्नुपर्छ भनी कडा निर्देशन दिएका हुन। हाल हिरासतमा रहेका प्रतिवादी हरिनारायण चौधरी, राम प्रसाद चौधरी लगायतका प्रतिवादीहरू समेतले सुरक्षाकर्मीहरूलाई विभिन्न हतियार प्रयोग गरी मारेका हुन। मैले लुटी लगेको SLR प्रतिवादी श्रवण चौधरीको हातमा

दिएको हुँ। बलिराम चौधरी समेतका अन्य प्रतिवादीहरू समेत प्रस्तुत वारदातमा संलग्न थिए। निजहरू हाल भागी फरार रहेका छन्। के कुन ठाउँमा छन् मलाई थाहा भएन भन्नेसमेत बेहोराको **प्रतिवादी प्रदीप चौधरीको बयान।**

<u>सनाखत कागज</u>

१५७. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, सङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान सुरज सिंह ठकुरीको सनाखत कागज।**

१५८. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान राम बहादुर ऐरको सनाखत कागज।**

१५९. प्रहरी वरिष्ठ उपरीक्षकलक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान दिपक दमाईको सनाखत कागज।**

१६०. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी,

हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान राजेश धामीको सनाखत कागज।**

१६१. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान जयराज सिंह धामीको सनाखत कागज।**

१६२. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान लक्ष्मण साउदको सनाखत कागज।**

१६३. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान देब सिंह कार्कीको सनाखत कागज।**

१६४. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान दिप राज थापाको सनाखत कागज।**

१६५. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी,

वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान गज बहादुर भण्डारीको सनाखत कागज।**

१६६. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी हवल्दार मान बहादुर बुढामगरको सनाखत कागज।**

१६७. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीलाई कर्तव्य गरी मार्ने प्रतिवादीहरू सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, जित बहादुर चौधरी, वीर बहादुर चौधरी, राम नरेश चौधरी, बृज मोहन डगौरा, दिल बहादुर चौधरी, सुन्दरलाल चौधरी, प्रेम बहादुर चौधरी, राम कुमार चौधरी, राज कुमार चौधरी, हरिनारायण चौधरी, राम प्रसाद चौधरी, संङ्गम भन्ने सन्तोष कुमार थारूलाई हेरी चिनी थाहा पाएँ भन्नेसमेत बेहोराको **प्रहरी जवान लक्ष्मण सिंह नेपालीको सनाखत कागज।**

१६८. घटनास्थलबाट बरामद भएको सामान मध्ये भाला श्रवण चौधरीले प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रहार गरेको हतियार हो, काठको बिड भएको दाउ, प्रदीप चौधरीले वारदातमा प्रयोग गरेको हतियार हो, ठूलो पंयूको लाठी लालु चौधरीले प्रयोग गरेको हो, ठूलो बाँसको लाठी प्रतिवादी राजाराम चौधरीले प्रयोग गरेको हो, सुकेको अर्को लाठी प्रतिवादी जित बहादुर डंगौराले प्रहरी जवान लोकेन्द्र बहादुर चन्दलाई हान्न प्रयोग गरिएको हो, अन्य हातहतियारहरू फरार रहेका अन्य प्रतिवादीहरू समेतले प्रयोग गरेका हुन भनी मिति २०७२/५/२८ गते **करन चौधरीले गरि दिएको सनाखत कागज।**

१६९. उक्त घटनामा संलग्न भएका प्रतिवादी मध्ये प्रतिवादी श्रवण चौधरी, प्रदीप चौधरी, करन डंगौरा, विश्राम चौधरीलाई लाईन लहरमा उभ्याएको अवस्थामा हेरी देखि चिने

भन्नेसमेत बेहोराको मिति २०७२/५/२९ गतेको **नेत्रराज पडालको सनाखत कागज।**

१७०. उक्त घटनामा संलग्न भएका प्रतिवादी मध्येका श्रवण चौधरी, प्रदीप चौधरी, करन डंगौरा, विश्राम चौधरीलाई हेरी देखि चिने भन्नेसमेत बेहोराको मिति २०७२/५/२९गतेको **दिपराज थापाको सनाखत कागज।**

१७१. वारदात स्थलमा प्रयोग भएका हाल बरामद भईआएका लाठा लगायतका हातहतियारहरू उक्त वारदातमा आफू समेतका प्रतिवादीहरूले प्रयोग गरेका हुन भन्नेसमेत बेहोराको मिति २०७२/५/२९ गतेको **श्रवण चौधरीको सनाखत कागज।**

१७२. प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई भाला प्रहार गर्ने व्यक्ति प्रतिवादी श्रवण चौधरी हो, पछि निज प्रतिवादीको हातमा लुटीलगेको SLR भिरेको मैले देखेको हुँ, सो हतियार प्रतिवादी प्रदीप चौधरीले खोसेको समेत मैले देखेको हुँ, प्रतिवादी करन चौधरीले प्रहरी कर्मचारीहरूलाई लाठीले प्रहार गरेको मैले देखेको हुँ, प्रतिवादी विश्राम चौधरी समेतले हातमा लाठी लिई खेतखेतबाट लखेटेको मैले देखेको हु भन्नेसमेत बेहोराको मिति २०७२/५/२९ गतेको **सुरज सिंह ठकुरीको सनाखत कागज।**

१७३. काठको बिड भएको बन्चरो, घटनास्थलमा रहेको कच्ची बाटो भन्दा पर खेतमा भागिरहेका २ जना प्रहरीलाई मार्दाका बखत प्रयोग गरिएको हतियार हो र कालो बिडको चक्कु घटनास्थलमा रहेको घरबाहिर लक्ष्मण न्यौपानेलाई प्रहार गर्दा प्रयोग भएको हतियार हो, फलामको भाला प्रतिवादी हरिनारायण चौधरी लगायतका फरार रहेको प्रतिवादी राजाराम चौधरी लगायतका प्रतिवादी मध्ये कसैले हातमा समातेको देखेको हुँ, प्रायः मिल्दो जुल्दो हातहतियार प्रयोग गरेकोले यकिन गर्न सक्दिन भन्ने बेहोराको मिति २०७२/५/२९ गतेको **प्रदीप चौधरीको सनाखत कागज।**

१७४. पंक्तिबद्ध भई उभ्याईएका मानिस हेरे देखे, अन्दाजी वर्ष २५-२६ को संगम भन्ने सन्तोष कुमार थारू हो। निज म संगै द्धन्दकालमा माओवादीमा संगै कार्य गरेको व्यक्ति हो, निजको घर जिल्ला कैलाली टीकापुर ५ घियापुछरी हो, निजले नै वारदात समयमा बोरामा हतियार बोकेको देखेको हु, भागबद्ध भएका अन्य व्यक्तिहरू मेरो गाउँको सन्तराम चौधरी, किसनलाल चौधरी, राजेश चौधरी, बृजमोहन डंगौरा, विश्राम भन्ने जित बहादुर डंगौरालाई चिन्दछु, निजहरूले भाला, लाठी लिई घटनामा गएका

हुन् भन्नेसमेत बेहोराको मिति २०७२/५/२० गतेको खटपट भन्ने **सितलराज डगौंराको सनाखत कागज।**

## अभियोग मागदाबी

१७५. मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयान, बुझिएका मानिसहरूको कागज व्यहोरा, वस्तुस्थिति मुचुल्का तथा पोलिग्रफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, BTS प्रतिवेदन, प्रत्यक्षदर्शिहरूको भनाइ, अभियुक्त चिनि सनाखत गर्नेहरूको भनाइ, घाइतेहरूको भनाइ घटना बिवरण कागज र खानतलासी मुचुल्का समेतका आधार प्रमाणहरूबाट प्रतिवादीहरू लक्ष्मण थारू चौधरी र लाहुराम चौधरीको योजना तथा निर्देशन अनुसार प्रतिवादीहरू ई.धनीराम चौधरी र रेशमलाल चौधरी समेतले नेतृत्व गरी वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा थरूहट प्रदेश लेख्ने बहानामा राज्यको शान्ति सुरक्षा तथा सरकारी कार्यालयहरूको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई मार्ने योजना बनाई गाउँका भलमन्सा मार्फत चिराकी (चौकीदार)लाई गाउगाउँमा खटाई गाउगाउँबाट प्रतिवादीहरू बोलाई प्रतिवादीहरू रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, रामकुमार कठरिया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारू(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरूल अलि जागा, रामचन्द्र चौधरी, विसराम चौधरी(कुश्मी), फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, खुशीराम चौधरी, डम्मर कठरिया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम थारू, सुरज मिया हास्मी, विद्रोह भन्ने सिताराम चौधरी, दिनेश कठरिया, कालु रावत, विमल रावत, सन्दीप चौधरी - बडायक, शिवराज कठरिया, सन्तकुमार चौधरी, बलिराम चौधरी, लाहानु चौधरी, गंगाराम चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टीकाराम कठरिया, भागीराम चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, विश्राम चौधरी, शेरे चौधरी, चुन्नीराम चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी, रमेश चौधरी

समेत प्रत्यक्ष वारदात स्थलमा उपस्थित भई निज प्रतिवादीहरूले टीकापुर ९ स्थित पशुहाटबजारमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई भाग्न उम्कन समेत नपाउने गरी C आकारको घेरा हाली आफूहरूले बोकी ल्याएका घरेलु हतियारहरू भाला, लाठा, खुँडा, बन्चरो, तरवार लगायतले निर्ममतापूर्वक प्रहार गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतका ८ जना सुरक्षाकर्मी र एक जना बालकलाई समेत कर्तव्य गरी मारेको र निज सुरक्षाकर्मीहरूसँग भएको रू.४२,५६४.६६।- पर्ने एस.एल.आर, रू.६२,७४४.२२।- पर्ने संचार सेट, रू.७९,२२२.५।- पर्ने अश्रुग्याँस गन र रू.२६,९३५.६५।- पर्ने पेस्तोल गरी जम्मा बिगो रू.२,११,४६७.३।- मूल्य बराबरको हतियार र संचार सेट समेत डाँका गरी गैहकानूनी आपराधिककार्य गरेकोले निज प्रतिवादीहरू रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, रामकुमार कठरिया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, रामनरेश चौधरी, जित बहादुर डंगौरा, सन्तोष कुमार थारू(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरूल अलि जागा, राम चन्द्र चौधरी, विसराम चौधरी (कुश्मी), फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिव कुमार चौधरी, चमन चौधरी, खुशीराम चौधरी, डम्मर कठरिया, ईश्वरी प्रसाद चौधरी, बन्धुराम थारू, सुरज मिया हास्मी, विद्रोह भन्ने सिताराम चौधरी, दिनेश कठरिया, कालु रावत, विमल रावत, सन्दीप चौधरी बडायक, शिवराज कठरिया, सन्तकुमार चौधरी, बलिराम चौधरी, लाहानु चौधरी, गंगाराम चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टीकाराम कठरिया, भागीराम चौधरी, बाबुराम चौधरी, राम बहादुर चौधरी, विश्राम चौधरी, शेरे चौधरी, चुन्नीराम चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी, रमेश चौधरी समेतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. तथा चोरीको महलको १ नं. विपरीत ६ नं. बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धी महलको १३(१) नं. तथा चोरीको महलको १४(४) नं. बमोजिम सजाय हुनका साथै लुटिएको धनमाल सोही चोरी महलको १०(३) नं. बमोजिम जिल्ला प्रहरी कार्यालय, कैलालीलाई दिलाई भराई पाउन तथा प्रतिवादीहरू मध्येका करन चौधरीको उमेर १४ वर्ष भन्दा कम भई निज नाबालिग देखिएको हुँदा निजका हकमा बालबालिका सम्बन्धी ऐन,

२०४८ को दफा ११(२) बमोजिम गरिपाउँ। साथै प्रतिवादीहरू लक्ष्मण थारू(चौधरी) र लाहुराम चौधरीले आफूहरूको वारदातमा संलग्नता नरहेको भनी ईन्कारी रही बयान गरेता पनि निज प्रतिवादीहरूको कल डिटेल्स प्रतिवेदन, BTS प्रतिवेदन तथा अभियुक्तहरूको पोल समेतबाट निज प्रतिवादीहरू द्वयले प्रस्तुत वारदातको योजनाकारको भूमिका निर्वाह गरी ज्यान मार्नमा वचन दिई ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(४) नं. बमोजिम कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरू लक्ष्मण थारू (चौधरी) र लाहुराम चौधरीलाई सोही महलको १३(४) नं. बमोजिम सजाय हुन तथा विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले ज्यान मार्ने मनसायका साथ सुरक्षार्थ खटिएका सुरक्षाकर्मी एकेन्द्र बहादुर खडका, नेत्रराज पडाल, रविन्द्र धनुषे, मकेन्द्र बहादुर अधिकारी, केशवराज जोशी, खेमराज भट्ट, देब बहादुर मौनी, सुरेन्द्र चन्द, जयराज धामी, दिपराज थापा, लक्ष्मण साउद, मान बहादुर बुढामगर, गज बहादुर भण्डारी, केशव बहादुर बोहरा, आनसिंह विष्ट समेत ३६ जना सुरक्षाकर्मीलाई जोखिम हतियार प्रहार गरी ज्यानसम्बन्धी महलको १ नं. विपरीत १५ नं. बमोजिम कसुर अपराध गरेकोले विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई सोही महलको १५ नं. बमोजिम सजाय गरी पाउनका साथै प्रतिवादी मध्येका करन चौधरी नाबालिग देखिएको हुँदा निजका हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरिपाउँ । फरार प्रतिवादीहरूका हकमा अदालतबाटै वारेन्ट जारी गरी पाउनका साथै पक्राउ प्रतिवादीहरू तथा प्रस्तुत मुद्दाको सक्कल मिसिल र बरामद भएका दशीका सामानहरू यसै अभियोग पत्र साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गरिन्छ। वतन यकिन खुल्न नआएका व्यक्तिहरू रणभूमी भन्ने फिरूलाल चौधरी, राज बहादुर कठरिया, बिरू चौधरी, छुन्कु चौधरी, राम बहादुर चौधरी, रमेश कठरिया, कालुराम चौधरी कठरिया, रमेश चौधरी, नरेश चौधरी, लालु चौधरी, राजाराम चौधरी, फुलराम चौधरी, गोपाल चौधरी, शुसिल चौधरी, लौटन कुमार चौधरी, केवालाल चौधरी, विक्रम चौधरी, हुपुलाल चौधरी, अनिल चौधरी, वीर बहादुर चौधरी, सुवर्ण कठरिया, दुतराम कठरिया, टीकाराम कठरिया, कनैयालाल चौधरी, रामलाल चौधरी, बोमन चौधरी, गुमान कठरिया, तुल्सीराम कठरिया, बन्धु राना, किसनलाल कठरिया, रामनरेश कठरिया, फुलराम चौधरी, कालुराम चौधरी, बालकुमार चौधरी, पन्चराम चौधरी, एन्जल चौधरी, भेजुलाल चौधरी, बिरू चौधरी, जोखनलाल

चौधरी, पुरन चौधरी, सुन्दर चौधरी, तेलीराम दहित, ऐन्तराम चौधरी, रामचन्द्र चौधरी, दिनेश चौधरी, कोटलाल चौधरी, चिङ्गुवा भन्ने राम प्रसाद चौधरी, भुकुलाल चौधरी, दिपुराम चौधरी, बिनोद चौधरी, मालिक राम चौधरी, प्रदीप चौधरी, शिव नारायण चौधरीका हकमा निजहरूको स्पष्ट वतन खुली आएको नदेखिएकोले निजहरूका हकमा स्पष्ट वतन खुली आएका बखत पुरक अभियोग पेश गरिने तथा प्रस्तुत वारदातमा अन्य व्यक्तिहरूको समेत संलग्नता रहेको भनी पछि कहि कतैबाट खुली आएमा निजहरूका हकमा समेत छुट्टै कार्वाहीका लागि अभियोग पत्र पेश गरिने व्यहोरा समेत सादर अनुरोध गरिने भन्ने समेत बेहोराको **वादी नेपाल सरकारको अभियोग मागदाबी**।

प्रतिवादीहरूले सुरू कैलाली जिल्ला अदालतमा गरेको बयान

१७६. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा म राती सुति राखेको अवस्थामा जानकारी नै नगराई सहिछाप गर्न लगाएका हुन्। मिति २०७२/५/७ गतेको दिन म जोशीपुरबाट टीकापुर जाने क्रममा मुनुवाबाट फिर्ता भएको हुँ। मिति २०७२/५/७ गतेका दिन टिकापूरमा थरूहट थारूवानको कार्यक्रम भएकोले म उक्त दिन दिउँसो अं.१२:३० बजेको समयमा जोशीपूर आफ्नो घरबाट निस्की मैरै गाउँको ३/४ जनासंग टिकापूर जादै गर्दा मुनुवा भन्ने ठाउँमा पुग्दा अगाडिबाट मानिसहरू भाग्दै आईरहेको देखि के भएको हो किन भागेको भनी सोध्दा अगाडि झडप भई राखेको छ अगाडि नबढौ भनी भन्दा मलाई पनि सन्चो नभएको हुँदा घरतिर फर्की आएको हु, पछि के भएको रहेछ भनी सोधपुछ गर्दा टीकापुरमा घट्ना भएको कुरा थाहा पाएको हु, को कस्को संलग्नतामा के कुन हतियार प्रयोग गरी मृतकको मृत्यु भएको हो मलाई केही थाहा भएन। राज़ कुमार कठरियाले प्रहरीलाई घेरा हाल्न मैले समेत सहयोग गरेको हु भनी गरेको बयान झुठा हो। निजलाई म चिन्दा पनि चिन्दीन साथै वारदातमा मेरो कुनै संलग्नता पनि रहेको छैन। प्रतिवादी रेशमलाल चौधरीसंग मेरो सामान्य चिनजान रहेको छ, प्रतिवादी लक्ष्मण चौधरीलाई चिन्दिन। वारदातको दिन मेरो मोबाईलमा को कस्ले फोन गरे मलाई थाहा भएन। मौकामा तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले के कुन कारणले घट्नामा मेरो समेत संलग्नता रहेको भनी लेखाएका हुन थाहा छैन,

हालसम्म घट्ना कुन ठाउँमा घटेको हो सो समेत मलाई थाहा छैन। म वारदातस्थलमा पुगेको होईन, बिच बाटोबाट फर्किएर आफ्नो घर गएको हु, बरामद भएका हातहतियार को कसका हुन थाहा जानकारी भएन। मबाट बरामद भएका ३ वटा मोबाईल मेरै हुन। मोबाईलमा भएका श्रब्यदृष्य थरूहट आन्दोलनमा उपेन्द्र यादव समेतका व्यक्तिहरू आउदा कैद गरी राखेको हुँ। म गाउँस्तरमा राजनीतिमा आवद्ध रहेको हुँदा सोधपुछको लागी भनी पक्राउ गरी ल्याएका हुन किटानी जाहेरी के कुन कारणले दिएका हुन थाहा भएन भन्ने बेहोराको **प्रतिवादी रामप्रसाद चौधरीले सुरू अदालतमा गरेको बयान।**

१७७. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान प्रहरीले हिरासतमा रहेको बखत जबरजस्ती रूपमा धम्की तथा कुटपीट गरी सहिछाप गराएका हुन। सो व्यहोरा मेरो होईन। वारदात घट्नामा मेरो कुनै संलग्नता छैन। मिति २०७२/५/७ गते म जिल्ला कैलाली, भजनी त्रिशक्ति न.पा वडा नं.४ स्थित महेश क्लिनिकमा काम गरी राखेको थिए। उक्त दिन आफूले संचालन गरेको क्लिनिकमा गाउँबाट आएका बिरामीहरूको उपचार गरी राखेको थिए। सो कुरा मेडीकलको रेकर्डबुक हेरे पनि थाहा हुन्छ। उक्त मिति २०७२/५/७ गते म टीकापुरमा गएको थिएन। स्थानीय व्यक्तिहरूबाट टीकापुरमा कार्यक्रम छ भन्ने थाहा पाएको हु। पछि साझको ६/७ बजेको समयमा टीकापुरमा घट्ना घट्यो मान्छेहरू मारिए भन्ने खबर पाएको हु। प्रतिवादी सुन्दरलाल कठरियाले मौकाको बयानमा वारदातको समयमा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हो। निजलाई म चिन्दा पनि चिन्दिन। मौकामा तथा वस्तुस्थिति मुचुल्काका अधिकांश मानिसहरूले घट्ना वारदातमा मेरो संलग्नता रहेको भनी कागज गरिदिएको कुरा झुठा हो। घट्नाका योजनाकार एवं वचन दिने लक्ष्मण थारूसंग मेरो कुनै नातासम्बन्ध छैन, सामान्य रूपले चिन्दछु। निज संग बोलचाल भएको छैन। घट्ना किन कसले घटाएका हुन थाहा भएन। वारदातमा मेरो संलग्नता नरहेकोले मलाई सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी प्रेम बहादुर चौधरीले सुरू अदालतमा गरेको बयान।**

१७८. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा वारदात घट्नाका दिन शान्तिपूर्ण तरिकाले चिलिम चौराहामा गएको थिए भन्ने व्यहोरा साचो हो। सुरक्षाकर्मीलाई कुटपीट गरेको भन्ने कुरा झुठा हो। मौकाको बयानमा मलाई व्यहोरा

नसुनाई जबरजस्ती सहिछाप गराएका हुन। मिति २०७२/५/७ गते बिहान आफ्नो घरबाट चिलिम चौराहासम्म गई साझ टिकापूर अस्पतालमा बसेको हु। उक्त दिन बिहान ८ बजेको समयमा गाउको चिराकीले चिलिम चौराहामा जम्मा भेला हुनु भन्ने जानकारी गराएपछि घरबाट चिलिम चौराहामा गई एकछिन त्यही बसी टीकापुरतिर जाने क्रममा गोल्डेन एकेडेमीको प्राङ्गणमा भेला भई त्यहाबाट हातहातमा प्लेकार्ड बोकी अग्रपंत्तीमा महिलाहरू लगाई पछाडि पुरूषहरू लगाई टीकापुरतिर जाने क्रममा टीकापुर एरिया पहिले नै निषेधित क्षेत्र घोषणा गरिएको हुँदा सुरक्षाकर्मीले हामीहरूलाई रोक्न अश्रुग्याँस र रबरको गोली छर्राहरू हानेपछि मलाई समेत छर्रा लागि दुख्न थालेपछि म आफ्नो घरतिर फर्की रहेको अवस्थामा रेडक्रसको गाडीले मलाई अस्पतालसम्म पुर्‍याई उपचार गराई रहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिइ गएका हुन। मैले कोही कसैलाई कुटपीट गरेको होईन। घट्नामा को कसले सुरक्षाकर्मीलाई निर्ममपूर्वक कुटपीट गरी हत्या गरेका हुन मलाई थाहा भएन। म आफ्नो उपचारको लागी अस्पतालमा भएको अवस्थामा घट्ना भएको हो। प्रतिवादी राम कुमार कठरियाले मौकामा बयान गर्दा वारदातको बेला मेरो समेत घट्नामा संलग्नता रहेको साथै संगै रहेको भनी गरेको बयान झुठा हो। निजलाई म चिन्दा पनि चिन्दिन। घट्नाका योजनाकार को हुन मलाई थाहा छैन। निषेधितक्षेत्रमा प्रवेश गर्न लाग्दा प्रहरीले अश्रुग्यास प्रहार गरे पछि म भिडबाट अलग भई अस्पतालतिर गएको हुँदा हाल प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू आन्दोलनमा थिए थिएनन् देखिन। मबाट बरामद भएको सिम (९८११६६९०१५) र मेमोरीकार्ड मेरो मोबाईल बिग्रिएको हुँदा निकालेर खल्तीमा राखेको थिए प्रहरीले पक्राउ गर्दा सोही सिम र मेमोरिकार्ड बरामद भएका हुन। मेरो Polygraph Statement मा मलाई घटना सम्बन्धि विषयमा सोधिएका प्रश्नहरूको यथार्थ व्यहोरा भनेको थिए, सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। मैले अभियोग दाबी बमोजिम अपराध नगरेकोले सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी हरिनारायण चौधरीले सुरू अदालतमा गरेको बयान।**

१७९. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। मिति २०७२/५/७ गते म टिकापूरको आन्दोलनमा गएको

थिए। म आन्दोलनमा गएको कुरा साचो हो तर सुरक्षाकर्मीहरूको संचारसेट हतियार लुटी सुरक्षाकर्मीहरूलाई निर्ममपूर्वक योजना मुताविक कुटपीट गरी हत्या गरेको सम्बन्धमा मलाई केही थाहा छैन। आन्दोलनमा आउनु भनी गाउँको चौकीदारले खबर गरेको हुँदा आन्दोलनमा गएको हु। खबर गर्ने चौकिदारको नाम थाहा छैन। खबर पाए पछि हातमा पमप्लेट बोकी आन्दोलनमा गएको हु। सुन्दरलाल कठरियाले आफ्नो मौकाको बयानमा वारदातमा मेरो समेत संलग्नता भनी गरेको बयान झुठा हो, म निजलाई चिन्दा पनि चिन्दिन। मेरो Polygraph Statement मा मलाई घटना सम्बन्धि प्रश्नहरू सोधिएका थिएनन्, सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। उक्त मितिमा मैले प्रयोग गरेको मोबाईल नं.बाट कोही कसैबाट सम्पर्क गरेको थिईन के कसरी कल डिटेलमा देखियो मलाई थाहा भएन। म संगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरूलाई मैले आन्दोलनमा देखेको थिईन। मलाई घाईते अवस्थामा अस्पतालमा पुऱ्याई होस खुले पछि मात्र थाहा पाएको हु भन्ने बेहोराको **प्रतिवादी राजकुमार कठरियाले सुरू अदालतमा गरेको बयान।**

१८०. प्रतिवादी दिल बहादुर चौधरीले गरेको बयानः मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/५/७ गते टिकापूरमा भएको आन्दोलनमा गएको थिए। उक्त दिन बिहान गाउको नाम थाहा नभएको चौकीदारले टीकापुरमा कार्यक्रम छ, सबै जना सहभागी हुनुपर्छ भनी जानकारी गराएपछि गाउकै मानिससहरूसंग म पनि चिलिम चौराहामा भेला भई टीकापुरतिर जाने बेलामा बाटोमा सुरक्षाकर्मीहरूसंग झडप भएपछि म आफ्नो घर फर्कीएको हु। उक्त घट्नामा को कसको संलग्नता रहेको थियो मलाई थाहा भएन। मसंगै प्रहरी हिरासतमा रहेका अन्य प्रतिवादीहरूले मेरो पनि उक्त घट्नामा संलग्नता रहेको भनी मौकामा बयान गरेको देखिन्छ तर किन यस्तो बयान गरि दिए थाहा भएन, निजहरूलाई म चिन्दा पनि चिन्दिन। मेरो Polygraph Statement मा भएका प्रश्नहरू सोधिएका थिएनन् सो रिपोर्ट के कसरी फरक देखिन गयो मलाई थाहा छैन। वारदातको दिन मैले ९८२४६५७२३ नं.भएको मोबाईल बोकेको थिए। तर कसैलाई फोन गरेको पनि थिएन र मलाई कसैले फोन गरेको पनि थिएन। उक्त दिन मेरो हातमा आन्दोलनको प्लेकार्ड मात्र बोकेको थिए सो बाहेक अरू केही थिएन। बरामद भएका सामानहरू

उक्त आन्दोलनमा मैले कसैको हातमा देखेको थिईन, साथै मेरो हातमा पनि थिएनन्। मौकामा बुझीएका राजेश धामीले मेरो समेत संलग्नतामा सुरक्षकर्मीहरूको हत्या भएको हो भनी गरि दिएको कागज झुठा हो। मैले कोही कसैलाई कर्तव्य गरी मारेको होईन। मलाई अनाहक दुख दिने हिसाबले म माथी किटानी जाहेरी पर्न गएको हो। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। घट्नाका मूख्य योजनाकार लक्ष्मण थारू समेत रहेका भन्ने कुरा मलाई थाहा छैन। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी दिल बहादुर चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८१. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/५/७ गते म टिकापूरको आन्दोलनमा गएको थिए। उक्त मितिमा बिहान १ बजेको समयमा घरबाट टिकापूरको आन्दोलनमा शान्तिपूर्ण तरिकाले सहभागी हुन गएको थिए। मैले हातमा प्लेकार्ड समातेको थिए। हातमा प्लेकार्ड समाई नाराहरू लगाउदै टिकापूरको हाटबजार नजिक पुग्दा प्रहरीले अश्रुग्याँस सहित रबरको छर्रा हानेपछि मेरो तिघ्रामा ९ वटा छर्रा लागेपछि म लडी बेहोस भएको अवस्थामा को कस्ले मलाई अस्पताल पुऱ्याएका हुन थाहा भएन। मलाई छर्रा लागी बेहोस भए पछि के के भयो सो समेत मलाई थाहा छैन, पछि उपचारको क्रममा टिकापूर अस्पतालमा रहेको बेला मलाई प्रहरीले पक्राउ गरी लगेका हुन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। मलाई छर्रा लागेपछि म ढलेको हु, पछि के भयो मलाई थाहा भएन तर मैले कसैलाई पनि कुटपीट गरेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरू देखे, उक्त सामानहरू वारदातमा प्रयोग भएका हुन होईनन् सो सम्बन्धमा मलाई केही थाहा छैन। वारदातमा मेरो कुनै पनि प्रकारको संलग्नता नरहदा नरहदै किन मेरो नाममा किटानी जाहेरी परेको हो सो मलाई थाहा छैन। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेकोले मलाई सजाय हुनु पर्नें होईन भन्ने बेहोराको **प्रतिवादी सुन्दरलाल कठरियाले सुरू अदालतमा गरेको बयान।**

१८२. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। उक्त दिन बिहान म खाना खाएर जंगलमा घास काट्न गइ साँझ जंगलबाट घर फर्की आएको हुँ। दोस्रो दिन मेरै गाउँको राज कुमार कठरिया टीकापुर अस्पतालमा भर्ना भएकोले निजलाई कपडा पैसा दिन अस्पताल गएको थिए। म अस्पतालमा गएको बेला बिहान करिब १० बजेको समयमा प्रहरी आई अस्पतालबाट पक्राउ गरि लगेका हुन। वारदात घटना के कसरी भयो, को कसले गरे, सो विषयमा मलाई केही थाहा छैन। उक्त वारदातमा मेरो कुनै संलग्नता रहेको छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। प्रतिवादी राज कुमार कठरिया मेरो छिमेकी भएको हुँदा निजको आमाले मलाई राज कुमार लाई गोली लागी अस्पतालमा भर्ना भएको छ, कपडा र पैसा पुगाई दिनु भनेका हुँदा अस्पतालमा गएको हु। निजलाई के कती कारणले गोली लागेको थियो सो मलाई थाहा भएन। मिसिल संलग्न call details बाट मेरो मोबाईलबाट विभिन्न व्यक्तिहरूसंग सम्पर्क भएको देखिए पनि उक्त दिन म बिहान घास काट्न जंगल जाने बेलामा मोबाईल घरमै छोडेर गएको थिए, त्यही समयमा घरका मानिसहरूले चलाएर सम्पर्क भएको देखिएको होला मैले कसैसंग सम्पर्क गरेको थिईन। उक्त घट्ना के कसरी भयो र कसको संलग्नता छ सो विषयमा मलाई केही थाहा छैन। म उपर जुन अभियोग लगाईएको छ सो बमोजिमको कसुर मैले नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी रामकुमार कठरियाले सुरू अदालतमा गरेको बयान।**

१८३. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/५/७ गते म टीकापुर आन्दोलनमा गएको थिएँ। उक्त मितिमा हाम्रो गाउँको भलमन्सा ईश्वरी प्रसाद चौधरीले हाम्रो गाउँमा भदौ ७ गतेका दिन टीकापुर आन्दोलनमा सबै जनाले एक घरबाट १ जना अनिवार्यरूपमा जानु पर्ने नगए ५००/-जरिवाना लाग्ने भनी गाउँमा भन्दा उक्त दिन करिब ११ बजे तिरको

समयमा म लगायतका मान्छेहरू मोतिनगर गाउँसम्म जादै गरेको अवस्थामा टीकापुरबाट आन्दोलनमा गएका मानिसहरू भाग्दै गाउँतिर आउन थालेको देखेपछि म पनि टीकापुर नगई आफ्नो घर तिर फर्की आएको हुँ। वारदात के कसरी भयो सो विषयमा मलाई केही थाहा भएन। उक्त घट्नामा को कसको संलग्नता रहेको छ सो पनि थाहा भएन। मिति २०७२/०५/१३ गते राती २ बजे म आफ्नै घरमा सुती राखेको अवस्थामा प्रहरी आई तपाईलाई सोधपुछ गर्नुछ भनी ल्याई पक्राउ गरेका हुन। प्रस्तुत घट्ना वारदातमा मेरो कुनै संलग्नता छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। निजहरूलाई म चिन्दिन। मेरो Polygraph Statement फरक पर्नुको कारण प्रहरीहरूले नेपाली भाषामा के के कुरा सोधे मैले राम्रोसंग बुझेको थिएन त्यसैले फरक पर्न गएको हो। वारदातको दिन मैले मेरै गोतियार प्रेम बहादुर डगौरासंग फोन सम्पर्क गरेको थिए। अन्य कोही कसैलाई सम्पर्क गरेको थिएन। मैले अभियोग माग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी बृजमोहन डगौराले सुरू अदालतमा गरेको बयान।**

१८४. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान झुठा हो। बनावटी कपोकल्पित व्यहोरा के कारणले लेखे थाहा भएन। सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। वारदात मिति २०७२/५/७ गते म आलु बेच्नको लागी बरकट्टी र लक्कड भन्ने गाउँमा गई साझ आफ्नो घर फर्किएको हु। वारदात भएको दिन म आफ्नो काममा थिए। वारदातस्थलमा म गएको थिईन। उक्त घट्ना के कसरी भयो मलाई थाहा छैन। मिति २०७२/५/७ गते राती १ बजेको समयमा म घरमा सुती राखेको अवस्थामा प्रहरी आई पक्राउ गरेका हुन। घट्नाको सम्बन्धमा मलाई केही थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। मेरो Polygraph Statement देखाउँदा देखें, सोमा भएको व्यहोरा अनुसार मलाई प्रश्नहरू सोधिएका थिएनन्। अरू नै प्रश्नहरू

सोधिएका थिए। के-कसरी सो व्यहोरा को प्रश्न सोधिएको भनी उल्लेख गरे मलाई थाहा भएन। वारदात घट्नामा मेरो कुनै संलग्नता छैन। उक्त घट्नास्थलमा म नगएको हुँदा को को प्रतिवादीहरूको घट्नामा संलग्नता रहेको छ भनी भन्न सक्दिन। सबै प्रतिवादीहरूलाई राम्रोसंग चिन्दा पनि चिन्दिन। घट्ना वारदातपूर्व हाम्रो गाउँको भलमन्साले गाउँमा चिराकी मार्फत आन्दोलनमा अनिवार्य रूपमा जानु पर्ने नगए ५००/-जरिवाना लाग्ने नियम लगाएका हुन। अन्य कुनै हातहतियारको प्रयोग गर्ने भन्ने विषयमा योजना थिएन। मेरो नाममा किन किटानी जाहेरी पर्‍यो मलाई थाहा छैन तर मैले आन्दोलनमा नजाने बरू ५००/-जरिवाना तिर्ने अडान गरेको थिए। मैले अभियोग माग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी राजेश चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८५. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। मिति २०७२/५/७ गते म आफ्नै घरमा रहेको राईसमिलमा काम गरि राखेको थिएँ। उक्त दिन बिहान देखि राईस मिलमा काम गरी, दिउँसो खाना खाई पुन मिलमा काम गरी साझ पनि आफ्नै घरमा सुतेको थिए। घट्नाको जानकारी साझ रेडियो मार्फत थाहा पाएको हु। घट्ना को कसले के कसरी घटाए सो विषयमा मलाई केही थाहा छैन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। के कती मान्छेहरूले के कसरी मरे सो थाहा भएन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन्। निजहरूले के-कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। मिति २०७२/०५/१२ गते राती म आफ्नै घरमा सुती राखेको अवस्था प्रहरी आई केही कुरा बुझ्नुछ भनी पक्राउ गरी पछि टीकापुर घट्नामा संलग्न रहेको भनी झुठा व्यहोरा बनाई मुद्दा चलाएका हुन। मेरो Polygraph Statement देखाउदा देखे, सोमा भएको व्यहोरा अनुसार मलाई प्रश्नहरू सोधिएका थिएनन्। अरू नै प्रश्नहरू सोधिएका थिए। के कसरी सो व्यहोरा को प्रश्न सोधिएको भनी उल्लेख गरे मलाई थाहा भएन। वारदातस्थलबाट बरामद भएका दशिका सामानहरू देखाउदा देखि पाए। म घट्नास्थलमा नगएको हुँदा उक्त सामानहरू त्यहा थिए थिएनन् मलाई थाहा छैन। घट्नाविवरण कागज गर्ने मानिसहरूले पनि मलाई

फसाउने नियतले कागज गरी दिएका हुन्। निजको व्यहोरा झुठा हो। वारदात घट्नामा म गएको थिईन म माथी लगाईएको अभियोग झुठा हो। मैले अभियोग माग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी किसनलाल चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८६. मैले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। प्रहरीले कुटपीट गरी मेरो दाया कानको जाली समेत फुटेको छ। मिति २०७२/५/७ गते म आफ्नो पशलको सामान ल्याउन मुनुवा हुदै मोतिपुर सम्म गएको हुँ। उक्त दिन बिहान म र जनजागृती नि.मा.वि. का शिक्षक दयाराम चौधरी संगै बसी खाना खाई मेरो कस्मेटिक पशलका लागी सामान ल्याउनु पर्ने र कान्छो छोरा टीकापुरमा पढ्ने भएको हुँदा निजलाई पनि घर ल्याउनु पर्ने भएको कारण मुनुवा बजारमा सामान लिन जादा बजार बन्द भएकोले टीकापुरबाट मान्छेहरूको भिड भाग्दै आएको देखि म पनि टीकापुर नगई आफ्नो घरतिर फर्की आएको हुँ। उक्त दिन टीकापुरमा आन्दोलन छ भनी मलाई थाहा थिएन, मलाई आन्दोलनका विषयमा कसैले पनि जानकारी दिएका थिएनन्। मेरो आफ्नै घरायसी कामको लागी टीकापुर जानु पर्ने भए पनि मोतीपुरबाट फिर्ता भएको हु। घट्ना वारदातमा मेरो कुनै संलग्नता रहेको छैन। को कसको संलग्नतामा घट्ना घट्न गएको हो सो पनि थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। दशीका सामानहरू देखाउदा देखे, उक्त सामानहरू म घट्नास्थलमा नगएको हुँदा को कसको हातमा थिए थाहा भएन। मोतिपुरमा भिड फर्केको देख्दा कसैको हातमा भाला डण्डाहरू देखेको थिईन। मैले प्रयोग गर्ने गरेको मोबाईल नं.९८०४६५२५६५ नं. को मोबाईलमा उक्त दिन टीकापुरबाट मेरो छोरासंगै बस्ने साथीले छोरालाई लैजानुपऱ्यो भनी र म मोतिपुरमा हुँदा घरबाट पनि फोन आएको हो अरू कसैलाई पनि मैले सम्पर्क गरेको थिईन र मलाई पनि अरू कसैले फोन गरेका थिएनन्। मेरो Polygraph Statement देखाउदा देखि पाए सोमा भएको व्यहोरा अनुसार मलाई सोधिएका प्रश्नहरूको जवाफ मैले दिएको थिए घट्नालाई ढाकछोप गर्ने हिसाबले

जवाफ दिएको थिएन। मैले जानेको यथार्थ कुरा भनेको थिए के कती कारणले फरक पर्‍यो थाहा भएन भन्ने बेहोराको **प्रतिवादी सन्तराम चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८७. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। के कसरी झुठा बनावटी व्यहोरा सृजना गरी मलाई फसाउन खोजियो सो विषयमा मलाई थाहा छैन। मिति २०७२/५/७ गते बिहान ९ बजे खाना खाई डिलरबाट चुरोट लिई बिक्री गर्नका लागि झन्झटपुर, मनिकापुर र मौरनिया भन्ने ठाउमा आफ्नो काम गर्न गएको थिए। साँझ घर आउदा रेडियोबाट समाचार सुनी घट्नाको बारेमा जानकारी पाएको हु। घट्ना को कसको संलग्नतामा के कसरी घट्न गएको हो मलाई थाहा भएन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। सो घट्नांको योजना कसले बनाएका हुन सो समेत थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरू र मौकामा बुझिएका मानिसहरूले मेरो समेत संलग्नतामा उक्त घट्ना घटाएका हुन भनी गरी दिएको बयानहरू झुठा हुन। निजहरूले के कसरी उक्त व्यहोरा लेखाएका हुन थाहा भएन। वारदात मितिका दिन मैले प्रयोग गर्ने गरेको मोबाईल नं.९८४८४२९४३५ बाट कसैलाई फोन गरे जस्तो लाग्दैन, घरका कसैले फोन गरेका थिएकी थाहा भएन। वारदातबाट बरामद भएका भनी देखाएका सामानहरू के कसरी कहाबाट ल्याएका हुन थाहा भएन। वारदात भएको स्थान र मेरो घर करिब ९/१० कि.मि.को दुरीमा रहेको छ। मेरो नाउँमा के कसरी किटानी जाहेरी पर्‍यो मलाई थाहा छैन। मिति २०७२/०५/१२ गते राती म आफ्नै घरमा सुती रहेको अवस्थामा प्रहरीले पकराउ गरेको हो। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने बेहोराको **प्रतिवादी वीरबहादुर चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८८. मैले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। के-कसरी झुठा बनावटी व्यहोरा सृजना गरी मलाई फसाउन खोजियो सो विषयमा मलाई थाहा छैन। मिति २०७२/५/७ गते म बर्दियामा श्री

कालिका मा.बि.सोनपुरमा अध्यापन गराउदै साझ राजापुरमा रहेको डेरामा बसेको हु। उक्त दिन म राजापुर देखि कतै पनि गएको छैन। डेरामा गई टि.भी.हेरी रहेको अवस्थामा समाचारबाट घट्नाको बारेमा जानकारी पाएको हु। मलाई टीकापुरको घट्नाको बारेमा को कसको संलग्नतामा भएको हो थाहा भएन। साथै सुरक्षाकर्मीहरूलाई कुटपीट गरी कसले हतियार लुटि लगेका हुन त्यो पनि थाहा छैन। मिति २०७२/०५/१३ गतेको दिन म बिद्यालयमा अध्यापन गराई राखेको अवस्थामा सादा पोशाकमा गएका प्रहरीले कक्षाकोठाबाट बोलाई तपाईसंग काम छ भनी सोधपुछ गर्नु पर्ने भनी पक्राउ गरी ल्याएका हुन। हाल मसंगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। निजहरूलाई म चिन्दा पनि चिन्दिन। मेरो मोबाईलको call details देखाउदा देखि पाएँ। वारदातको दिन मैले मेरै गाउँको मान्छेहरूसंग सम्पर्क गरेको थिए, अरू कसलाई सम्पर्क गरे यकिन थाहा भएन। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनुपर्छ भन्ने बेहोराको **प्रतिवादी राम नरेश चौधरीले सुरू अदालतमा गरेको बयान।**

१८९. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। वारदात मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। जंगलमा गएर भैसी र गाईलाई घाँस काटी साझ घरमा फर्केको हुँ। टीकापुर घट्ना के कसरी घट्न गयो मलाई थाहा छैन। वारदात घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। हाल मसंगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयानहरू झुठा हुन। के-कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। घट्नाका योजनाकार को हुन सो पनि थाहा छैन। घट्नाको बारेमा सोही दिन साझ घरमा आएपछि रेडियो मार्फत समाचार सुनी थाहा पाएको हु। घट्नाका मुख्य योजनाकार रेशमलाल चौधरी र लक्ष्मण थारू हुन वा होईनन थाहा छैन। निजहरूलाई म चिन्दिन नाम सम्म सुनेको हुँ। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी विश्राम भन्ने जीत बहादुर डगौराले सुरू अदालतमा गरेको बयान।**

१९०. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका थिए बाकी व्यहोरा प्रहरी आफैले लेखी मलाई जबरजस्ती सहिछाप मात्र गराएका हुन। वारदातको दिनि मिति २०७२/५/७ गते म मेरो चिनजानको साथी नरेश चौधरीलाई भेट गर्न निजको गाउँ भगरैया भन्ने ठाउमा गई साझ ४/५ बजेको समयमा मात्र फर्की आएको हुँ। वारदातस्थल र मेरो घर ९/१० कि.मि.को दुरीमा रहेको दुरीमा रहेको छ। उक्त दिन म मेरो साथी नरेश चौधरीलाई भेट्न भनी गएकोर निजसंग भेट नहुँदा अर्को साथी हेलुराम चौधरीको घरमा गई कुरा गरी रहेको अवस्थामा डेढ बजेको समयमा बर्दियाबाट आफन्त दाजुले फोन गरी घट्नाको बारेमा सोधपुछ गर्दा मलाई केही थाहा छैन भनी भनेको थिए। त्यसपछि मात्र घट्नाको बारेमा जानकारी पाएको हु। घट्ना के कसरी भयो थाहा भएन। उक्त घट्नामा मेरो कुनै संलग्नता छैन। हतियार तथा संचार सेट को कसले लगे थाहा भएन। प्रतिवादी लक्ष्मण थारू बाहेक अरू कुनै प्रतिवादीलाई चिन्दिन। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के-कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। साथै उक्त दिन टीकापुरमा कार्यक्रम रहेको छ भन्ने पनि थाहा थिएन। म मिति २०७२/०५/१७ गते सुख्खडमा गएको बेला प्रहरीले एकछिन काम छ भनी रोकी पक्राउ गरेको हो। म घट्नास्थलमा गएको थिईन मेरो कुनै संलग्नता पनि छैन। मैले अभियोग दाबी बमोजिम कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने बेहोराको **प्रतिवादी संगम भन्ने सन्तोष थारू चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९१. मैले अनुसन्धानमा बयान गरेको व्यहोरा पढिबाचि सनाउदा सुनी पाए। मिति २०७२/५/७ गते टीकापुर पशुहाट बजारमा भएको घट्नामा प्रतिवादी रेशमलाल चौधरीको संलग्नता रहेको भनी अनुसन्धानको क्रममा मैले आफ्नो बयानमा लेखाएको थिएन। निज १ नं. क्षेत्रको संयोजक तोकिएकोले निजलाई घट्नाकोबारेमा जानकारी हुन सक्दछ भनी भनेको थिए। साथै निजलाई उक्त वारदातको योजनाकार नभई आन्दोलनको संयोजक भनेको थिए। प्रहरी हिरासतमा रहदा प्रहरी गार्ड

कमाण्डरकै निर्देशनमा मलाई हिरासतमा रहेका अन्य केटाहरूबाट शक्त घाईते हुने गरी कुटपीट् गर्न लगाएका हुन। मिति २०७२/५/७ गते बिहान ११ बजेसम्म म दाङको लमहीमा मिटिङ बसी त्यहाको मिटिङ सकेर कोहलपुर आएको हु।कोहलपुरमा १ बजेको समयमा पुग्दा टीकापुर घट्नाको सम्बन्धमा सामान्य हो हल्ला सुनेको हु। त्यसपछि म बर्दियाको गुलरिया आउने क्रममा सभासद योगेन्द्र चौधरीले फोन गरी टीकापुर घट्नाको विषयमा जानकारी दिनु भएको थियो।म २:३० बजे बर्दियाको गुलरिया पुगी प्रदिप चौधरीलाई फोन सम्पर्क गर्दा निजले टीकापुरमा घट्ना घटेको तर के कती क्षति भयो थाहा भएन भनी भनेका थिए। निज प्रदिप चौधरी घट्नास्थलमा थिए थिएनन् थाहा भएन।त्यसपछि मैले रेशमलाल चौधरीलाई फोन सम्पर्क गरी घट्नाको बारेमा बुझ्न खोज्दा आफू फुलवारी एफ.एम.भित्रै रहेको र टीकापुर घट्ना खतरा भएकोले केही समयमा फोन गर्छु भनी मलाई भनेका हुन।त्यसपछि लगतै बिजय कुमार गच्छादारलाई फोन सम्पर्क गर्दा निजले टीकापुर घट्नामा प्रहरी वरिष्ठ उपरीक्षक समेतका सुरक्षाकर्मीको मृत्यु भएको र एकदमै नराम्रो घट्ना घट्यो भनी निजले भन्नु भएपछि म गुलरियाको आमसभामा सहभागी भई सो दिन म गुलरियामा नै बसेको थिए।प्रस्तुत घट्ना वारदातमा मेरो कुनै संलग्नता रहेको छैन।उक्त घट्नाको म योजनाकार पनि होईन। योजना को कसले बनाए सो सम्बन्धमा समेत मलाई केही जानकारी भएन। संविधानमा थारूहरूको हक अधिकारको सुनिश्चित गर्नका लागी सबैजना एकजुट भएर लाग्नु पर्छ भनी आमसभामा सहभागी भई एकजुट भई लाग्न म सबैलाई आग्रह गर्दै आएको थिए।साथै हाम्रा सम्पुर्ण आन्दोलनहरू शान्तिपुर्ण हुने गर्दथे तर टीकापुर घट्ना के कसरी हिंसात्मक हुन गयो सो बारेमा कसैले पनि मलाई जानकारी गराएका थिएनन्।वारदात घट्नाका दिन म घट्नास्थलमा थिएन।को कसले सो घट्ना घटाए मलाई थाहा भएन।प्रतिवादी विश्राम चौधरी समेतका ब्यक्तीहरूले मौकामा हधिकार प्राप्त अधिकारी समक्षको बयानमा मेरो समेत निर्देशनमा घट्ना हुन गएको हो भनी गरि दिएको बयान झुठा हो। मैले घट्नामा कुनै निर्देशन दिएको थिएन।मिसिल संलग्न Call details अनुसार मैले उक्त दिन हाल पक्राउ परेका कुनै पनि प्रतिवादीलाई सम्पर्क गरेको थिईन। घर परिवार र साथीभाईहरूसंगको CALL details हो।मिति २०७२/०५/२३ गतेको दिन भैरहवामा देवी प्रसाद चौधरीको

घरमा कार्यक्रमकै शिलशिलामा जादा बसेको अवस्थामा रूपन्देही जिल्लाका SP राजेन्द्र भण्डारीले देवी प्रसाद चौधरीलाई फोन गरी म लगायतलाई चिया खान भनी बोलाई चिया खादै गर्दा माथिको आदेश भनी गिरफ्तार गरी सोही राती ठाउँठाउमा गाडी फेरबदल गरी अर्को दिन जिल्ला प्रहरी कार्यालय कैलालीमा पुर्याएको हो। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के-कति कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। उक्त टीकापुर आन्दोलनमा म गएको पनि थिईन। म उक्त घट्नाको योजनाकार पनि होईन। टीकापुर घट्ना भएको केही दिन पछि २०७२/५/९ गते म टीकापुरमा जादा प्रशासनको आडमा अखण्ड सदुरपश्चिमका कार्यकर्ताले टीकापुर आसपासमा रहेका थारूहरूका पशल घर खोकाहरू छानीछानी तोडफोड गर्ने गरेको देखि मनमा ठुलो दुख एवं बिडम्बना जस्तो लाग्दा यस्तो हर्कत गर्दा उल्टै थारूहरू उत्तेजित हुने भएकाले यस्तो काम तत्काल रोक्नु पर्दछ, नत्र थारूहरू हतियार उठाउन बाध्य हुने हुँदा जातिय सद्भाव बिगार्ने तत्वलाई कानूनी कार्वाही हुनु पर्दछ भनी फेसबुकमा लेखेको थिए। टीकापुरमा घट्ना भएपछि कर्फ्यू लागेकै अवस्थामा प्रशासनको आडमा थारूहरूको घर छानीछानी बिध्वंसात्मक ढंगबाट आगजनी भएको र ठुलो क्षति पुऱ्याई जातिय द्धन्द श्रृजना गराउने गरी भएको सो आगजनीको गाम्भिर्यतालाई मेरो भित्री मनले नै सो भार थाम्न नसक्दा मैले सो भावना फेसबुक मार्फत लेखेको हुँ। आन्दोलन हिंसात्मक बनाउने कल्पना कदापी सोचेको पनि थिएन। घट्नास्थलबाट बरामद भएका दशीका सामानहरू के कुन स्थानबाट बरामद भएका हुन मलाई थाहा छैन। म माथी शंकाको भरमा उजुरी लगाएका हुन साथै हाल चलिरहेको अधिकारको आन्दोलनलाई दबाउने हिसाबले म समेत उपर झुठा मुद्दा सृजना गरिएको हो। टीकापुर घट्ना बारदातमा मेरो कुनै संलग्नता नरहेको हुँदा मलाई अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी लक्ष्मण थारू चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९२. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका

थिए बाकीं व्यहोरा प्रहरी आफैले लेखी मलाई जबरजस्ती सहिछाप मात्र गराएका हुन। वारदात मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। म अपाङ्ग भएको कारण प्राय घर मै बस्ने गर्दछु। टीकापुर घट्ना भएको दिन म आफ्नै घरमा थिए। उक्त घट्नाको बारेमा मैले सोही दिनको नेपाल दर्पण समाचारबाट थाहा पाएको हु। म माथी झुठा आरोप लगाईएको छ। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। अनुसन्धानको क्रमा मेरो पोलियोग्राप गरिएको थियो त्यसमा मलाई सोधिएका प्रश्नहरूको यथार्थ जवाफ मैले दिएको थिए तर के कसरी सो रिपोर्ट परक पर्न गयो मलाई थाहा छैन। घट्नास्थलबाट बरामद भएका दशीका सामानहरू के कुन स्थानबाट बरामद भएका हुन मलाई थाहा छैन। म माथी किन झुठा आरोप लगाईयो मलाई थाहा छैन। म उक्त घट्नामा संलग्न थिईन। घट्नापूर्व गाउघरमा घट्नाको बारेमा योजना बनाएको सम्बन्धमा पनि मलाई केही थाहा छैन। वारदात घट्नामा मेरो कुनै संलग्नता नरहेको कारण मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी विश्राम चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९३. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप मेरो नै हो। वारदातस्थलबाट बरामद भएका दशीका सामानहरूमध्ये बन्चरो र चक्कु प्रतिवादी प्रदिप चौधरीको हातमा थियो। प्रतिवादी सुन्दरलाल कठरियालाई मैले घट्नास्थलमा देखेको हुँ। प्रतिवादी प्रदिप चौधरीले प्रहरीको हातबाट हतियार खोसी श्रवण चौधरीलाई दिई श्रवण चौधरीले हतियार लगी गएको देखेको हुँ। प्रतिवादी राजाराम चौधरीले वारदातस्थलमा प्रहरीलाई मार्दाको अवस्थामा मोबाईलमा रेकर्ड गरेको देखेको हुँ। त्यहाँ अन्य मानिसले पनि रेकर्ड गरिरहेको मैले देखेको हुँ। तिनीहरूको नाम थाहा छैन। प्रहरीलाई मारेपश्चात मलाई रेशमलाल चौधरी र नाम थाहा नभएका व्यक्तिहरूले काँधमा राख्दै 'बधाई छ भाई' भनी भनेका हुन। वारदातको समयमा काँडेतार बेरिएको लाठी प्रतिवादी श्रवण चौधरीले हातमा लिई एस.एस.पी.लाई हिर्काएको हो। उक्त लाठी हाल प्रहरीले बरामद समेत गरिल्याएको मध्येकै हो। हाल फरार रहेका प्रतिवादीहरूमध्ये टीकापुर-९ बस्ने फुलराम चौधरीलाई चिन्दछु। उक्त दिन निजको हातमा प्लेकार्ड थियो। अन्य फरार

प्रतिवादीहरूलाई म चिन्दिन। वारदातका समयमा प्रतिवादी प्रदिप चौधरी समेतले प्रहरी निरीक्षक समेतका ४ जना सुरक्षाकर्मीलाई भाग्दै गर्दा पछाडिबाट बन्चरो समेतले हानी ढालेका हुन। अन्य व्यक्तिहरूलाई म चिन्दिन। मैले नचिनेका व्यक्तिहरूले सुरक्षाकर्मीहरूलाई आगो समेत लगाएका हुन,सो मध्येका प्रतिवादी राजाराम चौधरीले पेट्रोल खन्याएका हुन। घट्नापूर्व चिलिम चौराहको गोल्डेन स्कुलमा मिटिङ्ग भएको थियो त्यहाँ के कुन योजना बन्यो मलाई थाहा भएन। प्रहरीबाट हतियार श्रवण चौधरी, प्रदिप चौधरी र रेशम चौधरीले लुटि लगेका हुन। संचार सेट लगेको देखिन। प्रतिवादी सुन्दरलाल र श्रवण चौधरीले यस अदालतमा बयान गर्दा वारदात घट्नामा मेरो कुनै संलग्नता छैन भनी गरेको बयान झुठा हो। निजहरूको समेत उक्त घट्ना वारदातमा संलग्नता रहेको छ। प्रतिवादीमध्येका भेषालाल चौधरी बाहेक सबैको उक्त घट्नामा संलग्नता रहेको छ। उक्त घट्नामा रमेश चौधरीको हातमा काँडेतार बेरिएको लाठी, नरेश चौधरीको हातमा लाठी र ढुंगा, प्रदिप चौधरीको हातमा चक्कु,लालु चौधरीको हातमा लाठी, श्रवण चौधरीको हातमा भाला, राजाराम चौधरीको हातमा लाठी, फूलराम चौधरीको हातमा लाठी र गोपालको हातमा समेत लाठी थियो। निजहरू सबैले सुरक्षाकर्मीहरूलाई कुटपीट गरेका हुन। प्रतिवादी फुलराम चौधरीले समेत सुरक्षाकर्मीलाई लाठीले कुटपिट गरेको हो। प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण चौधरीलाई मैले घट्नास्थलमा देखिन। निजहरूको संलग्नता छैन। वारदातमा प्रतिवादी रेशमलाल चौधरीको हातमा लाठी थियो। सोही लाठीले निजले सुरक्षाकर्मीलाई हिर्काएका हुन भन्ने बेहोराको **प्रतिवादी करन चौधरीले निजको बुवा सिताराम चौधरीको रोहबरमा सुरू अदालतमा गरेको बयान।**

१९४. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। प्रहरीले मलाई मेरो बुवा बाजेको नाम थार वतन मात्र सोधेका थिए बाँकी व्यहोरा प्रहरी आफैले लेखी मलाई जबरजस्ती सहिछाप मात्र गराएका हुन। वारदात मिति २०७२/५/७ गतेको दिन म मेरो स्कुलमा कोचिङको लागी गएको र दिउँसो म आफ्नो घरमा आएको हु। घर आई खाना खाई सकेपछि गाउकै मानिसहरूले टीकापुरमा कार्यक्रम छ जानु पर्छ भने पछि टीकापुर जाने भनी मोतीपुर

भन्ने स्थानमा पुग्दा टीकापुरबाट मानिसहरू भाग्दै आई रहेको देखि म टीकापुर तिर नगई तिनीहरूसंग नै आफ्नो घर आएको हु। वारदात घट्ना कहा भयो को कसको संलग्नता रहेको छ मलाई थाहा छैन। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरिं दिएको बयान झुठा हुन। के-कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। प्रहरीले मलाई मिति २०७२/०५/२५ गते पक्राउ गरे पश्चात सोधपुछ गर्दा मैले सो दिन नचिनेका व्यक्तिहरूले स्कुल नजिकै हतियार जस्तो सामान तोडफोड गर्दै गरेको देखेको व्यहोरा भनेको हु। तत्पश्चात नजिकै झाडीमा एस.एल.आर.को साइड कभर प्रहरीले फेला पारी बरामद गरेका हुन। घट्ना वारदातका मुख्य योजनाकार को हुन थाहा भंएन। म उपर के कति कारणले आरोप लगाए थाहा भएन। मेरो वारदातमा कुनै संलग्नता नरहेको हुँदा अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी श्रवण चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९५. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। व्यहोरा प्रहरी आफैले लेखी मलाई जबरजस्ती सहिछाप मात्र गराएका हुन्। मिति २०७२/५/७ गते म धनगढीको कार्यक्रममा थिए। म थरूहट संघर्ष समिति कैलालीको संयोजक भएकोले सो दिन म कैलालीमा भएको शान्तिपूर्ण न्याली गरी जिल्ला प्रशासन कार्यलयको अगाडि जादै गर्दा प्रहरीले रोक्दा हामी त्यही कोणसभा गरी २ जना वक्ताहरूलाई मात्र बोल्ने अवसर दिई कार्यक्रम चलाई रहेको अवस्थामा टीकापुरबाट कसैले फोन गरी घट्नाको बारेमा जानकारी गराएपछि हामीले कैलालीको कार्यक्रम छोटयाई केही बेर मै समापन गरेका हौ। साँझ रेडियोबाट समाचार सुनी घट्नाको बारेमा पूरूण जानकारी पाएको हुँ। मिति २०७२/०५/२४ गते प्रहरीले मलाई मेरै घरबाट पक्राउ गरी लगेका हुन। घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। को कसले उक्त घट्ना घटाए मलाई थाहा भएन। उक्त दिन म धनगढीमा भएकोले केही थाहा छैन। उक्त घट्नाका मुख्य योजनाकार को हुन त्यो पनि थाहा भएन। थारूवान थरूहटको केन्द्रिय कार्यक्रम बमोजिम सरकारी कार्यालयमा थारूवान थरूहट स्वायत्त प्रदेश लेखेकोबोर्ड टास्ने गरी शान्तिपूरूण आन्दोलन गर्ने हाम्रो निर्णय बमोजिम टीकापुरमा ७ गतेकै

दिन कार्यक्रम राखिएको रहेछ। सो कुरा मैले घट्ना घटी सकेपछि मात्र थाहा पाएको हुँ। उक्त घट्ना घटाउन मैले वचन दिएको कुरा निराधार एवं झुठा हो। म हिंशात्मक गतिबिधीको बिरोध गर्ने मानिस हो। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरू देखाउदा देखे। यी सामानहरू के कहाबाट बरामद भएका हुन मलाई थाहा छैन। म थरूहट थारूवान संघर्ष समितीको जिल्ला संयोजक भएका कारण शंकाको भरमा मलाई झुठा आरोप लगाएका हुन। मेरो वारदात घट्नामा कुनै संलग्नता नरहेको हुँदा अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी लाहुराम चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९६. मैले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा लेखाएको व्यहोरा र सहिछाप प्रहरीले व्यहोरा नसुनाई निर्घातरूपमा कुटपीट गरी जबरजस्ती सहिछाप गर्न लगाएको हो। उक्त व्यहोरा मेरो होईन। व्यहोरा प्रहरी आफैले लेखी मलाई जबरजस्ती सहिछाप मात्र गराएका हुन। मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। उक्त दिन बिहान घरको काम गरी दिउँसो गाउघरकै स-साना केटा केटीहरूलाई ट्यूसन पढाई घर मै बसेको थिए। पछि गाउकै पसलमा जादा गाउकै बन्सीराम खुसिराम चौधरी समेत बसी टीकापुर घट्नाको बारेमा कुरा गरी रहेका सुनी टीकापुर घट्नाको बारेमा जानकारी पएको हु। प्रस्तुत रदात घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। घट्ना वारदातमा को कसको संलग्नता रहेको छ त्यो पनि थाहा छैन। हाल मसंगै प्रहरी हिरासतमा रहेका प्रतिवादी करन चौधरीले मैले सुरक्षाकर्मीहरूबाट एस.एल.आर.हतियार खोसी लगेको हुन भनी मौकामा गरि दिएको बयान व्यहोरा झुठा हो। निजलाई हाम्रो गाउघरमा दिमाग खुस्केको मानिस भनी भन्ने गरेका छन। निजले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के-कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। निजसंग मेरो कुनै रिसईबी छैन, किन झुठा बयान गरी मेरो पोल गरे थाहा भएन। हाल समंगै प्रहरी हिरासतमा रहेका प्रतिवादीहरूको घट्नामा संलग्नता रहे नरहेको सम्बन्धमा पनि मलाई थाहा छैन। अनुसन्धानको क्रममा

झिकाईएको CALL details मेरो होईन। सो मा भएको मोबाईल नं. र नाम ठेगाना समेत फरक रहहेको छ। वारदात घट्नाबाट बरामदी दशीका सामान के कहाबाट बरामद भए थाहा भएन। प्रतिवादी करन चौधरीले वारदातमा मेरो हातमा चक्कु र बन्चरो देखेको भनी गरेको बयान झुठा हो। मलाई के कारणले झुठा आरोप लगाईयो थाहा भएन। तर मैले घट्ना वारदातमा कुनै संलग्नता नरहेकोले मैले अभियोग दाबी बमोजिम सजाय पाउनु पर्ने होईन सफाई पाउनु पर्छ भन्ने बेहोराको **प्रतिवादी प्रदिप चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९७. मैले अनुसन्धान अधिकबारी समक्ष गरेको बयान व्यहोरा र सहिछाप मेरो नै हो। वारदात मिति २०७२/५/७ गते म आफ्नै गाउको भलमान्सेको घरमा छिमेकीको झगडा मिलाउन गएको र साझ ५ बजे मात्र त्यहाबाट फर्की आफ्नो घर आएको थिए। वारदात घट्ना के कसरी भयो को कसको संलग्नता रहेको छ, सो विषयमा मलाई केही थाहा छैन। टीकापुर घट्नाको बारेमा मैले २०७२/०५/०८ गते बिहान रेडियोबाट समाचार सुनी थाहा पाएको हु। घट्नास्थल टीकापुर पशुहाट बजार देखि मेरो घर मोटरसाईकलमा बरिब १ घण्टाको समय लाग्ने दुरीमा रहेको छ। हाल म संगै हिरासतमा रहेका प्रतिवादीहरूले घट्नामा मेरो समेत संलग्नता रहेको भनी गरि दिएको बयान झुठा हुन। के-कती कारणले मलाई पोल गरेका हुन थाहा छैन। तर मेरो कुनै संलग्नता रहेको छैन। घट्नास्थलबाट बरामद भएका सामानहरू देखाउदा देखें। यी सामानहरू के कहाबाट बरामद भएका हुन मलाई थाहा छैन। के कती कारणले ममाथी झुठा आरोप लगाईयो मलाई थाहा भएन तर मैले अभियोग दाबी बमोजिम कसुर गरेको नहुँदा मलाई सजाय हुनु पर्ने होईन भन्नेसमेत बेहोराको **प्रतिवादी नुरूल अली जागा भन्ने तहबर अली जागाले सुरू अदालतमा गरेको बयान।**

१९८. मिति २०७२/५/७ गते म आफ्नै गाउमा रहेको मेरो आफ्नै केराबारी तथा नर्सरीमा काम गरी रहेको थिए। को को प्रतिवादी भई घट्ना घटाएका हुन थाहा भएन। मैले नेपाल तथा ईजरायल समेत गई केरा खेतीको लागी तालिम गरी केरा खेती गर्दै आएको छु। म एक्लो मान्छे भएको कारण मलाई आफ्नो केराबारी छोडी अन्त जान फुर्सद पनि हुँदैन। घट्नाको सम्बन्धमा मलाई केही थाहा छैन। घट्नाको सम्बन्धमा सोही दिन साझ टेलिभिजनमा समाचार सुनी थाहा पाएको हु। प्रतिवादी

श्रवण चौधरी र प्रदिप चौधरीले अनुसन्धानमा मेरो समेत संलग्नता रहेको भनी किन बयान गरी दिए थाहा भएन। निजहरूलाई म चिन्दिन। म थारूवान थरूहट संघर्ष समितिको कुनै पदमा बसेको छैन, मलाई राजनीतिमा कुनै चासो पनि छैन। मलाई मिति २०७२/१२/२३ गते प्रहरीले पक्राउ गरेका हुन। मैले वारदातको दिन कुनै पनि प्रतिवादीलाई भेटघाट गरेको छैन। साथै उक्त दिन कुनै पनि प्रतिवादीसंग फोन सम्पर्क पनि भएको छैन। घट्नाबाट बरामद भएका सामानहरू को कसबाट बरामद भए मलाई थाहा छैन। मैले अभियोग दाबी बमोजिम कुनै कसुर गरेको नहुँदा सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी बिसराम कुस्मी चौधरीले सुरू अदालतमा गरेको बयान।**

१९९. मिति २०७२/५/७ गते मैले कुनै कसैलाई कर्तव्य गरी मारेको छैन। सोही मिति २०७२/५/७ गते गाउँकै भलमन्सा ईश्वरी प्रसाद चौधरीले गाउका सबै मानिसहरूलाई पहिला थापापुर गाविस.को कार्यालयमा गएर थरूहट स्वायत्त प्रदेश लेख्नु पर्छ। त्यसपछि सबै जना आन्दोलन गर्न टीकापुर जानुपर्छ नजाने व्यक्तिलाई जरिवाना समेत गरीने साथै गाउँ निकाला गरिने भनी खबर गरेकाले हामी गाउँका तिन चार सय जना भेला भई थापापुर गाविस.मा गई त्यहाँ थरूहट स्वायत्त प्रदेशको बोर्ड लेख्यौं। त्यसपछि त्यहाँबाट हातमा लाठी मुङ्ग्रो बोकी टीकापुर जाने क्रममा जोशीपुरको करमण्डी भन्ने ठाउमा पुगेपछि मेरो साईकलको रिङ भाँचिएपछि त्यहाबाट म घर फर्की गई घरबाट मोटरसाईकल ल्याई टीकापुर जाने बेला टीकापुरको मोतिपुर भन्ने ठाउँमा बसी रक्सी खाई रहेको अवस्थामा टीकापुरमा गोली चलेको आवाज सुनी त्यही स्थानबाट घर फर्की आएको हुँ। म पहिले ने.क.पा. माओवादीको सेना भएको कारण मेरो नाउँमा झुठा मुद्दा दिएका हुन्। म सो दिन घट्नास्थलमा पुग्न नपाउँदै घट्ना भएका कारण घर फर्केको हुँ। आन्दोलनमा नजानेलाई जरिवाना गरी गाउँ निकाला गर्ने भनी थारू नेताहरूले धम्की दिएका हुँदा बाध्य भएर आन्दोलनमा जाने भनी गएको हुँ। टीकापुर घट्नामा ८ जना सुरक्षाकर्मी र एक जना नाबालिगको मृत्यु भएको कुरा सो को भोलिपल्ट रेडियोबाट सुनी थाहा पाएको हुँ। म थापापुर गाविस.वडा नं.७ नवलपुर गाउँको थारूवान थरूहट संघर्ष समिति संयोजक थिएँ। म घट्नास्थलमा नगएको कारण मलाई सजाय हुनुपर्ने होईन। दोषी को हो कसको कमान्डमा घट्ना घट्न गएको हो यकिन गरी

कारवाही हुनुपर्दछ भन्ने बेहोराको **प्रतिवादी बिद्रोह भन्ने सिताराम चौधरीले सुरू अदालतमा गरेको बयान।**

२००. मिति २०७२/५/७ गते मलाई थरूहट थारूवान संघर्ष समिती क्षेत्र नं.३ का संयोजक रामचन्द्र चौधरीले आज तपाई टीकापुरमा हुने आन्दोलनमा जानु पर्दछ। त्यहा वालपेन्टिङ समेत गर्नु पर्ने हो पोलिस समेत किनेर ल्याउनु होला भनी खबर गरेकाले म साईकल चढी जोशीपुर बजार गई पोलिस किनी जोशीपुरको झवहीस्थित रामजानकी मन्दिरको पर्खालमा थरूहट संयुक्त राज्य परिषद जिन्दावाद भन्ने लेखी वालपेन्टिङ गरि रहेको अवस्थामा त्यहीबाट धेरै मानिसहरू हातहातमा लाठी भाटा बोकी टीकापुरतर्फ गई रहेको देखि तपाईहरू किन लाठी बोकेर जानु भएको हाम्रो आन्दोलन त शान्तिपुर्ण तरिकाले गर्ने भनिएको छ भनी भनेको थिए। मैले भनेपनि मानिसहरू लाठी भाटाहरू बोकी टीकापुर गईसकेपछि म पनि काम सकाएर आन्दोलनमा जाने सोच बनाई काम गरिरहेको अवस्थामा करिब २ बजेको समयमा मानिसहरू टीकापुरबाट चिच्याउँदै, हल्ला गरी घरतर्फ फर्की रहेको देखि किन फर्किनु भयो भनी सोध्दा टिकापरमा घट्ना भयो भनी भनेका थिए पछि रेडियोहरूबाट आन्दोलनकारीहरूबाट टीकापुरमा २/४ जना प्रहरीको हत्या भयो भन्ने समाचार सुनी घट्नाको बारे थाहा पाएको हुँ। घट्नामा को को व्यक्तिको संलग्नता थियो मलाई थाहा भएन। म पनि आन्दोलनमा जानेवाला थिए तर काम गर्दा गर्दै ढिला भएका कारण जान पाएन। म घट्नास्थल नपुगी जोशीपुरबाट फिर्ता भएको हु। म थारूवान थरूहट संघर्ष समिती क्षेत्र नं.३ को सह-सचिव पदमा कार्यरत रहेको छु। हामीले मिति २०७२/५/७ गते जोशीपुर गाविस झवहीमा शान्तिपूर्ण आन्दोलनको लागी भेला हुने भन्ने निर्णय गरेका थियौ। टीकापुरका साथीहरूले टीकापुरमा रहेका सरकारी कार्यालयहरूमा थरूहट स्वायत्त प्रदेश लेख्ने निर्णय भएको छ तपाईहरू टीकापुर आउनुहोस भनी भनेपछि हामीले हाम्रो सम्पर्कमा भएका मानिसहरूलाई टीकापुर जाने जानकारी गराएका थियौ। मलाई वालपेन्टिङको जिम्मा दिएको हुँदा टीकापुर पुग्न सकिन। प्रतिवादी प्रदिप चौधरी र श्रवण चौधरीले टीकापुर घट्नामा मेरो समेत संलग्नता रहेको भनी अनुसन्धानमा गरेको बयान झुठा हो। निजहरूलाई म चिन्दिन। मिति २०७२/११/२७ गते प्रहरीले मलाई मेरै पसलबाट पक्राउ गरेका हुन। वारदात घट्नास्थलमा मेरो संलग्नता नरहेको कारण मलाई

अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी चुन्निराम चौधरीले सुरू अदालतमा गरेको बयान।**

२०१. कैलालीको टीकापुरमा घट्ना हुनुपूर्व अखण्ड सुदुरपश्चिम र थरूहट प्रदेशको विषयलाई लिएर आन्दोलन चली रहेको अवस्थामा सो आन्दोलनको सम्बन्धमा छलफल विचार विमर्श गर्नको लागी २०७२/४/३० गते जिल्ला प्रशासन कार्यालय कैलालीमा सर्वदलिय बैठक बसेको थियो। उक्त बैठकको मुख्य उद्देश्य आन्दोलन नगर्ने सबै नेताहरूले आ-आफ्नो कार्यकर्तालाई सम्झाउने भन्ने भएको थियो। मिति २०७२/४/२५ गते अमरेश कुमार सिँह, राजेन्द्र महतो, उपेन्द्र यादव र सुरेन्द्र चौधरी लगायतका नेताहरू आई टीकापुरमा सम्पन्न गरेको आमसभाले पहाडी समुदाय र थारूहरू बिचमा सद्भाव कायम गर्नुको सट्टा विभाजनको रेखा कोरेजस्तो बनाएको थियो। मिति २०७२/५/६ गते टीकापुरमा सर्वदलीय बैठक बसी भदौ ७ गते टीकापुरमा रहेका सरकारी कार्यालयहरूमा बोर्ड ब्यानर टास्ने कार्यक्रम रहेको भनी मलाई जानकारी भएकोले समाजमा शान्ति नखलबलियोस भन्ने उद्देश्येले त्यहाका एस.एस.पी. साबलाई भोली हाम्रो कार्यक्रम रहेको छ भनी जानकारी गराएको थिएँ। मिति २०७२/५/७ गते पनि शान्ति नबिग्रियोस भनी मधेशी दल भनीएका स्थानीय नेताहरूलाई पनि शान्तिपूर्ण हिसाबले कार्यक्रम गर्नु होला भनी सम्झाएको थिएँ। मिति २०७२/५/७ गते म दुर्गौली भन्ने स्थानमा आएँ। त्यँहाका स्थानीय नेताहरूलाई तोडफोड नगरौं, शान्तिपूर्ण तरिकाले माग राखु नै सबैभन्दा उत्तम उपाय हो भनी सम्झाउन लागेको थिएँ। उता मुनुवा गाविस अन्तर्गतको चिलिम चौराहामा भिड जम्मा हुदै थियो भन्ने कुरा थाहा पाई सो कुरा एस.एस.पी.लक्ष्मण न्यौपानेलाई पनि जानकारी गराएको थिएँ। त्यसपछि त्यहाँका कार्यकर्ताहरूले आ-आफ्नो तर्क दिन थाले पछि उनीहरूसंग कुराकानी नमिल्ला जस्तो भएपछि स्थानीय नेताहरूले आ-आफ्नो नेताहरूलाई सम्पर्क गरी त्यहाबाट उठेर गए। म चाँही मेरो बर्दियामा काम भएको कारण बर्दियाको गुलरियातिर हिडे। म दुर्गौलीबाट लगभग ११ बजेतिर हिडेको हुँ। म ठाकुरद्धारा पुग्न लाग्दा मोबाईलमा फोन आई टीकापुरमा त भिडन्त भयो भन्दा सानोतिनो झडप भयो होला भनी वास्ता गरिन त्यसपछि ओराली बजारमा पुगी गाडी रोकी चिसो कोक खान लाग्दा त्यहाँ टि.भि.मा टीकापुरमा द्धन्द भई २८/३० जना बेपत्ता भए भन्ने समाचार सुनेपछि म

गुलरियाको ग्रिल पसलमा जादा त्यहाँका पसलेले तपाईलाई त प्रहरीले खोजी राखेको छ के हो भनी भने पछि म त्यहाँ गोप्य स्थानमा सुरक्षितसाथ बसेको हुँ। टीकापुर घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। मैले कसैलाई निर्देशन गरेको पनि छैन। मैले कुनै योजना पनि बनाएको छैन। म प्रति लगाएको आरोप झुठा हो।

२०२. म माथि झुठा आरोप लाग्नुको कारण म समाजमा केही गरौं समाजको विकास गरौं भनी टीकापुर खक्रौला रोडको अगुवाई, बाडी पीडितलाई आफ्नै तर्फबाट राहत वितरण, स्व. खडक बहादुरको सालिक निर्माण जस्तो लोकप्रिय कार्य गरेको र टीकापुरमा महोत्सव गराउने र मेरो भाषण सुन्न जनता आतुर हुने भएकोले तत्कालिन आन्दोलनको जस लिने, आफ्नो पक्षमा पनि विभिन्न राजनैतिक दलका व्यक्तिहरूको आकांक्षाको आधारमा म थारू जातीको हक अधिकारमा लाग्ने सामाजिक अभिप्राय लिई काम गर्ने व्यक्ति भएकाले फसाउने उद्देश्यले मलाई झुठा आरोप लगाएका हुन। टीकापुर घट्ना भएपछि प्रहरीले मलाई खोजी रहेको छ भन्ने जानकारी पाएपछि सामाजिक सदभाव नबिग्रियोस भन्ने उद्देश्यले म यही मंसिर महिनामा भएको चुनावमा पनि लडें जनताले मलाई प्रतिनिधिसभामा विजय पनि गराए। यदी मेरो लोकप्रियता नभएको भए जनताले मलाई भोट दिदैनन् थिए होला। यो राजनीतिक लडाई हो एकदिन त समाजमा मन्थन होला भन्ने लागी म आफ्नै जनताको घरदैलोमा बसेको थिएँ। प्रस्तुत मुद्दामा म सरहैको प्रतिवादी प्रदिप चौधरी, श्रवण चौधरी लगायतका प्रतिवादीहरूले मलाई घट्नामा संलग्न रहेको, घट्नाको योजना बनाई निर्देशन दिएको भनी गरि दिएको बयान झुठा हो। उनीहरूले के कुन दबाबमा मेरो नाम लेखाउन पुगे मलाई थाहा भएन। प्रदिप चौधरी र चमन चौधरीसंगको Call details को सम्बन्धमा मैले तिनीहरूलाई सम्झाउन भेटेर कुराकानी गरौं भनी सम्पर्क गरेको हुँ। जाहेरवालालाई म चिन्दा पनि चिन्दिन। उहाँको परिवारको सदस्यले सहादत प्राप्त गर्नु भएकोले जाहेरी दिएको हुन सक्छन।

२०३. मौकामा कागज गर्ने मान बहादुर बुढा लगायतका व्यक्तिहरूले आन्दोलनको नेतृत्व मैले गरेको भनी गरेको कागज झुठा हो। निजहरूलाई म चिन्दिन। टीकापुरमा घट्ना हुँदाका बखत म टीकापुरमा नभएकोले कसरी योजना बनाई निर्देशन दिन सक्छु। थरूहट संघर्ष समिति क्षेत्र नं.१ को संयोजक सुरूमा मलाई बनाईएको हो तर पछि नेताहरू आ-आफ्नो तरिकाले चल्न थालेपछि मैले विभिन्न मिडियाकर्मीहरूलाई समेत

बोलाई संयोजक नरहेको जानकारी समेत गराई सकेको छु। मिति २०७२/५/२ गते मेरो जेठानको मृत्यु भएकोले म काठमाण्डौं गएको थिए। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको परामर्शमा जिल्ला प्रशासन कार्यालय कैलालीमा २०७२/५/५ गते बेलुकी आएको हुँ। भदौ ६ गते जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सर्वदलीय बैठकमा बसेको हुँ। सोही दिन बेलुकी टीकापुरको उग्रतारा सशस्त्र गण भित्रको सर्वदलीय बैठकमा पनि उपस्थित भएको छु। म कुनै घट्नाको योजनाकार र निर्देशक पनि होईन। म प्रति लगाईएको सम्पुर्ण आरोपहरू झुठा हुन भन्ने समेत बेहोराको **प्रतिवादी रेशमलाल चौधरीले सुरू अदालतमा गरेको बयान।**

२०४. म उक्त घटनामा संलग्न छैन। मेरो उपर किन किटानी जाहेरी दिए र अन्य प्रतिवादीहरूले किन मेरो नाम उल्लेख गरे मलाइ थाहा छैन। मिति २०७२/५/७ गते घटना घटेको ठाउँमा म गएको छैन। म आफ्नो खेतवारीमा काम गरिरहेको थिएँ। प्रतिवादी श्रवण चौधरी र प्रदिप चौधरीले म पनि घटनास्थलमा थिएँ भनी किन पोल गरे मलाई थाहा छैन। तसर्थ अभियोग दाबीबाट सफाइ पाउँ भन्ने **प्रतिवादी गंगाराम डगौरा चौधरीले सुरू अदालतमा गरेको बयान।**

**कैलाली जिल्ला अदालतको आदेश**

२०५. मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, अन्य सह-अभियुक्तहरूको बयान कागज, बुझिएका मानिसहरूको कागज व्यहोरा, वस्तुस्थिति मुचुल्का तथा पोलिग्राफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका आधार, कारण र प्रमाणबाट पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादीहरू राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी समेत २२ जनाको हकमा मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागी कानुन बमोजिम थुनामा रख्न नियमानुसार सुविधा पाउने गरी थुनुवा पुर्जि दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु र प्रतिवादी श्रवण चौधरी र करन चौधरी १६ वर्ष मुनिका २ जना नाबालिग देखिँदा, निजहरूको हकमा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (१) र (२) को दाबी समेत

देखिँदा बालसुधार गृह सराङ्गकोट पोखरामा पठाउनु भन्ने **सुरू कैलाली जिल्ला अदालतको मिति २०७२।०६।२४ गते भएको थुनछेक आदेश।**

२०६. मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, अन्य सह-अभियुक्तहरूको बयान कागज, बुझिएका मानिसहरूको कागज व्यहोरा, वस्तुस्थिति मुचुल्का तथा पोलिग्रफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका हृदय विदारक तथ्य, आधार, कारण र प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ (ख) ले प्रमाणमा लिन मिल्ने नै देखिएकाले थप प्रमाणहरू बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी रेशमलाल चौधरीलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागि कानुन बमोजिम थुनामा राख्न नियमानुसार सुविधा पाउने गरी थुनुवा पुर्जी दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु भन्ने **सुरू कैलाली जिल्ला अदालतको मिति २०७४/११/१४ गतेको थुनछेक आदेश।**

२०७. मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जांच मुचुल्का, शव परिक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकको फोटो, बरामदी मुचुल्का, प्रतिवादीहरूको बयान कागज, बुझिएका मानिसहरूको कागज व्यहोरा, वस्तुस्थिति मुचुल्का तथा पोलिग्रफ परिक्षण प्रतिवेदन, कलडिटेल्स प्रतिवेदन, B.T.S. प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट मिति २०७२/५/७ गते दिउँसो प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने, प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव बोहरा, प्र.ह. श्याम बहादुर खडका, प्र.ज. लोकेन्द्र बहादुर चन्द, स.प्र.ब.ह. ललित साउंद, सहायक हवल्दार राम विहारी चौधरी, प्र.ज. जनक नेगी समेतका ८ जना सुरक्षाकर्मीलाई र एक जना डेढ वर्षीय बालकलाई कर्तव्य गरी मारेको भन्ने देखिन्छ। तसर्थ, यसै मुद्दाका अन्य प्रतिवादीहरू समेत थुनछेक प्रयोजनार्थ पुर्पक्षका लागि थुनामा रहेको देखिँदा र यी प्रतिवादीलाई सह अभियुक्तहरू श्रवण चौधरी र प्रदिप चौधरीले म पनि घटनास्थलमा थिएँ भनी किटानी पोल गरेको देखिँदा यी प्रतिवादी गंगाराम डगौरा चौधरीलाई समेत सोहि आधार र कारणबाट थप प्रमाणहरू बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादीलाई मुलुकी ऐन अ.बं. ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागी कानुन बमोजिम थुनामा राख्न नियमानुसार

सुविधा पाउने गरी थुनुवा पुर्जि दिइ जिल्ला कारागार कार्यालय कैलाली, धनगढीमा पठाईदिनु भन्ने **मिति २०७५/८/२७ गतेको सुरू कैलाली जिल्ला अदालतको थुनछेक आदेश।**

**<u>वादी र प्रतिवादीका साक्षीहरूको बकपत्रः</u>**

२०८. मिति २०७२/५/७ गते म प्र.ना.नि. लोकसिँह भाटको नेतृत्वमा टीकापुर सुरक्षाको लागि खटिई गएको थिएँ। उक्त वारदात मितिका दिन करिब १२ बजेसम्म म ई.प्र.का. टीकापुरमा थिए। घट्नास्थलमा ढुङ्गा मुढा प्रहार भई थप सुरक्षाको आवश्यकता परेको जानकारी आयो। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको टोली घट्नास्थलतर्फ गएको हो। फेरी पनि थप सुरक्षाको माग भएको हुँदा म प्र.ना.नि.लोकसिँह भाटको टोलीमा खटिई घट्नास्थल गएको थिए। म समेत घट्नास्थलमा पुग्दा आन्दोलनकारीहरू अनियन्त्रित अवस्थामा थिए। हातहातमा बोतल भाला गुलेलीको साथ रहेका आन्दोलनकारीहरूले हामीलाई चारैतिरबाट घेर्दा हाम्रो टोली पछाडि हटयो। आन्दोलनकारीहरूले मलाई बायाँ खुट्टामा बाँसको लठ्ठिले गुलेलिले बियरको खाली बोतलले टाउकोमा हान्दा म बेहोस भएपछि सशस्त्रको गाडीमा हाली मलाई अस्पताल पुऱ्याएका हुन। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको मृत्यु भईसकेको कुरा प्रहरी निरीक्षक केशव बोहराले भनी थाहा पाएको हुँ र म पछि अस्पतालमा हुँदा प्रहरी निरीक्षक केशव बोहराको समेत मृत्यु भएको कुरा सुनेर थाहा पाएको हुँ। मलाई आन्दोलनकारीहरूले नै प्रहार गरी घाईते बनाएका हुन। को कुन व्यक्तिले हानेका हुन थाहा भएन। आन्दोलनकारीहरू १५-२० हजारको हाराहारीमा थिए। प्रतिवादी रेशमलाल चौधरीलाई मिति २०७२/५/६ गते टीकापुर सशस्त्र गणमा छलफलको क्रममा देखेर चिनेको हुँ। मृतकहरूलाई कसले कस्लाई मारेको हो थाहा भएन भन्ने बेहोराको मौकामा बुझिएका **घाईते केशव सिँह महराले गरेको बकपत्र।**

२०९. मिति २०७२/५/७ गते प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतको टोलीमा टीकापुर सुरक्षाको लागी म समेत खटी गएको हुँ ५ गते देखि म त्यही थिएँ। उक्त वारदात मितिका दिन १२ बजे सम्म ई.प्र.का. टीकापुरमा थिए पछि घट्ना हुनु भन्दा अगाडि थप सुरक्षाको लागी प्रहरी निरीक्षक बलराम विष्टको नेतृत्वमा टोली

खटिई गएकोमा पुनः थप सुरक्षाको लागी माग भएको हुँदा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको टोलीसंग म पनि उक्त घट्नास्थलमा गएको हुँ। म समेत लक्ष्मण न्यौपानेको टोली घट्नास्थलमा पुग्दा त्यहा आन्दोलनकारीहरू अनियन्त्रित अवस्थामा थिए। आन्दोलनकारीहरूलाई सम्झाउन लक्ष्मण न्यौपाने आफै जाँदा आन्दोलनकारीहरूले चारैतिरबाट घेरी सकेका थिए। भिड नियन्त्रण गर्न अश्रुग्याँस फ्याँक्दा पनि भिड नियन्त्रण हुन नसकेपछि हामी पछाडि निस्कन लाग्दा म समेत अन्य सुरक्षाकर्मी पहिले नै घाईते भई अस्पताल लगेका हुन। मैले अस्पतालमा नै लक्ष्मण न्यौपाने समेतको मृत्यु भईसकेको कुरा सुनी थाहा पाएको हु। मलाई खुट्टामा लाठ्ठीले हानेका हुन, टाउकोमा ईटा वा ढुङ्गा के ले हानेका हुन थाहा भएन। चोट लागेर बेहोस भएको थिए। मलाई सुरूमा लाठिले हान्ने मानिस ५०-६० वर्षका थिए नाम ठेगाना थाहा भएन। लक्ष्मण न्यौपानेलाई आन्दोलनकारीहरूले मारेको प्रत्यक्ष देखिन कसले मारेका हुन थाहा भएन। प्रतिवादी लक्ष्मण थारूलाई टि.भी.मा देखेर चिनेको र रेशमलाल चौधरीलाई घट्ना हुनुभन्दा १ दिन अगाडि सशस्त्र गणमा देखेर चिनेको हुँ। उक्त वारदातको दिन प्रतिवादी रेशमलाल चौधरीलाई पशु हाटबजार निजकै गाडीमा देखेको हुँ भन्ने बेहोराको मौकामा बुझिएका **घाईते दिपराज थापाको बकपत्र।**

२१०. मिति २०७२/५/७ गते म ड्युटीमा टीकापुरमा थिए। उक्त दिन थरूहटको आन्दोलन थियो। वारदातको दिन म लगायत ५ जना सख्त घाईते भएका थियौं, जसमध्ये १ जनाको मृत्यु भएको थियो। आन्दोलनकारीहरूले घरेलु हातहतियार भाला, गुलेली, बियरका बोतल फुटाएर सिसा बनाएका देखेको हुँ। मलाई ढुङ्गा ईटाले प्रहार गरी घाईते बनाएका हुन। मलाई घाईते बनाएपछि बेहोस भएको र आन्दोलनकारीहरूले मृत्यु भईसक्यो भनी छोडेर गएपछि प्रहरीसाथीहरू आई अस्पताल लगी उपचार भएको हो। मैले प्रहरीमा गरेको कागजको व्यहोरा र सहिछाप मेरो नै हो। हामी अस्पतालमा उपचार गराई रहेको अवस्थामा अनुसन्धानका प्रहरीले प्रतिवादीहरूको फोटो देखाउदा चिनी प्रतिवादीहरूको नाम लेखाई दिएको हु। मलाई कुन प्रतिवादीले घाईते बनाएका हुन् नाम थाहा छैन। मृतकलाई पनि कसले प्रहार गरी मारेका हुन् थाहा भएन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **घाइते रामचन्द्र जोशीले गरेको बकपत्र।**

२११. वारदात मिति २०७२/५/७ गते म आफ्नो घर बेलौरीमा थिएँ। मृतक प्र.नि.केशव बोहरा मेरो सहोदर दाजु हुन। उक्त दिन मेरो दाजु केशव बोहरा प्रहरी भएकोले सुरक्षार्थ टीकापुर आउने जाने क्रम २/३ दिन अगावै चलिरहेको थियो। घट्नाको पछिल्लो दिन मेरो दाजु केशव बोहराको शव घरमा ल्याएपछि देखेको हुँ। मृतकको शरिरको खुट्टामा भाला जस्तो धारिलो हतियारले वारपार छेडिएको घाँउ थियो। टाउकोको पछाडि भागमा थिलथिलो हुने गरी चोट लागेको र पिठ्यूमा धारिलो हतियारको चोट तथा लट्ठीको निलडाम रहेको थियो। मृतक मेरो दाजु केशव बोहराले वारदातको दिन बिहान ९ बजेतिर आमा र मलाई फोन गरी आन्दोलन शान्तिपूर्ण तरिकाको हुने भएकाले कुनै चिन्ता नलिनु भनी भन्नु भएको थियो। प्रतिवादीहरूसित मेरो प्रत्यक्ष चिनजान रहेको छैन। मिडीयामा नाम सुनेर र फोटो देखेर चिनेको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **महेश बोहराले गरेको बकपत्र।**

२१२. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिएँ। टीकापुर घट्नामा आन्दोलनकारीहरूले भाला, खुकुरी, गुलेली लगायत हतियार प्रयोग गरी क्रुरतापूर्वक एवं अमानवीय ढंगले निजहरूको हत्या गरिएको थियो। वारदातको दिन मेरो दाजु बलराम विष्ट सुरक्षार्थ जानु भएको थियो। उहाँलाई मैले वारदातको भोलिपल्ट शव घरमा आएपछि देखेको हुँ। निजको शरिरको विभिन्न भागहरू देब्रे आँखामा रडले हानी आखा फुटेको, टाउकोमा भाला रोपिएको, देब्रे कोखिबाट अर्को कोखिसम्म भालाले छेडिएको, पेटमा पनि एक छेउबाट अर्को छेउसम्म भाला रोपिएको अवस्थामा लाश देखेको हुँ। प्रतिवादीहरूको नाम मैले स्थानीयहरूसंग सोधेर र संचार माध्यमहरूबाट सुनेर थाहा पाएको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **भरत बहादुर विष्टले गरेको बकपत्र।**

२१३. मेरो श्रीमान केशव बोहराको मृत्यु मिति २०७२/५/७ गते टीकापुरको पशुहाट बजारमा भएको हो। मेरो श्रीमान ड्युटीमा रहेका बेला भिड नियन्त्रण गर्ने क्रममा हतियारधारी समूहले प्रहार गरी हत्या गरेका हुन। थरूहट आन्दोलनको नेतृत्व गर्ने प्रतिवादी रेशमलाल चौधरी, लाहुराम चौधरी, लक्ष्मण चौधरी, धनीराम चौधरी समेतको संलग्नतामा मेरो श्रीमानको हत्या भएको हो। मेरो श्रीमानको टाउको पछाडि धारिलो

हतियारले काटिएको, हातका औंलाहरू काटिएका, पिठ्यूमा ठाउठाउमा भालाहरू रोपिएका थिए। यिनै प्रतिवादीहरूले सामुहिकरूपमा मेरो श्रीमानको हत्या गरेका हुन भन्नेसमेत बेहोराको **जाहेरवाला शारदा कडायतले गरेको बकपत्र।**

२१४. मिति २०७२/५/७ गतेको आन्दोलनमा मानिसहरूले घरेलु हातहतियार बोकेका थिए। आन्दोलनमा हत्या भएका एसएसपी लक्ष्मण न्यौपाने समेतका ९ जनाको हत्या गर्नमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू, प्रेम चौधरी, फिरूलाल चौधरी, राम कुमार कठरिया, विश्राम चौधरी समेतको संलग्नता रहेको थियो। उक्त आन्दोलनमा म समेत घाईते भएको थिएँ। प्रतिवादीहरूलाई उक्त आन्दोलनको दिन आन्दोलनमा देखेको हुनाले चिनेको हुँ। तिनीहरूले हातमा गुलेली ढुङ्गा भाला ईट्टा समेतका चिजवस्तु लिएर आएका देखेको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने **रविन्द्र धनुषेले गरेको बकपत्र।**

२१५. मेरो नाती नावालिग टेक बहादुर साउदको मृत्यु गोली लागेर मिति २०७२/५/७ गते मेरो आफ्नै घरको वरण्डा टीकापुरमा भएको हो। मैले पछि बुझ्दा गोली प्रतिवादी गणेश चौधरीले हानेको भन्ने सुनेको हु। मेरो छोरा नेत्र साउद पनि प्रहरी भएकोले टीकापुर घट्ना भएको ठाउ र मेरो घर नजिकै रहेको कारण मृतक प्रहरीहरूको लाश र घाईते प्रहरी मेरो घरको वरीपरी रहेकोले मेरो छोराले घाईते साथीहरू अस्पताल पठाउने र एक जना घाईते प्रहरीलाई घरमा लिई पानी खुवाई अस्पताल पठाएको प्रतिवादीहरूले देखि प्रहरीलाई सहयोग गर्यो भन्ने रिसले ७/८ राउण्ड गोली प्रहार गरेका हुन। गोली छोरालाई नलागी मेरो नातिलाई लागेको हो। उक्त घट्नामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू, रामजनम चौधरी, धनिराम चौधरी समेतको संलग्नता रहेको छ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **जंग बहादुर साउदले गरेको बकपत्र।**

२१६. वारदातको दिन म टीकापुरमा भएको घट्नास्थलमा नै थिए। घट्नास्थल वरपर करिब ३/४ हजारको संख्यामा मानिसहरू भाला, खुडा, गुलेली लगायतका हतियार लिई उपस्थित भएका थिए। सुरक्षाकर्मी ५५/६० जना जती थियौं। एसएसपी लक्ष्मण न्यौपाने सहित ८ जनाको हत्या प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा भएको सुनेको हुँ। मलाई पनि घट्नामा प्रतिवादीहरूले घाईते बनाएका थिए। प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा घट्ना घटेको भन्ने कुरा सुनेर थाहा पाएको हुँ

भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **दिपेन्द्र सिँह धामीले गरेको बकपत्र।**

२१७. वारदातको दिन म टीकापुर घट्नास्थलमा नै थिए। म लगायत अन्य सुरक्षाकर्मीहरू आन्दोलन भएका कारण सुरक्षा गर्न त्यहा गएका थियौ। प्रतिवादी रेशमलाल चौधरीले नेतृत्व गरी थरूहटले आन्दोलन गरिराखेका थिए। आन्दोलनमा करिब ४/५ हजार मानिसहरू रहेका थिए। आन्दोलनकारीहरूले ईटा, गोली, लाठी, भाला समेतले प्रहार गरेका थिए। प्रतिवादी रेशमलाल चौधरीलाई प्रत्यक्ष देखेर चिनेको होईन नामले रेशम हो भनी चिनेको हुँ। आन्दोलनको नेतृत्व रेशमलाल चौधरीले गरेको भन्ने कुरा विभिन्न माध्यमहरूबाट सुनी थाहा पाएको हुँ। आन्दोलनमा रेशमलाल चौधरीको प्रत्यक्ष उपस्थित भएको मैले देखेको थिईन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **प्रहरी जवान योगेन्द्र ऐरले गरेको बकपत्र।**

२१८. वारदात मितिमा म टीकापुरको पशुहाट बजारमा थिएँ। उक्त दिन टीकापुरमा थरूहटको आन्दोलन रहेको र उक्त आन्दोलनको नेतृत्व प्रतिवादीहरू रेशमलाल चौधरीहरूले गरेका थिए। सो आन्दोलनमा मेरो टाउको हात खुट्टामा चोट लागेको थियो। आन्दोलनमा लगभग आठ हजारजती मानिसहरूको सहभागिता रहेको देखेको हुँ। मलाई को-कसले प्रहार गरी घाईते बनाए थाहा भएन। आन्दोलनकारीहरूले भाला, त्रिशुल, बन्चरो समेत प्रहार गरी हत्या गरेका हुन। कुन कुन व्यक्ति प्रहार गरी हत्या गरेका हुन मलाई थाहा भएन तर आन्दोलनमा रहेका व्यक्तिहरूले नै प्रहार गरेका हुन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **प्रहरी जवान केशवराज जोशीले गरेको बकपत्र।**

२१९. वारदातको दिन म टीकापुरमा सुरक्षाको लागी सोही स्थानमा थिए। टीकापुरमा आन्दोलन भएकाले म सुरक्षा गर्न त्यह गएको थिए। उक्त दिन टीकापुरमा प्रतिवादी रेशमलाल चौधरीको नेतृत्वमा करिब ७/८ हजार मानिसहरूको सहभागितामा आन्दोलन भई रहेको थियो। आन्दोलनकारीहरूले लाठी, ढुङ्गा, गुलेली समेतले प्रहार गरी मलाई समेत घाईते बनाएका हुन। साथै आन्दोलनकारीहरूले धारिलो हतियार भाला समेत प्रहार गरी हत्या गरेका थिए भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **देव बहादुर मौनीले गरेको बकपत्र।**

२२०. वारदातको दिन म टीकापुरमा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौनानेको टोलीमा सुरक्षार्थ खटिएको थिए। हत्या गर्ने व्यक्तिहरू को को थिए तत्काल थाहा भएन। पछि बुझ्दा प्रतिवादी श्रवण चौधरी, प्रदिप चौधरी लगायतका व्यक्तिहरू हुन भन्ने थाहा पाएको हुँ। उक्त टीकापुर घट्नाको नेतृत्व प्रतिवादी लक्ष्मण चौधरीले गरेका थिए। उक्त घट्नामा म समेत घाईते भएको थिए मेरो टाउको हात घाटी पिठ्यूमा चोट लागेको थियो। प्रदिप चौधरी र श्रवण चौधरीलाई म पहिले चिन्दिन थिए। पछि नाम थाहा पाएर चिनेको हुँ। प्रतिवादी लक्ष्मण चौधरीलाई पनि घट्नामा उपस्थित भएको देखिँन। प्रतिवादी लक्ष्मण चौधरीको नेतृत्वमा शान्तिपुर्ण जुलुश आएको सूचना पाएका थियौं भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **भरतसिँह बुडालले गरेको बकपत्र।**

२२१. मिति २०७२/५/७ गते म टीकापुरमा ड्युटी मा गएको थिए। उक्त घट्नामा म लगायत ३०/३५ जना घाईते भएका थियौ। प्रतिवादी रेशमलाल चौधरी र धनिराम चौधरीको नेतृत्वमा उक्त घट्ना घटाएका हुन। मृत्यु भएका ९ जनाको हत्या गर्ने मानिसहरू हाल थुनामा रहेका प्रतिवादीहरू रहेका हुनाले यिनी प्रतिवादीहरूले नै गरेका हुन। मलाई घाईते बनाउने मानिस को हुन थाहा भएन। टाढाबाट गुलेलीले हानेका थिए। आन्दोलनमा प्रतिवादीहरूको नाम थाहा थिएन। पछि अनुसन्धानमा पक्राउ गरी ल्याएपछि जिल्ला प्रहरी कार्यालयमा चिनेर नाम लेखाएको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **राम बहादुर ऐरको बकपत्र।**

२२२. वारदात मितिमा थरूहटको आदोलनले टीकापुर बन्द भएकोले म टीकापुरमा ड्युटीमा खटी गएको थिए। आन्दोलनमा आन्दोलनकारीहरू हजारौको संख्यामा थिए। निजहरूले दिउँसो डेढ बजेको समयमा आक्रमण गरेका थिए। आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए। मृतक प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई प्रतिवादी श्रवण चौधरीको हातमा रहेको भालाले प्रहार गरेका र अन्य प्रतिवादीहरूको हातमा भाटाहरू थिए, त्यसैले प्रहार गरी हत्या गरिएको हो। सुरूमा मलाई लाठी भाटाले प्रहार गरेका र म घाईते भएपछि प्रतिवादी प्रदिप चौधरीले मसंग भएको SLR हतियार खोसी लगेका हुन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **नेत्रराज पडालले गरेको बकपत्र।**

२२३. मेरो श्रीमान श्याम खड्काको हत्या टीकापुरमा भएको हो। मेरो श्रीमानको हत्या प्रतिवादी रेशमलाल चौधरीसमेतले गर्यो भन्ने सुनेकी हुँ। मेरो श्रीमान जनपद प्रहरीमा कार्यरत रही टीकापुरमा ड्युटीमा रहेको अवस्थामा हत्या भएको हो। प्रतिवादी रेशमलाल चौधरीलाई म चिन्दिन निजले नै हत्या गरेका हुन भनी पत्रपत्रिका, समाचार, गाउँघरमा सुनेको आधारमा भनेकी हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **लक्ष्मी खड्काले गरेको बकपत्र।**

२२४. मिति २०७२/५/७ गते म आफ्नै कार्यालय बैजनाथ बाहिनी अत्तरियामा थिए। उक्त घट्नामा मेरो दाजु श्याम खड्का लगायत ९ जनाको मृत्यु भएको थियो। थरूहटका कार्यकर्ता रेशमलाल चौधरीको नेतृत्वमा मेरो दाजु समेतको हत्या गरेका हुन। मेरो दाजुको शरिरको ठाउँठाउँमा भालाले हानेको चोट बन्चरो प्रहार गरेको घाउ र परालले जलाईएको थियो। प्रतिवादी रेशमलाल चौधरी घट्नामा उपस्थित भएको मैले देखेको थिईन। विभिन्न सञ्चार माध्यमहरूबाट निजले नेतृत्व गरेको कुरा सुनेर थाहा पाएको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **जाहेरवाला प्रकाश खड्काले गरेको बकपत्र।**

२२५. मिति २०७२/५/७ गते म आफ्नै घर टीकापुर न.पा.वडा नं.१ मा थिए। घट्नास्थल टीकापुर पशुहाट बजार र मेरो घर करिब ३०० मिटरको दुरीमा रहेको छ। उक्त वारदातको दिन कसको आन्दोलन थाहा भएन। म आफ्नो घरभित्र रहेकोले कति आन्दोलनकारी थिए त्यो पनि थाहा भएन। घट्नापश्चात सडकमा लाठीहरू फालिएको मैले देखेको हुँ। अन्य के कस्ता हतियार थिए मैले देखिन। मृतकहरूलाई कसले मार्‍यो त्यो पनि थाहा भएन। आन्दोलन अवधिभर म घरभित्र रहेको थिएँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **नरेश कुमार चौधरीले गरेको बकपत्र।**

२२६. मिति २०७२/५/७ गते म आफ्नै घर टीकापुर न.पा.वडा नं.१ मा थिए। घट्नास्थल टीकापुर पशुहाट बजार र मेरो घर करिब ५० मिटरको दुरीमा रहेको छ। उक्त वारदातको दिन कसको आन्दोलन थियो थाहा भएन। आन्दोलनमा हजारौं मानिसहरूको उपस्थिति रहेको थियो। आन्दोलनकारीहरूले के कस्ता हतियार बोकेका थिए मैले देखिन। घट्नापश्चात लाठी घट्नास्थलमा देखेको हुँ। मृतकहरूलाई आन्दोलनकारीहरूले ढुङ्गाले हानेर लाठ्ठी, सिलौटाले किला ठोकेर

हत्या गरेका थिए। कसले हत्या गरेको हो मलाई थाहा भएन। मैले आज बकपत्र गर्दा भनेको कुरा नै भनेको थिए। मैले कुनै किसिमको हातहतियार र घट्ना भएको देखेको थिईन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **गोपाल पुनले गरेको बकपत्र।**

२२७. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। मेरो घरदेखि घट्नास्थल टीकापुर पशुहाटबजार अन्दाजी ५० मिटरको दुरीमा रहेको छ। उक्त दिन पशुहाटबजारमा थरूहटको आन्दोलन रहेको थियो। आन्दोलनमा हजारौ मानिसहरू सहभागी रहेका थिए। उक्त दिन आन्दोलनकारीहरूको हातमा गुलेली, भाला, फरूवा, खन्ती, सिसाका बोतल समेत थिए भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **केशे भण्डारीले गरेको बकपत्र।**

२२८. वारदात मिति २०७२/५/७ गते म घट्नास्थलमा नै ड्युटीमा थिए। सो दिन थरूहटको आन्दोलन भएका कारण हामी सुरक्षार्थ खटिई गएका थियौं। आन्दोलनकारीहरूले हाम्रो टोली उपर आक्रमण गर्दा म समेतका १०/१२ जना सुरक्षाकर्मी घाईते भएका हौं। हामीसंगै घाईते भएका २ जनाको मृत्यु भएको हो। निजहरूलाई आगो लगाई रडले भालाले प्रहार गरी हत्या गरेका थिए। मलाई प्रहार गरी घाईते गराउने र मृतकहरूलाई प्रहार गरी हत्या गर्ने को को हुन यकिन थाहा भएन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **रविन्द्र बि.क.ले गरेको बकपत्र।**

२२९. वारदातको दिन म लगायत ३५ जनाको सशस्त्र प्रहरीको टोली टीकापुर पशुहाट बजारमा ड्युटीमा थियौं। हामी आन्दोलनको सुरक्षार्थ ड्युटीमा रहेको बेला आन्दोलनकारीहरूले हात-हातमा गुलेली, लाठी, चिरपट, भाला लगायतका हतियार बोकी हामीहरूलाई घेरा हाली आक्रमण गरी ९ जनाको हत्या गरेको र म लगायतलाई घाईते बनाएका हुन। उक्त दिन टीकापुरमा आन्दोलन रहेको कारण निषेधित क्षेत्र घोषणा गरी ड्युटी गरी राखेको अवस्थामा आन्दोलनकारीहरूले निषेधित क्षेत्र तोडी सुरक्षाकर्मीहरू माथी आक्रमण गरेका हुन। आन्दोलनकारीहरूले आक्रमण गरे पछि हामीले आत्मसुरक्षाको लागी हवाई फायर गरेका हौ। आदोलनकारीहरू हजारौको संख्यामा भएकाले कसले आकर्मण गरेका हुन यकिन

भन्न सक्दिन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **प्रदिप चौधरीले गरेको बकपत्र।**

२३०. वारदातको दिन म पनि घट्नास्थलमा नै थिए। उक्त घट्नामा हत्या गरिएका व्यक्तिहरूको हत्या थरूहट आन्दोलनको नेतृत्व गरिरहेका प्रतिवादी रेशमलाल चौधरीको कमाण्डमा भएको हो। घट्नाको दिन घट्नास्थलमा मैले प्रतिवादी रेशमलाल चौधरीलाई घट्नास्थलमा देखेको थिईन। घट्ना भएको अघिल्लो दिन शान्तिपूर्ण आन्दोलन हुन्छ भन्ने सम्झौताको समयमा प्रतिवादी रेशमलाल चौधरीलाई देखेको हुँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **गणेश बहादुर साउदले गरेको बकपत्र।**

२३१. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। मेरो घर र वारदातस्थल टीकापुर पशुहाट बजार करिब ५०० मिटको दुरीमा रहेको छ। उक्त दिन आन्दोलन भएको देखेको हु। घट्नास्थल मेरो घरभन्दा अली टाढा भएकोले घट्ना भएको देखिन। गोली चलेको सुनेको हुँ। आन्दोलन थारूहरूको रहेको भन्ने सुनेकी थिए। कुन पार्टीको हो थाहा भएन। आन्दोलनकारीहरूले हातमा लाठी समातेका देखेकी हुँ। भाला हसिया पनि समातेका थिए भन्ने सुनेकी हु। को कसले कसलाई हत्या गरेका हुन थाहा भएन। मृतक नाबालिग टेक बहादुर साउदको घर र मेरो घर नजिकै रहेको हुँदा गोली लागी मृत्यु भयो भन्ने सुनेको हुँ भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **यज्ञ देवी भट्टले गरेको बकपत्र।**

२३२. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। मेरो घर घट्नास्थल पशुहाट बजारबाट करिब ४०० मिटरको दुरीमा रहेको छ। उक्त दिन टीकापुरमा थरूहटको आन्दोलन रहेको थियो। आन्दोलनको दिन म आफ्नै घरभित्र बसेको थिएं। आन्दोलनमा के कस्ता हतियारहरू थिए मैले देखिन तर पछि घट्ना भई सकेपछि वारदातस्थलमा लाठी भाटा देखेको हु। घट्नामा मानिसहरूको मृत्यु भयो भन्ने कुरा पछि सुनेर थाहा पाएको हु। के कसरी मृत्यु हुन गयो थाहा भएन। प्रहरीमा मैले गरेको कागजको व्यहोरा मेरो होईन प्रहरीले व्यहोरा लेखेर मलाई सहिछाप गर्न लगाएका हुन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **पतिपावन कठरियाले गरेको बकपत्र।**

२३३. टीकापुरमा भएको घट्नास्थल र मेरो घर नजिकै रहेको छ। घट्ना मेरो घरमा नै

भएको हो। घट्ना हुँदा म पनि घरमा नै थिए। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको हत्या मेरो घरको आगनमा भएको हो। निजको हत्या आन्दोलनमा आएको भिडले लाठी ढुङ्गाले कुटपीट गरी गरेको थियो हत्या गर्नेको नाम थाहा भएन। आन्दोलन थरूहटको थियो। आन्दोलनमा हत्या भएका सबै जनाको हत्या भएको मैले देखेकी होईन। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई मेरो घरबाट निकालेर हत्या गरेका हुँदा देखेकी हु। आन्दोलनकारीहरूले पेट्रोल खन्याई हत्या गरेको देखेको होईन। खरले आगो लगाई धुवा निस्केको देखेको हो भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **शुशिला बर्माले गरेको बकपत्र।**

२३४. घट्ना भएको मिति २०७२/५/७ गते टीकापुरमा मेरो श्रीमान ललित साउद समेतका व्यक्तीहरूको हत्या भएको थियो। हत्या भएका सबै जनाको नाम मलाई थाहा छैन। प्रहरी बरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने सहित मेरो श्रीमानको हत्या प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण चौधरी लगायतका प्रतिवादीहरूले गरेका हुन। उक्त घट्नाको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए। घट्नामा संलग्नता प्रतिवादीहरू सबै जनाको रहेको छ भन्ने बेहोराको वादी **नेपाल सरकारका साक्षी पबित्रा साउदले गरेको बकपत्र।**

२३५. मिति २०७२/५/७ गते म टीकापुर पशुहाट बजारमा ड्युटीमा खटिई गएको थिए। टीकापुरमा उक्त दिन थरूहटको आन्दोलन रहेको थियो। उक्त घट्नामा १ जना नाबालिग सहित ९ जनाको मृत्यु भएको थियो। हत्या गर्ने प्रतिवादीहरूको नाम उक्त दिन धेरै भिड भएको हुँदा चिन्न सकिन पछि जिल्ला प्रहरी कार्यालयमा ल्याएपछि चिनेको हुँ। आन्दोलनमा पनि प्रतिवादीहरूलाई देखेको हुँदा चिनेको हु। यिनै आन्दोलनकारीहरूले नै सुरक्षाकर्मीहरूको विभत्स हत्या गरेका हुन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **मुकुन्द अधिकारीले गरेको बकपत्र।**

२३६. वारदात मिति २०७२/५/७ गते म टीकापुरमा नै सुरक्षार्थ ड्युटीमा खटिएको थिए। उक्त दिन टीकापुरमा थरूहटको आन्दोलन रहेको थियो। आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए भन्ने सुनेको थिए। आन्दोलनमा ४/५ हजार जनाको सहभागिता रहेको थियो। आन्दोलनमा १ जना नाबालिग सहित ९ जनाको हत्या भएको थियो। २७/२८ जना घाईते भएका थिए। मलाई समेत चोट पटक लागेको थियो। प्रतिवादी राम कुमार चौधरी, लक्ष्मण थारू जित ब.चौधरी

लगायतका २० जना प्रतिवादीहरूले सुरक्षाकर्मीहरूको हत्या गरेका थिए। प्रतिवादीहरूले घरेलु हातहतियार हसिया, खुकुरी, बन्चरो, काठमा किला ठोकेर बनाएका घरेलु हतियार प्रयोग गरी हत्या गरेका हुन। प्रतिवादीहरूको नाम पहिले थाहा थिएन। जिल्ला प्रहरी कार्यालयमा ल्याएपछि चिनेको हु। मृतक बलराम विष्टलाई म भन्दा करिब १०० मिटरको दुरीमा हत्या गरेका थिए। प्रतिवादी रेशमलाल चौधरी घट्नास्थलमा उपस्थित भएर कसैलाई प्रहार गरेको मेले देखेको थिईन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **जाहेरवाला मान बहादुर बोहराले गरेको बकपत्र।**

२३७. वारदात मिति २०७२/५/७ गते म आफ्नै घर टीकापुरमा थिए। टीकापुर घट्नामा मेरो भाई ललित साउद समेत ९ जनाको मृत्यु भएको थियो। उक्त दिन मेरो भाई सुरक्षार्थ सो स्थानमा गएको थियो। मृतक मेरो भाई ललित साउदको घाटीमा धारिलो हतियारले काटिएको घाउ थियो। निधारमा निलडाम समेत थिए। घट्नास्थल देखि मेरो घर करिब ३ कि.मि.को दुरीमा रहेको छ। प्रतिवादी रेशमलाल चौधरी र म एकै ठाउमा बस्ने हुनाले चिनेको हु। लक्ष्मण थारूलाई नामले मात्र चिन्दछु। उक्त दिन घट्नाको समयमा म आफ्नै घर भएकोले घट्नामा को को प्रतिवादीहरू थिए थाहा भएन भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **गोरख बहादुर साउदले गरेको बकपत्र।**

२३८. मिति २०७२/५/७ गते म टीकापुरमा ड्युटीमा खटिएको थिए। उक्त दिन टीकापुरमा थरूहटको आन्दोलन थियो। उक्त आन्दोलनमा नाबालिग सहित नौ जनाको मृत्यु भएको थियो। उक्त घट्नाको मुख्य योजनाकार प्रतिवादी रेशमलाल चौधरी हुन। हत्या कसले गरे नाम थाहा भएन। उक्त घट्नामा म लगायत २७/२८ जना घाईते भएका थियौ। उक्त घट्नामा कसले कसलाई प्रहार गरी घाईते बनाए मलाई थाहा भएन। मलाई घाईते बनाएपछि आफ्नो बचाउको लागी भाग्दै गर्दा मेरै अगाडि हत्या भएको देखेको थिए भन्ने बेहोराको वादी नेपाल सरकारका साक्षी **आनसिँह विष्टले गरेको बकपत्र।**

२३९. मेरो दाई लक्ष्मण न्यौपानेको हत्या मिति २०७२/५/७ गते जिल्ला कैलाली, टीकापुर न.पा. वडा नं.९ पशुहाट बजारमा गरेका हुन। मेरो दाई लक्ष्मण न्यौपाने नेपाल प्रहरीमा सेती अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक पदमा कार्यरत

रहेका र टीकापुरमा थरूहटले आन्दोलन गरेको हुँदा सुरक्षा कायम गर्न उक्त स्थानमा खटिई जानु भएको थियो। उक्त आन्दोलनको नेतृत्व प्रतिवादीहरू रेशमलाल चौधरी, लक्ष्मण थारू लगायतका व्यक्तिहरूले गरेका थिए। मेरो दाई लक्ष्मण न्यौपानेको हत्या घरेलु हातहतियार प्रहार गरी गरेको कुरा लाश देख्दा थाहा पाएको हुँ। हत्या प्रतिवादी रेशम चौधरीको निर्देशनमा यस मुद्दाका अन्य प्रतिवादीहरूले गरेका हुन। घट्ना वारदातका दिन म घटनास्थलमा थिईन, काठमाण्डौमा थिए। घट्नाको जानकारी मेरो दाईको अंगरक्षक र बाँच्नको लागी भागेर जसको घरमा जानु भएको थियो उनैको सम्पर्कबाट थाहा पाएको हुँ। घट्नाको मुख्य योजनाकार रेशमलाल चौधरी नै हुन भनी भन्नु पर्ने कारण घट्ना हुनु भन्दा केही दिन अगाडि राजेन्द्र महतो, अमरेश कुमार सिँह लगायतका नेताहरू टीकापुरमा आई भाषण गर्दा उक्साहटपूर्ण भाषण गरेका र रेशमलाल चौधरीलाई मुख्य योजनाकारको कार्यभार दिई घटना घटाईएको कुरा सञ्चार माध्यमहरूबाट जानकारी पाई लेखाएको हुँ। साथै रेशमलाल चौधरीले अनिवार्य रूपमा घरघरबाट १/१ जना हतियार सहित उपस्थित हुनु पर्ने भनी निर्देशन दिएको आधारबाट लेखाएको हुँ। घटनाको १ दिन अगाडि प्रतिवादी रेशमलाल चौधरीले सर्वदलिय बैठक गरी आन्दोलन शान्तिपूर्ण तरिकाले गर्ने त्यसको नेतृत्व मैले गर्ने भनी बैठकमा प्रतिबद्धता पनि जनाएका थिए। घटनाको दिन प्रतिवादी लक्ष्मण थारू कहाँ थिए थाहा भएन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **जाहेरवाला दिपक न्यौपानेले सुरू अदालतमा गरेको बकपत्र।**

२४०. मिति २०७२/५/७ गते म बर्दिया प्रहरी कार्यालय मैनापोखरीमा थिए। शान्तिपूर्ण आन्दोलन गर्ने भनेका थारू आन्दोलनकारीहरूले उग्ररूप लिंदा सुरक्षार्थ खटिएका टोलीलाई प्रतिवादी रेशमलाल चौधरीको आदेश बमोजिम आक्रमण गरि जिउँदै जलाई मेरो दाई राम विहारी थारू समेतलाई कर्तव्य गरी मारेका थिए भन्ने कुरा अन्य पीडित पक्षबाट सुनी थाहापाई जाहेरी दिएको हुँ। प्रतिवादी रेशमलाल चौधरीले कहिले कसलाई आदेश दिए सो मलाई थाहा भएन भन्नेसमेत बेहोराको **जाहेरवाला ओमकार थारूले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४१. उक्त वारदातको दिन दिउँसो १२ बजेको समयमा मेरो श्रीमान सशस्त्र प्रहरी हवल्दार रामविहारी थारू समेत सो स्थानमा खटिएको अवस्थामा प्रतिवादीहरू रेशमलाल चौधरी, लक्ष्मण चौधरी, धनीराम चौधरी समेतका मानिसहरूले घेराबन्दी गरेका छन भनी प्रहरी जवान सिता थारूले फोन गरेको र पछि ३ बजेतिर मेरो श्रीमान रामविहारी थारू समेतको मृत्यु भएको भन्ने सुनेकी हुँ। प्रहरी जवान सिता थारूले मेरो श्रीमानको मृत्यु भएको खबर मात्र दिएकी हुन्। कुन-कुन प्रतिवादीको उपस्थिति थियो भनी केही भन्नु भएन। प्रतिवादीहरूको नाम मलाई थाहा छैन। रेशमलाल चौधरीको नाम सुनेकी हुँ निज घटनामा उपस्थित भए नभएको मलाई थाहा छैन। प्रहरीमा गरेको कागजको व्यहोरा र सहिछाप मेरै हो भन्नेसमेत बेहोराको **मौकामा कागज गर्ने सृजना थारूले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४२. उक्त मितिको दिन म घटनास्थलमा ड्युटिमा खटिएको थिए। उक्त घटना भैंसी बजारमा घटेको थियो। सो घटनामा ९ जनाको मृत्यु भएको थियो। मृत्यु भएका व्यक्तिहरू मध्ये राम विहारी चौधरी र लाले साउदको नाम मात्र थाहा भएको, अन्यको नाम थाहा छैन। राम विहारी थारू समेतका व्यक्तिहरूलाई कसले मारेका हुन मलाई थाहा भएन। निजहरूको हत्या आन्दोलनकारीहरूले गरेको हुनुपर्छ। सो घटनामा मेरो दाहिने हातमा गुलेलीले चोट लागी रगत बगेकाले म त्यहाँबाट अस्पतालमा पुगेको थिए। गुलेली सवैले समाएको देखेको हुँ। आन्दोलनकारी मध्ये मलाई गुलेली कसले हान्यो मलाई थाहा छैन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी बस्तुस्थिती मुचुल्का कागज गर्ने **स.प्र.ज. खुशिराम चौधरीले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४३. उक्त मितिको दिन म घटनास्थलमा ड्युटिमा खटिएको थिए। सो वारदात स्थान टीकापुर न.पा.स्थित पशु हाटबजार नजिकै हो सो स्थानमा १ नाबालिग टेक बहादुर साउद, एस.एस.पि. लक्ष्मण न्यौपाने, सशस्त्र प्रहरी हवल्दार ललित साउद र राम विहारी थारू सहित ९ जनाको मृत्यु भएको हो। म लगायत धैरै घाईते भएका थिए। मलाई गुलेलीको छर्राको चोट लागेको थियो। करिब दश हजारको जमात थियो। मलाई प्रहार गर्ने व्यक्तिहरू रेशमलाल चौधरी लगायतका व्यक्तिहरू हुन। म कुनै पनि प्रतिवादीलाई चिन्दैन। सन्त्रासको वातावरण थियो, कसैले कसैलाई चिन्न सक्ने अवस्था थिएन। रेशमलाल चौधरीलाई घटना हुँदाको बखत उपस्थित भएको म

आफैले देखिन। वारदात मितिको बिहान १० बजेको समयमा प्रतिवादी रेशमलाल चौधरीले रिसोर्टबाट निस्कने क्रममा "आज रगतको खोला बग्छ" भनेको मैले प्रत्यक्ष सुनेकाले रेशमलाल चौधरी लगायतका व्यक्तिले घटना घटाएको भनी लेखाएको हुँ। प्रतिवादी प्रेम बहादुर चौधरीलाई म चिन्दैन। निज वारदातमा भए नभएको भलाई थाहा भएन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **मौकामा कागज गर्ने स.प्र.ज.खगेन्द्र बहादुर साउदले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४४. उक्त मितिका दिन आफ्नै गाउँ मुनुवामा थिएँ। म उक्त घटनस्थलमा नगएकोले सो घटनामा कति जनाको मृत्यु भयो, निजहरूको हत्या कसले गर्‍यो थाहा भएन। मुनुवाको सडकबाट धेरै मान्छे गएको देखेको हुँ। मैले प्रहरीमा कागज गर्दा प्रतिवादीहरूले मारेको भनी लेखाएको होईन प्रहरीले आफै लेखि मलाई सहिछाप गराएका हुन। म कुनै प्रतिवादीलाई पनि चिन्दैन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी **मौकामा कागज गर्ने महाराज रानाले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४५. वारदातको दिन म घटनास्थल टीकापुरस्थित पशु हाट बजारमा ड्युटिमा खटिएको थिएँ। उक्त घटनामा एस.एस.पि. लक्ष्मण न्यौपाने, प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव वोहरा, प्र.ह. जनक नेगी, प्र.ह.राम विहारी थारू, प्र.ज. लोकेन्द्र चन्द, एक बालक टेक बहादुर साउद समेतको मृत्यु भएको थियो। मलाई ढाडमा गुलेलीको चोट लागेको थियो। प्रतिवादी रेशमलाल चौधरीको आयोजनामा उक्त हत्या भएको हो। उक्त घटनामा १५/१६ हजार जना जतिको संलग्नता थियो। प्रतिवादीहरू लक्ष्मण थारू र रेशमलाल चौधरीले दिउँसो साढे दुई बजेतिर एस.एस.पी न्यौपाने सहितका मानिसहरूलाई मारेको मैले आफ्नै आंखाले १० मिटर टाढाबाट देखेको हुँ। रेशमलाल चौधरी र लक्ष्मण चौधरीलाई म पहिले देखि नै चिन्दछु। यी २ जना बाहेक म अन्य प्रतिवादीहरूलाई चिन्दैन। रेशमलाल चौधरीले सेतो सर्ट र कालो पाइन्ट लगाएको थियो भने लक्ष्मण चौधरीले निलो सर्ट र कालो पैन्ट लगाएको थियो। भाला, रड, गुलेली प्रयोग गरी रेशमलाल चौधरी र लक्ष्मण चौधरीले एस.एस.पि. लक्ष्मण न्यौपानेलाई मारेका थिए भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने एवं.घटनाका घाईते **प्रहरी जवान**

**लक्ष्मण साउदले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४६. मिति २०७२/५/७ गते म घटनास्थलमा ड्युटीमा थिए। सो घटनामा ९ जनाको मृत्यु भएको हो। मलाई समेत टाउको र दायाँ खुट्टामा ढुंगाको चोट लागेको थियो। रेशमलाल चौधरी, लक्ष्मण चौधरी, प्रेम चौधरी समेतका १० औं हजारको हुल थियो। उक्त भिडमा मलाई कसले हानेका हुन थाहा भएन। रेशमलाल चौधरीले एस.एस.पि लक्ष्मण न्यौपानेलाई भाला फलाम जस्तो तरवारले हानेको देखेको हुँ। रेशमलाल चौधरी, लक्ष्मण चौधरी र प्रेम चौधरीको मात्र नाम थाहा छ। मैले निज प्रतिवादीहरूलाई १ दिन अगाडि मात्र चिनेको थिएँ। रेशमलाल चौधरीले कालो रंगको सर्ट र खैरो रंगको पाईन्ट लगाएको थियो भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी मौकामा कागज गर्ने घटनाका घाईते **प्रहरी जवान राजेश धामीले सुरू अदालत समक्ष गरेको बकपत्र।**

२४७. मिति २०७२/५/७ गते म घटनास्थलमा ड्युटीमा थिए। सो घटनामा ८ प्रहरी र १ जना नाबालिगको मृत्यु भएको हो। उक्त हत्या लक्ष्मण चौधरी, प्रेम चौधरी र रेशमलाल चौधरी लगायतका १०/१५ हजारको समूहले गरेका हुन। लक्ष्मण चौधरी र अन्यलाई म चिन्दैन। लक्ष्मण चौधरीलाई मैले घटनास्थलमा देखेन। रेशमलाल चौधरी र प्रेम चौधरीलाई घटनास्थलमा देखेको हुँ। मलाई प्रतिवादी रेशमलाल चौधरीले मुख्य भई हान्नु पर्छ भनेका हुन। को को ले हानेका हुन थाहा भएन। मलाई पिठ्युँ र खुट्टामा गुलेली र ढुंगाको सामान्य चोट लागेको थियो भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका साक्षी बस्तुस्थिती मुचुल्कामा **बुझिएका टेक बहादुर चन्दले सुरू अदालतमा गरेको बकपत्र।**

२४८. मिति २०७२/५/७ गते मेरो प्रतिवादी रेशम चौधरीसंग बिहान १० बजेतिर दुर्गौली चौराहामा आधा घण्टा जती भेट भएको थियो। भेट हुँदा निज त्यहा जम्मा भएका मान्छेहरूलाई शान्तिपूर्ण तरिकाले आन्दोलन गर्नु पर्छ भनी सम्झाउदै हुनुहुन्थ्यो। टीकापुर निषेधित क्षेत्र भएको ठाउमा नजानु भन्दै हुनुहुन्थ्यो। त्यसपछि उहाँ ११ बजेतिर गुलरिया जानु भयो र म आफ्नो घरतिर गएको थिए। टीकापुर घट्नामा प्रतिवादी रेशम चौधरीको कुनै संलग्नता छैन। निजको संयोजकत्व र निर्दशन पनि केही थिएन। उहाँ माथि लगाईएको आरोप मिथ्या हो। दुर्गौली चौराहा देखि टीकापुर घट्नास्थल करिब ६/७ कि.मि.को दुरीमा रहेको छ। प्रतिवादी रेशम चौधरीले घट्ना

हुनुभन्दा १०/१५ दिन अगाडि थारूहरूले मैले भनेको मान्दैनन, अब म थरूहटको नेतृत्व गर्दैन भनी मौखिकरूपमा घोषणा गरि सक्नु भएको थियो। मिति २०७२/०५/०२ गते उहाँ काठमाण्डौ गई ऐ.५ गते बेलुकी काठमाण्डौबाट फर्की आउनु भएको साचो हो। प्रतिवादी रेशम चौधरी गुलरिया मोटरसाईकलमा गएका हुन भन्नेसमेत बेहोराको **प्रतिवादी रेशम चौधरीका साक्षी पूर्ण बहादुर चौधरीले गरेको बकपत्र।**

२४९. मिति २०७२/५/७ गते म भग्रैया भन्ने गाउँमा थिएँ। प्रतिवादी सन्तोष चौधरी पनि त्यही थिए। त्यहा हेलुराम चौधरीको घरमा निजसंग बिहान ९ बजेको समयमा भेट भएको थियो। साथै त्यही खाना खाई बेलुकी ४-५ बजेतिर संगै घर फर्केका हौ। टीकापुर घट्नामा प्रतिवादद्वी सन्तोष चौधरीको कुनै संलग्नता रहेको छैन। घट्नामा निज गएको पनि होईनन। किन झुठो आरोप लगाईयो थाहा छैन। निज निर्दोष छन। भग्रैया गाउँ र टिकापूर पशुहाट बजार करिब ५-६ कि.मि.को दुरीमा रहेको छ भन्नेसमेत बेहोराको **प्रतिवादी सन्तोष चौधरीका साक्षी जित बहादुर चौधरीले गरेको बकपत्र।**

२५०. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। प्रतिवादी तहौबर अली जागा पनि मसंगै थिए। म गाउँको भलमन्सा भएको कारण गाउँको झगडा मिलाउन मानिसहरू मेरो घरमा जम्मा भएका र यी प्रतिवादी पनि त्यहीं आएका थिए। टीकापुर घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको **प्रतिवादी नुरूल जागा भन्ने तहौबर अली जागाका साक्षी चन्द्रलाल डगौराले गरेको बकपत्र।**

२५१. मिति २०७२/५/७ गतेको दिन म आफ्नै घरमा थिए। प्रतिवादी बीर बहादुर चौधरीसंग मौरनियामा २ बजेको समयमा भेट भएको र त्यो भन्दा पहिला पनि केराबारीमा हाल्ने पिना लिन जादा अं.१२ बजेको समयमा पनि मनिकापुर चौरमा भेट भएको थियो। निज चुरोट बेच्न लागिरहेका थिए। टीकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। मौरनियादेखि टीकापुर १४/१५ कि.मि.को दुरीमा रहेको छ। निज माथी लगाईएको आरोप झुठा हो भन्नेसमेत बेहोराको **प्रतिवादी बीर बहादुर चौधरीका साक्षी टटकान चौधरीले गरेको बकपत्र।**

२५२. मिति २०७२/५/७ गते प्रतिवादी नुरूल अनी जागाले बिहान ९/१० बजेको

समयमा मलाई फोन गरी गाउँमा झगडा भएकोले झगडाको बारेमा जानकारी गराएका थिए। गाउँमा झगडा नमिल्दा यी प्रतिवादी नुरूल अली जागा समेत गाउँका अन्य मानिसहरू भजनीमा म कहा आउदा संगै थिए। घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन। किनभने यी प्रतिवादी २०७२/५/७ गतेको बिहान ९/१० बजेदेखि ऐ.८ गतेको ११/१२ बजेसम्म मेरो प्रत्यक्ष सम्पर्कमा रहेका हुँदा संलग्न रहेको छैन भनी भनेको हुँ। उक्त दिन म भजनीमा थिए। भजनी र टीकापुर पशुहाटबजार १८/१९ कि.मि.को दुरीमा रहेको छ भन्नेसमेत बेहोराको **प्रतिवादी नुरूलअली जागा भन्ने तहौबर अली जागका साक्षी ईन्द्र कुमार मल्लले गरेको बकपत्र।**

२५३. वारदात मिति २०७२/५/७ गते म बर्दियाको राजापुरमा रहेको कालिका मा.बि.मा थिए। प्रतिवादी रामनरेश चौधरी पनि त्यही थिए। हामी दुबै जना उक्त बिद्यालयका शिक्षक हौ। टीकापुरमा भएको घट्नामा निजको संलग्नता रहेको छैन। बर्दियाको राजापुर देखि टीकापुर २५/३० कि.मि.को दुरीमा रहेको छ। घट्नापछि राम नरेशको घरमा गई प्रहरीले खोज तलास गर्दा घरमा नभेट्दा कतै घट्नामा संलग्न भएर घरबाट भागेर गएको हो की भन्ने शंकाको आधारमा निजलाई पक्राउ गरिएको हो तर निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको **प्रतिवादी रामनरेश चौधरीका साक्षी बीरबल चौधरीले गरेको बकपत्र।**

२५४. वारदात मिति २०७२/५/७ गते म दाङको लमहीमा थिए र प्रतिवादी लक्ष्मण थारू पनि त्यहीं लमही बजारमा रहेको भुषाल गेष्ट हाउसमा भेट भई १० बजेतिर खाना खाई ११ बजे सम्म संगै बसी उहाँ र म छुट्टिएका हौ। टीकापुर घट्नामा प्रतिवादी लक्ष्मण थारूको कुनै संलग्नता रहेको छैन किनभने उक्त मितिमा निज दाङको लमही बजारमा थिए। दाङमा रहेको मान्छेले कैलालीको टीकापुरमा भएको घट्ना घटाउन सक्ने अवस्था रहदैन। लक्ष्मण चौधरी(थारू) थारू नेता भएको कारण निज माथी मुद्दा लगाईएको हो भन्नेसमेत बेहोराको **प्रतिवादी लक्ष्मण चौधरी(थारू)का साक्षी प्रकाश कुमार चौधरीले गरेको बकपत्र।**

२५५. प्रतिवादी प्रेम बहादुर चौधरी मेरो छिमेकी हुन। वारदात मिति २०७२/५/७ गते म आफ्नो काम बिशेषले भजनी गएको थिए र यी प्रतिवादी प्रेम बहादुर चौधरी पनि निजले संचालन गरेको क्लिनिकमा बिरामीहरूको उपचार गरि राखेको देखेको हु र

साझ ५ बजे तिर फर्की आउने बेलामा पनि उनी आफ्नै क्लिनिकमा बिरामीहरूलाई हेरि राखेको देखेको हु। टीकापुर घट्नामा प्रतिवादी प्रेम बहादुर चौधरीको कुनै संलग्नता रहेको छैन। भजनी देखि टीकापुर २०/२५ कि.मि.को दुरीमा रहेको छ भन्नेसमेत बेहोराको **प्रतिवादी प्रेम बहादुर चौधरीका साक्षी हरी शाहले गरेको बकपत्र।**

२५६. प्रतिवादी श्रवण चौधरीलाई म सानै बच्चादेखि चिन्दछु। मिति २०७२/५/७ गतेका दिन म आफ्नै घरमा थिए दिउँसोतिर टीकापुर जादाखेरी प्रतिवादी श्रवण चौधरीसंग मेरो भेट मोतीजगर चोकमा भएको थियो। सो स्थानबाट टीकापुर हाटबजार करिब एक डेढ कि.मि.को दुरीमा रहेको छ। टीकापुर घट्नामा प्रतिवादी श्रवण चौधरीको कुनै संलग्नता रहेको छैन। निज बिहान ट्युसन पढेर दिउँसो १२ बजे घर आई दिन भरी आफ्नै घरमा थियो। टीकापुर गएको थिएन भन्नेसमेत बेहोराको **प्रतिवादी श्रवण चौधरीका साक्षी केशवलाल महतोको बकपत्र।**

२५७. मिति २०७२/५/७ गते म धनगढीमा थिए। धनगढीको मालपोत कार्यालयमा आफ्नो लेखापढी ब्यवसायी गरि राखेको थिए। प्रतिवादी लाहुराम चौधरी पनि धनगढीमा नै थिए। बिहान १० बजेको समयमा निजसंग मेरो भेट भएको थियो। हाम्रो भेट भएपछि निजले आज हाम्रो शान्तिपूर्ण कार्यक्रम रहेको छ सहभागी भई दिनुपर्‍यो भनी भने पछि म पनि कार्यक्रममा सहभागी भई दिउँसो डेढ बजेतिर जिल्ला प्रशासन कार्यालय अगाडि कोणसभामा परिणत भई कोणसभामा प्रतिवादी लाहुराम चौधरी सभाको सभापती भई अन्त्यमा सभाको समापन पनि गर्नु भएको थियो। सभा बिसर्जन भएपछि प्रतिवादी लाहुराम चौधरी र म संगै मालपोत कार्यालयमा गई मालपोत नजिकै रहेको चिया पशलमा चिया खाई साझको ४ बजेको-समयमा आ-आफ्नो घरतिर गएका थियौ। उक्त दिन प्रतिवादी लाहुराम चौधरी धनगढी भन्दा अन्यत्र कतै गएका थिएनन्। प्रतिवादी लाहुराम चौधरी बुद्ध धर्मका अनुयायी हुन, उनले घट्ना घटाउन वचन दिएका होलान भन्ने मलाई लाग्दैन। निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको **प्रतिवादी लाहुराम चौधरीका साक्षी काली प्रसाद चौधरीले गरेको बकपत्र।**

२५८. मिति २०७२/५/७ गते म धनगढीमा थिए। धनगढीको मालपोत कार्यालयमा आफ्नो लेखापढी ब्यवसायी गरि राखेको थिए। प्रतिवादी लाहुराम चौधरी पनि

धनगढीमा नै थिए। दिउँसो डेढ बजेको समयमा निजसंग मेरो भेट भएको थियो। जिल्ला प्रशासन कार्यालय अगाडि कोणसभामा परिणत भई कोणसभामा प्रतिवादी लाहुराम चौधरी सभाको सभापती भई अन्त्यमा सभाको समापन पनि गर्नु भएको थियो। सभा विसर्जन भएपछि प्रतिवादी लाहुराम चौधरी र म संगै मालपोत कार्यालयमा गई मालपोत नजिकै रहेको चिया पशलमा चिया खाई साझको ४ बजेको समयमा आ-आफ्नो घरतिर गएका थियौ। धनगढी देखि टीकापुर करिब १०० कि.मि.को दुरीमा रहेको छ। प्रतिवादी लाहुराम चौधरी उक्त दिन धनगढीमा भएका हुँदा टीकापुरमा भएको घट्नामा निजको संलग्नता रहेको छैन। निज निर्दोष रहेका हुँदा निजलाई कुनै प्रकारको सजमय हुनु पर्ने होईन भन्नेसमेत बेहोराको **प्रतिवादी लाहुराम चौधरीका साक्षी गोपीलाल चौधरीले गरेको बकपत्र।**

२५९. मिति २०७२/५/७ गतेको दिन बिहान करिब नौ बजेको समयमा म प्रतिवादी विश्राम चौधरीको घरमा गएको थिए। निज पनि आफ्नै घरमा थिए। निजको घरमा खाना खाई सो दिन दिनभरी विश्राम चौधरी र म निजकै घरमा बसी गफगाफ गरी बिताएका थियौ। बेलुका ३/४ बजे तिर निजको घरबाट म आफ्नो घर फर्की आएको हु। उक्त वारदातको दिन दिनभरी हामी दुबै जना निजको घरमा संगै भएको कारण टीकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। प्रतिवादी विश्राम चौधरीको घर र टीकापुर घट्नास्थल करिब ६/७ कि.मि.को दुरीमा रहेको छ भन्ने बेहोराको **प्रतिवादी विश्राम चौधरीका साक्षी धनिराम चौधरीले गरेको बकपत्र।**

२६०. वि.स. २०७२/५/७ गतेको दिन म आफ्नै घरमा थिएँ। बिहान १०/११ बजेको समयमा प्रतिवादी सन्तराम चौधरीसंग निजको कस्मेटिक पसलमा भेट भएको थियो। भेट हुँदा पसलको सामान लिन र टीकापुरमा पढ्ने छोरालाई घर ल्याउन मुनुवा हुदै टीकापुर जाने भनी भन्दै हुनुहुन्थ्यो। बेलुका साझ ४ बजेतिर फेरी भेट हुँदा टीकापुर गएर छोरालाई र पशलको सामान लिएर आउनु भयो भनी सोध्दा टीकापुरमा आन्दोलन भई मानिसहरूको भिड टीकापुरबाट फर्की रहेको देखि आफू पनि टीकापुर जान नसकी बिचबाटो बाट फर्की आएको भनी भन्नु भएको थियो। हाम्रो गाउँ र टीकापुर करिब १९/२० कि.मि.को दुरीमा रहेको छ। टीकापुरमा भएको घट्नामा निज प्रतिवादी सन्तराम चौधरीको कुनै संलग्नता रहेको छैन। निजको आचरण राम्रो छ। निज निर्दोष मानिस हुन। निजको घट्नामा संलग्नता नरहेको हुँदा

सफाई पाउनु पर्छ भन्ने बेहोराको **प्रतिवादी सन्तराम चौधरीका साक्षी बाशुराम चौधरीले गरेको बकपत्र।**

२६१. मिति २०७२/५/७ गते म बिहानदेखि साँझसम्म आफ्नै घरमा थिए। दिउँसोतिर साईकल चढी डेढ घण्टाको दुरिमा रहेको कृषी सहकारी मुनुवा बजार गएको थिए। मुनुवा बजारबाट डेढ बजेको समयतिर फर्कीने क्रममा पथरैयाको पुलमा प्रतिवादी बृजमोहनसँग भेट भएको र कहा जादैछौ भनी सोध्दा टीकापुर जादैछु भनी भन्दै हुनुहुन्थ्यो। मुनुवा बजार र टीकापुरको दुरी पैदल जादा डेढ घण्टाको समयलाग्ने दुरीमा रहेको छ। पछि दिउँसो ३ बजेको समयतिर फेरी प्रतिवादी बृजमोहनसँग गाउँमा भेट हुँदा टीकापुर जानु भएन भनी सोध्दा टीकापुर जादै गर्दा टीकापुरबाट मानिसहरूको भिड भागेर फर्किदै गरेको मोती नगरमा देखि म पनि टीकापुर नगई घर फर्की आए भनी भन्दै हुनुहुन्थ्यो। प्रतिवादी बृजमोहन डगौरालाई नेपाली भाषा बोल्न पनि आउदै र बोलेको पनि बुझ्दैन। प्रतिवादी बृजमोहन डगौराको टीकापुर घट्नामा संलग्नता रहेको छैन किनभने निज टीकापुर नपुगी बिचबाटो बाटै फर्की आएका हुन भन्ने बेहोराको **प्रतिवादी बृजमोहन डगौराका साक्षी रामजीवन चौधरीले गरेको बकपत्र।**

२६२. वारदात मितिमा म आफ्नै घरमा थिएँ। प्रतिवादी हरिनारायण चौधरीलाई रेडक्रसको गाडी आई निजलाई अस्पताल लैजाने क्रममा देखेको हुँ पछि के भएको रहेछ भनी अस्पताल पुग्दा निजको पाखुरा खुट्टामा गोली लागेको देखेको हु। टीकापुरमा घट्ना हुँदाको समयमा प्रतिवादी हरिनारायण चौधरी अस्पतालमा थिए। म पनि अस्पतालमा संगै थिए। घट्ना हुनु भन्दा अगाडि नै प्रहरीको गोली लागी प्रतिवादी हरिनारायण चौधरी अस्पतालमा भएको हुँदा संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको **प्रतिवादी हरिनायण चौधरीका साक्षी रमेश चौधरीले गरेको बकपत्र।**

२६३. मिति २०७२/५/७ गतेको दिन म आफ्नै घरमा थिए। बिहान १०.३० बजेको समयमा खाना खाई पुजाको सामान किन्न भनी जोशीपुर जादैगर्दा बाटोमा प्रतिवादी राजेश चौधरीलाई भेटेको हुँ। निज साईकलमा आलुको बोरा राखी बरगधी गाउँतिर बेच्न जादैछु भनी भन्दै हुनुहुन्थ्यो। पछि दिउँसो २ बजेतिर म जोशीपुरबाट फर्कीदा राजेश चौधरी लकर भन्ने गाउँमा आलु बेच्दै गरेको देखेको हुँ। साथै बेलुकी ६ बजेतिर फेरी राजेश चौधरीलाई आफ्नै गाउँको चिया पशलमा चिया खाई रहेको

देखेको हुँ। मेरो गाउँबाट टीकापुर १४/१५ कि.मि.को दुरीमा रहेको छ। टीकापुर घट्नामा प्रतिवादी राजेश चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने बेहोराको **प्रतिवादी राजेश चौधरीका साक्षी सन्तराम डगौराले गरेको बकपत्र।**

२६४. प्रतिवादी विश्राम भन्ने जितबहादुर डगौराका साक्षी भरतलाल डगौराले गरेको बकपत्रः मिति २०७२/५/७ गते मआफ्नै घरमा थिएँ। दिउँसो १२ बजेको समयमा प्रतिवादी जित बहादुर डगौरासंग बाटोमा भेट भएको थियो। म घरमा आई गाईवस्तुलाई घास हाली गाउँकै चोकमा जाँदा ३ बजेतिर निजसंग भेट भएको थियो। घट्ना भएको दिन प्रतिवादी जित बहादुर डगौरा दिन भरी म संगै रहेका थिए। टीकापुर घट्नामा निजको संलग्नता रहेको छैन। जाहेरी दरखास्त व्यहोरा झुठा हो। अभियोग दाबी बमोजिम निजलाई सजाय हुनु पर्ने होईन। वारदात मितिको दिन प्रतिवादी जीत बहादुर डगौरा टीकापुर गएका थिएनन् भन्ने बेहोराको **प्रतिवादी विश्राम भन्ने जितबहादुर डगौराका साक्षी भरतलाल डगौराले गरेको बकपत्र।**

२६५. वारदात मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। म प्रतिवादी किसनलाल चौधरीको मिलमा धान कुटाउन गएको थिएँ। धान कुटाउने पालो कुर्दा ३-४ बजेको समय लागेको थियो। म पनि पालो कुरी दिनभरी निजसंगै निजकै मिलमा बसेको थिए। पछि मेरो पालो आई धान कुटाई म आफ्नो घर फर्की आएको र प्रतिवादी किसनलाल आफ्नै घरमा बसेका हुन। उक्त घट्ना भएको दिन निज दिनभरी आफ्नै मिलमा काम गरी मसंगै भएकोले निजको टीकापुर घट्नामा कुनै संलग्नता रहेको छैन। अभियोग मागदाबी बमोजिम निजलाई सजाय हुनु पर्ने होईन भन्ने बेहोराको **प्रतिवादी किसनलाल चौधरीका साक्षी जित बहादुर डगौराले गरेको बकपत्र।**

२६६. मिति २०७२/५/७ गते म आफ्नै घर मोतिनगरमा थिए। उक्त दिन लगभग ११.३० बजेको समयमा प्रतिवादीले आन्दोलनमा जाउ भनी मेरो घर आएका थिए। पछि मैले निजलाई उक्त आन्दोलनमा जानु हुँदैन उता निषेधितक्षेत्र घोषणा गरिएको छ भनी सम्झाई गाउँकै होटलमा नास्ता खुवाई निजलाई घर फिर्ता पठाएको हु। टीकापुर घट्नामा निजको कुनै संलग्नता रहेको छैन। निज मेरै सामुन्ने आफ्नो घर फर्की गएका हुन। निज पूर्व माओवादी कार्यकर्ता भएको कारण शंकाले निज उपर उजुरी दिएका होलान। निजलाई कारवाही हुनु हुँदैन। निज माथीको आरोप झुठा हो भन्ने बेहोराको **प्रतिवादी सिताराम भन्ने सन्तकुमार चौधरीका साक्षी भैरब महतौले**

**गरेको बकपत्र।**

२६७. मिति २०७२/५/७ गते म आफ्नै अफु श्री जनसेवक ग्रामिण सहकारी संस्थामा थिए। उक्त दिन प्रतिवादी प्रदिप चौधरी घास काटेर १० बजे तिर घाँस लिएर घर फर्किदा मेरै घर नजिक भेट भएको थियो। घरमा आएपछि खाना खाई ११ बजे देखि ३ बजेसम्म गाउँघरका केटाकेटीहरूलांई ट्यूसन पढाएका थिए। निजसंग मेरो छोरा पनि ट्यूसन पढ्ने हुनाले ट्यूसन पढाई सकेपछि निज प्रतिवादी प्रदिप चौधरीलाई मेरो अफिस नजिक भेटेको थिए। टीकापुर घट्नामा प्रतिवादी प्रदिप चौधरीको कुनै संलग्नता रहेको छैन। उक्त दिन निज टीकापुरमा गएकै छैनन्। निजमाथी लगाईएको आरोप झुठा हो। प्रतिवादी करन चौधरीको बयान झुठा हो। निजको दिमाग सन्तुलनमा हुँदैन। निजको बोलीको ठेगान हुँदैन। निज विश्वासिलो मानिस पनि होईन भन्ने बेहोराको **प्रतिवादी प्रदिप चौधरीका साक्षी खुशिराम चौधरीले गरेको बकपत्र।**

२६८. वारदात मिति २०७२/५/७ गते म र प्रतिवादी चुन्निराम चौधरी जोशीपुरको रामजानकी मन्दिरमा पेन्टिङ गरि राखेका थियौं। उक्त दिन हामीहरूले करिब १२ बजे देखि अढाई बजेसम्म वालपेन्टिङ गरेका हौं। अढाई बजेतिर वालपेन्टिङ गरि राखेको अवस्थामा टीकापुरबाट मानिसहरू भागेर आईरहेको देखि के भयो भनी सोध्दा टीकापुरमा झडप भएको छ, तिमिहरू पनि घर तिर गईहाल भनेपछि हामी दुबै जना आ-आफ्नो घरतिर गएका थियौं। हामी वालपेन्टिङ गरी राखेको रामजानकी मन्दिर र टीकापुरको दुरी करिब डेढ घण्टाको फरकमा रहेको छ। प्रतिवादी चुन्निराम चौधरीको टीकापुर घट्नामा कुनै संलग्नता रहेको छैन। निज निर्दोष छन भन्ने **बेहोराको प्रतिवादी चुन्निराम चौधरीका साक्षी खडक बहादुर चौधरीले गरेको बकपत्र।**

२६९. मिति २०७२/५/७ गते म जोशीपुर गा.पा.वडा नं.-४ मा रहेको मेरो पसलमा थिए। प्रतिवादी चुन्निराम चौधरी पनि त्यही रहेको रामजानकी मन्दिरमा ११ बजे देखि २ बजेसम्म वालपेन्टिङ गरिराखेको मैले देखेको हुँ। २ बजेपछि उनीहरू घरतिर गएका हुन। टीकापुर घट्नामा प्रतिवादी चुन्निराम चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने बेहोराको **प्रतिवादी चुन्नीराम चौधरीका साक्षी जगराम डगौराले गरेको बकपत्र।**

२७०. मिति २०७२/५/७ गते म नारायणपुर-६ स्थित प्रतिवादी बिसराम कुश्मी चौधरीको केराबारीमा थिए। यी प्रतिवादी पनि मसंगै केराबारीमा बिहान ६ देखि बेलुकी ७ बजेसम्म काम गरी राखेका थिए। निज १५ वर्षदेखि केराबारी संचालन गर्दै आएका छन। उक्त दिन हामी दुबै जना केराबारीमा सरसफाई माटो हाल्ने काम मल हाल्ने काम साथै किटनाशक औषधी हाल्ने काममा थियौं। टीकापुर घट्नामा यी प्रतिवादीको कुनै संलग्नता रहेको छैन। खै के कुन कारणले निजको नाममा जाहेरी दिएका हुन मलाई थाहा छैन भन्ने बेहोराको **प्रतिवादी बिसराम कुश्मी चौधरीका साक्षी माता प्रसाद चौधरीले गरेको बकपत्र।**

२७१. वारदात मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। प्रतिवादी राम कुमार कठरियालाई पनि बिहान ११ बजेको समयमा खाना खाएर जंगलतिर घासकाट्न गएको देखेको हुँ र पछि ३ बजेतिर घास ल्याएर जंगलबाट आएको देखेको हुँ। टीकापुर घट्नामा प्रतिवादी रामकुमार कठरियाको कुनै संलग्नता रहेको छैन। प्रतिवादी राम कुमार कठरियालाई २०७२/०५/०८ गते बिहान प्रतिवादी राज कुमार चौधरीलाई गोली लागी टीकापुर अस्पतालमा उपचार गराई राखेको हुनाले कपडा र पैसा दिएर आउँ भनी जाँदा प्रहरीले पक्राउ गरेका हुन। निजको घट्नामा संलग्नता नरहेको हुँदा सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी राम कुमार कठरियाका साक्षी टिकाराम डगौरा थारूले गरेको बकपत्र।**

२७२. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। बिहान १० बजेतिर प्रतिवादी सुन्दरलाल कठरिया हातमा प्लेकार्ड बोकेर जुलुशमा जाने भनेर गएको देखेको हुँ। घट्नामा निजको कुनै संलग्नता रहेको छैन। किनभने घट्ना घट्नु भन्दा पहिले नै निजलाई गोली लागी अस्पतालमा घाईते रहेको भन्ने कुरा मानब अधिकारकर्मी फिरूलाल चौधरीले गाउँमा जानकारी गराएका थिए। निजलाई गोली लागी बेहोस भएपछि टीकापुरमा घट्ना भएको हो। प्रतिवादी सुन्दरलाललाई अस्पतालमा गोली लागी उपचार गराई राखेको अवस्थामा प्रहरीले शंकाको आधारमा पक्राउ गरेका हुन। निजलाई घट्ना हुनुपूर्व नै गोली लागी घाईते भएको भन्ने कुरा सुनेर थाहा पाएको हुँ भन्ने बेहोराको **प्रतिवादी सुन्दरलाल कठरियाका साक्षी लक्ष्मण कठरियाले गरेको बकपत्र।**

२७३. मिति २०७२/५/७ गते म र प्रतिवादी राम प्रसाद चौधरीसंगै निजको घर जोशीपुर-४ झवहीमा थियौं। उनको घरबाट निस्केर आन्दोलनमा जाने भनी मुनुवासम्म पुगेको अवस्थामा टीकापुरबाट मानिसहरू भाग्दै आई रहेको देखि के भयो किन फर्केको भनी सोध्दा टीकापुरमा झडप भयो भनी भनेपछि हामीहरू पनि टीकापुर जानु हुँदैन भनी टीकापुर जाने भनी राम प्रसाद चौधरीको घरबाट गएका सबै जना फर्की आ-आफ्नो घरतिर गएका हौ। त्यहाबाट घरफर्की आएपछि एकछिन राम प्रसाद चौधरीको घरमा बसी टीकापुरमा भएको झडपको बारेमा बुझी साझ ४ बजेतिर म आफ्नो घर फर्की आएको हु। टीकापुर घट्नामा प्रतिवादी राम प्रसाद चौधरीको कुनै संलग्नता रहेको छैन। निजलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होईन भन्ने बेहोराको **प्रतिवादी रामप्रसाद चौधरीका साक्षी जीत बहादुर चौधरीले गरेको बकपत्र।**

२७४. मिति २०७२/५/७ गतेको दिन म आफ्नै घरमा थिए। प्रतिवादी दिल बहादुर चौधरी पनि घरमा नै थिए। बिहान ८ बजेको समयमा निजले मलाई टीकापुरमा आन्दोलनमा जाउँ भनी भन्दै थिए। मैले मेरो काम भएको हुँदा जान सक्दिन भनेको थिए। पछि दिउँसो पौने १ बजेको समयमा पनि निजसंग घर नजिकै भेट भएको थिए। भेट हुँदा आन्दोलनमा जाने भन्थेउ किन नगएको भनी भन्दा आन्दोलनमा जाने भनी गएको तर चिलिम चौराहामा प्रहरीले रोकी आन्दोलनमा नजाउ भनी फर्काएपछि टीकापुर नगई फर्की घर आएको भनी मलाई भनेका थिए। टीकापुर घट्नामा प्रतिवादी दिल बहादुर चौधरीको कुनै संलग्नता रहेको छैन भन्ने बेहोराको **प्रतिवादी दिल बहादुर चौधरीका साक्षी कृष्णलाल कठरिया थारूले गरेको बकपत्र।**

२७५. मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। प्रतिवादी राज कुमार कठरियाको घर पनि मेरो घर नजिकै हुँदा बिहान १० बजेको समयमा हातमा प्लेकार्ड बोकी टीकापुरमा शान्तिपूर्ण आन्दोलनमा जान्छु भनी गएका थिए। बेलुका ५ बजेतिर मानव अधिकारकर्मी फिरूलाल चौधरीले प्रतिवादी राज कुमार कठरियालाई १२ बजेतिर गोली लागी अस्पतालमा भर्ना भएको छ भन्ने जानकारी गराएका थिए। घट्ना हुनु भन्दा पहिले नै निजलाई गोली लागी अस्पतालमा भर्ना भएको हुँदा निजको घट्नामा कुनै संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको **प्रतिवादी राज कुमार कठरियाका साक्षी ज्ञान बहादुर चौधरीले गरेको बकपत्र।**

२७६. प्रतिवादीहरू लक्ष्मण थारू चौधरी र लाहुराम चौधरीको मत सल्लाहमा रेशमलाल चौधरी समेतले नेतृत्व गरी वारदातका दिन टीकापुर स्थित सरकारी कार्यालयमा थरूहट प्रदेश लेख्ने योजना बनाई सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई मारी आन्दोलनलाई हिंसात्मक बनाउने योजनका साथ गाउँका भलमन्सा मार्फत चिराकी (चौकीदार)लाई गाउँगाउँमा खटाई गाउगाउँबाट प्रतिवादीहरू बोलाई प्रतिवादीहरू समेतलाई हातहतियार सहित भेला जम्मा गराइ वारदात स्थलमा उपस्थित भई निज प्रतिवादीहरूले टीकापुर न.पा. वडा नं. ९ स्थित पशुहाटबजारमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई भाग्न उम्कन समेत नपाउने गरी C आकारको घेरा हाली आफूहरूले बोकी ल्याएका घरेलु हतियारहरू भाला, लाठा, खुँडा, बन्चरो, तरबार लगायतले निर्ममता पूर्वक प्रहार गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतका **८ जना सुरक्षाकर्मी र १ जना बालकलाई** कर्तव्य गरी मारेको पुष्टि हुन आएको छ।

२७७. प्रतिवादीहरूमध्ये हरिनारायण चौधरी, राजकुमार कठरिया, सुन्दरलाल कठरिया, बृजमोहन डगौरा, राजेश चौधरी, वीरबहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोही भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी समेतका ११ जना प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सजाय होस भन्ने वादी नेपाल सरकारको दाबी रहेतापनि घटना र वारदातको परिस्थिती विश्लेषण गर्दा वादी नेपाल सरकारको अभियोग दाबी अनुसार सजाय गर्दा चर्को पर्न जाने देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम यी प्रतिवादीहरूलाई जनही जन्मकैदको सजाय हुने ठहर्छ।

२७८. प्रतिवादी श्रवण चौधरी मिति २०७२/५/७ गते भएको वारदातको अवस्थामा यी प्रतिवादीको जन्म मिति २०५६/९/२७ रहेको देखिँदा निज १४ देखि १६ वर्ष मुनीका नावालक देखिँदा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार उमेर पुगेका मानिसलाई हुने सजायको आधा सजाय १० वर्ष कैद हुने ठहर्छ। प्रतिवादीहरू लक्ष्मण थारू (चौधरी) र लाहुराम चौधरीले आफूहरूको वारदातमा संलग्नता नरहेको भनी कसुरमा ईन्कार रही मौकामा र अदालतमा बयान

गरेको र यी प्रतिवादीहरू दुवै जना घट्नास्थलमा नरही अन्यत्र रहेको देखिएको तर टीकापुर घट्नाको जिम्मालिई बक्तव्यवाजी गरेको, फेसबुकमा घटनाको समर्थन गरी स्टाटस समेत लेखेको हुँदा र देहायका प्रतिवादीहरूले उक्त वारदातमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मत सल्लाहमा पसी, सहयोग गरि अपराध गर्नमा मतलवीको भुमिका अदाहा गरेको देखिँदा प्रतिवादीहरू लक्ष्मण थारू (चौधरी), लाहुराम चौधरी, राम कुमार कठरिया, सन्तराम चौधरी, विश्राम भन्ने जित बहादुर डगौरा, प्रेम बहादुर चौधरी, किशनलाल चौधरी, दिल बहादुर चौधरी, संगम भन्ने सन्तोष थारू (चौधरी), विश्राम चौधरी, चुन्नीराम चौधरी र राम प्रसाद चौधरी समेत १२ जनालाई वादी नेपाल सरकारको अभियोग दाबी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय होस भन्ने रहेतापनि घटना र वारदातको परिस्थिति एवं यी प्रतिवादीहरूको संलग्नतालाई समेत विश्लेषण गर्दा सो बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार जनही ३ वर्ष मात्र कैद हुने ठहर्छ।

२७९. प्रतिवादी **करन चौधरीको जन्म मिति २०५८/५/१५** भएको र प्रस्तुत घटनाको वारदात मिति २०७२/५/७ गते भएको अवस्थामा यी प्रतिवादी १४ वर्ष मुनिका नावालक देखिँदा निजलाई वादी नेपाल सरकारको अभियोग दाबी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद हुने ठहर्छ। प्रतिवादीहरू हरि नारायण चौधरी, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, बृजमोहन डगौरा, राजेश चौधरी, वीर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरी समेत ११ जनाले ज्यान मार्ने मनसायकासाथ सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरू एकेन्द्र बहादुर खड्का, नेत्रराज पडाल, रविन्द्र धनुषे, मकेन्द्र बहादुर अधिकारी, केशवराज जोशी, खेमराज भट्ट, देब बहादुर मौनी, सुरेन्द्र चन्द, जयराज धामी, दिपराज थापा, लक्ष्मण साउद, मान बहादुर बुढामगर, गज बहादुर भण्डारी, केशव बहादुर बोहरा, आनसिंह विष्ट समेत **३६ जना** सुरक्षाकर्मीहरूलाई जोखिमी हतियार प्रहार गरी ज्यान मार्ने उद्योग गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १५ नं. बमोजिम कसुर अपराध गरेकाले निजहरूलाई तजविजी अधिकार प्रयोग गर्दै जनहि ५ वर्ष कैदको सजाय हुने ठहर्छ। प्रतिवादी श्रवण चौधरी मिति २०७२/५/७ गते भएको

वारदातको अवस्थामा यी प्रतिवादीको जन्म मिति २०५६।०९।२७ रहेको देखिँदा निज १४ देखि १६ वर्ष मुनीका नावालक देखिँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) अनुसार उमेर पुगेका मानिसलाई हुने सजायको आधा सजाय दुई वर्ष छ महिना कैद हुने ठहर्छ। यी प्रतिवादीहरू हरि नारायण चौधरी, राज कुमार कठरिया, सुन्दरलाल कठरिया, बृज मोहन डगौरा, राजेश चौधरी, वीर बहादुर चौधरी, प्रदीप चौधरी, बिद्रोह भन्ने सिताराम चौधरी, गंगाराम डगौरा चौधरी, श्रवण चौधरी र रेशमलाल चौधरी समेत १० जनाले जनहि २५ वर्ष र प्रतिवादी श्रवण चौधरीले १२ वर्ष ६ महिना कैदको सजाय भुक्तान गर्नु पर्ने भए तापनि मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम गर्नु गराउनु पर्ने ठहर्छ।

२८०. प्रतिवादीहरू मध्येका नुरूल अलि जागा भन्ने तहौबर अलि जागाको प्रस्तुत वारदातमा संलग्नता नदेखिएको, निज प्रतिवादीलाई सह अभियुक्तहरूले पोल उजुर गर्न नसकेको, प्रतिवादी मध्येका राम नरेश चौधरी बर्दिया जिल्लाको राजापुर कालीका मा.वि. का शिक्षक भई निज उक्त घटनामा संलग्न नदेखिएको कुरा निजको स्कुलको हाजिरी रेकर्ड र त्यस बिद्यालयका प्रधानाध्यापक आफैं साक्षी भई अदालत समक्ष बकपत्र गरिदिएकोले र प्रतिवादीमध्येका बिसराम चौधरी (कुस्मी) को नाम जाहेरीमा उल्लेख नभएको, मौकामा बुझिएका व्यक्तिहरूले पोल उजुर गर्न नसकेको, अन्य प्रतिवादीहरूको परस्परको बयानबाट यिनको नाम उल्लेख हुन नसकेको समेतका मिसिल संलग्न प्रमाणहरूबाट निज प्रतिवादीहरू नुरूल अलि जागा भन्ने तहौबर अलि जागा, राम नरेश चौधरी र बिसराम चौधरी (कुस्मी) उपरको अभियोग दाबी पुष्टि हुन सक्ने नदेखिएको हुँदा निजहरू ३ जनाले अभियोग दाबीबाट पूर्णतः सफाइ पाउने ठहर्छ।

२८१. यी प्रतिवादीहरूले सुरक्षाकर्मीहरूसँग भएको एस.एल.आर, रू.६२,७४४.२२ पर्ने संचार सेट, रू.७९,२२२.५ पर्ने, अश्रुग्याँस गन रू.२६,९३५.६५ पर्ने पेस्तोल रू.४२,५६४.९३ गरी जम्मा बिगो रू.२,११,४६७.३ मूल्य बराबरको हतियार र संचार सेट समेत डाँका गरी लगेकोले निज प्रतिवादीहरू रेशमलाल चौधरी, ई.धनीराम चौधरी, राम प्रसाद चौधरी, प्रेम बहादुर चौधरी, हरिनारायण चौधरी, राजकुमार कठरिया, दिल बहादुर चौधरी, सुन्दरलाल कठरिया, रामकुमार कठरिया, बृज मोहन डंगौरा, राजेश चौधरी, किसनलाल चौधरी, सन्तराम चौधरी, वीर बहादुर चौधरी, रामनरेश चौधरी, जित

बहादुर डंगौरा, सन्तोष कुमार थारू(चौधरी), विश्राम चौधरी, करन चौधरी, लक्ष्मण चौधरी, प्रदीप चौधरी, नरूल अलि जागा, राम चन्द्र चौधरी, विसराम चौधरी (कुश्मी), फुलराम चौधरी समेतले मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम सजाय हुनका साथै लुटिएको धनमाल सोही चोरीको महलको १०(३) नं. बमोजिम जिल्ला प्रहरी कार्यालय, कैलालीलाई दिलाई भराई पाउँ भन्ने अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएको र लुटिएका संचारसेट र SLR को बरामदी मुचुल्का समेत मिसिलमा नभएको अवस्थामा त्यसतर्फको वारदात पुष्टि हुन नसक्ने देखिँदा उक्त डाँका चोरीतर्फको अभियोग दाबीबाट सबै प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ। उपरोक्त घट्नामा प्रयोग भई बरामद भएका अभियोगदाबी साथ पेश गरिएका रड, लाठा, भाला समेतका सम्पूर्ण दशीका समानहरू जफत हुने ठहर्छ ।

२८२. प्रतिवादीहरू रामचन्द्र चौधरी, सन्तकुमार चौधरी, ई.धनीराम चौधरी, फुलराम चौधरी, विकास भन्ने बालकृष्ण चौधरी, शिवकुमार चौधरी, चमन चौधरी, खुशिराम चौधरी, डम्मर कठरिया, ईश्वरी प्रसाद चौधरी, बन्धाराम थारू, माझिद भन्ने सुरज मियाँ हास्मी, दिनेश कठरिया, कालु रावत, बिमल रावत, सन्दिप चौधरी बडायक, शिवराज कठरिया, बलिराम चौधरी, लाहानु चौधरी, निरज राना, रामलाल चौधरी, काठराम चौधरी, टिकाराम कठरिया, भागीराम चौधरी, बाबुराम चौधरी, रामबहादुर चौधरी, विश्राम चौधरी, शेरे चौधरी, सन्तराम चौधरी, भिम बहादुर चौधरी र रमेश चौधरी समेत जम्मा ३१ जना फरार रहेको देखिँदा निजहरूको हकमा प्रस्तुत मुद्दाको कारवाही मुलुकी ऐन, अदालती बन्दोबस्तको १९० नं. बमोजिम मुलतवीमा राखिदिने ठहर्छ भन्ने समेत बेहोराको **कैलाली जिल्ला अदालतको मिति २०७५/११/२२ को फैसला।**

## वादी र प्रतिवादीहरूको उच्च अदालत दिपायलमा परेको पुनरावेदनः

२८३. प्रतिवादी नुरूल अलि जागा भन्ने तहौबर अलि जागा, राम नरेश चौधरी र विसराम चौधरी (कुश्मी) को वारदातमा संलग्नता नदेखिएको भन्दै निज प्रतिवादीहरूलाई सफाई दिने गरी भएको निर्णयाधारतर्फ दृष्टिगत गर्दा प्रतिवादीमध्येका रामनरेश चौधरिले अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा प्रतिवादी रेशमलाल चौधरी समेतले घर घरबाट भाला, बञ्चरोजस्ता घरेलु हातहतियार लिई टीकापुरस्थित सरकारी कार्यालयमा थारूवान स्वायत्त प्रदेशको बोर्ड लगाउने भनी निर्णय गरेअनुसार

वारदातका दिन घटनास्थल पशुहाट बजार नजिक प्रहरीले रोक्न खोज्दा प्रहरीमाथी नै आक्रमण गरि घरेलु हतियार प्रहार गरी मारेका हौ भनी आफू समेतको संलग्नतामा उक्त घटना भएको तथ्य स्वीकार गर्दै अर्का प्रतिवादी नुरुल अलि जागा भन्ने तहौबर अलि जागा समेतलाई पोल गरेका छन् भने अर्का प्रतिवादी विसराम चौधरी समेतलाई अनुसन्धानको क्रममा बयान गर्ने श्रवण चौधरी र प्रदिप चौधरीले किटानी साथ पोल गरेको देखिन्छ। यसरी स्वयम् प्रतिवादीहरूले वारदातका दिन आफूहरू समेत वारदात स्थलमा मौजुद रहेको तथ्यमा स्विकार रहेका छन् भने अन्य सह अभियूक्तहरू समेतले पोल गरी निज प्रतिवादीहरू वारदात स्थलमा रहेको भनी खुलाई लेखाई दिएको अवस्थामा प्रतिवादी नुरुल अलि जागा भन्ने तहौबर अलि जागा केवल गैर थारू जातीको भएकै आधारमा र प्रतिवादी राम नरेश चौधरी बर्दिया जिल्लामा विद्यालयमा हाजिर भएको भनी पछि बनाइएका (Created) प्रमाणको आधारमा यी प्रतिवादीहरू वारदातस्थलमा नरहेको भनी यी प्रतिवादीहरू प्रति सदासयता राखी प्रतिवादीहरूलाई कसुरमा उन्मुक्ति दिने नियतले फैसला गरिएको अवस्था देखिंदा यी प्रतिवादीहरूलाई समेत मागदाबी बमोजिम कसुर ठहर नगरी गरेको सो फैसला न्यायिक सदविवेकको विचलन बाहेक केही हुन नसक्ने हुँदा उक्त त्रुटीपुर्ण फैसला बदर गरी निज प्रतिवादीहरूलाई समेत अन्य प्रतिवादीहरूलाई समेत सुरू अभियोग मागदाबी बमोजिम नै सजाय गरी पाउँ तथा विवेचित आधार र प्रमाणहरूबाट विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय नगरी तथा सफाई दिने गरी भएको सुरू कैलाली जिल्ला अदालतको त्रुटीपूर्ण फैसला बदर गरी निज प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबी बमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको **वादी नेपाल सरकारले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८४. म पुनरावेदक नाबालिगलाई सावालक भनी अभियोग लगाइएको छ। मेरो विरूद्ध तयार भएका सङ्कलित तथ्य प्रमाणले कानूनी मान्यता प्राप्त गर्दैन। यदि सत्य तथ्य अनुसन्धान भएको भए म पुनरावेदक १५ वर्षकोलाई १७ वर्षको भनी काल्पनिक उमेर राखी अभियोग पत्र दायर हुने थिएन। बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को कार्यविधि नपुऱ्याई मेरो विरूद्धमा प्रमाण संकलन गरिएको छ। म पुनरावेदक स-प्रमाण नावालक हुँदाहुँदै उमेर पुगेको व्यक्तिसंग थुनामा राखी डर

धाक धम्की देखाई कुटपीट गरी बाल न्याय (कार्यविधि), २०६३ को बर्खिलाप हुने गरी मेरो विरूद्धमा अभियोग लगाइएको हुँदा मेरो विरूद्धमा तयार पारिएको प्रमाणले कानूनी मान्यता पाउने होइन। घटनामा संलग्न नै नरहेको म नाबालिगलाई पढाई लेखाई गरी भविष्य उज्वल बनाउने समयमा कैद सजाय हुनेगरी कैलाली जिल्ला अदालतको फैसलाले साह्रै अन्यायमा परेको हुँदा सो फैसला बदर गरी न्याय निरोपण गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी श्रवण चौधरीले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८५. कैलाली जिल्ला अदालतबाट परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधी सम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने हुन्छ। सङ्कलित बस्तुगत प्रमाणहरू बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एक आपसमा बाझिएमा र आफैमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका नजिर सिद्धान्त समेतका आधारमा कैलाली जिल्ला अदालतबाट भएको फैसला पुर्वाग्रही हुँदा सो पूर्वाग्रही फैसला मिसिल संलग्न प्रमाणहरू,साक्षी बकपत्र, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतका आधारमा कैलाली जिल्ला अदालतबाट तथ्यगत एवं कानूनी आधारहरूबाट हामी पुनरावेदकहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम जन्मकैद र ऐ. को १५ नं. बमोजिम ५ वर्ष कैद समेतको सजाय गर्नेगरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी पूर्ण न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू राजकुमार कठरिया, सुन्दरलाल कठरिया र सन्तकुमार चौधरीले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८६. म प्रतिवादीलाई थारूवान संघर्ष समिति क्षेत्र नं. १ को संयोजक भएको हुँदा निजको योजना र निर्देशनमा आन्दोलन भएको थियो, त्यसैले घटनामा निजको संलग्नता हो भन्ने आधारमा मिसिल संलग्न तथ्यगत प्रमाणहरू तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको सुक्ष्मरूपमा अध्ययन नै नगरी कसुरदार ठहर गरी म पुनरावेदकलाइ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद र ऐ.को १५ नं. बमोजिम ५ वर्ष कैद समेतको सजाय गर्नेगरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर

गरी पूर्ण न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी रेशमलाल चौधरीले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८७. सङ्कलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थिति जन्य प्रमाणहरू एक आपसमा बाझिएमा र आफैमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूको आधारमा कसैलाई दोषी ठहर गर्नू फौजदारी न्यायको सिद्धान्त विपरित हुन जाने भन्ने प्रतिपादीत नजिर सिद्धान्त समेतका आधारमा कैलाली जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा हामी पुनरावेदकहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैद र ऐ.को १५ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्नेगरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला बदर गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू हरिनारायण चौधरी र प्रदिप चौधरीसमेतले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८८. कसैले कसैलाई पोल गर्नु र सो का आधारमा नेपाल सरकाले कसै उपर अभियोग लगाउदैमा शंकारहित किसिमबाट सङ्कलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एक आपसमा बाझिएमा र आफैमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई दोषी ठहर गर्नू फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जाने भन्ने नजिर सिद्धान्त समेतका आधारमा सुरू कैलाली जिल्ला अदालतबाट अनुमान र शंकाजन्य आधारमा वस्तुनिष्ठ प्रमाणहरू, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको कुनै विश्लेषण नै नगरी हामी पुनरावेदकहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्म कैद र ऐ.को १५ नं. बमोजिम ५ वर्ष कैद सजाय गरेको सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला बदर गरी पूर्ण न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू बृजमोहन चौधरी,राजेश चौधरी, विरबहादुर चौधरी र गंगाराम चौधरीसमेतले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२८९. प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान सो इच्छाको नभई जबरजस्ती रूपमा पढ्न समेत नदिई डर धाक धम्की दिइ त्यसमा हस्ताक्षर गराएको हो भनी अदालतमा बयान गर्दा लेखाएको अवस्था र वादी पक्षका साक्षी जाहेरवाला मौकामा कागज गर्ने व्यक्ति, बस्तुस्थिति मुचुल्का मानिसहरू कैलाली जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा किटान गरी हामीहरूको नाम उल्लेख गरी यो प्रतिवादी

यसरी उपस्थित थियो भनी लेखाउन सकेको अवस्था छैन। प्रतिवादीलाई सनाखत गर्ने व्यक्तिले समेत बकपत्र गर्दा सनाखत कागजमा सहिछाप गरिदिएका हौं, प्रतिवादीलाई चिन्दैन भनी बकपत्रमा लेखाइदिएका छन्। साथै निजहरूले बकपत्र गर्दा अनुसन्धान अधिकारी समक्ष नाम भनेको आधारबाट जाहेरी दरखास्त उल्लेख गरेका छौं भनेका छन्। कसैले संचारमाध्यम तथा पत्रपत्रिका हेरी जाहेरी दरखास्तमा प्रतिवादीको नाम उल्लेख गरेका हौं भनी बकपत्र गरेको, मैले अदालतमा कसुरमा इन्कार रही बयान गरेको तथा मेरा साक्षीहरूले समेत मेरो उक्त बयानलाई समर्थन हुनेगरी बकपत्र गरिदिएका छन्। म प्रतिवादी सो वारदातको दिन जिल्ला प्रशासन कार्यालय धनगढी अगाडि धर्ना बसेको कुरा मिसिल संलग्न प्रमाणहरूले समेत प्रमाणित गरिरहेको अभियोग मागदाबी समेत उक्त वारदातस्थलमा नरहेको भनी स्वीकार गरि रहेको अवस्थामा सुरू कैलाली जिल्ला अदालतको फैसला बदर अभियोग मागदाबी भन्दा माथि गएर वारदातस्थलमा उपस्थित रहेको ठहराई गरेको पूर्ण रूपमा गैर कानूनी, गैर न्यायिक भई बदरभागी रहेकोले उक्त फैसला बदर गरी अभियोग मागदाबीबाट सफाई पाउने गरी इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको **लाहुराम चौधरीले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२९०. प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान स्वच्छाको नभई जबरजस्ती रूपमा पढ्न समेत नदिई डर धाक धम्की दिइ त्यसमा हस्ताक्षर गराएको हो भनी अदालतमा बयान गर्दा लेखाएको अवस्था र वादी पक्षका साक्षी जाहेरवाला, मौकामा कागज गर्ने व्यक्ति, वस्तुस्थिति मुचुल्काका मानिसहरू कैलाली जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा किटान गरी हामीहरूको नाम उल्लेख गरी यो प्रतिवादी यसरी उपस्थित थियो भनी लेखाउन सकेको अवस्था छैन। प्रतिवादीलाई सनाखत गर्ने व्यक्तिले समेत बकपत्र गर्दा सनाखत कागजमा सहिछाप गरिदिएका हौं, प्रतिवादीलाई चिन्दैनौं भनी बकपत्रमा लेखाइदिएका छन। साथै निजहरूले बकपत्र गर्दा अनुसन्धान अधिकारी समक्ष नाम भनेको आधारबाट जाहेरी दरखास्त उल्लेख गरेका छौं भनेका छन भने कसैले सञ्चारमाध्यम तथा पत्रपत्रिका हेरी जाहेरी दरखास्तमा प्रतिवादीको नाम उल्लेख गरेका हौं भनी बकपत्र गरेका छन्। अनुसन्धान अधिकारी समक्ष सनाखत गर्ने व्यक्तिहरूले अदालतमा आई प्रतिवादीहरूलाई चिन्दैनौं, थुनामा राखिएको अवस्थामा नाम उल्लेख गरेको आधारमा सनाखत गरिदिएका हौं भनी बकपत्र गरेका

छन। प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम कागज गर्ने व्यक्तिले अदालतमा आइ बकपत्र गर्दा अनुसन्धानमा भएको व्यहोरालाई पुष्ट्याई हुनेगरी बकपत्र गरेमा मात्र प्रमाणमा लिन मिल्छ भन्ने कानूनी मान्यता रहेको छ। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाण पुऱ्याउने भार अभियोजन पक्षमा रहन्छ भन्ने कानूनी व्यवस्था रहेको तथा विभिन्न नजिर सिद्धान्त हरूको प्रतिकूल हुने गरी हामीलाइ साह्रै अन्यायमा पर्नेगरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला बदर गरी न्यायिक निरोपण गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू किसनलाल चौधरी, सन्तराम चौधरी र विश्राम भन्ने जित बहादुर डगौरा समेतले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

२९१. प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान सो इच्छाको नभई जबरजस्ती रूपमा पढ्न समेत नदिई डर धाक धम्की दिइ त्यसमा हस्ताक्षर गराएको हो भनी अदालतमा बयान गर्दा लेखाएको अवस्था र वादी पक्षका साक्षी जाहेरवाला मौकामा कागज गर्ने व्यक्ति, बस्तुस्थिति मुचुल्का मानिसहरू कैलाली जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा किटान गरी हामीहरूको नाम उल्लेख गरी यो प्रतिवादी यसरी उपस्थित थिए भनी लेखाउन सकेको अवस्था छैन भने प्रतिवादीलाई सनाखत गर्ने व्यक्तिले समेत बकपत्र गर्दा सनाखत कागजमा सहिछाप गरिदिएका हौं, प्रतिवादीलाई चिन्दैन भनी बकपत्रमा लेखाइदिएका छन, साथै निजहरूले बकपत्र गर्दा अनुसन्धान अधिकारी समक्ष नाम भनेको आधारबाट जाहेरी दरखास्त उल्लेख गरेका छौं भनेका छन। भने कसैले संचार माध्यम तथा पत्रपत्रिका हेरी जाहेरी दरखास्तमा प्रतिवादीको नाम उल्लेख गरेका हौं भनी बकपत्र गरेका छन, हामीले अदालतमा कसुरमा इन्कार रही बयान गरेको तथा हाम्रा साक्षीहरूले समेत हाम्रो उक्त बयानलाई समर्थन हुनेगरी बकपत्र गरिदिएका छन। यिनै प्रमाण मूल्याङ्कनका आधारमा हामीहरूलाई ३ वर्ष कैद हुनेगरी गरिएको सुरू अदालतबाट भएको फैसला बदर गरी इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू लक्ष्मण थारू चौधरी, रामप्रसाद चौधरी, संगम भन्ने सन्तोष कुमार चौधरी, विश्राम चौधरी, प्रेम बहादुर चौधरी, दिल बहादुर चौधरी र राम कुमार चौधरीसमेतले उच्च अदालत दिपायलमा गरेको पुनरावेदन।**

उच्च अदालत दिपायलको आदेश

२९२. यसमा सुरू फैसला उपर श्रवण चौधरी समेतका २३ जना प्रतिवादीहरूको र वादी नेपाल सरकारको समेत पुनरावेदन पर्न आई दोहोरो पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन परेको जानकारी वादी नेपाल सरकारलाई र वादी नेपाल सरकारको पुनरावेदनको जानकारी उल्लिखित प्रतिवादीहरूलाई दिई प्रत्यर्थी प्रतिवादीहरू राम नरेश चौधरी, तहाँवर अली जागा, बिसराम चौधरी (कुस्मी) र करन चौधरीलाई उच्च अदालत नियमावली, २०७३ को नियम ६४(४) बमोजिम झिकाई म्यादभित्र उपस्थित भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू भन्नेसमेत बेहोराको **उच्च अदालत दिपायलबाट मिति २०७६/१०/७ मा भएको आदेश।**

२९३. यसमा निवेदक प्रतिवादी श्रवण चौधरीको उमेर १७(सत्र) वर्ष उल्लेख गरी मिति २०७२/६/५ मा अभियोगपत्र दायर भएको देखिन्छ। जन्मदर्ताको आधारबाट वारदात हुँदाका बखत निज श्रवण चौधरी नाबालिग देखिएको आधारमा कैलाली जिल्ला अदालतबाट मिति २०७५/११/२२ मा फैसला हुँदा निजलाई १०(दश) वर्ष कैद सजाय भएको अवस्था देखिन्छ। सो फैसलामा चित्त नबुझी निवेदक प्रतिवादी श्रवण चौधरीलाई अभियोग दावी बमोजिम सजाय गरीपाउँ भनी वादी नेपाल सरकार समेतको पुनरावेदन परी मुद्दा यस अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ। निवेदकले निवेदनसाथ पेश गरेको जन्मदर्ताबाट निजको जन्म मिति २०५६/९/२७ उल्लेख भएबाट आज मिति २०७६/१२/११ गते निजको उमेर २० (बीस) वर्ष २(दुई) महिना १४(चौध) दिन भएको देखिंदा निज निवेदक श्रवण चौधरी वारदात हुँदा १८(अठार) वर्ष मुनिको देखिएपनि हाल १८(अठार) वर्ष माथिको उमेरको देखिंदा निवेदकको माग बमोजिम अभिभावकको जिम्मा लगाउन मिलेन। कानून बमोजिम गर्नू भन्नेसमेत बेहोराको **उच्च अदालत दिपायलबाट मिति २०७६/१२/११ मा भएको आदेश।**

उच्च अदालत दिपायलको फैसलाः

२९४. प्रतिवादीहरू मध्येका रेशमलाल चौधरी, हरिनारायण चौधरी, प्रदिप चौधरी, वीरबहादुर चौधरी, सीताराम चौधरी र गंगाराम चौधरी समेत जना ६ को हकमा मुलुकी ऐन,

ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं बमोजिम जन्मकैद हुने र सोही महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगमा जनही ५ वर्ष कैद सजाय समेत हुने ठहर्याई भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७५/११/२२ को फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाई पाउँ भन्ने निज प्रतिवादीहरूको पुनरावेदन जिकिर र डाँका चोरीमा समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अर्का प्रतिवादी लक्ष्मण थारू चौधरीले टीकापुर घटनाको योजना बनाई नेतृत्व लिई निर्दोष राष्ट्रसेवक प्रहरी अधिकृत तथा कर्मचारी र नाबालिगको ज्यान लिने गरी भएको विभत्स घटना घटाउन योजना बनाएको र सो योजना कार्यन्वयनका लागि आफै घटनास्थलमा उपस्थित समेत भई मार्नलाई वचन दिएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भई रहेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(३) नं. बमोजिम ३ वर्ष सजाय हुने ठहऱ्याई भएको सुरू अदालतको फैसला मिलेको नदेखिंदा निजको हकमा केही उल्टी भई निज प्रतिवादीलाई अभियोग मागदावी बमोजिम ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्छ। साथै निजलाई सोही महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगमा ५ वर्ष कैद सजाय समेत हुने ठहर्छ। डाँका चोरी तर्फ वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन।

२९५. प्रतिवादीहरू संगम भन्ने सन्तोष चौधरी, दिल बहादुर चौधरी र जित बहादुर चौधरी हातहतियार सहित वारदात स्थलमा महजूद रहेको तथ्य स्वीकार गरी बयान गरेकोमा सुरू अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(३) नं. बमोजिम ३ वर्ष सजाय हुने ठहर्याई भएको फैसला मिलेको नदेखिंदा केही उल्टी भई निज प्रतिवादीहरूलाई उक्त महलको १७(१) नं. बमोजिम जनही १० वर्ष कैद हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। ज्यान मार्ने उद्योगतर्फ ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैद हुने ठहर्छ। कानूनको द्वन्दमा परेका नाबालिग श्रवण कुमार चौधरीको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्म कैद ठहऱ्याई नाबालिग भएकोले सो को

आधी सजाय १०(दश) वर्ष कैद हुने गरी भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ।

२९६. प्रतिवादी सुन्दरलाल कठरिया, बृज मोहन चौधरी, राजेश चौधरी र राजकुमार कठरियाको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुर कायम गरी सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसला मिलेको नदेखिंदा केही उल्टी भई निज प्रतिवादीहरूको कसुरमा संलग्नताको आधारमा उक्त महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद सजाय हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। ज्यान मार्ने उद्योगतर्फ सुरू फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ।

२९७. प्रतिवादी रामप्रसाद चौधरी, सन्तराम चौधरी, किसनलाल चौधरी र प्रेम बहादुर चौधरीको हकमा निज प्रतिवादीहरूको वारदातमा रहेको संलग्नता अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको सुरू अदालतको फैसला मिलेको नदेखिंदा केही उल्टि भई निज प्रतिवादीहरूलाई उक्त महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद सजाय हुने ठहर्छ।

२९८. प्रतिवादी चुन्नीराम चौधरी, लाहुराम चौधरी र राम कुमार कठरियाको हकमा वारदातस्थलमा उपस्थित रहेकोसम्म देखिएको वस्तुनिष्ठ प्रमाणबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको सुरूको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी विश्राम चौधरीका हकमा सुरू अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको फैसला मिलेको नदेखिंदा उल्टि भई निज प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ। अन्य प्रतिवादीहरू राम नरेश चौधरी, तहाँबर अली र विसराम चौधरी कुस्मीको हकमा अभियोग दाबीबाट सफाई हुने ठहऱ्याई भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। कानूनको द्वन्दमा परेका नाबालिग करन चौधरीको हकमा १४ वर्ष मुनिको नाबालिग भएकोले ज्यानसम्बन्धी महलको

१ नं. को कसुरमा ६ महिना कैद सजाय ठहर गरी भएको सुरू अदालतको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको **उच्च अदालत दिपायलको मिति २०७७/०९/०२ को फैसला।**

**पुनरावेदक प्रतिवादीहरूको यस अदालतमा परेको पुनरावेदनः**

२९९. जुन स्थानमा घटना घटेको भनिएको छ त्यहाँ म उपस्थित भएको भए सो घटना हुँदा मेरो शरिरमा कुनै चोट पटक लागेको वा रगत लागेको हुनुपर्ने थियो, त्यस्तो प्रमाण म बाट फेला परेको पनि छैन। घाईते प्रहरीहरू समेतले घटना विवरण कागज गर्दा मेरो नाम उल्लेख गर्न सक्नुभएको छैन। टेक बहादुर चौधरीले घटना विवरण कागज गर्दा निषेधाज्ञा तोडी कार्यक्रम सफल पार्नु पर्दछ भनी गाउँमा उद्घोष गरेको सुनेको हुँ भनी घटना विवरणमा कागज गर्दा लेखाउनु भएको छ। मौकामा बयान गर्ने राम बहादुर चौधरी समेतले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रस्तुत वारदातको मुख्य योजनाकार रेशमलाल चौधरी हुन भन्ने बेहोराको एकै किसिमको बयान गरेको देखिन्छ। उक्त बयानलाई डर, त्रास देखाई प्रहरी आफुले तयार पारेको बयानमा जबरजस्ती सहीछाप गर्न लगाएको अदालतमा खण्डित गर्नु भएको छ। म पुनरावेदकलाई मुख्य योजनाकार हो भनी प्रमाणित गर्न खोजिएको छ। सो घटना कसको योजनावाट घटना भएको हो भनी वादी पक्षले पुष्टि गर्ने सकेको अवस्था छैन। म पुनरावेदकले नै कर्तव्य गरी मारेको भन्ने तथ्य कहिँ कतैबाट पुष्टि हुन सकेको छैन। उक्त घटना हुदा बुझिएका साक्षीले अदालतमा बकपत्र गर्दा देखेको हो भनी खुलाउन सकेको अवस्था छैन।

३००. यस घटनाका चस्मदीद गवाह कोही कसैले पनि मेरो संलग्नता रहेको, पुष्टि गर्न सकेका छैनन्। केवल शंकाको भरमा मात्रै अपराधी ठहराउन फौजदारी न्यायको सिद्धान्त विपरित हुन्छ। म पुनरावेदकले अदालतमा बयान गर्दा टीकापुर घटनामा मेरो संलग्नता छैन। मैले कुनै योजना पनि बनाएको छैन मैले कसैलाई निर्देशन गरेको पनि छैन। म प्रति लगाएको अभियोगको खण्डन र म उपर भएको जनमतको कदर गर्न उपस्थित भएको छु। मैले टीकापुर घटना हुनु भन्दा पूर्व लम्की, धनगढी, टीकापुरमा पनि मञ्चबाट आफ्नो भनाई राखेको छु। सो भाषणको भिडियो बनाउन महेन्द्र भण्डारीलाई जिम्मा दिएको थिएँ। उहाँले भिडियो बनाउनु भएको छ। त्यो

भिडियोमा मैले कही पनि सामाजिक सद्भाव बिग्रार्ने किसिमको भाषण गरेको थिइन। प्रतिवादीहरूले के कुन किसिमको दबावले मेरो नाम लेख्न पुगे सो मलाई थाहा भएन। म टीकापुरमा छदै छैन फेरी आन्दोलनको मासलाई मैले त यता जा उता जा भन्ने कुरा पनि भएन। मिति २०७२।०५।०७ गते म बर्दियाको गुलरियामा छु। मैले योजना बनाउने र निर्देशन दिने कुरै भएन। टीकापुरमा घटना हुँदाका अवस्थामा टीकापुरमा थिएन। मैले कसरी योजना बनाए कसरी कसलाई निर्देशन दिए सो बनावटी कुरा लेखाएका हुन।

३०१. मेरो इन्कारी बयानलाई प्रमाणमा ग्रहण नगरी केवल सह अभियुक्तको पोललाई आधार मानी कसुरदार ठहर गर्न मिल्दैन भनी लेखाएको छु। मौकामा बुझिएका साक्षी तथा वारदातमा घाइते भएका प्रहरीहरूले बकपत्र गर्दा के कुन प्रतिवादीले कसरी प्रहार गरे थाहा भएन। मेरो कमाण्डरले भनेको आधारले लेखाएको हुँ। मैले प्रतिवादीहरूलाई देखेको चिनेको छैन भनी लेखाउनु भएको छ। भरतसिंह बुडालले बकपत्र गर्दा प्रतिवादी लक्ष्मण चौधरीको नेतृत्वमा जुलुस आएको सुचना पाएका थियौ भन्ने बेहोराको बकपत्र गर्नु भएको छ। राम बहादुर ऐरले अनुसन्धानमा पक्राउ गरी ल्याएपछि जिल्ला सरकारी कार्यालयमा चिनेर नाम लेखेको हुँ। घटनामा प्रतिवादी रेशमलाल चौधरीलाई देखेको थिईन भन्ने समेत बेहोराको बकपत्र गर्नु भएको छ। जाहेरवाला मान बहादुर बोहोराले दुईवटा जाहेरीमा मौकाको कागज र अदालतमा गरेको बकपत्रमा फरक फरक गरी लेखाउनु भएको अवस्था छ। यस्तो घाईतेहरूको भनाई र जाहेरवाला स्वयंका भनाई फरक फरक भएकोले उक्त घटनामा मेरो संलग्नता नभएको पुष्टि हुदा हुदै पनि सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालतको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। प्रस्तुत मुद्दामा वादीका साक्षी समेतले सम्मानित अदालतमा आई बकपत्र गर्दा समेत उक्त घटनामा मैले गरेको हो भन्न सक्नु भएको अवस्था समेत छैन। धेरै साक्षीहरूले सुनेको र पत्रपत्रिकामा पढेर थाहा पाएको भनी बकपत्र गर्नु भएको छ। म पुनरावेदकलाई कल डिटेल रेकर्डबाट अपराधमा संलग्न भएको भनी उल्लेख गरिएको छ। कल डिटेल रेकर्डलाई अध्ययन र मुल्यांकन गरिएको छैन। कल डिटेल रेकर्डमा नै वारदात भएको मिति र समयमा म पुनरावेदक दुर्गौली हुदै बर्दिया जिल्लाको गुलरिया सदरमुकामसम्म पुगेको लोकेशन देखिन्छ। घटनास्थलभन्दा

गुलरिया अन्दाजी १२० किलोमिटर टाढा रहेको सो कल डिटेल रेकर्डबाट स्पष्ट हुन्छ। मेरो मोबाइल टावरको लोकेशनले पनि उक्त घटनास्थल भन्दा टाढा रहेको स्पष्ट गर्दछ। म पुनरावेदकले सम्मानित कैलाली जिल्ला अदालतमा बयान गर्दा उक्त मितिमा म त्यहाँ थिइन सो समयमा बर्दियामा थिए भनी बयान दिएको छु। घटनास्थलमा म थिइन भन्ने प्रमाण वादीवाट नै सङ्कलित गरिएको मेरो मोवाइलको कल वाईज लोकेशन र बि.टी.एस. विश्लेषणबाट उक्त स्थानमा नभएको प्रष्ट गरेको छ। घटनाको दिन म पुनरावेदक ११:४५ बजे लम्की र ३ बजे बर्दियाको गुलरिया रहेको मेरो मोवाईलको कल डिटेलले देखाएको हुँदा म पुनरावेदक प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रमाणबाट वारदातस्थलमा संलग्न नभएको पुष्टि हुन्छ।

३०२. विधिशास्त्रीय मान्यता अनुसार पनि प्रमाणहरू मालाकार कडिको रूपमा पुष्टि हुनुपर्दछ। यस घटनामा म उक्त स्थानमा नरहेको प्रमाण मेरो मोवाइलको लोकेशनले देखाएको छ। मैले सम्मानित अदालतमा बयान गर्दा पनि सो समयमा त्यहाँ थिइन बर्दियामा थिएँ भनी बयान दिएकोले मेरो बयान र मेरो मोवाइलको लोकेशनले म घटनास्थलमा उपस्थित नरहेको पुष्टि गर्दछ। त्यस्तो प्रमाणलाई ग्रहण नगरी भएको सुरू जिल्ला अदाललतको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदाललतको फैसला त्रुटीपूर्ण हुँदा छ। मिति २०७२।०५।०७ गते कैलाली जिल्लामा सरकारी कार्यालयहरू सहित सार्वजनिक स्थानहरू थारूहट प्रदेशका लागि प्रचारात्मक सन्देश दबाब मुलुक कार्यक्रमहरू स्थानीय थारू समुदायबाट गरिएको थियो। उक्त समयमा मेरो भावना र विचारको कुनै सुनुवाई नहुने देखि सुरक्षाकर्मीलाई जानाकारी गराई आफ्नो कार्यक्षेत्रबदियाको गुलरिया तर्फ गएको थिएँ। म पुनरावेदक घटना नहुदै गुलरिया पुगेको र सो घटना भए पछि मात्र थाहा पाएको हुँ। जुन कुरा मेरो मोबाइलको टावरबाट पनि देखिन्छ। यदि मेरो योजनामा भएको भए म सो समयमा सोही स्थानमा हुनु पर्ने हो। मेरो योजनामा कार्यक्रम भएको भए मलाई अरूले देख्नु पर्ने हो। कसैले पनि मलाई उक्त स्थानमा देखेको भनी बयानमा खुलाउन सकेको अवस्था छैन। मौकामा कागज गर्नेहरूको तीन वर्ष पछि आएर बकपत्र गरेको कुरा स्मरण नहुने एकै घटनामा फरक फरक ठाउँमा हत्या भएकोमा प्रत्यक्षदर्शी हुनु पर्ने। साक्षी राखेर ज्यान लिने कार्य हुन्छ भन्ने कुरा अदालतले अनुमान गर्न

मिल्दैन। यस मुद्दामा फैसलाको ठहर व्यहोरा आत्मकेन्द्रित रहेको छ। जनप्रतिनिधिको आधार लिई दोषमुक्त हुन खोजेको भन्ने जस्ता असान्दर्भिक व्यहोरा उल्लेख गरी मौकामा तयार गरिएको कागजहरू झुट्टा एवं पूर्वाग्रहीरूपमा तयार भएको यर्थाथलाई अदालत स्वयमले तीन वर्ष पछि बकपत्र गर्दा पहिलाको कुरा स्मरण हुन नसक्ने भन्ने निष्कर्ष निकाली निजहरूको भनाईलाई प्रमाणित मान्नु अदालतले आफै वादीको स्थान ग्रहण गर्नु हो। म पुनरावेदकबाट कुन व्यक्तिसँग कस्तो योजना बनाई के बिषयमा योजना बनाएको हो कुन कार्यको लागि योजना बनाएको हो, कुन समय र कुन मितिमा योजना बनाएको हो सो कुरा वादी पक्षले पुष्टि गर्न सकेको छैन। शंका र अनुमानको भरमा दिएको जाहेरी दरखास्त अन्य सङ्कलित तथ्य प्रमाणबाट पुष्टि हुन सकेको अवस्था छैन। म पुनरावेदकले कसलाई कुन हतियारले प्रहार गरेको थिएँ। मैले प्रहार गरेको चोटका कारणले कुन व्यक्तिको ज्यान मर्न गयो वा कुन व्यक्ति मैले प्रयोग गरेको हतियारबाट घाइते भयो भन्ने कुरा मिसिल संलग्न तथ्य प्रमाणले पुष्टि हुन सकेको अवस्था छैन। घटनास्थलमा मेरो उपस्थिती नभएको र मैले नगरेको कार्यलाई मैले गरेको भनी प्रमाणित गर्न खोजिएको छ। यस्तो तथ्यहीन आधार लिई मलाई कसुरदार हुने गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई नै सदर गरेको उच्च अदालत दिपायलले गरेको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने समेत बेहोराको **प्रतिवादी रेशमलाल चौधरीको मिति २०७७/११/११ मा यस अदालतमा पर्न आएको पुनरावेदन।**

३०३. प्रस्तुत मुद्दाको सन्दर्भमा हाम्रो विरूद्ध परेका जाहेरी दरखास्तहरूको कुनै पनि विश्वसनियता छैन। हामीलाई सुनियोजित तरिकाले फसाउने योजनावद्ध उद्देश्यवाट सोचविचार गरी जाहेरी दर्ता गरेको प्रष्ट देखिन्छ। जाहेरी दर्ता गर्ने कार्य मिति २०७२।०५।०८ वाट सुरू भई मिति २०७२।५।२२ गते सम्म लगातार रूपमा जाहेरी दर्ता गरिएको छ। घटना मिति २०७२।५।७ गते घट्छ। सो घटना घटेको १५ दिनसम्म सोचविचार गरी Afterthought statement को रूपमा राजनैतिक पूर्वाग्रहको आधारमा जाहेरी दरखास्त दर्ता गरिएको छ। हाम्रा साक्षीहरूले झुठा अभियोगबाट सफाई पाउनुपर्छ भनि बकपत्र गरेका छन। सरकारी साक्षीहरूले समेत हाम्रो संलग्नताको विषयमा स्पस्ट रूपमा बकपत्र गर्न सकेका छैनन। यस्तो

परिवेशमा प्रमाण ऐनको कानुनी व्यवस्थाको विश्लेषण नगरी न्यायिक मन समेतको प्रयोग नभएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको उच्च अदालतको फैसला त्रुटिपूर्ण छ।

३०४. मिति २०७२।०५।०७ गते कैलाली जिल्लाका सरकारी कार्यलयहरू सहित सार्वजनिक स्थानहरूमा थारूहट प्रदेशका लागी प्रचारात्मक सन्देश, दवावमूलक कार्यक्रम स्थानिय थारू समुदायवाट गरिएको थियो। आफ्ना माग पुरा गराउनको लागि सरकारलाई दवाव दिन उद्देश्यले शान्तिपूर्ण आन्दोलन कार्यक्रम गरिएको थियो। अनुसन्धान निकायले सो आन्दोलनमा घुसपैठ गरी घटना घटाउने अपराधीलाई संरक्षण गरी थारू समुदायको भएकै कारणले मात्र प्रस्तुत मुद्दामा अभियोग लगाएको हो। आरोपित कसुरमा कुनै पनि व्यक्तिलाई कसुरदार कायम गर्दा वा कसुरदार हो भन्ने निष्कर्षमा अदालत पुग्दा फौजदारी कानूनको सर्वमान्य सिद्धान्तको रूपमा रहेको *Actus non Facit reum nisi mens sit rea* अर्थात कुनै पनि अपराधिक कार्य त्यो बेलासम्म अपराधिक ठहरिन सक्दैन जुन वेलासम्म दोषी मनसाय राखी गरिएको हुँदैन भन्ने सिद्धान्तलाई अनिवार्यमा रूपमा अवलम्वन गरिनु पर्छ भन्ने मान्यता राखिन्छ।

३०५. विशेषतः यस सिद्धान्त अनुसार कुनै सापेक्षित दायित्व अर्न्तगतको अपराध वा सोको कसुरदार ठहर गर्दा एवम् कायम गर्न सो कसुर अपराधका लागी फौजदारी कानूनद्धारा निर्धारित अपराधिक कार्य (Actus Reus) र अपराधिक मनसाय (Means Rea) दुवै स्वतन्त्र, ठोस, भरपर्दो, सार्थक एवम् वस्तुनिष्ठ प्रमाणहरूवाट खम्वीर एवम् प्रमाणित हुनुपर्दछ। यदि अभियोजित कसुर अपराधको आपराधिक कार्य वा अपराधिक मनसाय मध्ये कुनै एकको अभाव भएमा वा विद्यमानता नभएको अवस्थामा सो कसुर अपराध कायम हुन नसक्ने भएकाले फौजदारी दायित्व वहन गराउन गराउन मिल्दैन र सकिदैन। सरकारी साक्षीले कस्ले कहाँ कसरी हत्या गरेको हो भन्न सक्दिन भनी अदालतमा बकपत्र गरेको, जाहेरवालाले अरूले भनेर सुनेको आधारमा थाहा पएको हुँ भनि अदालतमा बकपत्र गरेको, सरकारी साक्षीले मिडियामार्फत थाहा पाएको भनि बकपत्र गरेको, हामी पुनराबेदकको साक्षीहरूले अभियोग दाबी झुठा हो भनि बकपत्र गरेको, प्रतिवादीहरूको ईन्कारी बयानलाई मिसिल संलग्न कागजातहरूले समर्थन गरीरहेको अवस्थामा Principle Of Corroboration आधारमा सुरू जिल्ला अदालतको

फैसला र सो फैसलालाई सदर गर्ने गरी गरेको श्री उच्च अदालत दिपायलको फैसला मिलेको छैन। संविधानमा थारूहरूको हकहित र अधिकार सुनिश्चित गर्नको लागी सवै एकजुट भएर लाग्नु पर्छ भनी आफ्ना माग पुरा गर्नको लागी शान्तिपूर्ण रूपमा आमसभामा सहभागी भई शान्तिपूर्ण आन्दोलनमा सहभागीता जनाउन सवैमा आग्रह गर्दै थरूहट आन्दोलन भएको थियो। सवै आन्दोलन, जुलुसहरू शान्तिपूर्ण हुने गर्दथे तर टीकापुर घटनामा थारू आन्दोलनलाई कमजोर बनाउने गरी कस्को मिलोमतो घुसपैठ गरी सो घटना घटाएका हुन। थारू अगुवा नेताहरूलाई नियन्त्रणमा लिने र आन्दोलनकारीहरूलाई हत्तोसाहित गर्ने गरी योजनावद्ध ढंगवाट घटना घटाइएको हो भन्ने विषय प्रस्ट छ। सो घटनामा म पुनरावेदकको कुनै पनि संलग्नता छैन। अनुसन्धानमा भएको बयान सत्य होइन हामीलाई सहिछाप मात्र गराईएको हो तर सत्य बेहोराको बयान कैलाली जिल्ला अदालतमा गरेका छौं।

३०६. हामी प्रतिवादीहरूको अदालतको बयानमा मौकाको बयानमा जबरजस्ती सहिछाप गराएको, पढ्न नदिएको भनी यथार्थ व्यहोरा प्रष्ट रूपमा लेखाएका छौं। हाम्रो उक्त घटनामा संलग्नता नै छैन। प्रस्तुत मुद्दामा हामी पुनरावेदकहरूको अदालतमा ईन्कारी बयान रहेको, वारदात हुँदाका बखत घटनास्थलमा नरहेको, वारदातको चस्मदिद गवाह रहेको तथ्य स्थापित नभएको, जाहेरी दरखास्त सोंचविचार गरी १५ दिनसम्म दर्ता गरिएको, सरकारी साक्षीले कसले कहाँ कसरी हत्या गरेको हो भन्न सक्दिन भनि अदालतमा बकपत्र गरेको, जाहेरवालाले अरूले भनेर सुनेको आधारमा थाहा पाएको हुँ भनि अदालतमा बकपत्र गरेको, सरकारी साक्षीले मिडीया मार्फत थाहा पाएको भनि बकपत्र गरेको, हामी पुनरावेदकको साक्षीहरूले अभियोग दाबी झुठा हो भनि बकपत्र गरेको समेतबाट सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको विपरित हुने गरी गरिएको कैलाली जिल्ला अदालतको मिति २०७५।११।२२ मा भएको फैसला सदर गर्नेगरी मिति २०७७७०९।०२ मा भएको उच्च अदालत दिपायलको फैसला बदर गरी हामी पुनरावेदकहरूको जिकीर बमोजिम पूर्ण रूपमा सफाई दिलाई झुठा अभियोग दाबी समेतबाट सफाई दिलाई पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू हरिनारायण चौधरी, गंगाराम डगौरा चौधरी, वीरबहादुर चौधरी, श्रवण चौधरी, चुन्निराम चौधरी, रामकुमार कठरिया,सिताराम चौधरी, राजकुमार कठरिया, सुन्दरलाल कठरिया, वृजमोहन डगौरा चौधरी र राजेश**

चौधरी,प्रदिप चौधरीले यस अदालतमा गरेको एकै मिलानको छ थान फरक फरक पुनरावेदन।

३०७. थारू अगुवा नेताहरूलाई नियन्त्रणमा लिने र आन्दोलनकारीहरूलाई हत्तोसाहित गर्ने गरी योजनावद्ध ढंगवाट घटना घटाइएको हो भन्ने विषय प्रस्ट छ। सो घटनामा मेरो कुनै पनि संलग्नता छैन। म निवेदकले मिति २०७२।०५।०७ गत विहान ७ वजे सम्म काठमाण्डौ रहेको सोही विहान ७ वजे पहिला भैरहवा गएको, भैरहवावाट दाङ जिल्लाको लमहीमा १२ बजे पुगेको थिएँ। सोही दिन २:३० बजेको समयमा बाँकेको कोहलपुरमा र ४:३० बर्दियाको गुलेरियामा थिएँ। मैले घटनाको बारेमा कोहोलपुरमा सुनेको हुँ। उक्त घटनामा मेरो कुनै संलग्नता छैन भनी मौकामा र कैलाली जिल्ला अदालतमा वयान गरेको छु। मेरो उक्त घटनामा संलग्नता नै छैन। म निवेदक घटना घटेको भनिएको दिन वारदातस्थल अर्थात घटनास्थलमा छैन। घटनास्थलबाट धेरै टाढाको दुरी लमहीमा उपस्थित थिएँ। मेरो मोवाइलको सम्पर्क विवरणले सो तथ्य स्थापित गर्दछ।

३०८. यस्तो अवस्थामा उच्च अदालत दिपायलले मेरो विरूद्ध फैसला गर्दा टीकापुर घटनाको योजना बनाई नेतृत्व लिई निर्दोष राष्ट्रसेवक प्रहरी अधिकृत तथा कर्मचारी र नावालकको ज्यान लिने गरी भएको विभत्स घटना घटाउन योजना बनाएको र सो योजना कार्यान्वयनको लागि आफै घटनास्थलमा उपस्थित समेत भई मार्नलाई वचन दिएको तथ्य मिसिल संलग्न प्रमाणवाट पुष्टि भई रहेको भनी लिएको आधारमा कुनै सत्यता छैन। यसरी मिसिलमा संलग्न तथ्य प्रमाण भन्दा वाहिर गएर गरीएको सुरू जिल्ला अदालत र उच्च अदालतवाट भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को विपरीत हुनुको साथै प्रमाण मुल्यांकन सम्बन्धि सर्वमान्य सिद्धान्तको ठाडो बर्खीलाप छ। साविकको न्याय प्रशासन ऐन, २०४८ को दफा १०(४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १०(४) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२)समेतको आधारमा यो पुनरावेदन सरहको निवेदन दर्ता गरी साधकको रोहमा उचित मूल्याङ्कन गरी पूर्णरूपमा सफाई दिलाई न्याय पाउँ। साथै म निर्दोष व्यक्ति ३ वर्ष ६ महिना भन्दा वढी लामो कारागारमा रही कठिन जीवन यापन गरेको हुदा मनासिव क्षतिपूर्ती समेत दिलाई भराई पाउँ

भन्नेसमेत बेहोराको **प्रतिवादी लक्ष्मण थारू चौधरीले यस अदालतमा हुलाकद्वारा प्रेषित गरेको निवेदन।**

**यस अदालतको आदेश**

३०९. उच्च अदालत दिपायलबाट मिति २०७७।०९।०२ मा फैसला भई फैसला बमोजिम साधक जाँचका लागि मिसिल प्राप्त भएकोमा मिसिल अध्ययन गर्दा प्रतिवादी लक्ष्मण थारू चौधरीलाई जन्मकैदको सजाय भएको हुँदा निजले हुलाक मार्फत पठाएको पुनरावेदन सरहको निवेदनलाई नै म्याद पाएको मिति २०७८।०४।१५ कायम गरी निजको हकमा साधक दर्ता दायरीमा दर्ता गरी नियमानुसार इजलास समक्ष पेश गर्न मुद्दा शाखामा बुझाइदिनु भन्ने बेहोराको **यस अदालतको मिति २०७८।०९।०२ को आदेश।**

३१०. यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरी अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा पूर्णरूपमा इन्कार रहेका,आफू वारदातस्थलमा नरहेको भनी Alibi को जिकिर लिएकोमा निजको Mobile call detail record विश्लेषणबाट निज टीकापुर घटनाको वारदातस्थलमा उपस्थित रहेको नदेखिई अन्यत्र रहेको भन्ने देखिएको, वादी नेपाल सरकारका साक्षी घटनास्थलमा घाइते रामबहादुर ऐरले वारदातस्थलमा रेशमलाल चौधरीलाई देखेको थिईन भनी लेखाएको र वादी नेपाल सरकारका अन्य साक्षीहरूले समेत यी पुनरावेदक वारदातस्थलमा रहेको भनी यकिनसाथ उल्लेख गरेको नदेखिएको अवस्थामा निजलाई अभियोग दाबीअनुसार कसुरदार ठहर गरी उच्च अदालत दिपायलबाट मिति २०७७।०९।०२ मा भएको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा विचारणीय देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नू भन्ने बेहोराको पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीको हकमा **यस अदालतबाट मिति २०७९।१०।२२ गते भएको आदेश।**

३११. यसै लगाउमा रहेको मुद्दा नं.०७७-CR-१०७५ को कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी रहेकाले प्रस्तुत मुद्दामासमेत मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) को प्रयोजनार्थ

महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नू भन्ने बेहोराको पुनरावेदक प्रतिवादीहरू हरिनारायण चौधरी, वीर बहादुर चौधरी, गंगाराम डगौरा चौधरी, बृजमोहन चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, राजकुमार कठरिया, चुन्निराम चौधरी र रामकुमार कठरिया, श्रवण चौधरी, प्रदिप चौधरी, सीताराम चौधरीको हकमा र साधकको रोहमा हेरिएका लक्ष्मण थारू चौधरीको हकमा **यस अदालतबाट मिति २०७९।१०।२२ गते भएको आदेश।**

## यस अदालतको ठहर

३१२. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरू अध्ययन गरियो।

३१३. प्रस्तुत मुद्दामा **पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीको तर्फबाट उपस्थित** विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री गोपालकृष्ण घिमिरे र श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताहरू श्री टिका बहादुर कुँवर, श्री दिपेन्द्र झा, श्री भद्रप्रसाद नेपाल, श्री सरोज बुढाथोकी, श्री भुपाल बस्नेत, श्री कृष्ण प्रसाद पोखरेल, श्री लोकमणी पोखरेल, श्री मुकुन्द अधिकारी, श्री अर्जुन प्रसाद नेपाल, श्री मनिष कुमार श्रेष्ठ र श्री गिता चौधरीले देहाय बमोजिम बहस प्रस्तुत गर्नुभयोः

- प्रतिवादी रेशम चौधरीको हकमा मौकामा किटानी जाहेरी परेको नभई वारदातभन्दा निकै पछि २०७२।०५।२२ गते मात्र सुनियोजित तवरले जाहेरी परेको हो। वारदातको धेरै समय पछाडी After thought statement बाट जाहेरी आएको हुँदा त्यो प्रमाणग्राह्य हुँदैन।
- निजको वारदातको अघिल्लो दिन शान्ति सुरक्षा समितिको बैठकमा समेत सहभागीता रहेकोमा सो घटना निजबाट हुन गएको मात्र मिल्दैन।
- वारदात समयमा प्रतिवादी रेशमलाल चौधरी वारदातस्थलमा नरहेको Call detail बाट देखिएको छ। आशंकाको आधारमा मात्र यी प्रतिवादीलाई अभियोग लगाइएको हो, घटना भिडले घटाएको हो। वारदातमा यी प्रतिवादीको प्रत्यक्ष अप्रत्यक्ष कुनै संलग्नता रहेको छैन।
- प्रस्तुत वारदातमा केही प्रहरी कर्मचारीहरू मारिएका छन् भने प्रहरी कर्मचारीहरू नै घाइते भएका छन्। मौकामा बुझिएका व्यक्तिहरू प्रहरी नै भएको हुँदा ती

स्वतन्त्र थिए र आफुले आफ्नो भनाई स्वतन्त्र रूपमा राख्न पाएका थिए भनी मात्र सकिने अवस्था नहुनुका साथै निज प्रतिवादीका विरुद्ध कागज गर्ने र बकपत्र गर्नेहरू प्रहरी कर्मचारी र मृतकका आफन्तमात्र भई अनुसन्धानसमेत विश्वासयोग्य नभई स्वतन्त्र रूपमा प्रत्यक्ष प्रमाणको अभाव छ। जाहेरवालाहरू बीचको एक-आपसको भनाईमा नै मेल खाएको पाइदैन।

- रेशमलाल चौधरीलाई पोल गर्ने अन्य अभियुक्तहरू अदालतमा इन्कारी छन्। मौकाको पोललाई प्रमाणमा लिन मिल्दैन।
- वारदात राजनितिक प्रकृतिको भई फौजदारी कसुर अन्तर्गतको होइन शान्तिपूर्ण आन्दोलनमा तेस्रो पक्षको घुसपैठबाट वारदात भएकोमा सो तर्फ प्रहरीले अनुसन्धान नै नगरी एकलौटी रूपमा थारू समुदायका अगुवाहरूलाई मात्र छानी छानी अभियोग लगाई अनुसन्धान गरेको देखिन्छ।
- प्रतिवादी उपरको अभियोग शंका रहित तवरले पुष्टि हुनुपर्ने र प्रमाणहरू एकआपसमा मालाकार हुनुपर्नेमा सो देखिँदैन। मृतकहरू र यी पुनरावेदक प्रतिवादीबीच कुनै पनि किसिमको रिसईवी समेत देखिँदैन। बरू वारदातको अघिल्लो दिन आन्दोलनलाई कसरी शान्तिपूर्ण बनाउने भन्ने विषयमा जिल्ला प्रहरी कार्यालयमा छलफल समेत भएको छ।
- प्रहरी कर्मचारीलाई योजनावद्ध किसिमले कर्तव्य गरी मार्दा थरूहट राज्य प्राप्त हुने अवस्था समेत होइन। यी प्रतिवादीले कहाँ बसेर के कसरी योजना बनाई निर्देशन गरेको भन्ने समेत वादी पक्षले खुलाउन सकेको देखिँदैन।
- थारू समुदायका व्यक्तिहरूलाई अनुमानको आधारमा पक्राउ गरी केहीलाई पोल बयान गर्न लगाई दुषित मनसायले यी प्रतिवादी उपर अभियोग लगाएको हुँदा सुरू कैलाली जिल्ला अदालत तथा उच्च अदालत दिपायलको फैसला बदर गरी प्रतिवादी रेशमलाल चौधरीलाई अभियोग दाबीबाट सफाई दिलाई पाउँ।

३१४. **प्रतिवादी लक्ष्मण थारू चौधरीको तर्फबाट उपस्थित** विद्वान अधिवक्ताहरू श्री महेश्वर चौधरी, श्री दिपेन्द्र झा, श्री शंकर लिम्बु, श्री भूपाल बस्नेत, श्री कृष्ण प्रसाद पोखरेल, श्री लिलामणी पोखरेल र श्री विष्णु कुमार चौधरीले मिति २०७२।०५।०८ को मौकाको जाहेरीमा यी प्रतिवादीको नाम नरहेको, CDR र BTS प्रतिवेदनबाट प्रतिवादी लक्ष्मण थारू चौधरी वारदात मितिमा वारदातस्थलमा

रहेको देखिँदैन। यी प्रतिवादीले मौकामा तथा अदालत समक्षको बयानमा समेत कसुरमा इन्कार रही बयान गरेको, अन्य सह-प्रतिवादीहरूले समेत निजका विरूद्ध किटान साथ पोल गर्न नसकेको समेत अवस्थामा यी प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

३१५. **पुनरावेदक प्रतिवादी हरिनारायण चौधरीको तर्फबाट** उपस्थित विद्वान अधिवक्ता श्री सुशिला चौधरीले निकै समयपछि योजनावद्ध तवरले जाहेरी दिएको अवस्था छ। उक्त आन्दोलनमा यी प्रतिवादी समेत घाइते भएका छन्। साक्षी समेतले अदालतको बकपत्रमा निजको संलग्नता छैन भनेको छ। निज प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा पूर्णतया इन्कार रही बयान गरेका छन्। तथ्य स्वीकार गर्नु र कसुर स्वीकार गर्नु फरक फरक कुराहरू हुन। वारदातस्थलमा उपस्थित भएकै कारणले मात्र ज्यान जस्तो गम्भीर अपराधमा दोषी ठहर गर्न मिल्दैन भनी बहस प्रस्तुत गर्नुभयो।

३१६. **पुनरावेदक प्रतिवादीहरू राजेश चौधरी, चुन्नीराम चौधरी, सुन्दरलाल कठरिया, राजकुमार कठरिया र बृजमोहन डगौराको तर्फबाट** उपस्थित विद्वान अधिवक्ता श्री गम्भीर सिंह ऐरले थारू समुदायबाट आफ्ना माग पूरा गराउनका लागि सरकारलाई दबाब दिने उद्देश्यले शान्तिपूर्ण रूपमा गरेको आन्दोलनलाई बदनाम गराउने उद्देश्यले घुसपैठ गरी नियोजित रूपमा टीकापुर घटना घटाइएकोमा घुसपैठकर्तालाई संरक्षण गरी थारू समुदायको भएकोले मात्र अभियोग लगाएको देखिन्छ। यी प्रतिवादीहरूको अदालत समक्ष इन्कारी बयान रहेको, जाहेरी दर्ता गर्नु अघि चश्मदीद साक्षी रहेको तथ्य स्थापित नभएको, जाहेरी दरखास्त सोच विचार गरिकन दर्ता गराएको, सरकारी साक्षीले यी प्रतिवादीहरूको हकमा के कसरी हत्या गरेको भनी खुलाउन नसकेको, जाहेरवालाले समेत सुनेको आधारमा थाहा पाएको भनी बकपत्र गरेकोसमेतबाट यी प्रतिवादीहरू उपरको अभियोग शंका रहित तवरले पुष्टि नहुँदा सफाई पाउनु पर्छ भनी बहस गर्नुभयो।

३१७. **पुनरावेदक प्रतिवादी रेशमलाल चौधरी बाहेकका अन्य पुनरावेदक प्रतिवादीहरूका तर्फबाट** उपस्थित विद्वान अधिवक्ताहरू श्री शंकर लिम्बु र श्री विष्णु कुमार चौधरीले वादीका साक्षीहरूले किटानी साथ अदालतमा बकपत्र गर्न नसकेको र बकपत्रहरू परस्पर बाझिएको ,मौकामा यी प्रतिवादीहरूलाई प्रहरीले व्यहोरा नसुनाइ जबरजस्ती

सहीछाप गर्न लगाएको, अदालत समक्षको बयानमा निज प्रतिवादीहरू कसुरमा इन्कार रही बयान गरेको र सो इन्कारी बयानलाई निजका साक्षीहरूको बकपत्रले समर्थन गरेको छ। यो मुद्दा सबै बनावटी हो। घटनामा कुन बेला कुन सुरक्षाकर्मीको ज्यान गयो मिसिलबाट खुलेको देखिँदैन। हरेक व्यक्तिले गरेको अपराधिक कार्य हरेक प्रतिवादीको हकमा प्रमाणबाट पुष्टि हुन नसकेको र गोश्वारा रूपमा झुट्टा अभियोग लगाइएको हो। वादी पक्षका साक्षीहरूले अदालतमा बकपत्र गर्दा मौकामा व्यक्त गरेका भनिएका कुराहरू पुष्टि हुनेगरी बकपत्र गर्न नसकेको, अनुसन्धान एकतर्फी भएको, छानी छानी थारू अगुवालाई मात्र प्रतिवादी बनाइएको, घटना घटनुमा प्रतिवादीहरूको कुनै भूमिका नै नभई अभियोग शंकारहित तवरले पुष्टि हुन नसकेको हुँदा यी प्रतिवादीहरूले अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

३१८. यसैगरी **वादी नेपाल सरकारको तर्फबाट उपस्थित** हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ताद्वय श्री सूर्यराज दाहाल र श्री सन्देश श्रेष्ठ तथा विद्वान उपन्यायाधिवक्ता श्री विष्णुप्रसाद पौडेलले देहाय बमोजिम बहस प्रस्तुत गर्नुभयो:

- हजारौंको भिड भएको समयमा क-कसले के कुन तवरबाट प्रहार गरेको भनी यकिन गर्न दुरूह हुन्छ तर यसको अर्थ अपराधिक दायित्वबाट उन्मुक्ति पाउनु पर्छ भन्ने चाहिं हुँदैन।
- घटनाको प्रकृतिले पनि धेरै जना पीडित भएको वारदातमा पटक पटक जाहेरी दिइएको अवस्थालाई अन्यथा भन्न मिल्दैन। घाइतेलाई जाहेरी दिन यसैपनि समय लाग्ने नै हुन्छ भने मृतकका आफन्त वारदातस्थल बाहिर भएकोमा काजक्रिया गर्ने अवधिपश्चात दिएको जाहेरीलाई After thought statement भन्न मिल्दैन।
- मृत्यु भएका प्रहरी नागरिक रहेका र कानूनतः अनुसन्धान गर्न अख्तियार भएको सक्षम निकायबाट भएको अनुसन्धानलाई अन्यथा प्रमाणित नभएसम्म पूर्वाग्रह मान्न मिल्दैन।
- घटना घटेको र कर्तव्य भएको भन्ने कुरामा विवाद नरही वारदात स्थापित भएकै छ। घटना सामान्य नभई जघन्य छ। राजनितिक व्यक्तिले अपराध गरे एउटा अरूले गर्दा अर्कै हुने भन्ने कुरा फौजदारी न्यायको सिद्धान्तले अंगिकार गर्दैन। नागरिक तथा सरकारी सार्वजनिक धनजनको सुरक्षा गर्न बसेको प्रहरीलाई

योजनावद्ध तवरले निहत्था बनाई लघारी लघारी सांघातिक आक्रमण गर्नु कुनै राजनितिक अभियान होइन। यो विशुद्ध फौजदारी अपराध हो। यस तवरबाट प्रस्तुत वारदात विशुद्ध फौजदारी अपराध भएको हुँदा आरोपित प्रतिवादीहरूलाई अपराधमा संलग्नताको आधारमा सजाय गर्ने गरी भएको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था छैन।

- प्रतिवादी रेशमलाल चौधरीलाई कैयौं व्यक्तिहरूले अनुसन्धानमा पोलेको तथा प्रतिवादी करन चौधरीले अनुसन्धान तथा अदालतको बयानमा समेत प्रतिवादी रेशमलाल चौधरी वारदातस्थलमा रहेको भनी पोलेको तथा निज करन चौधरी नाबालिग भएकोमा अभिभावकको रोहवरमा निजले बयान गरेको हुँदा प्रमाण ऐन, २०३१ बमोजिम निज साक्षी बन्न योग्य मानिन्छन।
- प्रतिवादी रेशमलाल चौधरीले अदालतको बयानमा वारदातको दिन आफु वारदातस्थलमा भएकोसम्म स्वीकार गरी सोही दिन त्यहाँबाट निस्केको भनी आफु वारदातस्थलमा रहेको कुरा स्वीकार गरी बयान गरेका छन्। निजले वारदात समयमा आफु अन्यत्र रहेको भनी Alibi को जिकिर लिएतापनि BTS प्रतिवेदनबाट वारदातको समयमा निज वारदातस्थलकै आसपास रहेको भन्ने देखिन्छ। निजका बडीगार्ड भनिएका प्रतिवादी प्रदीप चौधरी समेतले अनुसन्धानमा बयान गर्दा आफु कसुरमा सावित रहि वारदातस्थलमा रेशमलाल चौधरी हातमा पन्ना, मुखमा मास्क लगाई बसेका पहाडी समुदायलाई आक्रमण गर्नुपर्छ भनेका भनी लेखाई दिएको अवस्था छ। प्रतिवादीहरू सुन्दरलाल कठरिया, प्रेम बहादुर चौधरी, राम प्रसाद चौधरी समेतले मौकामा प्रतिवादीहरू रेशमलाल चौधरी, लक्ष्मण थारू चौधरीसमेतको योजना तथा निर्देशनमा निजहरूले दिएको वचन अनुसार घटना घटाएको भनी बयान गरेको समेतबाट प्रतिवादी रेशमलाल चौधरी वारदातस्थलमा थिएनन् भनी मान्न सक्ने अवस्था नदेखिएको।
- मिसिल संलग्न घटनास्थल मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, घाइते प्रहरी कर्मचारीहरूको अनुसन्धानको कागज तथा अदालत समक्षको बकपत्र, पुनरावेदक प्रतिवादीहरूको मौकाको बयान समेतबाट उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि भई रहेको परिप्रेक्ष्यमा कसुरको प्रकृति, गम्भीरता र कसुरदारको

दोषको मात्रा अनुसार पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्ने गरी भएको उच्च अदालत दिपालयको फैसला मिलेकै देखिंदा सदर हुनुपर्छ।

३१९. **यसैगरी जाहेरवाला शारदा कडायत बोहोराका तर्फबाट उपस्थित** विद्वान अधिवक्ताहरू श्री हरिप्रसाद पंगेनी, श्री रामचन्द्र पौडेल र श्री लोकेन्द्र सिंह धामीले भिडमा निर्मम तथा क्रुर तरिकाले भालाले पेट तथा आँखामा रोप्ने, जिउँदै जलाउने जीवनको क्षमादान माग्दा समेत विभत्स, क्रुर, पासविक तरिकाले नागरिकको जीउधनको सुरक्षार्थ खटिएका राष्ट्रसेवक प्रहरी कर्मचारीलाई सुनियोजित तरिकाले हत्या गरेको विषयलाई राजनितिक आवरणमा छुट दिनु फौजदारी कानूनले अंगीकार गरेको सर्वमान्य सिद्धान्त विपरीत हुन जान्छ। मान्छे बाँच्न चाहन्छ, बाँच्न पाउने मान्छेको अहरणीय अधिकार हो। त्यसको विपरीत योजनाबद्ध तथा सुनियोजित तरिकाले यी प्रतिवादीहरू समेतको संलग्नतामा निजहरूबाटै उक्त वारदात भएको हुँदा हरेक व्यक्तिको अपराधमा संलग्नताको विश्लेषण गरी आ-आफ्नो आपराधिक दायित्व बमोजिम यी पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्ने गरी उच्च अदालत दिपायलबाट भएको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

३२०. यसमा, प्रतिवादीहरूले थरूहट राज्यको माग गर्दै थरूहट प्रदेशको बोर्ड लगाउन भनी थरूहट थारूवान संघर्ष समितिको आव्हानमा मिति २०७२।०५।०७ मा कैलाली जिल्लाको टीकापुर बजारमा जम्मा भई सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने, तोडफोड गर्ने समेतका क्रियाकलाप गर्न उद्यत भएपश्चात् टीकापुर न. पा. ९ स्थित पशुहाट बजारसमेतमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई भाग्न, उम्कन समेत नपाउने गरी 'C' आकारको घेरा हाली आफूहरूले बोकी ल्याएका भाला, लाठा, खुँडा, बन्चरो, तरवार लगायतका घरेलु हतियारहरूले निर्ममतापूर्वक प्रहार गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेत ८ जना सुरक्षाकर्मी र डेढ वर्षीय बालकलाई कर्तव्य गरी मार्नुका साथै एकेन्द्र बहादुर खड्का समेत ३६ जना सुरक्षाकर्मीहरूलाई ज्यान मार्ने मनसायका साथ जोखिमी हतियार प्रहार गरी घाइते तुल्याएको एवम् सुरक्षाकर्मीहरूसँग भएको SLR (Self Loading Rifle) लगायतका हतियार र सञ्चार सेटसमेत डाँका चोरी गरी लगेकाले प्रतिवादीहरू रेशमलाल चौधरी, हरिनारायण चौधरी, प्रदिप चौधरी, वीर बहादुर चौधरी, सीताराम चौधरी, गंगाराम चौधरी संगम भन्ने सन्तोष कुमार चौधरी, दिल बहादुर चौधरी, जित बहादुर डगौरा, श्रवण कुमार

चौधरी, बृजमोहन चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, राजकुमार कठरिया रामप्रसाद चौधरी, सन्तराम चौधरी, किशनलाल चौधरी, प्रेम बहादुर चौधरी चुन्नीराम चौधरी, लाहुराम चौधरी, रामकुमार कठरिया, विश्राम चौधरी, नुरूल अलि जागा भन्ने तहौबर अलि जागा, करन चौधरी समेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(१) नं. तथा ऐ. चोरीको महलको १ नं. र ६ नं. बमोजिमको कसुरमा ऐ. ज्यानसम्बन्धीको महलको १३(१) नं. र १५ नं. तथा ऐ. चोरीको महलको १४(४) नं. र १०(३) नं. बमोजिम सजाय हुन तथा प्रतिवादीहरू लक्ष्मण थारू (चौधरी) र लाहुराम चौधरीको हकमा ऐ. ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ज्यानसम्बन्धीको महलको १३(४) नं. र १५ नं. बमोजिम सजाय हुन एवम् प्रतिवादी करन चौधरीको हकमा तत्काल प्रचलित बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरिपाउन मागदावी रहेको प्रस्तुत मुद्दामा सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७५।११।२२ मा फरार प्रतिवादीहरू लाहानु चौधरी समेत ३१ जनाको हकमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९० नं. बमोजिम मुल्तवीमा रहने र अन्य देहायका प्रतिवादीहरूलाई देहाय बमोजिम हुने गरी फैसला भएकोमा सो फैसलामा चित्त नबुझाई वादी नेपाल सरकार र प्रतिवादीहरूले उच्च अदालत दिपायलमा पुनरावेदन गरेकोमा सो अदालतबाट मिति २०७७।०९।०२ मा देहाय बमोजिम हुने गरी केही उल्टी फैसला भएको देखिन्छः

| क.सं. | प्रतिवादी | कैलाली जिल्ला अदालतको ठहर | उच्च अदालत दिपायलको ठहर |
|---|---|---|---|
| १. | रेशमलाल चौधरी, हरिनारायण चौधरी, प्रदिप चौधरी, वीर वहादुर चौधरी, सीताराम चौधरी र गंगाराम चौधरी | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद र ऐ. महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैदसजाय तथा डाँका चोरीतर्फ सफाइ | सदर |

| | | | |
|---|---|---|---|
| २. | लक्ष्मण थारू चौधरी | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(३) नं. वमोजिम ३ वर्ष कैद सजाय तथा ज्यान मार्ने उद्योग एवम् डाँका चोरीतर्फ सफाइ | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १३(४) नं. बमोजिम र ऐ. महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैदसजाय । अरूमा सदर |
| ३. | संगम भन्ने सन्तोष कुमार चौधरी, दिल वहादुर चौधरी, विश्राम भन्ने जित वहादुर डगौरा | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय तथा डाँका चोरीतर्फ सफाइ | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(१) नं. बमोजिम १० वर्ष कैद सजाय एवम् ऐ. महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैदसजाय । अरूमा सदर। |
| ४. | श्रवण कुमार चौधरी (नावालिग) | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १३(३) नं. वमोजिम जन्मकैदको सजाय ठहर भएकोमा निज १६ वर्ष मूनिको नावालिग भएकाले सोको आधा सजाय अर्थात १० वर्ष कैद सजाय हुन तथा डाँका चोरीतर्फ सफाइ | सदर |
| ५. | वृजमोहन चौधरी, राजेश चौधरी, सुन्दरलाल कठरिया, राजकुमार कठरिया | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद र ऐ.१५ नं. बमोजिम ५ वर्ष कैदसजाय तथा डाँका चोरीतर्फ सफाइ | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय। अरूमा सदर |
| ६. | रामप्रसाद चौधरी, सन्तराम चौधरी, किशनलाल चौधरी, प्रेम बहादुर चौधरी | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय तथा डाँका चोरीतर्फ सफाइ | मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम बमोजिम ५ वर्ष कैद सजाय। अरूमा सदर |

| | | | |
|---|---|---|---|
| ७. | चुन्नीराम चौधरी, लाहुराम चौधरी, रामकुमार कठरिया | मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय तथा डाँका चोरीतर्फ सफाइ | सदर |
| ८. | विश्राम चौधरी | मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय तथा डाँका चोरीतर्फ सफाइ | अभियोग दावीबाट सफाइ |
| ९. | नुरूल अलि जागा भन्ने तहौवर अलि जागा, रामनरेश चौधरी विसराम कुस्मी चौधरी | अभियोग दावी बाट सफाइ | सदर |
| १०. | करन चौधरी (नावालिग) | मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(३) नं. बमोजिम जन्मकैद ठहर भएकोमा निज १४ वर्षमुनिको नावालिग भएकाले वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम ६ महिना कैद सजाय हुने | सदर |

३२१. उच्च अदालत दिपायलबाट भएको उल्लिखित फैसलामा चित्त नबुझाई पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीले देहायका मुख्य पुनरावेदन जिकिर लिई यस अदालतमा पुनरावेदन गरेको देखिन्छः

- मिति २०७२।०५।०७ गते म बर्दियाको गुलरियामा छु। वारदातस्थल टीकापुरमा छैन। घटनामा उपस्थित भएको भए मेरो शरिरमा कुनै चोटपटक लागेको वा रगत लागेको हुनु पर्ने थियो। त्यस्तो प्रमाण म बाट फेला परेको पनि छैन। घाईतेहरू समेतले घटना विवरण कागज गर्दा मेरो नाम उल्लेख गर्न सक्नु भएको छैन। घटनास्थलमा म थिइन भन्ने प्रमाण वादीबाट नै सङ्कलित गरिएको मेरो मोवाइलको कल वाईज लोकेशन र बि.टी.एस. विश्लेषणबाट प्रष्ट हुन्छ।

- मेरो इन्कारी बयानलाई प्रमाणमा ग्रहण नगरी केवल सह-अभियुक्तको पोललाई आधार मानी कसुरदार ठहर गर्न मिल्दैन। वादीका साक्षी समेतले सम्मानित अदालतमा आई बकपत्र गर्दा समेत उक्त घटना मैले घटाएको हो भनी भन्न सक्नुभएको अवस्था समेत छैन। धेरै साक्षीहरूले सुनेको र पत्रपत्रिकामा पढेर थाहा पाएको भनी बकपत्र गर्नु भएको छ।
- घटनाको दिन म ११:४५ बजे लम्की र ३ बजे बर्दियाको गुलरिया रहेको मेरो मोवाईलको कल डिटेलले देखाएको हुँदा म पुनरावेदक प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रमाणबाट वारदातस्थलमा संलग्न नभएको पुष्टि हुन्छ।
- यदि मेरो योजनामा भएको भए म सो समयमा सोही स्थानमा हुनु पर्ने हो। मेरो योजनामा कार्यक्रम भएको भए मलाई अरूले देख्नुपर्ने हो। तर कसैले पनि मलाई उक्त स्थानमा देखेको भनी खुलाउन सकेको अवस्था छैन।
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं.को मागदावीका सन्दर्भमा हेर्दा मैले कसलाई कुन हतियारले प्रहार गरेको थिएँ। मैले प्रहार गरेको चोटका कारणले कुन व्यक्तिको ज्यान मर्न गयो वा कुन व्यक्ति मैले प्रयोग गरेको हतियारबाट घाइते भयो भन्ने कुरा मिसिल संलग्न तथ्य प्रमाणले पुष्टि हुन सकेको अवस्था छैन। तथ्यहिन आधार लिई मलाई कसुरदार हुने गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरी भएको उच्च अदालत दिपायलले गरेको फैसला त्रुटीपूर्ण हुँदा सो फैसला बदर गरी अभियोग दाबीवाट सफाई पाउँ।

३२२. यस्तै प्रतिवादी रेशमलाल चौधरी बाहेकका अन्य पुनरावेदक प्रतिवादीहरू राजकुमार कठरिया, श्रवण चौधरी, सुन्दरलाल कठरिया, वृजमोहन डगौरा चौधरी, राजेश चौधरी, विद्रोह भन्ने सिताराम चौधरी, चुन्नीराम चौधरी, रामकुमार कठरिया, प्रदिप चौधरी, हरिनारायण चौधरी, गंगाराम डगौरा चौधरी र वीर बहादुर चौधरीले देहाय बमोजिमको करिब एकै मिलानको पुनरावेदन जिकिर लिएको देखिन्छः

- थारू अगुवा नेताहरूलाई नियन्त्रणमा लिने र आन्दोलनकारीहरूलाई हतोत्साही बनाउने गरी योजनावद्ध ढंगवाट घटना घटाइएको हो भन्ने विषय प्रष्ट छ। Callwise location/BTS बाट प्रतिवादीहरू घटनास्थलमा थिए भन्ने पुष्टि गर्न तथ्य प्रयोग भएको देखिन्छ, त्यसको Accuracy कति हो भन्ने कुरा थाहा हुनु जरूरी हुन्छ। उक्त कुराको यथोचित जानकारी हुने तथ्यगत आधार खुल्ने कुनै

पनि प्रमाण मिसिल संलग्न छैन। कुनै पनि वैज्ञानिक तथ्य प्रमाणहरूबाट अपराध पुष्टि गर्नको लागी वैज्ञानिक रूपमै त्यसको पुष्टयाई गर्ने आधार पनि दिन सक्नुपर्दछ।

- उक्त घटना घटाउनको लागि कहाँ योजना गरिएको थियो, क-कसलाई जिम्मेवारी दिएर कार्यविभाजन गरियो, के-कस्तो तयारी गरियो, को-कससँग आपराधिक मनसाय थियो भन्ने विषय प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातबाट देखिँदैन। मिसिलबाट नदेखिएको विषय फैसलाको आधार कदापि हुन सक्दैन। अनुमान न्यायको आधार हुन सक्दैन।

३२३. वादी पक्षले अभियोग पुष्टि हुने कुनै स्वतन्त्र प्रमाण पेश गर्न नसकेको अवस्थामा थारू भएकै आधारमा अभियोजन गरिएको र अभियोजनको आधारमा मात्र सुरू जिल्ला अदालतबाट ठहर भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट भएको फैसला न्याय र कानुनको रोहमा त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी झुठा अभियोग दावीबाट सफाई पाउनुपर्छ।

३२४. उच्च अदालत दिपायलबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय ठहर भएका प्रतिवादी लक्ष्मण थारू चौधरीको पुनरावेदन नपरेको[1] हुँदा निजको हकमा साधकको रोहमा हेर्नुपर्ने देखियो।

३२५. अब, उच्च अदालत दिपायलको फैसलाबाट आरोपित कसुरमा सफाई पाएका, अभियोग दाबी भन्दा कम सजाय भएका र डाँका चोरीतर्फ अभियोग दाबी पुग्न नसक्ने ठहराएकोतर्फ वादी नेपाल सरकारको पुनरावेदन नपरेको र माथि उल्लिखित १४ जना बाहेक सजाय ठहर भएका अन्य प्रतिवादीहरू समेतको यस अदालतमा पुनरावेदन परेको नदेखिंदा त्यसतर्फ विचार गरिरहनु परेन।

३२६. उल्लिखित तथ्य, पुनरावेदन जिकिर तथा वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ताहरू एवम् विद्वान उपन्यायाधिवक्ता तथा पुनरावेदक प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरू एवम् जाहेरवालाका तर्फबाट उपस्थित विद्वान

---

१ निज प्रतिवादी लक्ष्मण थारू चौधरीको पुनरावेदन नपरेतापनि पुनरावेदन सरहको निवेदन भने दर्ता भएको देखिन्छ।

अधिवक्ताहरूले गर्नुभएको तर्कपूर्ण बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आयो:

क. प्रस्तुत वारदात के कस्तो पृष्ठभूमिमा के, कसरी घटित भएको हो ?

ख. प्रस्तुत वारदात राजनीतिक प्रकृतिको हो वा होइन र सो वारदातलाई फौजदारी कानून बमोजिमको प्रकृया अवलम्बन गरी कारवाही र किनारा गर्न मिल्ने हो वा होइन ?

ग. पुनरावेदक प्रतिवादीहरूको वारदातमा संलग्नता छ वा छैन ? रहेको भए को कस्को के कस्तो संलग्नता रहेको छ ?

घ. उच्च अदालत दिपायलको फैसला मिलेको छ वा छैन र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ?

३२७. फौजदारी मुद्दाको कारवाही र किनाराका क्रममा वारदातमा अभियुक्तहरूको संलग्नताको प्रश्न प्रतिवादीपिच्छेका प्रमाण विश्लेषणबाट निक्यौंल गरिनुपर्नेमा विवाद छैन। तथापि, सो पूर्व आरोपित कसुर वा घटना (corpus delicti) नै घटित भएको हो वा होइन भन्ने विषयको निरूपण हुन आवश्यक हुन्छ।

३२८. मिसिल संलग्न मृतकहरूको लाश जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन (Autopsy Report) हेर्दा मृतकहरूको शवको अवस्था र मृत्युको कारण देहाय बमोजिमको देखिन्छ:

| मृतकको नाम | लाश जाँच मुचुल्काको विवरण | शव परीक्षण प्रतिवेदनमा उल्लिखित मृत्युको कारण |
|---|---|---|
| प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने | बायाँ आँखामा चोट लागी बन्द रहेको, अनुहार क्षतविक्षत भई चिउँडोमा निलडाम रहेको, बायाँ घुँडामा निलडाम रहेको, कानमा रगत बगी सुकेको, माथिल्लो ओंठको मासुको चोक्टा नभइ दाँत देखिएको, टाउकोको पछाडिको भागमा गहिरो धारिलो हतियारले हाने जस्तो घाउबाट रगत बगिरहेको, बायाँ कञ्चटमा काटिएको घाउ रहेको, अनुहारको छाला खोस्रिएको । | Grievous Head Injury |

| | | |
|---|---|---|
| प्रहरी निरीक्षक बलराम विष्ट | तालुको भाग छुँदा चार इन्च भित्र गड्ने ३ इन्च गोलाइ भित्र ठोस पदार्थले हिर्काएजस्तो देखिने घाउ रहेको, दायाँ कानमा रगत जस्तो लागी सुकेको, अनुहार र पिठ्युँमा खोस्रिएको घाउचोट, दायाँ खुट्टाको तिघ्राको भागमा लाठीले हाने जस्तो डाम परेको र छाला डढेको। | Grievous Head Injury with intra-abdominal haemorrhage |
| प्रहरी निरीक्षक केशव बोहरा | दुवै हातमा आगोजन्य पदार्थले जलेजस्तो रहेको, दायाँ तिघ्रामा पोलिएजस्तो छाला निस्केको, तालु र सोको पछाडिको भागमा छाला काटिइ भित्री भागमा चोट पुगेको र घाउबाट रगत बगीरहेको। | Grievous Head Injury |
| सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउद | दुवै खुट्टाको तिघ्रामा कालो निलडाम रहेको, अनुहार सुन्निएको, टाउकोको पछाडितर्फ ३ इन्च जति काटिएको घाउ रहेको, मुखबाट फिंज निस्किएको,कानबाट रगत निस्किएको,घाँटीमा कालो डामका साथै घाँटीको छाला रातो निलो भएको। | Massive intra-abdominal haemorrhage |
| सशस्त्र प्रहरी हवल्दार राम विहारी थारू | अनुहार र कपाल रगतले लतपतिएको, बायाँ आँखा बाहिर निलडाम परेको, शरिरमा निलडाम रहेको, नङ्ग र खुट्टा जलेको, आगोले पोलिइ शरीरको छाला खोस्रिएको, टाउकोमा घाउ परी रगत बगिरहेको,मुखमा निलडाम देखिएको, तल्लो शरीर जलेको एवम् लगाएको कपडा समेत जलेको, यौनाङ्गको छाला जलेको । | Grievous Burn injury with head injury |
| प्रहरी जवान लोकेन्द्र बहादुर चन्द | नाक, कान कपालबाट रगत निस्किएको, अनुहारमा निलडाम परेको, हातमा ढाडमा खोस्रिएको घाउ रहेको, टाउकोमा २ इन्च जति काटिएको घाउ रहेको, घाँटीको माथिल्लो भागमा निलडाम रहेको, दायाँ कञ्चटको बाहिरी छाला कालो निलो भएको। | Grievous Head Injury with intra-cranial hematoma |

| | | |
|---|---|---|
| प्रहरी हवल्दार श्याम बहादुर खड्का | टाउकोमा गहिरो चोट रहेको, हात पेट अनुहारको छाला खोस्रिएको, मुख रगताम्मे रहेको, नाक घाँटी र कानको छाला जलेको, खुट्टा र पिठ्युँमा निलडाम रहेको, पेटको छाला ज़लेको । | Grievous Head Injury with intra-cranial-hematoma |
| प्रहरी हवल्दार जनक सिंह नेगी | दाहिने पाखुरामा काटीएको घाउ तथा निलडाम रहेको,दुवै आँखा सुन्निएको, शरीरमा निलडाम रहेको, दाहिने कोखा तथा पिठ्युमा थेचारिएको निलडामहरू रहेको। | Blunt force trauma to chest |

३२९. माथि उल्लिखित बेहोराको घटनास्थल तथा लाश जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनको बेहोरा तथा मिसिल संलग्न प्रतिवादीहरूको बयान, जाहेरवाला, पीडित तथा प्रत्यक्षदर्शीहरूको जाहेरी दरखास्त, घटना विवरण कागज एवम् अदालतमा भएको बकपत्र र मिसिल सामेल रहेको श्रव्यदृश्य सामग्री (Compact Disc, CD) समेतका तथ्य प्रमाणबाट कसुर वारदात घटित भएको तथ्य निर्विवाद रूपमा स्थापित छ। प्रतिवादीहरूले सो तथ्यमा विवाद गरेको वा अन्यथा भनेको अवस्था छैन। आरोपित कसुरदारहरू वारदातमा संलग्न भए नभएको प्रश्नमा प्रवेश गर्नुपूर्व वारदातको गम्भीरता (Intensity)[२] र यसमा अन्तरनिहित पहलुहरूलाई स्पष्ट गर्नका लागि प्रस्तुत मुद्दा वा वारदातको पृष्ठभूमिका बारेमा मिसिल तथ्यबाट देखिएको परिस्थितिको संक्षिप्त चित्रण प्रस्तुत गर्नु आवश्यक र उपयुक्त देखियो।

३३०. अब पहिलो अर्थात **प्रस्तुत वारदात के कस्तो पृष्ठभूमिमा के कसरी घटित भएको हो ?** भन्ने प्रश्नतर्फ विचार गर्दा, मिति २०७२।०५।०७ का दिन कैलाली जिल्लाको

---

[२] प्रस्तुत मुद्दामा ८ वटा छुट्टाछुट्टै जाहेरी दरखास्त परेकोमा अभियोगपत्रमा ५८ जनालाई प्रतिवादी बनाइएको, २२ जना प्रतिवादीहरूलाई अभियोगपत्रसाथ पेश गरिएको र ३६ जना फरार रहेको देखिन्छ। मुद्दाको कारवाहीका क्रममा ५ जना प्रतिवादीहरू सुरू अदालतमा हाजिर भएकोमा सुरू अदालतबाट जम्मा २७ जनाको हकमा फैसला गरी प्रतिवादी लाहानु चौधरी समेतका ३१ जना प्रतिवादीहरूको हकमा मुलुकी ऐन, अदालती बन्दोवस्तको १९० नं. बमोजिम मुलतवीमा राखेको देखिन्छ। वादी पक्षका साक्षीका रूपमा जाहेरवाला, घाइते, प्रत्यक्षदर्शी र मौकामा बुझिएका व्यक्तिहरूसमेत ४० जना र प्रतिवादीका तर्फबाट २८ जनाले अदालतमा आइ बकपत्र गरेको देखिन्छ।

टीकापुर क्षेत्रमा दिउँसोको समयमा हजारौं व्यक्तिहरूको भिडको उपस्थितिमा प्रस्तुत वारदात घटित भएको अवस्था छ। वारदातमा **आठजना सुरक्षाकर्मी र एक डेढ वर्षीय अबोध शिशु**को क्रुर र विभत्स तरीकाले हत्या गरिएको छ भने ३६ जना सुरक्षाकर्मीलाई गम्भीर घाइते तुल्याइएको देखिन्छ। ज्यान बचाउनको लागि वारदातस्थलको वरिपरिका घरभित्र र गोठ, छाप्रोमा छिरी लुकेका सुरक्षाकर्मीको कमाण्डर लगायतका सुरक्षाकर्मीहरूलाई भिडले घेरी भाग्न उम्कन नदिई बाहिर निकाली आँगन/सार्वजनिकस्थलमा ल्याई उनीहरूसङ्ग भएको हातहतियार खोसी आफूसङ्ग भएका लाठा, भाला, खुँडा र रड समेतले प्रहार गरेको देखिन्छ। भिडमा उपस्थित व्यक्तिहरूको हातहातमा फलामका काँटी र काँडेतारले बेरिएका लाठी तथा हसिया, भालासमेतका घरेलु हतियार देखिन्छ। मिसिलबाट घटनामा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई निज लुकी बसेको घरबाट कठालोमा समाई बाहिर आँगनमा ल्याई 'मलाई नमार' भनी बिन्ती आग्रह गर्दा समेत निजको आँखा र शरीरका विभिन्न भागमा पटक पटक भालाले घोची, टाउकोमा ढुङ्गाले थिची निर्मम र पासविक तवरले हत्या गरेको वारदात चित्रण देखिएको छ। प्रहरी निरीक्षक बलराम विष्ट, प्रहरी निरीक्षक केशव बोहरा, प्रहरी हवल्दार जनक सिंह नेगी, सशस्त्र प्रहरी हवल्दार ललित बहादुर साउदलाई धान खेतमा लखेटी लखेटी बञ्चरो, तरवार र काँडेतार एवम् काँटीयुक्त लाठी, भाला आदिले हानी रोपी मारेको देखिन्छ। यसैगरी सशस्त्र प्रहरी हवल्दार रामविहारी थारू, प्रहरी हवल्दार श्याम बहादुर खड्का र प्रहरी जवान लोकेन्द्र बहादुर चन्दलाई भाला, डण्डा, बञ्चरोसमेतले हानी खर शरीरमा राखी पेट्रोल खन्याई जिउँदै आगो लगाई मारेको देखिन्छ। सुरक्षाकर्मीले आत्मसमर्पण गरेपछि समेत उत्तेजित भिडले भाला लाठी समेतले हानी घोंची शरीरमा पेट्रोल छर्किई जिउँदै आगो लगाइदिनेजस्तो सभ्य समाजले सोच्नै नसक्ने किसिमले मानवीय चेतनाको विपरित अन्यन्त क्रुर, बर्बर र नृसंश ढङ्गले वारदात घटाएको मिसिलबाट देखिन आउँछ।

३३१. प्रस्तुत वारदात रातको समयमा वा लुकिछिपी वा कसैले नदेख्ने गरी एकान्तमा घटित भएको अवस्था होइन। दर्जनौं घाइते तथा अन्य पीडितहरू वारदातको जिवन्त साक्षी वा चश्मदीद गवाहका रूपमा रहेका छन। मिसिलबाट देखिने वारदातको चित्रणबाट पीडित घाइते बाहेक पनि प्रत्यक्ष रूपमा वारदात देख्ने थाहा पाउने व्यक्तिहरू नै

सयौंको संख्यामा रहेको देखिन्छ। प्रतिवादीहरूकै मोबाइलबाट खिचिएको भिडियो विभिन्न सिडी (CD) मा उतार गरी मिसिल संलग्न गरिएको छ। मुद्दामा उल्लिखित परिस्थितिजन्य प्रमाणको अतिरिक्त प्रत्यक्ष, वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणको विश्लेषणबाटै तथ्यगत अवस्थाका सम्बन्धमा न्यायोचित निष्कर्षमा पुग्न सकिने अवस्था छ। मुद्दाको वस्तुस्थिति न लुकाएर लुक्न सक्ने, न त बढाई चढाइ वा अतिरञ्जित गरिएमा त्यस्तो तथ्य स्थापित हुनसक्ने अवस्था देखिन्छ। वारदातको समय र संलग्नताको स्तरसमेतका कारण परस्पर मेल खाएका र मालाकार चक्रका रूपमा स्थापित भएका तथ्यहरूबाट वारदातको सिलसिलेवार र सजिव चित्रण भएको स्थिति छ। अतिरञ्जनापूर्ण तथ्यहरू परस्पर खण्डित भई वारदात चित्रणमा आउन सक्ने अवस्था देखिँदैन। मिसिलमा अभिलिखित गरिएको प्रतिवादीहरूको मौकाको अनुसन्धान अधिकारी तथा अदालतको बयान एवम् घाइते, पीडित र घटनाबारे प्रत्यक्ष देख्ने, जान्ने, थाहा पाउने अन्य व्यक्तिहरूले समेत मौकामा र अदालतमा उपस्थित भई वारदातको सम्बन्धमा सिलसिलेवार विवरणहरू लेखाइदिएको पाइन्छ। ती बयान, बकपत्रहरूमा गरिएको वारदातको चित्रणलाई सूक्ष्मरूपमा विश्लेषण गर्दा कतिपय स-साना तथ्यमा असङ्गति (discrepancies) आउन सक्छ, तर त्यस्ता असङ्गति सामान्य खालको मात्र छ। यति ठुलो घटनामा त्यो स्वभाविक पनि हुन्छ। वारदातको समग्र स्वरूप नै अन्यथा चित्रित हुन जाने प्रकृतिको तथ्यको भिन्नता देखिँदैन।

३३२. मानवीय स्वभावका कारण वारदात चित्रण गर्दा विस्मृतिबस वा नियतबस गलत तथ्यहरू उल्लेख भएका हुन सक्छन तर वारदातमा भेटिएका दशी प्रमाण, भौतिक चिजवस्तु लगायतको समग्र परिस्थिति मूल्याङ्कन गर्दा वारदातको यथार्थ चित्रण खुल्न आउँछ। वस्तुतः व्यक्तिले झुठ बोल्न सक्ला तर भौतिक चिजवस्तु र वारदात हुँदाको वस्तुस्थिति र दसी प्रमाणले कहिल्यै झुठ बोल्दैन। आवश्यकता त्यो परिस्थितिको सही र तर्कसम्मत विश्लेषणको मात्र हो। कतिपय अवस्थामा मुद्दाको यस्तो परिस्थिति स्वयंमा प्रत्यक्ष प्रमाणको रूपमा खम्बीर भएर रहेको हुन्छ। प्रस्तुत मुद्दाको मिसिल संलग्न वस्तुस्थिति तथा घटनास्थल प्रकृति मुचुल्का हेर्दा वारदातस्थलमा प्रशस्त सिसाका टुक्राहरू फुटेको, खेतबारीमा मानिस हिँडेको बाली नाली कुल्चीएको, स्थानीय विरबहादुर बराला लगायतका व्यक्तिहरूको घर आँगनको पानी, नल्का बारेको ईट्टा भत्काएको, घटनास्थलमा घिसारिएको, माडिएको तथा संगीता वर्माको

घर आँगनमा भाँचिएका लठ्ठी रहेका, वारदातस्थलमा खर पोलेको खरानी, प्लास्टिक जलेको अवशेष रहेको, फलामे पाइप, घन जस्ता घरेलु हतियार फेला परेको, खेतमा प्रशस्त साना ठूला ढुङ्गा, बियरका खाली बोतल फेला परेको, रगत जस्तो लागि सुकेको ढुङ्गाहरू फेला परेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिएबाट वारदात स्वरूपको विहङ्गम चित्रण हुन आउँछ। **मिसिल संलग्न प्रतिवादीहरूले नै मोबाइलमा खिचेको श्रव्यदृश्य सामग्रीयुक्त सिडी (CD) बाट देखिएको दृश्याङ्कनबाट पनि वारदातको उक्त परिदृश्य एकपछि अर्को गर्दै श्रङ्खलाबद्ध रूपमा खुल्न आएको देखिन्छ। समग्र मिसिलबाट देखिएको वारदातको यथार्थ चित्रण अत्यन्त क्रुर,दर्दनाक र कारूणिक रहेको छ। मिसिलबाट प्रस्तुत वारदात पीडित र प्रभावित पक्षका लागि मात्र नभई समग्र नेपाली समाजलाई चीरकालसम्म चहराइरहने एउटा बिर्सनलायक तर कहिल्यै बिर्सन नसकिने जघन्य फौजदारी कसुरको रूपमा घटित भएको देखिएको छ।**

३३३. प्रस्तुत वारदात संविधानसभाबाट संविधान निर्माण प्रकृया अन्तिम चरणमा पुगेको अवस्थामा संविधानले आफ्ना समुदायको हक, अधिकार र सरोकारहरूलाई उचित सम्बोधन गरोस भनी दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने नाउँमा हिंसाको सहारासमेत लिने उद्देश्यबाट प्रेरित भई योजनाबद्ध रूपमा घटित गराएको मिसिलबाट देखिन आउँछ। नेपाली जनता संविधानसभा मार्फत संविधान निर्माण गर्ने क्रममा रहेको अवस्थामा आफ्ना सरोकारहरूलाई संविधानले सम्बोधन गरोस भन्ने चाहना राख्नुलाईसम्म अन्यथा भन्न मिल्दैन। यसका लागि संविधानप्रदत्त मौलिक हकको उपभोग गरी शान्तिपूर्ण सभा सम्मेलन वा प्रदर्शन मार्फत आफ्ना आवाजहरूलाई सम्वन्धित निकायमा पुऱ्याउने कार्यलाई पनि लोकतान्त्रिक समाजमा स्वभाविक मान्नुपर्ने हुन्छ। यो लोकतान्त्रिक समाजको चरित्र पनि हो। तर प्रस्तुत मुद्दाको पृष्ठभूमि हेर्दा शान्तिपूर्ण रूपमा गरिएको सभा सम्मेलन एकाएक भडकिएर हिंसात्मक बन्न गएको नभई आन्दोलनको नेतृत्व गरिरहेका आपराधिक मनोवृत्तियुक्त केही व्यक्तिहरूको योजना, तयारीका साथ अधिकारको आन्दोलनको मोहडामा योजनाबद्ध रूपमा सुरक्षाकर्मी माथि आक्रमण गरी प्रस्तुत वारदात घटाएको देखिन आउँछ।

३३४. प्रस्तुत वारदात घटित हुनुपूर्व केहि दिनदेखी नै कैलाली क्षेत्रमा थरूहट राज्यको माग गर्दै थरूहट समर्थक नेता तथा कार्यकर्ताहरूले बन्द चक्काजाम, हड्ताल आदि कार्यक्रम गरी आएको देखिन्छ। वारदातका दिन टीकापुर क्षेत्रमा रहेका सरकारी

कार्यालयमा थरूहट प्रदेशको बोर्ड लगाउने भनी कार्यक्रम राखेको भन्ने देखिन्छ। तथापि आन्दोलनका नेतृत्वकर्ताहरूले केही दिन अगाडि देखि नै भलमन्सा[३]हरूको प्रयोग गरी गाउँगाउँमा खबर पठाइ टोलटोलमा मान्छेहरू जम्मा गराई अनिवार्य रूपमा उपस्थित हुने र उपस्थित नहुनेलाई जरिवाना गर्ने भनी सर्वसाधारण व्यक्तिहरूलाई लाठी भाला खुँडा समेतका घरेलु हतियार लिई उपस्थित हुने र आवश्यक परे मार्ने, मराउनेसम्मको अवस्था हुने भएकाले तयारीका साथ आउन भनी निर्देशन गरेको मिसिल संलग्न सिडिमा संग्रहित श्रव्यदृश्य लगायतका प्रमाणबाट देख्न सकिन्छ। उक्त निर्देशन केवल शान्तिपूर्ण आन्दोलनका लागि मात्र थियो भन्ने देखिन आउँदैन। शान्तिपूर्ण आन्दोलनमा सहभागी हुन आउँदा अघिल्लै दिनदेखि घरेलु हतियारसहित आउनु भनी भलमन्सा र चिराकीमार्फत उर्दी जारी गर्नु आवश्यक हुँदैन। आन्दोलनमा सहभागी हुन आउँदा लाठी, भाला, खुँडा लगायतका हातहतियारसहित उपस्थित भई आउन निर्देशन दिएकोबाटै प्रस्तुत वारदात योजनाबद्ध थियो भन्ने देखिन आउँछ।

३३५. सुरक्षाकर्मीको लापरवाही वा हेलचक्रयाईबाट वारदात घटित भएको हो कि भन्ने परिस्थिति मिसिलबाट देखिन आउँदैन। सार्वजनिक सम्पत्तिमा क्षति नपुगोस भनी वारदातस्थलमा सुरक्षाकर्मीको उपस्थिति रहेको देखिन्छ। सुरक्षाकर्मीहरूले चिलिम चौराहमा नै भिडलाई रोक्न खोजेकोमा निजहरूलाई करिब २.५ किलोमिटर पर रहेको पशुहाट बजार टीकापुरसम्म धकेल्दै लगेको देखिन्छ। उपस्थित सुरक्षाकर्मीले सुरक्षा प्रदान गर्न नसक्ने परिस्थिति उत्पन्न भएपछि र थप बल माग भएपछि अञ्चल प्रहरी प्रमुख स्वयम् आफ्नै नेतृत्वमा वारदातस्थलमा सुरक्षा फौजको नेतृत्व गर्न पुगेको देखिन्छ। तत्पश्चात वारदातस्थलमा जम्मा भएका आन्दोलनकारीहरूले 'C' आकारको घेरा बनाई प्रहरीमाथि आक्रमण गरेको र अघिल्ला पंक्तिमा महिला र बालबालिका राखेको देखिन आउँछ। भिडमा 'C' आकारको उपस्थितिबाट आक्रमण गर्दा सुरक्षाकर्मीहरू भाग्न उम्कन सक्ने अवस्था नरहने एवम् अघिल्ला पंक्तिमा महिला बालबालिका राख्दा सुरक्षाकर्मीले बल प्रयोग गर्न समेत असुविधा हुने

---

[३] थारू समुदायमा नाइके वा मुखियाका रूपमा रहने व्यक्ति। भलमन्साहरू इश्वरी प्रसाद चौधरी, कन्हैयालाल चौधरी, डम्बर कठरिया, मौफुलाल चौधरी, खुशीराम चौधरी, सुशिल चौधरी, वलिराम चौधरी मार्फत उर्दी गरेको विभिन्न प्रतिवादीहरूको बयानबाट खुलेको देखिन्छ।

रणनीति र युद्ध कौशलको प्रयोग गरी आक्रमण गरेको देखिएबाट समेत प्रस्तुत वारदात योजनाबद्ध आक्रमण रहेछ भन्ने कुराको थप पुष्टि हुन गएको छ।

३३६. कतिपय अवस्थामा शान्तिपूर्ण सभा सम्मेलन समेत एकाएक हिंसात्मक आन्दोलनमा परिणत हुन सक्ने अवस्था रहन्छ। खास गरी सुरक्षाकर्मीबाट पहिले आक्रमण भएमा वा आवश्यकताभन्दा बढी बल प्रयोग गरिएको अवस्थामा एकाएक हिंसा भडकिइ धनजनको क्षति हुने अवस्था सृजना हुनसक्ने अवस्था रहन्छ। तर प्रस्तुत मुद्दाको वारदात परिस्थितिबाट घटनामा सुरक्षाकर्मीले बल प्रयोग गरेका कारण उपस्थित भिड उत्तेजनामा आई आक्रमण गरेको भन्ने नभई योजनाबद्ध र एकपक्षीय रूपमा सुरक्षाकर्मीहरूलाई पेल्दै, धकेल्दै र लखेटदै निहत्था बनाई निजहरूमाथि आक्रमण गरी ज्यान लिने र घाइते बनाउने कार्य गरेको देखिन आउँछ।

३३७. यस पृष्ठभूमिमा घटित प्रस्तुत वारदातका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब निरीक्षक मान बहादुर बोहराले मिति २०७२।५।८ मा दिएको जाहेरी दरखास्त तथा तदोपरान्त मृतक प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेका भाई दिपक न्यौपाने, मृतक प्रहरी निरीक्षक बलराम विष्टका भाई धर्मसिंह विष्ट, प्रहरी निरीक्षक श्याम खड्काका भाई प्रकाश खड्का, मृतक जनक बहादुर नेगीका काका राज बहादुर नेगी, मृतक लोकेन्द्र बहादुर चन्दकी श्रीमती पशुपति चन्द, मृतक सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउदका दाजु गोरख बहादुर साउद, मृतक सशस्त्र प्रहरी हवल्दार रामविहारी थारूका दाजु ओमकार थारू समेत ८ जनाको छुट्टाछुट्टै जाहेरी दरखास्त र सशस्त्र प्रहरी बल उग्रतारा गण टीकापुर कैलालीका सशस्त्र प्रहरी उपरीक्षक हर्क बहादुर रावलको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको छ।

३३८. उल्लिखित पृष्ठभूमि भएको प्रस्तुत वारदात राजनीतिक प्रकृतिको भएको हुँदा सामान्य फौजदारी कानून अन्तर्गत मुद्दा चलाउन मिल्दैन भन्ने प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको जिकिर रहेको देखिंदा प्रस्तुत मुद्दामा निरूपण गरिनुपर्ने दोस्रो प्रश्नका रूपमा **प्रस्तुत वारदात राजनीतिक प्रकृतिको हो वा होइन र प्रस्तुत वारदातलाई फौजदारी कानून बमोजिमको प्रकृया अवलम्बन गरी कारवाही र किनारा गर्न मिल्ने हो वा होइन ?** भन्ने तर्फ विचार गर्नुपर्ने देखिन आयो। उल्लिखित प्रश्नको निष्कर्षमा पुग्नका लागि सर्वप्रथम कुनै राजनीतिक वा

अन्य उद्देश्यका नाममा कोही पनि व्यक्तिलाई मुलुकको फौजदारी कानूनले अपराध घोषित गरेका ज्यान मार्ने, चोरी, डकैती वा बलात्कारजस्ता कसुरजन्य कार्यहरू गर्ने छुट हुन्छ वा हुँदैन भन्ने प्रश्नको निष्कर्षमा पुग्न आवश्यक देखिन्छ।

३३९. नेपालको संविधानले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रता, राजनीतिक दल तथा संघ संस्था खोल्ने स्वतन्त्रता तथा बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता लगायतका वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ।[४] यस्तै विचार र अभिव्यक्ति स्वतन्त्रता तथा शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ (Universal Declaration on Human Rights,UDHR 1948) को धारा १९ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, ICCPR,1966) को धारा १९ र २१ समेतले आधारभूत मानव अधिकारको रूपमा संरक्षण प्रदान गरेको छ।[5] वस्तुतः बिना हातहतियार शान्तिपूर्वक

---

[४] धारा १७ स्वतन्त्रताको हक:

(१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ:

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

घ) संघ र संस्था खोल्ने स्वतन्त्रता ...

[5] **UDHR Article 19:**

Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers.

**ICCPR Article 19:**

1. Everyone shall have the right to hold opinions without interference.
2. Everyone shall have the right to freedom of expression; this right shall include freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, or through any other media of his choice.
3. The exercise of the rights provided for in paragraph 2 of this article carries with it special duties and responsibilities. It may therefore be subject to certain restrictions, but these shall only be such as are provided by law and are necessary:
   a) For respect of the rights or reputations of others;
   b) For the protection of national security or of public order (ordre public), or of public health or morals.

**ICCPR Article 21:**

The right of peaceful assembly shall be recognized. No restrictions may be placed on the exercise of this right other than those imposed in conformity with the law and which are necessary in a democratic society

भेला हुन पाउने स्वतन्त्रता र राजनीतिक दल वा संघ संस्था खोल्न स्तन्त्रता समेत विचार र अभिव्यक्ति स्वतन्त्रताको एउटा आयाम भएको हुँदा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रकृतिका बारेमा स्पष्ट हुन जरूरी हुन्छ। संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रता निरपेक्ष र सीमाविहिन हुँदैन। अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत कानूनले निषेध गरेको अपराधजन्य कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरूत्साहन गर्न पाउने अधिकारसमेत समाहित हुने भनी कल्पना पनि गर्न सकिदैन।

३४०. नेपालको संविधानको धारा १७ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) ले स्पष्टतः अपराध गर्ने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउन सक्ने गरी ऐन बनाउन सकिने व्यवस्था गरेको र तदनुरूप फौजदारी कानूनले आपराधिक कार्यलाई निषेध गरेको अवस्था समेत रहेको छ। त्यसैपनि नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ख) ले "भेला हुन पाउने स्वतन्त्रता" लाई "बिना हातहतियार र शान्तिपूर्वक" मात्र भेला हुन पाउने गरी शर्त वा बन्देज राखेकोमा उक्त प्रावधानले हातहतियार बोकी हिंसात्मक आन्दोलन गर्ने छुट दिएको भनी अर्थ गर्न मिल्दैन। वस्तुतः शान्ति सुव्यवस्थामा खलल पार्ने वा अर्काको हक अधिकारमा प्रतिकूल असर पर्ने गरी भेला हुन नपाइने गरी राज्यले कानून बनाई त्यस्तो हकको प्रचलनमा आवश्यक सीमा बन्देज लगाउन सक्ने अवधारणा मानव अधिकार विधिशास्त्रको स्वीकार्य मान्यता नै हो।

३४१. शान्तिपूर्ण सभा सम्मेलन र आपराधिक हिंसा दुई पृथक अवस्था हुन। शान्तिपूर्ण सभा सम्मेलन गर्ने नाममा मुलुकको फौजदारी कानूनले निषेध गरेको आपराधिक कार्य गरिएमा त्यस्तो कसुरजन्य कार्यलाई शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने हकले संरक्षण प्रदान गरेको भनी मान्न मिल्दैन। न त शान्तिपूर्ण सभा सम्मेलनका नाउँमा गरिएका अपराधजन्य कार्य उपर गरिएको कानूनी कारवाहीले शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने हकमा आघात पुर्‍याएको भनी मान्न मिल्छ। शान्तिपूर्ण सभा सम्मेलनका नाउँमा आपराधिक कार्य हुन गएमा आपराधिक कार्यको प्रकृति अनुसार कारवाही गरिनुपर्छ भनी संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले ICCPR को

---

in the interests of national security or public safety, public order), the protection of public health or morals or the protection of the rights and freedoms of others.

धारा २१ को सामान्य टिप्पणी (General Comment)[6] मा स्पष्ट पारेको सन्दर्भसमेत यहाँ प्रासङ्गिक हुन आउँछ। सो टिप्पणीमा भनिएको छः

"The right of peaceful assembly protects the non-violent gathering by persons for specific purposes, principally expressive ones. Establishing whether or not someone's participation in an assembly is protected under article 21 entails a two-stage process. It must first be established whether or not the conduct of the person in question falls within the scope of the protection offered by the right, in that it amounts to participation in a "peaceful assembly". If so, the State must respect and ensure the rights of the participants. Second, it must be established whether or not any restrictions applied to the exercise of the right are legitimate in that context."

३४२. यस्तै सन २०२१ को जनवरी ६ मा अमेरिकी संसद भवन (Capitol Hill) मा भएको आक्रमणमा संलग्न भएको आरोपमा १००० जनाभन्दा बढी व्यक्तिलाई मुद्दा चलाएको विषयलाई पनि यस सन्दर्भमा उदाहरणको रूपमा लिन सकिन्छ।[७]

३४३. कुनैपनि मुलुकको फौजदारी न्याय प्रणालीले राज्य/समाज, अभियुक्त र पीडितको त्रिपक्षीय स्वार्थ वा सरोकारलाई सन्तुलित ढङ्गले सम्बोधन गर्ने विहङ्गम उद्देश्य राखेको हुन्छ। यस मुद्दामा चित्रित वारदातलाई फौजदारी कानून अन्तर्गत कारवाही र किनारा गर्न मिल्ने वा नमिल्ने के रहेछ भन्ने प्रश्नको निक्योल प्रस्तुत वारदातसङ्ग फौजदारी न्याय प्रणालीको उल्लिखित उद्देश्यको सम्बन्ध स्थापित हुन्छ वा हुँदैन भन्ने दृष्टिकोणबाट समेत गरिनुपर्ने हुन आउँछ। यस स्थितिमा प्रस्तुत वारदातलाई फौजदारी कानून बमोजिम कारवाही र किनारा गरिनुपर्ने देहाय बमोजिमका तीन आधार कारण देखिन आउँछ।

---

6 CCPR/C/GC/37 **General Comment No.37(2020) on the right of peaceful assembly (Article 21)**

७ संयुक्त राज्य अमेरिकामा २०२० मा सम्पन्न चुनावमा धाँधली गरी वर्तमान अमेरिकी राष्ट्रपतिले चुनाव जितेको आरोप लगाइ अमेरिकी राष्ट्रपतिका उम्मेदवार डोनाल्ड ट्रम्पका समर्थकहरूसमेतले राजधानी शहर वासिङ्गटन डि.सी. स्थित अमेरिकी संसद भवन क्यापिटल हिलमा प्रवेश गर्न खोज्दा भएको दंगामा एक प्रहरी अधिकारीसहित पाँच जनाको मृत्यु हुनाका साथै कैयौं घाइते भएका थिए। हेर्नुहोसः https://www.insider.com/all-the-us-capitol-pro-trump-riot-arrests-charges-names-2021-1

- **<u>पहिलो</u>:** कुनै पनि राज्यको सबैभन्दा महत्वपूर्ण र प्राथमिक दायित्व समाजमा न्याय र शान्ति व्यवस्था कायम गर्नु हो। राज्यले फौजदारी कानूनको प्रभावकारी कार्यान्वयन मार्फत यो दायित्व पूरा गर्ने लक्ष्य राखेको हुन्छ। फौजदारी कानूनको प्रभावकारी कार्यान्वयन बिना नागरिकको जीउ, धन र वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्न सम्भव हुँदैन। मुलुकको फौजदारी कानूनले निषेध गरेका काम कारवाही गर्दा कानून बमोजिम कारवाई नगरिएमा समाजमा न्याय र शान्ति व्यवस्था कायम गर्ने फौजदारी कानूनको उद्देश्य पूरा हुन सक्दैन।
- **<u>दोस्रो</u>:** कुनै पनि व्यक्ति उपर फौजदारी कसुरको आरोप लागेमा त्यस्तो व्यक्ति वा अभियुक्तलाई स्वच्छ सुनुवाईको अवसर प्रदान गर्ने उद्देश्य पनि फौजदारी कानूनले राखेको हुन्छ। जतिसुकै जघन्य र विभत्स कसुरका अभियुक्त भए तापनि अभियुक्त उपरको कसुर शंकारहित तवर (beyond reasonable doubt) ले पुष्टि नभई अभियुक्तलाई सजाय दिइनु फौजदारी न्यायको सिद्धान्त अनुकुल हुँदैन। नौ जना दोषीले उन्मुक्ति पाउन् तर एकजना पनि निर्दोष व्यक्ति दोषी ठहरिनु हुँदैन भन्ने हामीले अवलम्बन गरेको फौजदारी न्याय प्रणालीको मान्यता हो। तदनुरूप मुलुकको संविधान र कानूनले अभियुक्तको आधारभूत हक अधिकारका सम्बन्धमा मानक नै निर्धारण गरेको पाइँदा ती मानक र कार्यविधिको पालनाको विषय पनि फौजदारी कानूनको सरोकारको विषय हुन जान्छ।
- **<u>तेस्रो</u>:** कसुर अपराधबाट पीडित वा प्रभावित पक्षसमेत फौजदारी न्याय प्रणालीको एउटा अभिन्न पक्ष हो। क्षतिपूर्ति सहित न्याय पाउने पीडितको अधिकारलाई संविधानले प्रत्याभूत गरेको पनि छ। अपराध पीडित संरक्षण ऐन, २०७५ ले सो हकलाई कार्यान्वयनयोग्य बनाएको छ। त्यसैले फौजदारी न्याय सम्पादन गर्न केवल राज्य र अभियुक्तका सरोकारहरूमात्र सम्बोधन गरिनु पर्याप्त हुँदैन। पीडित वा प्रभावितलाई क्षतिपूर्ति, पुनर्स्थापना तथा कसुरदारलाई कानून बमोजिमको दण्ड सजाय सुनिश्चित गरिएमा मात्र पीडितको सरोकारको न्यायोचित सम्बोधन हुनजाने अवस्था रहन्छ। यी तीनैपक्षको स्वार्थ वा सरोकारको यथोचित र सन्तुलित ढङ्गले सम्बोधन हुन नसकेमा फौजदारी न्याय

प्रणालीको प्रभावकारिता कायम रहन सक्दैन। फौजदारी कानूनको उल्लंघनको विषयलाई राजनीतिक प्रकृतिको कसुर भनी कानून बमोजिम कारवाही र किनारा नगर्दा अभियुक्तको स्वार्थको सम्बोधन हुन सक्ला तर राज्य र पीडित पक्षको न्यायोचित सरोकार सम्बोधन हुन नसक्ने भएकाले वारदातको प्रकृति राजनीतिक वा आपराधिक कस्तो हो भन्ने प्रश्नको निक्यौंल यस पृष्ठभूमिमा आधारित भई गरिनु आवश्यक र उचित देखियो।

३४४. वस्तुतः मुलुकको फौजदारी कानूनले निषेध गरेको कुनै कार्य गर्नु वा कानून बमोजिम गर्नुपर्ने कुनै कार्य नगर्नु (act or omission) कसुर (crime) हो। कुनै कार्य कसुरजन्य कार्य हो वा होईन? भन्ने सम्बन्धमा नैतिक वा सामाजिक दृष्टिकोणले हेर्दा फरक निष्कर्ष रहन सक्ला तर कानूनी दृष्टिकोणबाट हेर्दा मुलुकको फौजदारी कानूनको उल्लंघनलाई कसुर अपराध भनी परिभाषित गर्नुको विकल्प रहँदैन। यदि फौजदारी कानूनले निषेध गरेको कुनै कार्य (Actus Reus) आपराधिक मनसाय (Mens rea) का साथ गरिन्छ भने त्यस्तो कार्यको स्थापित फौजदारी न्याय प्रणालीबाटै सम्बोधन गरिनुपर्ने संवैधानिक शासन व्यवस्था (Constitutional Governance) को आधारभूत मान्यता हो। यस आधारमा हेर्दा निर्दोष र निहत्था व्यक्तिको अकारण र सामुहिक ज्यान लिने जस्तो कार्यलाई राजनीतिक वा अन्य कुनै पनि बहाना वा आवरणमा फौजदारी कानूनद्वारा निषेधित कसुरजन्य कार्य अन्तर्गत नपर्ने वा राजनीतिक वा अन्य कुनै पनि कारणबाट कसुरदारले सो बाट सृजित दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्ने भनी मानिएमा संवैधानिक शासन व्यवस्था अन्तर्गत नागरिकको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने प्रमुख दायित्व भएको राज्य आफ्नो कर्तव्यबाट च्यूत हुन गई अपराधीहरूको संरक्षकका रूपमा रूपान्तरित हुन पुग्छ। यसो हुन गएमा मुलुकको कानून व्यवस्था पीडकको हातमा पुग्ने र आवाजविहिन, निर्बल तथा निरीह नागरिकको जिउ ज्यान सधै जोखिममा रही पीडित थप पीडित हुने तथा पीडकहरू समाजमा रवाफका साथ खुला रूपमा हिंडन पाउने दुर्भाग्यपूर्ण परिस्थिति सृजना हुन जान्छ। यस्तो अनपेक्षित अवस्था उत्पन्न हुन नदिन अदालत र न्यायिक निकायलगायत कानून कार्यान्वयन गर्ने राज्यका निकायहरू संवेदनशील हुनुपर्नेतर्फ यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ।

३४५. संक्षेपमा, लोकतन्त्रमा आफ्ना कुराहरू शान्तिपूर्ण र संगठित रूपमा राख्न पाइन्छ तर त्यस्तो कार्यले शान्तिपूर्ण मार्ग छाडी जब हिंसाको सहारा लिन्छ मुलुकको फौजदारी कानूनले आफ्नो बाटो पक्रन्छ। कुनै पनि बहानामा हिंसामा सहभागी हुने, उक्साउने, दुरूत्साहन दिने, सोका लागि षडयन्त्र गर्ने, योजना बनाउने वा अन्य कुनै तरहले सहभागी हुने कार्यलाई मुलुकको फौजदारी कानूनले सहँदैन। यसबारेमा सबै स्पष्ट हुनु जरूरी छ।

३४६. खासगरी हाम्रोजस्तो लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासन सुदृढ भई नसकेको, लोकतान्त्रिक संस्कारको संस्थागत विकास भई नसकेको समाजमा राजनीतिक शक्तिको आडमा आपराधिक कार्यलाई समेत राजनीतिक रूप दिने वा अपराधको राजनीतिकरण वा राजनीतिको अपराधिकरण गर्ने जोखिम सँधै रहिरहेको हुन्छ। अपराधको राजनीतिकरणले प्रचलित फौजदारी कानूनले निषेध गरेका जघन्य फौजदारी कसुरलाई समेत राजनीतिक रङ्ग दिएर राज्यशक्तिमा पहुँच पुर्याउन सक्ने कसुरदारलाई फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने कुचेष्टा गरेको हुन्छ। यसबाट राजनीतिको आडभरोसामा कसुर गर्ने प्रवृत्ति मौलाउँछ। रगतमा लत्पतिएका हातहरूले राजनीतिक संरक्षण प्राप्त गरेमा मुलुकको फौजदारी कानूनले निषेध गरेको आपराधिक कार्य गरेका व्यक्ति नै ठुल्ठुलो आवाजका साथ निष्फिक्री समाजमा विचरण गर्ने अनपेक्षित अवस्था उत्पन्न हुनजान्छ।

३४७. मुलुकको फौजदारी कानूनद्वारा वर्जित आपराधिक क्रियाकलापलाई राजनीतिक प्रकृतिको अपराध मान्नु आपराधिक क्रियाकलापलाई राजनीतिक उद्देश्य प्राप्त गर्ने औजार (साधन) का रूपमा प्रयोग गर्न मान्यता प्रदान गर्नु हो। अपराधको राजनीतिकरण मुलुकको संवैधानिक व्यवस्थाको उल्लंघन समेत हो। नेपालको संविधानमा न्याय सम्बन्धी हक[८]का रूपमा *"तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन"* भनी गरेको व्यवस्थाको अर्थ प्रचलित कानूनले सजाय हुने काम गरेमा त्यस्तो व्यक्ति कानून बमोजिम सजायभागी हुनुपर्छ भन्ने नै हो। संविधानमा मौलिक हकका रूपमा अपराध पीडितको हक राख्नुको तात्पर्य पनि कसुरजन्य कार्यको प्रभावकारी अनुसन्धान तहकिकात गरी दोषीलाई

---

८ नेपालको संविधानको धारा २०

कारवाही गर्नु भन्ने हो। त्यस्ता कार्यलाई राजनैतिक सौदाबाजी वा अन्य कुनै कारणबाट राजनीतिक पछ्यौरीले छोपी विषयवस्तुलाई दिशान्तर गरी कसुरजन्य कार्यको कारवाही प्रकृयालाई न्यायिक निष्कर्षमा पुऱ्याउन अवरोध सृजना गरिएमा फौजदारी न्यायमा गम्भीर विचलन (Miscarriage of Justice) पैदा हुन जान्छ।

३४८. फौजदारी कसुरलाई राजनीतिक आवरणमा उन्मुक्ति दिनु फौजदारी कानूनको पालनामा हुनुपर्ने समानता (equality of arms) र तटस्थताको सिद्धान्तसमेतको विपरित हुन्छ। एउटै कसुरमा कसैलाई कारवाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिंदा समाजमा व्याप्त "ठुलालाई चैन, सानालाई ऐन" भन्ने भनाई चरितार्थ हुन पुग्छ। राजनीतिको आवरणमा कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ। वस्तुतः अपराध जसले गरेपनि अपराध नै हो। फौजदारी कानूनले व्यक्ति, पद वा उसको हैसियतलाई चिन्दैन। अपराधको कुनै वाद वा सिद्धान्त हुँदैन। यसको सरोकार कर्तासङ्ग रहदैन, कार्यसङ्ग रहेको हुन्छ। फौजदारी कानूनले राजनीतिक व्यक्तिले अपराध गरेमा राजनीतिक उद्देश्यले गरेको मानिने र अन्य व्यक्तिले अपराध गरेमा अपराधिक उद्देश्यले गरेको भनी फरक दृष्टिले हेर्दैन। अपराध गर्नेले सो बाट सृजित दायित्व बेहोर्नै पर्छ। मुलुकको फौजदारी कानूनले निषेध गरेको व्यक्तिहत्या जस्तो जघन्य कसुर अपराधलाई कुन उद्देश्यले त्यस्तो कार्य गरेको रहेछ भनी हेरी राजनीतिक वा अन्य अपराध भनी अपराधको वर्गीकरण गर्न खोज्नु निरर्थक र औचित्यहिन हुन जान्छ। यस्तो वर्गीकरणले राजनीतिमा पहुँच पुर्याउन सक्ने वा राजनीतिलाई प्रभावित पार्न सक्ने व्यक्तिहरूले समाजमा घटाएका कुनैपनि कसुरजन्य कार्यहरूलाई राजनीतिक अपराधका रूपमा वर्गीकृत गर्ने अपराधको राजनीतिकरणको कुरूप र डरलाग्दो परिदृश्य प्रकट हुनसक्ने र राज्य स्वयंले यस्तो अवस्थालाई प्रश्रय दिएमा त्यस्तो राज्य व्यवस्थामा कानूनको शासनको मूल्य मान्यताको उल्लंघन (rule of law deficiency syndrome) भएको भनी मान्नुपर्ने हुँदा त्यसतर्फ फौजदारी कानून कार्यान्वयनका सरोकारवालाहरू जिम्मेवार, सजग र संवेदनशील रहनुपर्छ भन्ने यो इजलासको दृढ मान्यता रहेको छ।

३४९. यसप्रकार फौजदारी कानूनको उल्लंघनको विषयलाई राजनीतिक सहमती वा राजनीतिक स्वार्थ वा राजनीतिक प्रकृतिको अपराधको नाममा फौजदारी कानून बमोजिमको प्रकृया अवलम्बन गरी मुद्दा चलाउनै नमिल्ने भन्नु वा त्यसरी चलाएका

मुद्दाहरूलाई राजनीतिक सौदाबाजीको रणनीति अन्तर्गत फिर्ता लिनु वा स्थापित मूल्य मान्यता र कानूनी व्यवस्था समेतको उल्लघंन र उपहास हुने गरी माफी मिनाहा दिने समेतका कार्य गर्नु मुलुकको संविधान, कानून र न्यायका मान्य सिद्धान्त समेतको हाकाहाकी विपरित हुने देखिन्छ। तसर्थ, प्रस्तुत वारदात राजनैतिक प्रकृतिको हुँदा प्रतिवादीहरू उपर मुद्दा चल्न नसक्ने भनी प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूले लिएको जिकिरसङ्ग सहमत हुनसक्ने कुनै आधार र अवस्था भेटिएन।

३५०. यस्तै प्रतिवादीहरूका कानून व्यवसायीहरूले प्रस्तुत मुद्दाका मृतक तथा घाइतेहरू नै प्रहरी भएको सन्दर्भमा प्रहरीले नै अनुसन्धान गरी कारवाही गर्न मिल्दैन भन्ने जिकिर पनि लिएको पाइन्छ।यो जिकिर कुनै वैध तर्कमा आधारित देखिदैन। संविधानले मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने दायित्व कार्यपालिकालाई सुम्पेको र कार्यपालिकीय अधिकारक्षेत्रको एउटा मुख्य विषय समाजलाई आपराधिक घटनाबाट बचाई शान्ति सु-व्यवस्था कायम गर्ने र सर्वसाधारणलाई सुरक्षा र न्यायको प्रत्याभूति दिनु पनि हो।यस अन्तरगत आपराधिक घटनाको अनुसन्धान तहकिकात गरी अभियोजन गर्ने कार्यसमेत समाहित रहेको हुन्छ। सम्बन्धित कानूनले यो अधिकार नेपाल प्रहरीका कर्मचारीहरूलाई प्रदान गरेको देखिन्छ। वारदात हुँदाका बखत कायम रहेको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सो ऐनलाई प्रतिस्थापन गरी जारी गरिएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले फौजदारी कानूनको अनुसन्धान गर्ने जिम्मेवारी प्रहरी कार्यालयलाई नै तोकेको देखिन्छ। सम्बन्धित प्रहरी अधिकारीले प्रचलित कानूनले तोकेको रित प्रकृया पुरा गरी विधिसम्मत ढङ्गले गर्नुपर्ने र त्यस्तो कार्य अमुक प्रहरी कर्मचारीले व्यक्तिगत हैसियतले गर्ने नभई अनुसन्धान अधिकृतको हैसियतले प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्ने हुँदा पीडित पक्ष प्रहरी भएकै कारण अनुसन्धान प्रभावित हुन्छ भनी अनुमान गर्न मिल्ने हुँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तरगतको कसुर भएको भनी जाहेरी परेमा अनुसन्धान तहकिकात अगाडि बढाउने दायित्व तोकिएको प्रहरी अधिकृतकै देखिन्छ। अनुसन्धान अधिकारीले गलत ढङ्गले वा बदनियतपूर्वक कार्य गरेमा निजलाई कानून बमोजिम जिम्मेवार बनाउन सकिने व्यवस्था छ। यसले अनुसन्धान अधिकारीको निष्पक्षताको सुनिश्चितता गरेको हुन्छ। अनुसन्धान

अधिकारीले गर्ने कार्य समेत स्वतन्त्र र निष्पक्ष रूपमा गर्नुपर्ने सम्बन्धमा यस अदालतबाट **रमेश साह विरूद्ध नेपाल सरकार** भएको लागू औषध मुद्दा[१]मा "*राज्यका सबै अङ्गले कानून अन्तरगत रही काम गर्ने हो। कानूनको सीमा नाघी काम गर्ने अधिकार कसैलाई हुँदैन। अपराध अनुसन्धानको सम्बन्धमा प्रहरीले गर्ने काम पनि अभियोजन र मुद्दाको न्याय निरूपण जत्तिकै स्वतन्त्र र निष्पक्ष भई गर्नुपर्ने* भनी सिद्धान्त प्रतिपादन भएको हुँदा प्रहरी कर्मचारीको हत्या भएको वा प्रहरी कर्मचारी पीडित भएका आपराधिक घटनाको अनुसन्धान तहकिकात प्रहरीले गर्न नपाउने भन्नु तर्कसम्मत देखिँदैन। सामूहिक हत्या जस्तो जघन्य फौजदारी कसुरको अनुसन्धान तहकिकातको कार्य प्रहरी बाहेकका अन्य अधिकारीबाट हुने परिकल्पना हाम्रो फौजदारी कानून वा न्याय प्रणालीले गरेको देखिँदैन। प्रहरी कर्मचारीहरूमा विभागीय पूर्वाग्रह रहने भन्ने प्रतिवादीहरूको जिकिर अनुमानमा आधारित देखियो। विद्यमान प्रणालीमा वादी पक्षका साक्षीहरूलाई प्रतिवादीहरूले जिरह गर्न सक्ने कानूनी व्यवस्था रहे भएको र तदनुरुप जिरह गरेको समेत देखिंदा प्रतिवादीहरूका कानून व्यवसायीहरूको जिकिरसङ्ग समेत सहमत हुन सक्ने अवस्था देखिएन।

३५१. अब तेस्रो अर्थात **प्रतिवादीहरूको वारदातमा संलग्नता छ वा छैन ? रहेको भए को कस्को के कस्तो संलग्नता रहेको छ?** भन्ने प्रश्नतर्फ विचार गर्दा मौकामा पक्राउ परी अभियोगपत्र साथ दाखिल भएका २२ जना प्रतिवादीहरूमध्ये कानूनको द्वन्द्वमा परेका नाबालिग करन चौधरी बाहेक अन्य सबै प्रतिवादीहरू र मौकामा फरार रही निवेदनसाथ अदालतमा हाजिर भएका प्रतिवादी रेशमलाल चौधरी समेतका ५ जना प्रतिवादीहरूले सुरू अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी करन चौधरीले निजको बुबा सिताराम चौधरीको रोहवरमा सुरू अदालतमा गरेको बयानमा भने यी प्रतिवादीहरू लगायत आफूसमेत वारदातमा संलग्न भई प्रहरीहरूलाई मारेको भनी आरोपित कसुरमा सावित रही बयान गरेको देखिन्छ। अन्य प्रतिवादीहरूमध्ये हरिनारायण चौधरी, राजकुमार कठरिया, दिल बहादुर चौधरी र सुन्दरलाल कठरियाले आफूहरू गाउँका चौकिदार भलमान्साको निर्देशन बमोजिम थरूहट आन्दोलनका लागि वारदातस्थल टीकापुर गएको तर

---

१ ने.का.प. २०७८, अंक १०, नि.नं.१०७६२

सुरक्षाकर्मीहरूलाई आक्रमण गर्ने कार्यमा संलग्न नभएको र सो सम्बन्धमा आफुहरूलाई कुनै थाहा जानकारी समेत नभएको भनी बयान गरेको देखिन्छ। प्रतिवादी दिल बहादुर चौधरीले प्रहरीसङ्ग झडप हुन लागेपछि चिलिम चौराहाबाटै घर फर्केको भनी बताएका छन भने प्रतिवादी सुन्दरलाल कठरियाले प्लेकार्ड सहित टीकापुर हाटबजार क्षेत्र पुग्दा अश्रुग्याँसको रबरको छर्रा लागी बेहोस भएको अवस्थामा कसैले टीकापुर अस्पतालमा पुर्याएको रहेछ भनी कसुरमा संलग्न भएको तथ्यमा इन्कार रही वारदातस्थल वा सोको वरपर पुगेको तथ्यसम्मलाई स्वीकार गरेको देखिन्छ। निजहरू बाहेकका अन्य सबै प्रतिवादीहरूले वारदातको मिति र समयमा कोही घाँस काट्न जङ्गल गएको (विश्राम भन्ने जीत बहादुर डगौरा र रामकुमार कठरिया),टीकापुर जाँदै गर्दा मोतिपुर गाँउबाटै फर्की आएको(बृजमोहन डगौरा र श्रवण चौधरी), आलु बेच्नका लागी वरकट्टी र लक्कड भन्ने गाउँमा गएको(राजेश चौधरी), राइसमिलमा काम गरी घरमै सुतेको (किसनलाल चौधरी), चुरोट बिक्री गर्न झन्झटपुर मनिकापुर गएको (वीर बहादुर चौधरी), बर्दिया राजपुर डेरामा नै बसेको (रामनरेश चौधरी), साथी भेटन भदौरिया गाउँ गएको (सन्तोष थारू चौधरी), घरमै बसेको (विश्राम चौधरी र प्रदिप चौधरी) जस्ता वारदातस्थलमा आफू उपस्थित नै नभएको भन्ने जिकिर लिएको देखिन्छ। प्रतिवादी लाहुराम चौधरीले आफू थरूहट संघर्ष समिति कैलालीको संयोजक भएकाले वारदात मिति र समयमा आफू धनगढीको कार्यक्रममा भएको भनेका, प्रतिवादी लक्ष्मण थारू (चौधरी)ले वारदात मितिमा आफू बिहान ११.०० बजेसम्म दाङको लमहीमा भएको, १.०० बजे कोहलपुरमा पुगेको र २.३० बजे बर्दियाको गुलरियामा रहेको भनी जिकिर लिएको देखिन्छ भने प्रतिवादी रेशमलाल चौधरीले आन्दोलनका दिन शान्ति नबिग्रियोस भनी आन्दोलनकारीलाई सम्झाइबुझाइ गर्न आफु दुर्गौली भन्ने स्थानमा गएको, चिलिम चौराहामा भिड जम्मा भएको थाहा भएपछि ११.०० बजेतिर गुलरिया हिंडेको हो भनी आन्दोलनकारीहरूलाई सम्झाइ बुझाइ गरी वारदातस्थल नजिकबाट फर्की गएको भन्ने जिकिर लिएको देखिन्छ।

३५२. अर्कोतर्फ, मौकामा पक्राउ परेका प्रतिवादीहरूमध्ये लाहुराम चौधरी र लक्ष्मण थारू चौधरी बाहेकका अन्य सबै प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्षको बयानमा अन्य प्रतिवादीहरूसमेतको संलग्नतामा आफू समेत सहभागी भई आरोपित कसुर

गरेको तथ्यमा सावित भई अन्य प्रतिवादीहरूलाई समेत एक आपसमा पोल गरी बयान गरेको देखिन्छ। बयानमा प्रतिवादीहरूले घटनाको सिलसिलेवार विवरण लेखाइदिएको देखिन्छ। प्रतिवादी लाहुराम चौधरीले भने आफू धनगढीमा भएको अर्को कार्यक्रममा भएको, वारदातस्थलमा उपस्थित नरहेको भनी आरोपित कसुरमा ईन्कार रहेको देखिन्छ।

३५३. मिसिल संलग्न प्रतिवादीहरूको मौकाको बयान हेर्दा प्रतिवादीहरू राजकुमार कठरिया, रामकुमार कठरिया, प्रेमबहादुर चौधरी, हरिनारायण चौधरी, सुन्दरलाल कठरिया, दिलबहादुर चौधरी, वृजमोहन डगौरा, सन्तराम चौधरी, राजेश चौधरी, किसनलाल चौधरी, राम नरेश चौधरी, विरबहादुर चौधरी, जितबहादुर डगौराले प्रतिवादी रेशमलाल चौधरी समेतले प्रत्येक घरबाट हातमा भाला, खुँडा, लाठा लगायतका हतियार बोकी २०७२/०५/०७ गते टीकापुर आन्दोलनमा जानुपर्ने भनी गाँउका भलमन्सालाई भने अनुसार भलमन्सा इश्वरी प्रसाद चौधरी, कन्हैयालाल चौधरी, डम्बर कठरिया, मौफुलाल चौधरी, खुशीराम चौधरी,सुशिल चौधरी, बलिराम चौधरीले आ-आफ्नो गाउँका मानिसलाई सोही बमोजिम भाला, खुकुरी, बन्चरो, लाठा, गुलेली सहितका हतियार सहित टीकापुर जानुपर्ने नगए रू.१,०००/- जरिवाना हुने निर्देशन दिएको र सोही निर्देशन बमोजिम आफूहरू समेत आन्दोलनमा गएको र प्रहरीले रोक्न खोज्दा घेराबन्दी गरी भाला, लाठाले हिर्काएको हो भनी लगभग एकै बेहोरा खुलाई लेखाई दिएको देखिन्छ।

३५४. यस्तै प्रतिवादी करन चौधरीले मौकामा बयान गर्दा "**मिति २०७२।०५।०७ गते बिहान गाउँका भलमन्साले गाउँका सबैजना हातमा खुकुरी, लाठीसमेत लिएर टीकापुर जाने, त्यसभन्दा पहिले गाउँकै गोल्डेन बोर्डिङ्ग स्कुलमा जम्मा हुने भनेपछि बिहान अन्दाजी १० बजेको समयमा गाउँका मानिसहरू हातहातमा लाठी, तरवार, बञ्चरो लिई स्कुलमा जाँदा मैले हातमा लाठी बोकेर गएँ। सबै मानिस टीकापुर आउन मनुवा-६ चिलिम चौराहामा आयौं। त्यहाँ अन्यत्र गाउँबाट पनि थारू समुदायका मानिस हातहातमा घरेलु हतियार बोकी बाटो भरी थिए। त्यस ठाउँमा प्रहरी पनि थियो। प्रहरीलाई धकेल्दै ढुङ्गा गुलेली हान्दै टीकापुर-९ पशुहाट बजारसम्म पुर्यायौं। त्यसस्थानमा पछि नाम थाहा भएका प्रहरी वरिष्ठ उपरिक्षक लक्ष्मण न्यौपानेसमेतका प्रहरी आइ मसमेतलाई यहाँ निषेधित क्षेत्र घोषणा गरिएको छ अगाडि**

नबढनुहोस भन्दा हामीसँगै भएका रेशमलाल चौधरीले चारैतिर घेरी लाठी, भाला, ढुङ्गाले ठोक भनेपछि खेत घर आँगन हुँदै प्रहरी भन्दा अगाडि गयौं म पनि घरबारीको बाटो हुँदै गएँ। प्रहरीले अश्रु ग्याँस र रबरको छर्रा हान्यो म समेतले ढुङ्गा, ईटा गुलेलीले हान्दा प्रहरी टिक्न नसकी ज्यान जोगाउन घरबारीको बाटो भागे। भागेका प्रहरीको पिछा गर्दै म समेत जाँदा पछि नाम थाहा भएका सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूलाई लाठी ढुङ्गाले टाउको समेतमा हानी जमिनमा ढलेपछि नजिकै रहेको भैंसीगोठको खर ल्याई जिउमा हाली आगो लगाउँदा छट्पटिँदै थियो। त्यसैमाथि लाठीले हान्यौं सोही स्थान नजिकै प्रहरी हवल्दार श्याम खड्कालाई पनि घन र रडले हानी ढलाई शरीरमा पेट्रोल हाली आगो लगाएका हौं। त्यति हुँदाहुँदै प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने घ। भित्र पसेका थिए सो घरमा पसी निजलाई हान्दै लगाएको कपडा तानी बाहिर ल्याई आँगनमा लडाई भाला र ढुङ्गाले आँखामा हान्ने, टाउकोमा हान्ने गरी मारेका हौं। प्रहरी जवान लोकेन्द्र चन्दलाई ढुङ्गा, घनले हानी पहिले मारेका हौं। त्यस अवस्थामा ज्यान जोगाउन खेततर्फ प्रहरी निरीक्षक बलराम विष्ट र केशव बोहरासमेत भाग्दै थिए निजहरूलाई पछाडिबाट हिर्काई खेतमा लडाई टाउकोमा दाउ र कोदालोले हिर्काई मारेका हौं (स.ज.९)। पशुहाटबजार नजिक पुगेपछि प्रहरीले हामीलाई रोक्न खोज्दा रेशमलाल चौधरीले प्रहरी अखण्ड सु.प का हुन हाम्रो दुश्मन हुन प्रहरी हाम्रो दुश्मन हो घेराबन्दी गरेर मार भनेको हो। निज आफैंले पनि प्रहरीलाई लाठीले हानेको हो (स.ज.११)। प्र.ब.उ. लक्ष्मण न्यौपानेसमेतलाई निर्ममतापूर्वक हत्या गर्नेमा मैले चिनेका मानिसमध्ये दुर्गौली-९ घर भएको नेता रेशमलाल चौधरी, रमेश चौधरी, नरेश चौधरी, गोपाल चौधरी प्रदीप चौधरी, लालु चौधरी, श्रवण चौधरी, राजाराम चौधरी, फुलराम चौधरी हुन (स.ज.११)। रेशम चौधरीको हातमा काँडेतार बेरेको लाठी, रमेश चौधरीको हातमा किला ठोकेको लाठी,नरेश चौधरीको हातमा बाँसको लाठी, प्रदिप चौधरीको हातमा भाला, श्रवण चौधरीसँग भाला, लाठी थियो (स.ज.१५)। घटनास्थलबाट बरामद भएका सामानमध्ये भाला श्रवण चौधरीसँग थियो सोही हतियारले प्रहरी निरीक्षकलाई हानेको हो। टेप, धागो बेरेको लाठी रडले पनि प्रहरीलाई हानेको हो(स.ज.१६। मलाई प्रहरीलाई मार्यो बहादुर रैछ भनी काँधमा उचालेका हुन। उचाल्नेमा रेशम चौधरी र मनुवा गोलौरी गाउँका मानिस हुन(स.ज.१७)। घटनाका योजनाकार धनिराम चौधरी

हुन भन्ने सुनेको हुँ। रेशमलाल चौधरी र लक्ष्मण चौधरीको निर्देशन हो। रेशमलाल चौधरी घटनामा प्रहरीलाई हान्ने समेत हो(स.ज.२१)।" भनी लेखाएको पाइन्छ।

३५५. यसैगरी प्रतिवादी विश्राम चौधरीले मौकामा " म थरूहट थारूवान संघर्ष समितिको क्षेत्र नं १ कैलालीको क्षेत्रीय सदस्य हुँ। प्रतिवादी धनीराम चौधरी तथा रेशमलाल चौधरीको योजना तथा निर्देशनमा टीकापुरस्थित कार्यालयमा थरूहट प्रदेश लेख्नका लागि प्रत्येक घरबाट घरेलु हतियार सहित आन्दोलनमा जानु पर्ने भनि निर्देशन गरेपश्चात उक्त घटना भएको हो। मैले थारू आन्दोलन सुरू भए देखि माईकिङ गर्ने तथा भाषण गर्ने काम गरेको हुँ, थरूहटका नेताहरूसँग मेरो बारम्बार फोन सम्पर्क भईराख्ने गरेको थियो। थारू समुदायका साथीहरूलाई मैले उत्तेजित पार्ने गरी प्रहरीहरू माथि आक्रमण गर्नुपर्छ भनेको हुँ" भनी लेखाएको देखिन्छ।

३५६. प्रतिवादी संगम भन्ने सन्तोष कुमार थारूले मौकामा बयान गर्दा "प्रतिवादी रेशमलाल चौधरी, धनीराम चौधरी र लक्ष्मण चौधरीले निर्देशन गरे बमोजिम टीकापुर स्थित सरकारी कार्यालयमा थरूहट प्रदेश लेख्न जानु पर्ने, नगएमा १,०००।- रूपैया तिर्नुपर्ने भनेपश्चात म लगायतका मेरो गाउँका भलमन्सा सुशिल चौधरीको नेतृत्वमा ४०० जनाजति हातमा घरेलु हतियार बोकी मोतीनगरमा गएका हौं। वारदातस्थलमा पुग्दा प्रहरीले अश्रुग्याँस हानेपश्चात मैले समेत प्रहरीलाई कुटपिट गरी लखेटेको हुँ, पछि प्रहरीहरूलाई घेराबन्दी समेत गरेका थियौं। त्यसपछि म लगायत हिरासतमा रहेका प्रतिवादीहरू रामप्रसाद चौधरी, जित बहादुर डंगौरा, सन्तराम चौधरी, राम नरेश चौधरी, वीर बहादुर चौधरी, राजेश चौधरी समेतका व्यक्तिहरू मिली लाठी भाला घन प्रहार गरी सुरक्षाकर्मीहरूलाई मारेका हौं। अन्य साथीहरू समेतले प्रहरीहरूलाई खेतमा समेत लखेटी मारेका हुन। बालक समेतको हत्या गरेका हौं" भनि लेखाएको पाईन्छ।

३५७. प्रतिवादी श्रवण चौधरीले मौकामा बयान गर्दा "वारदातका दिन टीकापुरस्थित सरकारी कार्यालयहरूमा थरूहट प्रदेशको बोर्ड राख्न प्रत्येक व्यक्तिहरू हतियार सहित जानुपर्ने, यदि रोक्न खोजे निजहरूलाई नै सिध्याउने भनी प्रतिवादी रेशमलाल चौधरी, धनीराम चौधरी र लक्ष्मण चौधरी समेतले निर्देशन गरे अनुसार भलमन्सा बलिराम चौधरीले प्रत्येक घरबाट नगए दण्ड जरिवाना समेत हुने जानकारी गरेपश्चात प्रतिवादीहरू प्रदीप चौधरी, हरि नारायण चौधरी, रमेश चौधरी र म चिलिम चौराहा पुगेका हौं। चिलिम चौराहाबाट प्रतिवादी लक्ष्मण चौधरीले थरूहट जिन्दावाद भन्ने

समेतका नारा लगाउँदै अगाडी बढेका हो, पशु हाटबजार नजिक पुग्दा प्र.व.उ. लक्ष्मण न्यौपाने समेतले सम्झाउने क्रममा हामी अगाडी बढ्न खोज्दा प्रहरी टोलीले अश्रु ग्यास तथा रबरका गोली हानेपछि हामीहरूले सुरक्षाकर्मीहरूलाई घेरा बन्दी गरी हातहतियार प्रहार गरेको र प्रतिवादी प्रदीप चौधरी, हरिनारायण चौधरी, बलिराम चौधरी र रमेश चौधरीले प्र.ब.उ.लक्ष्मण न्यौपाने घरभित्र लुकेको थाहापाई निजलाई बाहिर निकाली भाला प्रहार गरी कर्तव्य गरी मारेको हौं। अन्य प्रहरीहरू माथि पनि प्रहार गरी मारेका हौं, प्रतिवादी करन चौधरीले मरणासन्न अवस्थामा घोप्टो परेको प्रहरीलाई लाठीले ठोक्दै थिए। प्रतिवादी प्रदीप चौधरीले प्रहरीको SLR ल्याई मलाई दिएका हुन। प्रदिप चौधरी समेतका प्रतिवादीहरूले २ जना प्रहरीलाई जिउँदै जलाएका पनि हुन। सबै प्रतिवादीहरूको सामूहिक संलग्नतामा उक्त वारदात घटित भएको हो" भनि खुलाइ दिएको पाइन्छ।

३५८. प्रतिवादी प्रदिप चौधरीले मौकामा बयान गर्दा "प्रतिवादी धनिराम चौधरी, रेशमलाल चौधरी तथा लक्ष्मण थारू समेतको योजना तथा निर्देशन मुताविक प्रतिवादी बलिराम चौधरीले हातहातमा लाठी भाला बन्चरो जस्तो घरेलु हतियार लिई अनिवार्य रूपमा वारदातका दिन आन्दोलनमा जानु पर्ने नगएमा जरिवाना तिर्नुपर्ने भन्ने उर्दी जारी गरेपछि मेरो गाउँका साथी श्रवण चौधरी लगायतका थुप्रै मानिसहरू टीकापुर स्थित सरकारी कार्यालय कब्जा गर्ने भनी चिलिम चौराहामा जम्मा भएका थियो। उक्त स्थानमा खटिएको प्रहरी टोलीलाई धकेल्दै, पशु हाटबजार नजिक पुग्दा निषेधित क्षेत्र तोड्ने क्रममा मसँगै रेशमलाल चौधरी समेत थिए। निजले मुखमा मास्क तथा हातमा पन्जा लगाएका थिए। प्रहरीमाथि आक्रमण गर्दा हामीले निजहरू भाग्ने क्रममा लखेटेका हौं, प्रतिवादी रेशमलाल चौधरी र म समेतले प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई घरभित्रबाट बाहिर निकाली हामीमध्येका श्रवण चौधरीले भालाले पेटमा हान्यो, मैले बाँसको लठ्ठीले हानेपछि चक्कुले आँखा तथा शरीरको अन्य भागमा हानेको हुँ, SLR समेत खोसी मैले श्रवण चौधरीको हातमा दिएको हुँ, म समेतका साथीहरूले प्रहरीलाई जिउँदै जलाएका पनि हौं, हाल पक्राउ परेका प्रतिवादीहरू सबै मसँगै घटनास्थलमा नै थिए" भनी खुलाई दिएको पाइन्छ।

३५९. यसप्रकार मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा साविती रहेका प्रतिवादी करन चौधरीबाहेकका अन्य सबै प्रतिवादीहरूले सुरू कैलाली जिल्ला अदालतमा

बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको देखिँदा मिसिल संलग्न अन्य सम्बद्ध प्रमाणबाट प्रतिवादीहरूको मौकाको साबिती बयान वा अदालतको इन्कारी बयान समर्थित हुने हो भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने देखिन आउँछ।

३६०. प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा "मुद्दामा कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन मिल्छ" भन्ने कानूनी व्यवस्था देखिंदा कुनै व्यक्तिले आफू उपर फौजदारी कसुर कायम हुन सक्ने गरी कुनै कुरा व्यक्त गरेमा निजको सो कथनलाई प्रमाणमा लिन मिल्ने देखिन्छ। तर कसुरमा इन्कार रही व्यक्त गरेको कुराले "निजका विरूद्ध" प्रमाण लाग्ने अवस्था नहुँदा पूर्वोक्त ऐनको दफा ९ ले मूलरूपमा साबिती बयानलाई प्रमाणमा लिन मिल्ने आशय राखेको देखिन्छ। तथापि, त्यस्तो साविती पक्षले आधारभूत रूपमा अदालतमा व्यक्त गरेको हुनुपर्ने र अदालतबाहेक अन्यत्र व्यक्त गरेको अवस्था हो भने निजले त्यस्तो कुरा स्वेच्छाले व्यक्त गरेको हुनुपर्ने वा कुनै डर, धाकधम्कीले निजलाई आफ्नो विरूद्ध कुनै कुरा व्यक्त गर्न बाध्य पारेको वा कुनै आश्वासनका कारण त्यस्तो कथन अभिव्यक्त गरेको थिएन भन्ने तथ्यमा अदालत विश्वस्त हुनु आवश्यक हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ९ को बनोट हेर्दा अदालत बाहिरको साविती हो भने ऐ. उपदफा (२) द्वारा निर्धारित पूर्वावस्था विद्यमान देखिएमा मात्र पक्षको कथन निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिन्छ। प्रतिवादीले अदालतमा गरेको बयानमा इन्कारी र अदालत बाहिरको बयानमा कसुरमा सावित रहेको भए पक्षले त्यस्तो साविती स्वेच्छाले गरेको हो वा होइन भन्ने प्रश्न मिसिल संलग्न तथ्य र अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भए नभएको भन्ने (Doctrine of corroboration) का आधारमा गरिनुपर्ने भन्ने प्रमाण कानूनको आधारभूत मान्यता हो। प्रमाण कानूनका प्रसिद्ध लेखक Peter Murphy ले पनि प्रतिवादीको अदालत बाहिरको सावितीको सत्यता corroborating evidence का आधारमा गरिनुपर्ने भन्ने धारणा राखेको पाइन्छ।[10] यस दृष्टिबाट हेर्दा प्रतिवादीहरूको मौकाको साविती अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भए नभएकोतर्फ सतर्कतापूर्वक हेर्नुपर्ने देखिन आयो।

---

[10] Peter Murphy:A Practical Approach to Evidence (English Language Book Society Blackstone Press, Third Edition,1988 P.472)

३६१. यस सम्बन्धमा अदालतमा इन्कारी बयान गर्ने प्रतिवादीहरूले मौकाको बयानका सम्बन्धमा लिएको जिकिर समेत हेर्नुपर्ने देखियो। मौकामा साविती भई अदालतमा इन्कार रहेका प्रायः सबै प्रतिवादीहरूले "मौकामा अनुसन्धान अधिकारीले निर्घात कुटपिट गरी आफ्नो इच्छा विपरीत जबरजस्ती बयान कागजमा सहिछाप गराएका हुन। उक्त बयान स्वेच्छाले गरिएको होइन" भनी जिकिर लिएको देखिएतापनि सो जिकिर स्थापित हुन केवल सो बयान स्वेच्छाले गरिएको थिएन भनी दाबी लिनुमात्र पर्याप्त हुँदैन मिसिल प्रमाणबाट सो बयान स्वेच्छाले गरिएको थिएन भनी पुष्टि हुनुपर्छ। आफूलाई कुटपिट गरी जबरजस्ती बयान गराएको भनी दाबी लिने प्रतिवादीहरूले कुटपिट भएको प्रमाणित हुने शारिरीक जाँच गरिपाउन दावी लिएको देखिँदैन। प्रतिवादीहरूको बयानपश्चात् पनि म्याद थपका लागि पटक पटक सुरू अदालतमा हाजिर गराएको देखिएकोमा निजहरूले आफूहरू उपर जबरजस्ती गरेको भन्ने कुनै दाबी लिएको देखिँदैन। मुद्दाको प्रकृति, गंम्भीरता लगायतका वारदात परिस्थिति समेतलाई हेर्दा दर्जनौ संख्याका प्रतिवादीहरू सबैलाई निर्घात कुटपिट गरी स्वेच्छा विपरित जबरजस्ती बयान गराएको भन्ने प्रतिवादीहरूको जिकिर विश्वासलायक देखिदैन। प्रमाण ऐन, २०३१ को दफा २८ ले कुनै खास कुराको जिकिर लिने पक्षले नै सो कुराको विश्वास अदालतलाई दिलाउनुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा मिसिलबाट प्रतिवादीहरूले मौकाको बयान स्वेच्छाविपरितको थियो भनी जिकिर लिएकोमा निजहरूले सो जिकिर पुष्टि हुने कुनै आधार प्रमाण पेश गर्न सकेको नदेखिंदा अनुसन्धानको बयानलाई प्रमाणमा लिनै नमिल्ने भन्ने देखिएन। मिसिल संलग्न अन्य प्रमाणहरूबाट समर्थित भएको हदसम्म प्रतिवादीहरूको मौकाको बयानलाई प्रमाणमा लिन मिल्ने नै हुँदा प्रतिवादीहरूको उक्त जिकिर तथा निजहरूका कानून व्यवसायीको सो हदसम्मको बहस बुँदासङ्ग सहमत हुन सकिएन।

३६२. अर्कोतर्फ, प्रतिवादीमध्येका करन चौधरीले निजको बुवा सिताराम चौधरीको रोहबरमा सुरू कैलाली जिल्ला अदालतमा बयान गर्दा मौकाको अनुसन्धान अधिकारी समक्षको बयान बेहोरा बमोजिम नै "**वारदातस्थलबाट बरामद भएका दशीका सामानहरूमध्ये बन्चरो र चक्कु प्रतिवादी प्रदिप चौधरीको हातमा थियो (स.ज. ७)। प्रतिवादी सुन्दरलाल कठरियालाई मैले घट्नास्थलमा देखेको हुँ(स.ज. ८)। प्रतिवादी प्रदिप चौधरीले प्रहरीको हातबाट हतियार खोसी श्रवण चौधरीलाई दिई श्रवण चौधरीले हतियार लगी**

गएको देखेको हुँ(स.ज. ९)। प्रतिवादी राजाराम चौधरीले वारदातस्थलमा प्रहरीलाई मार्दाको अवस्थामा मोबाईलमा रेकर्ड गरेको देखेको हुँ। त्यहाँ अन्य मानिसले पनि रेकर्ड गरिरहेको मैले देखेको हुँ। तिनीहरूको नाम थाहा छैन(स.ज. १०)। प्रहरीलाई मारेपश्चात मलाई रेशमलाल चौधरी र नाम थाहा नभएका व्यक्तिहरूले काँधमा राख्दै 'बधाई छ भाई' भनी भनेका हुन(स.ज. ११)। वारदातको समयमा काँडेतार बेरिएको लाठी प्रतिवादी श्रवण चौधरीले हातमा लिई एस.एस.पी.लाई हिर्काएको हो। उक्त लाठी हाल प्रहरीले बरामद समेत गरिल्याएको मध्येकै हो(स.ज. १२)। हाल फरार रहेका प्रतिवादीहरूमध्ये टीकापुर-९ बस्ने फुलराम चौधरीलाई चिन्दछु। उक्त दिन निजको हातमा प्लेकार्ड थियो। अन्य फरार प्रतिवादीहरूलाई म चिन्दिन(स.ज. १३)। वारदातका समयमा प्रतिवादी प्रदिप चौधरी समेतले प्रहरी निरीक्षक समेतका ४ जना सुरक्षाकर्मीलाई भाग्दै गर्दा पछाडिबाट बन्चरो समेतले हानी ढालेका हुन। अन्य व्यक्तिहरूलाई म चिन्दिन। मैले नचिनेका व्यक्तिहरूले सुरक्षाकर्मीहरूलाई आगो समेत लगाएका हुन,सो मध्येका प्रतिवादी राजाराम चौधरीले पेट्रोल खन्याएका हुन(स.ज. १४)। घट्नापूर्व चिलिम चौराहको गोल्डेन स्कुलमा मिटिङ्ग भएको थियो त्यहाँ के कुन योजना बन्यो मलाई थाहा भएन(स.ज. १५)। प्रहरीबाट हतियार श्रवण चौधरी, प्रदिप चौधरी र रेशम चौधरीले लुटि लगेका हुन। संचार सेट लगेको देखिन(स.ज. १७)। प्रतिवादी सुन्दरलाल र श्रवण चौधरीले यस अदालतमा बयान गर्दा वारदात घट्नामा मेरो कुनै संलग्नता छैन भनी गरेको बयान झुठा हो। निजहरूको समेत उक्त घट्ना वारदातमा संलग्नता रहेको छ। (स.ज. १८)। प्रतिवादीमध्येका भेषालाल चौधरी बाहेक सबैको उक्त घट्नामा संलग्नता रहेको छ। उक्त घट्नामा रमेश चौधरीको हातमा काँडेतार बेरिएको लाठी, नरेश चौधरीको हातमा लाठी र ढुंगा, प्रदिप चौधरीको हातमा चक्कु,लालु चौधरीको हातमा लाठी, श्रवण चौधरीको हातमा भाला, राजाराम चौधरीको हातमा लाठी, फूलराम चौधरीको हातमा लाठी र गोपालको हातमा समेत लाठी थियो। निजहरू सबैले सुरक्षाकर्मीहरूलाई कुटपीट गरेका हुन(स.ज. १९)। प्रतिवादी फुलराम चौधरीले समेत सुरक्षाकर्मीलाई लाठीले कुटपिट गरेको हो(स.ज. २१)। प्रतिवादी लाहुराम चौधरी र लक्ष्मण चौधरीलाई मैले घट्नास्थलमा देखिँन। निजहरूको संलग्नता छैन(स.ज. २२)। वारदातमा प्रतिवादी रेशमलाल

चौधरीको हातमा लाठी थियो। सोही लाठीले निजले सुरक्षाकर्मीलाई हिर्काएका हुन(स.ज. २३)।" भनी वारदातको सविस्तार वर्णन गरेको पाइन्छ।

३६३. प्रतिवादी करन चौधरीको बयान हेर्दा निजले वारदातमा आफ्नो समेत संलग्नतालाई स्वीकार गरी अन्य प्रतिवादीहरूसमेत आरोपित कसुरमा संलग्न रहेको भनी मौकामा र अदालतमा समेत पोल गरेको देखिन्छ। सामान्यतः फौजदारी मुद्दामा कुनै प्रतिवादीले आफ्ना हकमा भनेका कुरालाई सम्म निजका विरूद्ध प्रमाणमा लिन सकिने प्रमाण कानूनको आधारभूत मान्यता हो। त्यस्ता कुरालाई प्रमाणमा लिन समेत विभिन्न पूर्वावस्थाको आवश्यकताका सम्बन्धमा माथिका प्रकरणहरूमा छलफल भैसकेको छ। यस स्थितिमा कुनै प्रतिवादीले अन्य व्यक्ति वा सह अभियुक्तलाई समेत पोली बयान गर्छ भने निजको बयानलाई अन्य अभियुक्तहरूको विरूद्धमा समेत प्रमाणमा लिन थप र अझ उच्च सतर्कता (High Degree of Threshold) आवश्यक पर्छ। वस्तुतः प्रतिवादीले सत्य साँचो बेहोरा मात्र बयान गर्छु भनी वा बयान बेहोरा सत्य साँचो हो भनी शपथ गर्नु नपर्ने र निजले पोलेका प्रतिवादीहरूलाई निज उपर जिरह गर्ने मौका समेत प्राप्त नहुने भएकाले[११] मुद्दामा सह अभियुक्तको पोललाई सन्देहात्मक प्रमाणका रूपमा हेर्ने गरिन्छ। यसलाई निश्चयात्मक प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन। खासगरी आफू कसुरमा इन्कार रही अन्य सह-अभियुक्तहरूलाई मात्र पोल गरेको बयानको खासै प्रामणिक मूल्य रहदैन तर सह प्रतिवादी स्वयम् आफू समेत आरोपित कसुरमा सावित रही अन्य प्रतिवादीहरूलाई समेत पोल गरेको छ भने त्यस्तो पोललाई अदालतले आवश्यकता अनुसार र सतर्कतापूर्वक प्रमाणमा ग्रहण गर्न सक्ने अवस्था रहन्छ। तथापि, सह अभियुक्तको त्यस्तो पोल बयान मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित हुन आवश्यक हुन्छ। सह अभियुक्तको पोलकै भरमा मात्र कसै उपर कसुर ठहर गर्न मिल्दैन तर मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित सह अभियुक्तको पोलको समेत कुनै प्रामाणिक महत्व नरहने भन्नु Principle of Corroboration को विपरित हुन जान्छ। यस्तोमा सह अभियुक्तको पोल र अन्य अभियुक्तहरूको बयानमा तादात्म्यता, वारदात परिस्थिति तथा अन्य प्रत्यक्ष वा

---

[११] मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १०३ ले सह-अभियुक्तले पोल बयान गरेकोमा अन्य प्रतिवादीले चाहेमा जिरह गर्न सकिने व्यवस्था उल्लेख गरेको पाइन्छ।

परिस्थितिजन्य प्रमाणको उपलब्धताका आधारमा सह अभियुक्तको पोलको प्रमाणग्राह्यता निर्धारण गरिनु उपयुक्त हुन्छ।

३६४. यस सन्दर्भमा प्रतिवादी करन चौधरीले अदालतमा गरेको उल्लिखित बयान बेहोरा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित हुने नहुने के रहेछ भनी हेर्दा सर्वप्रथम उक्त बयान बेहोराको सार अन्य प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयान बेहोरासङ्ग तादात्म्य देखिन आउँछ। प्रतिवादी करन चौधरीले अदालतको बयानमा लेखाइदिएको मुख्य मुख्य घटना विवरण, प्रतिवादीहरूको भूमिका र समग्र वारदात चित्रण एवम् अन्य प्रतिवादीहरूले मौकामा गरेको बयानमा उल्लिखित वारदात चित्रणमा आधारभूत रूपमा भिन्नता देखिँदैन। मौकामा सावित भएका तर अदालतमा कसुरमा इन्कार रही वारदातस्थलमा उपस्थित भएको तथ्यलाई सम्म स्वीकार गरी बयान गरेका प्रतिवादी हरिनारायण चौधरी समेतका प्रतिवादीहरूले गरेको वारदातको चित्रणबाट पनि प्रतिवादी करन चौधरीले गरेको पोल एवम् अन्य प्रतिवादीहरूको मौकाको सावितीमा उल्लिखित घटना विवरण समर्थित हुन आउँछ।

३६५. यस अतिरिक्त, मिसिल संलग्न भौतिक एवम् अन्य दसी प्रमाण हेर्दा वारदातस्थलबाट भाला, दाउ, लाठी, बञ्चरो, चक्कु लगायतका हातहतियार बरामद भएको देखिन्छ। प्रहरीबाट SLR लगायतका हतियार लुटी लगेको अवस्था पनि छ। उक्त हातहतियारमध्ये घटनास्थलबाट बरामद भएको भाला, काठको बिड भएको दाउ, ठूलो पैंयूको लाठी, ठूलो बाँसको लाठी लगायतका हातहतियार वारदातमा आफू र फरार रहेका अन्य प्रतिवादीहरू समेतले प्रयोग गरेका हुन भनी प्रतिवादी श्रवण चौधरीले सनाखत गरेको देखिन्छ। यस्तै प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई भाला प्रहार गर्ने व्यक्ति प्रतिवादी श्रवण चौधरी हो, पछि निज प्रतिवादीको हातमा लुटी लगेको SLR भिरेको मैले देखेको हुँ, सो हतियार प्रतिवादी प्रदीप चौधरीले खोसेको समेत मैले देखेको हुँ, प्रतिवादी करन चौधरीले प्रहरी कर्मचारीहरूलाई लाठीले प्रहार गरेको मैले देखेको हुँ, प्रतिवादी विश्राम चौधरी समेतले हातमा लाठी लिई खेतखेतबाट लखेटेको मैले देखेको हुँ भनी घाइते प्रहरी सुरज सिंह ठकुरीले गरेको सनाखत कागजमा उल्लेख भएको देखिन्छ।

३६६. यसैगरी काठको बिंड भएको बन्चरो, घटनास्थलमा रहेको कच्ची बाटो भन्दा पर खेतमा भागिरहेका २ जना प्रहरीलाई मार्दाका बखत प्रयोग गरिएको हतियार हो र

कालो बिंडको चक्कु घटनास्थलमा रहेको घरबाहिर लक्ष्मण न्यौपानेलाई प्रहार गर्दा प्रयोग भएको हतियार हो, फलामको भाला प्रतिवादी हरिनारायण चौधरी र फरार रहेको प्रतिवादी राजाराम चौधरी लगायतका प्रतिवादी मध्ये कसैले हातमा समातेको देखेको हुँ, मिल्दो जुल्दो हातहतियार प्रयोग गरेकोले यकिन गर्न सक्दिन भनी प्रदीप चौधरीले सनाखत गरेको देखिन्छ। पंक्तिबद्ध भई उभ्याईएका मानिसमध्ये संगम भन्ने सन्तोष कुमार थारूलाई आफूले चिनेको र निज आफूसंगै द्वन्द्वकालमा माओवादीमा संगै काम गरेको व्यक्ति हो, निजले नै वारदात समयमा बोरामा हतियार बोकेको देखेको हु, लामबद्ध अन्य व्यक्तिहरू मेरो गाउँको किसनलाल चौधरी, राजेश चौधरी, बृजमोहन डगौरा, विश्राम भन्ने जित बहादुर डंगौरालाई चिन्दछु, निजहरूले भाला, लाठी लिई घटनामा गएका हुन भनी सितल राज डगौराले सनाखत गरेको लगायतका प्रमाणबाट प्रतिवादीहरू वारदातस्थलमा उपस्थित नभएको, वारदातका दिन अन्यत्र रहेको भनी अदालतमा गरेको बयान समर्थित हुन नआई प्रतिवादीहरूकै संलग्नतामा वारदात घटित भएको भन्ने प्रतिवादी करन चौधरीको पोल एवम् अन्य प्रतिवादीहरूको मौकाको साविती समर्थित हुन आउँछ। मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्काबाट खेतबारीमा मानिसहरू हिंडी कुदी बालीनाली कुल्चिएको माडिएको एवम् मानिसहरू घिसारेको डाम रहेको देखिन्छ। यसबाट सुरक्षाकर्मीलाई खेत र बारीमा लखेटी लखेटी प्रहार गरेको एवम् घरभित्र लुकेका सुरक्षाकर्मीलाई तानी घिसारी बाहिर ल्याएको भन्ने सहप्रतिवादीको पोल समर्थित हुन आउँछ।

३६७. वारदातस्थलबाट लाठी भाला फलामका पाइप घन लगायतका हतियारहरू बरामद भई सनाखत समेत भएको अवस्था छ। घटनास्थलमा खर र प्लाष्टिक जलाएको अवशेष एवम् खर जलाएको खरानी रहेको एवम् रगत लागी सुकेको ढुङ्गाहरू फेला परेको भन्ने उल्लेख भएकोमा केही सुरक्षाकर्मीलाई जिउँदै खरले ढाकी पेट्रोल छर्की जलाएको भन्ने र प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको टाउकोमा ढुङ्गाले थिचेको भन्ने समेतका प्रतिवादीहरूले गरेको वारदात चित्रण समर्थित हुन आउँछ। यस अतिरिक्त, मिसिल संलग्न लाश जाँच मुचुल्काबाट मृतकहरूका शरीरका विभिन्न भागमा हानेको, काटिएको घाउचोट डाम रहेको, टाउको र शरीरका विभिन्न भाग रगतले लतपतिएको तथा क्षत विक्षत अवस्थामा भएको, सशस्त्र प्रहरी हवल्दार रामविहारी चौधरी तथा प्रहरी हवल्दार श्याम बहादुर खड्काले लगाएको कपडा तथा

शरीरको केही भाग जलेको भन्ने समेत देखिन आएबाट प्रतिवादी करन चौधरीको पोल एवम् अन्य प्रतिवादीहरूको मौकाको साविती घटनास्थल प्रकृतिसङ्ग मेल खाएको देखिन आउँछ।

३६८. यसबाहेक, जाहेरवाला मानबहादुर बोहोरा लगायत अन्य कैयौं पीडित घाइते तथा प्रत्यक्षदर्शीहरू खगेन्द्र बहादुर साउद, लक्ष्मण साउद, राजेश धामी, रविन्द्र धनुषे, जङ्ग बहादुर साउद प्रस्तुत मुद्दामा चश्मदीद गवाहका रूपमा रहेको देखिन्छ। जाहेरवाला मानबहादुर बोहोराले सुरू अदालतमा आई बकपत्र गर्दा "प्रतिवादी राम कुमार चौधरी, लक्ष्मण थारू, जित बहादुर चौधरी लगायतका २० जनाजति प्रतिवादीहरूले सुरक्षाकर्मीहरूको हत्या गरेका थिए। प्रतिवादीहरूले घरेलु हातहतियार हसिया, खुकुरी, बन्चरो, काठमा किला ठोकेर बनाएका घरेलु हतियार प्रयोग गरी हत्या गरेका हुन। प्रतिवादीहरूको नाम पहिले थाहा थिएन। जिल्ला प्रहरी कार्यालयमा ल्याएपछि चिनेको हुँ। मृतक बलराम बिष्टलाई म भन्दा करिब १०० मिटरको दुरीमा हत्या गरेका थिए भनी आफैंले प्रत्यक्षरूपमा वारदात देखेको हुँ" भनी जाहेरी बेहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ।

३६९. प्रतिवादीहरूले आफ्नो पुनरावेदन जिकिरका साथै निजहरूका तर्फबाट उपस्थित कानून व्यवसायीहरूले प्रस्तुत मुद्दाको जाहेरी वारदातको धेरै समय पछि परेको हुँदा सोचविचार गरी (After thought statement) परेको जाहेरी प्रमाणग्राह्य नहुने भन्ने जिकिर लिएको सन्दर्भ देखिन्छ। मिसिल हेर्दा मिति २०७२।०५।०७ को वारदातका सम्बन्धमा प्रहरी नायब निरीक्षक मान बहादुर बोहोराको जाहेरी वारदातको भोलिपल्टै अर्थात मिति २०७२।०५।०८ मा नै परेको देखिन्छ भने सोपश्चात् अन्य मृतकहरूका आफन्त तथा परिवारजनहरूले विभिन्न मितिमा अर्थात पछिल्लो पटक मिति २०७२।०५।२५ सम्म जाहेरी दरखास्त दिएको देखिन्छ। अधिकतम ढिला १८ दिनसम्म जाहेरी परेको अवस्था देखिन्छ। त्यस्तो जाहेरी यी प्रतिवादीहरूलाई फसाउने नियतले सोचविचार गरी (After thought statement) आएको हो कि भन्नेतर्फ हेर्दा प्रस्तुत मुद्दामा मृतक र घाइते सुरक्षाकर्मीहरू देशका विभिन्न भागबाट कर्तव्यपालनाको सिलसिलामा कैलाली जिल्लामा गएकोमा प्रस्तुत वारदातमा मृत्यु भएपश्चात् परिवारका सदस्यले शव बुझी दाहसंस्कार गरी रित परम्परा अनुसार काजक्रिया सम्पन्न गरी जाहेरी दिएको अवस्था

देखिन्छ। यसरी हेर्दा परिवारका सदस्यको मृत्यु भएको पीडादायी अवस्थामा १३ दिन संस्कारजन्य काजक्रिया गरी तत्पश्चात् कैलाली जिल्लामा गई दिएको जाहेरीलाई सोचविचारी जाहेरी दिएको भन्न मिल्ने अवस्था देखिँदैन। वस्तुतः कुनै वारदातको सम्बन्धमा परेको जाहेरी दरखास्त अनुचित ढिलाई गरी सोचीविचारी आएको हो वा होइन भन्ने विषयको निक्यौंल केवल यान्त्रिक हिसाबले समय वा दिनको गणना गरेर मात्र निर्धारण गरिनु उपयुक्त हुँदैन। मिसिलबाट वारदातको तत्काल पछि जाहेरी दिन नसक्नुका मनासिब र पर्याप्त कारण देखिन्छ भने ढिला गरी दिएको जाहेरी दरखास्तलाई समेत अन्यथा लिनु हुँदैन। तर मिसिलबाट बिलम्ब गरी जाहेरी दिनुपर्नाको औचित्य देखिँदैन भने छोटो समयको अन्तराल पनि सोचिविचारी आएको Afterthought Statement हो कि भनी विचार गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वारदात भएको १०-१५ दिन पछि जाहेरी परेको देखिएतापनि मुद्दाको समग्र परिस्थितिलाई हेर्दा प्रस्तुत मुद्दाको जाहेरी दरखास्त यी प्रतिवादीहरूलाई फसाउन पूर्वाग्रह राखी सोचविचार गरी दिएको भनी मान्न मिलेन। जाहेरवालाहरूले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थामा जाहेरीमा उल्लिखित बेहोरालाई प्रमाणमा लिन बाधा देखिएन।

३७०. यस्तै सो वारदातका घाइते सशस्त्र प्रहरी जवान खगेन्द्र बहादुर साउदले "मलाई प्रहार गर्ने व्यक्तिहरू रेशमलाल चौधरी लगायतका व्यक्तिहरू हुन। सन्त्रासको वातावरण थियो, कसैले कसैलाई चिन्न सक्ने अवस्था थिएन। वारदात मितिको बिहान १० बजेको समयमा प्रतिवादी रेशमलाल चौधरीले रिसोर्टबाट निस्कने क्रममा आज रगतको खोला बग्छ भनेको मैले प्रत्यक्ष सुनेकाले रेशमलाल चौधरी लगायतका व्यक्तिले घटना घटाएको भनी लेखाएको हुँ" भनी बकपत्र गरेको देखिन्छ। यस्तै अर्का प्रत्यक्षदर्शी टेकबहादुर चन्दले बकपत्र गर्दा "प्रतिवादी लक्ष्मण चौधरीलाई मैले घटनास्थलमा देखिन। रेशमलाल चौधरी र प्रेम चौधरीलाई घटनास्थलमा देखेको हुँ" भनी लेखाएको देखिन्छ। यसैगरी घाईते प्रहरी जवान लक्ष्मण साउदले "प्रतिवादी रेशमलाल चौधरीको आयोजनामा उक्त घटनामा हत्या भएको हो। उक्त घटनामा १५/१६ हजार जना जतिको संलग्नता थियो। प्रतिवादी रेशमलाल चौधरी समेतले एस.एस.पी लक्ष्मण न्यौपाने सहितका नौ जना मानिसहरूलाई मारेको मैले आफ्नै आंखाले १० मिटर टाढाबाट देखेको हुँ। भाला, रड, गुलेली प्रयोग गरी रेशमलाल

चौधरी समेतले एस.एस.पि. लक्ष्मण न्यौपानेलाई मारेका थिए" भनी लेखाएको देखिन्छ।

३७१. यस्तै घाईते प्रहरी जवान राजेश धामीले "रेशमलाल चौधरी, प्रेम चौधरी समेतका १० औं हजारको हुल थियो। उक्त भिडमा मलाई कसले हानेका हुन थाहा भएन। रेशमलाल चौधरीले एस.एस.पि लक्ष्मण न्यौपानेलाई भाला फलाम जस्तो तरवारले हानेको देखेको हुँ" भनी लेखाएको देखिन्छ। यसैगरी घाइते रामचन्द्र जोशीले सुरू अदालतमा बकपत्र गर्दा "मलाई ढुङ्गा ईटाले प्रहार गरी घाईते बनाएका हुन। मलाई घाईते बनाएपछि बेहोस भएको र आन्दोलनकारीहरूले मृत्यु भईसक्यो भनी छोडेर गएपछि प्रहरी साथीहरू आई अस्पताल लगी उपचार भएको हो। हामी अस्पतालमा उपचार गराईरहेको अवस्थामा अनुसन्धानका प्रहरीले प्रतिवादीहरूको फोटो देखाउँदा चिनी प्रतिवादीहरूको नाम लेखाई दिएको हुँ" भनेको देखिन्छ। यस्तै घाइते रविन्द्र बहादुर धनुषेले "आन्दोलनमा हत्या भएका एसएसपी लक्ष्मण न्यौपाने समेतका ९ जनाको हत्या गर्नमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू चौधरी, प्रेम चौधरी, फिरूलाल चौधरी, राम कुमार कठरिया, विश्राम चौधरी समेतको संलग्नता रहेको थियो। उक्त आन्दोलनमा म समेत घाईते भएको थिएँ। प्रतिवादीहरूलाई उक्त आन्दोलनको दिन आन्दोलनमा देखेको हुनाले चिनेको हुँ। तिनीहरूले हातमा गुलेली ढुङ्गा भाला ईट्टा समेतका चिजवस्तु लिएर आएका देखेको हुँ" भनी किटानीसाथ बकपत्र गरेको पाइन्छ।

३७२. यसैगरी सो घटनाका प्रत्यक्षदर्शी जंग बहादुर साउदले सुरू अदालतमा "मेरो नाती नाबालिग टेक बहादुर साउदको मृत्यु गोली लागेर मिति २०७२/५/७ गते मेरो आफ्नै घरको वरण्डा टीकापुरमा भएको हो। मेरो छोरा नेत्र साउद पनि प्रहरी भएकोले टीकापुर घट्ना भएको ठाँउ र मेरो घर नजिकै रहेको कारण मृतक प्रहरीहरूको लाश र घाईते प्रहरी मेरो घरको वरीपरी रहेकोले मेरो छोराले घाईते साथीहरू अस्पताल पठाउने र एक जना घाईते प्रहरीलाई घरमा लिई पानी खुवाई अस्पताल पठाएको प्रतिवादीहरूले देखी प्रहरीलाई सहयोग गर्यो भन्ने रिसले ७/८ राउण्ड गोली प्रहार गरेका हुन। गोली छोरालाई नलागी मेरो नातीलाई लागेको हो। उक्त घट्नामा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू, रामजनम चौधरी, धनिराम चौधरी समेतको संलग्नता रहेको छ" भनी लेखाएको देखिन्छ भने अर्का प्रत्यक्षदर्शी

नेत्रराज पडालले "आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए। लक्ष्मण न्यौपानेलाई प्रतिवादी श्रवण चौधरीको हातमा रहेको भालाले प्रहार गरेका र अन्य प्रतिवादीहरूको हातमा भाटाहरू थिए, त्यसैले प्रहार गरी हत्या गरिएको हो। सुरूमा मलाई लाठी भाटाले प्रहार गरेका र म घाईते भएपछि प्रतिवादी प्रदिप चौधरीले मसंग भएको SLR हतियार खोसी लगेका हुन"भनी लेखाएको देखिन्छ।

३७३. यस्तै घटनाका प्रत्यक्षदर्शी राम बहादुर ऐरले सुरू अदालतमा बकपत्र गर्दा प्रतिवादी रेशमलाल चौधरी र धनिराम चौधरीको नेतृत्वमा उक्त घट्ना घटाएका हुन। मृत्यु भएकाहरूको हत्या गर्ने मानिसहरू हाल थुनामा रहेका प्रतिवादीहरू हुन भनी लेखाएको पाइन्छ। प्रत्यक्षदर्शी मुकुन्द अधिकारीले "हत्या गर्ने प्रतिवादीहरूको नाम उक्त दिन धेरै भिड भएको हुँदा चिन्न सकिन पछि जिल्ला प्रहरी कार्यालयमा ल्याएपछि चिनेको हुँ। आन्दोलनमा पनि प्रतिवादीहरूलाई देखेको हुँदा चिनेको हुँ। यिनै आन्दोलनकारीहरूले नौ जनाको विभत्स हत्या गरेका हुन" भनी बकपत्र गरेको पाइन्छ। प्रत्यक्षदर्शी शुशिला बर्माले "टीकापुरमा भएको घट्नास्थल र मेरो घर नजिकै रहेको छ। घट्ना मेरो घरमा नै भएको हो। घट्ना हुँदा म पनि घरमा नै थिए। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको हत्या मेरो घरको आँगनमा भएको हो। निजको हत्या आन्दोलनमा आएको भिडले लाठी ढुङ्गाले कुटपीट गरी गरेको थियो हत्या गर्नेको नाम थाहा भएन। लक्ष्मण न्यौपानेलाई मेरो घरबाट निकालेर हत्या गरेका हुँदा देखेकी हुँ। आन्दोलनकारीहरूले पेट्रोल खन्याई हत्या गरेको देखेको होईन। खरले आगो लगाएको र धुवाँ निस्केको देखेको हुँ" भनी लेखाएको पाइन्छ। यस्तै जाहेरवाला लक्ष्मी खड्का, पवित्रा साउद, शारदा कडायत बोहोरा, दिपक न्यौपाने समेतले जाहेरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन्छ।

३७४. यसप्रकार वारदातका घाइते, जाहेरवाला र अन्य प्रत्यक्षदर्शी समेतले जाहेरी दरखास्त एवम् मौकाको कागजमा उल्लिखित विषयवस्तुलाई समर्थन गर्दै सुरू अदालतमा बकपत्र गरेको अवस्था छ। प्रमाण ऐन, २०३१ को दफा १० मा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा (क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति र (ख) सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा त्यसको अघि वा पछि व्यक्त गरेका कुरा प्रमाणमा लिन

हुन्छ भन्ने व्यवस्था गरेको देखिन्छ। वस्तुतः मौखिक प्रमाण प्रत्यक्ष अर्थात आफैले देखे सुनेको वा थाहा पाएको हुनुपर्छ। लिखत प्रमाणबाटै प्रमाणित गर्नुपर्ने प्रकृतिको विषयवस्तु बाहेक मुद्दाको प्रकृति अनुसार मौखिक प्रमाण प्रमाणित गर्न सकिने विषयमा विवादित विषयवस्तुको प्रकृति अनुसार मौखिक प्रमाण पनि प्रमाणग्राह्य मानिन्छ। **प्रस्तुत मुद्दामा दिउँसोको समयमा घट्ना घटेको, घाइते, पीडित तथा प्रत्यक्षदर्शी लगायतका व्यक्तिहरू स्वयम् आफैंले वारदात देखेको भनी अदालतमा उपस्थित भई बकपत्र गरेका प्रतिवादीहरूले एक अर्कालाई सनाखत गरेको समेत देखिएको र यो संख्या सानो नरहेको समेत हुँदा आफ्नै आँखाले प्रत्यक्ष देखेको भनी साक्षीका रूपमा अदालतमा आई बकपत्र गरी वारदातका सम्बन्धमा व्यक्त कथनलाई सर्वोत्तम प्रमाण मान्नुपर्ने हुन आउँछ।** उपलब्ध भएसम्म सर्वोत्तम प्रमाण पेश गर्नुपर्ने प्रमाण कानूनको आधारभूत मान्यता हो। प्रस्तुत मुद्दामा माथि उल्लिखित जाहेरवाला, घाइते एवम् प्रत्यक्षदर्शीहरूले आफूले देखे जानेको कुरा तहकिकातको सिलसिलामा कागज गरी प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतमा आई बकपत्र गरेको समेत अवस्था हुँदा निजहरूले गरेको बकपत्र बेहोरा समेतलाई प्रतिवादीहरूको साबिती बयान र सह-अभियुक्तको पोलको सादृष्यतामा हेर्दा तथ्यको श्रृङ्खला एक आपसमा मिली भिडी साबिती बयान र पोल बेहोरा स्थापित हुन आउने भएकाले अन्य तथ्यबाट पुनर्पुष्टि भएको हदसम्म उल्लिखित साविती र पोल बयानलाई प्रमाणमा लिन बाधा देखिएन।

३७५. जहाँसम्म पुनरावेदक प्रतिवादीहरूले सह-अभियुक्त करन चौधरी नाबालिग भएको कारण निजले व्यक्त गरेको कथनलाई प्रमाणमा लिन नमिल्ने भनी लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा ३८ को व्यवस्था उल्लेख गर्नु यहाँ सान्दर्भिक देखियो:

*"दफा ३८: साक्षी हुन सक्ने व्यक्तिः कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति बाहेक मतियार वा सह-अभियुक्त लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ।"*

३७६. माथि उल्लिखित कानूनी व्यवस्था हेर्दा कम उमेर, वृद्धावस्था वा अन्य शारिरीक मानसिक अवस्थालाई साक्षीको अयोग्यताको रूपमा राखिएको भए तापनि कम वा

बढी उमेर वा शारीरिक मानसिक अवस्थालाई आफैंमा निरपेक्ष रूपमा साक्षीको अयोग्यताका रूपमा राखेको नभई सो वा अन्य कुनैपनि कारणले आफूलाई सोधेको प्रश्नको मनासिव जवाफ दिन नसक्ने व्यक्तिलाईसम्म साक्षी हुन नसक्ने व्यक्तिका कोटीमा राखेको देखिन्छ। वास्तवमा साक्षीको योग्यता भनेको मुद्दामा ठहर गर्नुपर्ने प्रश्न वा सो सङ्ग सम्बद्ध विषयमा सोधिएको प्रश्नको युक्तियुक्त जवाफ दिन सक्ने क्षमता हो। उक्त विषय केवल उमेरका आधारमा मात्र निर्धारित हुने नभई अन्य व्यक्तिगत सक्षमताका आधारमा निर्धारण गरिनुपर्ने हुन्छ।

३७७. बालमनोवैज्ञानिक, समाजशास्त्री लगायत यस क्षेत्रका कहलिएका विज्ञहरूले साक्षीका रूपमा विश्वसनीय ढङ्गले आफ्नो भनाई राख्नमा उमेर बाधक नहुने भनी विभिन्न अनुसन्धानमूलक पुस्तक एवम् लेखहरू प्रकाशन गरेको पाइन्छ। अनुसन्धानकर्ताहरू D. Lindsay र M. Johnson ले Reality Monitoring and Suggestibility: Children's Ability to Discriminate among Memories from Different Sources शिर्षकको लेखमा "There is no scientific basis for any presumption against a child's credibility as a witness. Children are often as accurate as adults at discriminating the origins of their memories."[12] अर्थात साक्षीको रूपमा बच्चाको विश्वसनियता विरूद्ध गरिने अनुमानको कुनै वैज्ञानिक आधार छैन। स्मरण शक्तिका दृष्टिले बच्चाहरू वयस्क जत्तिकै सही हुन्छन् भनी उल्लेख गरेको पाइन्छ। यसैगरी लेखकद्वय J. R. Spencer and R. H. Flin ले आफ्नो प्रसिद्ध पुस्तक The Evidence of Children: The Law and the Psychology मा पाका व्यक्तिहरूको स्मृति कमजोर हुने र अन्य पक्षको प्रभावबाट गलत सूचना व्यक्त गर्न सक्ने सम्भावना हुन्छ जुन बालकहरूमा हुँदैन भनी बालबालिकाले भनेको कुराहरूलाई बढी विश्वसनिय मानिने भन्ने तर्क अगाडि सारेको देखिन्छ। "Mature witnesses' memories can be fragile and susceptible to the distorting influences of suggestion and misinformation. 'In sum, the presumed gulf between the eyewitness abilities of children and adults has been seriously

[12] D. Lindsay and M. Johnson, 'Reality Monitoring and Suggestibility: Children's Ability to Discriminate among Memories from Different Sources', in Ceci, Toglia and Ross (eds.), Children's Eyewitness Memory (New York: Springer-Verlag, 1987) p.92

exaggerated.'[13] यसै सन्दर्भमा प्रोफेसर R. K. Oates ले आफ्नो पुस्तक 'Problems and Prejudices for the Sexually Abused Child मा Children can and do give clear, credible accounts in court as to what they have seen and heard and as to what has happened to them. A particular factor that tends to affect the reliability of children's evidence is how they are questioned.[14] अर्थात बालबालिकाहरूले आफूले देखेसुनेका कुराहरू वा आफूहरूलाई के भयो भनेर अदालतमा विश्वसनीय तवरले स्पष्ट विवरण दिन सक्छन। बालबालिकाको कथनको विश्वसनीयतालाई असर गर्ने मुख्य पक्ष भनेको उनीहरूलाई कसरी प्रश्न गरिन्छ भन्ने हो भनी सही ढङ्गले प्रश्न सोधेमा कम उमेरका व्यक्तिले समेत सही तरिकाले जवाफ दिन सक्छन भनी व्यक्त धारणालाई समेत प्रस्तुत मुद्दाको सन्दर्भमा उदधृत गर्न प्रासङ्गिक ठानिएको छ। बालकले झुठो बोल्दैन, जे देख्छ सो बोल्छ भन्ने कुरालाई हाम्रो सामाजिक मान्यतामा पनि स्वीकार गरिएको कुरालाई पनि यहाँ बिर्सन मिल्दैन।

३७८. संक्षेपमा उल्लिखित सन्दर्भ सामग्रीहरूको अध्ययनबाट समेत कुनै कुरा व्यक्त गर्ने व्यक्तिको उमेरका आधारमा मात्र प्रमाणको ग्राह्यता निर्धारण गरिनु उचित नहुने भन्ने देखिन आउँछ। वस्तुतः कुनै व्यक्तिले बयान वा बकपत्र गर्दा व्यक्त कुराको सत्यता वा विश्वसनीयता निजको उमेर वा अन्य शारीरिक, मानसिक अवस्थाको आधारमा नभई निजलाई सोधिएको प्रश्न राम्रोसँग बुझ्न सक्ने नसक्ने, क्षमता, निजको स्मरण शक्ति, प्रश्नको सही ढङ्गले जवाफ दिने खुबी लगायतका व्यक्तिगत क्षमता र निजले व्यक्त गरेको जवाफमा सिलसिला मिले नमिलेको, मुद्दाको तथ्य विषयवस्तु आदि सान्दर्भिक रहे नरहेको एवम् बयान वा बकपत्रमा उल्लिखित विषय मिसिल संलग्न अन्य तथ्यहरूसङ्ग तादात्म्य भए नभएको लगायतका बयान/बकपत्रको समग्रताबाट निर्धारण गरिनुपर्ने हुन्छ। त्यस्ता पक्षको विश्लेषणबाट बकपत्र तथ्ययुक्त र विश्वासनीय देखिएमा कम उमेर भएकै कारण निजलाई साक्षीका रूपमा अयोग्य मान्नु उचित हुँदैन। आफूलाई सोधेको प्रश्नको युक्तियुक्त जवाफ दिनसक्ने जो कोही व्यक्ति साक्षी हुन पाउने हाम्रो कानूनी व्यवस्था र तदनुरूपको हाम्रो न्यायिक अभ्यास समेत रहेको छ। **मिसिलबाट नावालिग प्रतिवादी करन चौधरीको जन्म मिति २०५८/५/१५** गते

---

13 J. R. Spencer and R. H. Flin (eds.), The Evidence of Children: The Law and the Psychology (London: Blackstone Press, 1990)

14 R. K. Oates, 'Problems and Prejudices for the Sexually Abused Child' (2007) 81

रहेको देखिएको र यी प्रतिवादीको उमेर वारदात हुँदाका बखत १४ वर्षभन्दा कम रहेको भन्ने देखिएतापनि निजको बयान बेहोरा हेर्दा निजले आफूलाई सोधिएको प्रश्नको यथोचित जवाफ दिनुका साथै घटनाको सविस्तार र सिलसिलेवार विवरण उल्लेख गरेको देखिएको, निजले फरक फरक प्रश्न र फरक फरक प्रसङ्गमा दिएका जवाफमा समेत ठुलो असङ्गति (Inconsestencies) नदेखिएको, मौकाको र अदालतको बयानमा खास भिन्नता नदेखिएको तथा निजको बयान र सह-अभियुक्तहरूको मौकाको बयान एवम् अन्य प्रत्यक्षदर्शी गवाहहरूले लेखाइदिएका घटना विवरण समेतमा एकरूपता देखिएकाले निज प्रतिवादी कम उमेरको व्यक्ति भनी निजको कथनलाई प्रमाणग्राह्य नमान्नु पर्ने मनासिब कारण देखिएन। प्रमाण ऐन,२०३१ ले मतियार र सह-अभियुक्तलाई समेत साक्षीको रूपमा योग्य मानेको कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा निज कम उमेरको नाबालिग देखिएकै कारण निजको बयानलाई प्रमाणग्राह्य नमान्नु औचित्य र कानूनी व्यवस्थाका दृष्टिले समेत उचित देखिएन।

३७९. यस अतिरिक्त उमेर नपुगेका व्यक्तिहरूको कागज गराउनुपर्ने अवस्थाका सम्बन्धमा तत्काल कायम रहेको मुलुकी ऐन, अदालती बन्दोबस्तीको महलको २४ नं. ले कार्यविधि निर्देश गरेको पाइन्छ। जसअनुसार सोह्र वर्ष उमेर नपुगेका नाबालिगको कागज गराउनुपर्दा निजको संरक्षक वा हकवालालाई रोहवरमा राखी गराउनुपर्ने तर सोह्र वर्ष नपुगेको भएपनि ज्यानमारा, चोरी वा करणी गर्ने गर्न लाउने मानिसको कागज गराउनु पर्दा भने संरक्षक वा हकवाला भए निजलाई राखी र नभए उसैको मात्र कागज गराउन हुन्छ भन्ने व्यवस्था देखिएकोमा प्रस्तुत मुद्दामा नाबालिग प्रतिवादीको अदालतमा बयान गराउँदा निजको बुवा सिताराम चौधरीलाई रोहवरमा राखी बयान गराएको देखिंदा निजको बयान प्रचलित कानूनी व्यवस्था बमोजिम रित पुर्याई गरेको भन्ने देखिन आउँछ।

३८०. जहाँसम्म सह-अभियुक्तको पोलको प्रमाण ग्राह्यताको प्रश्न छ सो सम्बन्धमा यस अदालतबाट कैयौं मुद्दामा विषद व्याख्या भई सिद्धान्त प्रतिपादित भएको समेत देखिन्छ। पुनरावेदक प्रतिवादी **रामशरण महतसमेत विरूद्ध नेपाल सरकार** भएको

कर्तव्य ज्यान मुद्दा[१५] मा सह-अभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा देहायको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी विचार गर्नु उपयुक्त एवं वान्छनीय देखिने भनी उल्लेख भएको पाइन्छः

- एकै साथ सह-अभियुक्तहरू मुद्दामा पूर्पक्ष गरिएको अवस्था हुनुपर्ने,
- कसुरमा सावित भई अरूलाई सोही कसुरमा पोल गरेको हुनुपर्ने,
- अन्य आधारभूत स्वतन्त्र प्रमाणहरूबाट वारदात वा कसुर कायम हुन सक्ने स्थितिमा मात्रै सह-अभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने।

३८१. माथि उल्लिखित सिद्धान्तलाई प्रस्तुत मुद्दाको रोहमा हेर्दा सह-अभियुक्तका रूपमा रहेका नाबालिग प्रतिवादी करन चौधरी एवम् अन्य सहप्रतिवादीहरू उपर एकै मुद्दामा सँगै पूर्पक्ष गरिएको, निज प्रतिवादीले आफू आरोपित कसुरमा सावित भई अन्य सह प्रतिवादीहरूलाई पोल गरेको देखिएको र निजको पोल अन्य स्वतन्त्र प्रमाणबाट समेत समर्थित भएको देखिंदा प्रतिवादी करन चौधरीले सह-अभियुक्तको रूपमा व्यक्त गरेको कथनलाई प्रमाणको रूपमा लिन मिल्ने देखिन आयो।

३८२. प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा प्रतिवादीहरूतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूले प्रस्तुत वारदातका पीडित तथा घाइते सुरक्षाकर्मी रहेको र घटनाविवरण कागज गर्ने व्यक्तिहरू समेतका हैसियतले निजहरूको बकपत्र गराइएको भए तापनि निजहरूमा विभागीय पूर्वाग्रह हुने र निजहरूको कथन स्वतन्त्र र निष्पक्ष नहुने भएकाले निजहरूको बयानलाई प्रमाणमा लिन नहुने भन्ने समेत जिकिर लिएको देखियो। तर साक्षी भनेकै वारदातमा जो उपस्थित छ वा जसले वारदात देखे, भोगे वा सुनेको छ सोही व्यक्ति हुने हो। यद्यपि मुद्दामा मिसिलबाट सुरक्षाकर्मी बाहेकका अन्य कतिपय व्यक्तिहरू समेत साक्षीका रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन आएको छ तथापि प्रस्तुत घटनाका पीडित र प्रत्यक्षदर्शी नै मुख्य गरी सुरक्षाकर्मी नै भएकाले वारदातको चश्मदीद गवाहका रूपमा निजहरूलाई प्रस्तुत गरिनुलाई अस्वाभाविक रूपमा लिन मिल्ने देखिएन। वारदातमा प्रत्यक्ष उपस्थित भएको व्यक्तिहरूलाई साक्षी बनाइएको

---

[१५] ने.का.प. २०३३, भाग ८, नि.नं.७७४९

अवस्थामा त्यस्तो वारदातमा उपस्थित व्यक्ति सुरक्षाकर्मी भएकै कारण निजहरूलाई साक्षीका रूपमा अग्राह्य मानी वारदातस्थलमा उपस्थित नभएका अन्य व्यक्ति खोजी गरी साक्षीका रूपमा पेश गरिनुपर्ने भन्ने जिकिर तर्कसङ्गत हुँदैन।

३८३. यसबाहेक, जाहेरवाला र साक्षीका रूपमा उपस्थित भई बकपत्र गर्ने सुरक्षाकर्मीहरूलाई प्रतिवादीहरूले जिरह गर्न पाउने कानूनी व्यवस्था भई मिसिलबाट तदनुरूप निजहरूको जिरह समेत भएको देखिएको अवस्थामा निजहरूमा विभागीय पूर्वाग्रह हुने र निजहरूको कथन निष्पक्ष नहुने भन्ने तर्क पनि मनोगत र अनुमानमा आधारित देखिन्छ। साक्षीलाई जिरह गर्न पाउने कानूनी व्यवस्थाको उद्देश्य नै साक्षीको कथनको सत्यता र विश्वसनीयता परीक्षण गर्नुरहेको हुँदा सो प्रकृया अवलम्बन गरी आफैंले जिरह गरेका साक्षीमा विभागीय पूर्वाग्रह रहेको भन्ने जिकिरसङ्ग यो इजलास सहमत हुन सक्दैन। यस सम्बन्धमा यस अदालतबाट **जोग बहादुर विरूद्ध श्री ५ को सरकार** भएको **डांका खुन मुद्दा**[16]मा प्रतिवादीका तर्फबाट मुद्दाका अधिकांश साक्षी जाहेरवालाकै परिवारको भएकाले निजहरूको भनाई विश्वसनीय नहुने भनी प्रश्न उठाइएकोमा रातको समयमा जाहेरवालाको परिवारमा भएको खुन डाँका कसुरमा निजकै परिवारका सदस्य चश्मदीद हुनु स्वभाविक हुने भनी यसपूर्व भएको व्याख्या प्रस्तुत मुद्दामा समेत आकर्षित हुने नै देखिन्छ।

३८४. अर्कोतर्फ प्रतिवादी करन चौधरी बाहेकका अन्य प्रतिवादीहरूको अदालतमा भएको बयान हेर्दा प्रतिवादीहरू हरिनारायण चौधरी, राजकुमार कठरिया, दिल बहादुर चौधरी र सुन्दरलाल कठरियाले आफूहरू गाउँका चौकिदार भलमान्साको निर्देशन बमोजिम थरूहट आन्दोलनका लागि वारदातस्थलसम्म गएको तर वारदातमा संलग्न नरहेको भनी वारदातस्थलमा सम्म उपस्थित भएको तथ्य स्वीकार गरेको देखिन्छ भने पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीले आफू वारदातस्थलमा नपुगी बीचबाटोबाट बर्दियातर्फ जाँदै गरेको भनेका तथा अन्य प्रतिवादीहरूले वारदातको समयमा आफूहरू कोही घरमा रहेको, कोही खेतमा, कोही जङ्गलमा तथा कोही अन्य विभिन्न

---

[16] ने.का.प. २०३३, अंक १, नि.नं.९६७

स्थानमा गएको भनी वारदातस्थलमा नभएको (plea of alibi)[17] जिकिर लिएको देखिन्छ।

३८५. एकै व्यक्ति एकै समयमा एकभन्दा बढी स्थानमा उपस्थित हुन नसक्ने भएकाले प्रतिवादीहरूले लिएको वारदातस्थल बाहेक अन्यत्र रहेको जिकिर पुष्टि भएमा प्रतिवादीहरू वारदातस्थलमा सशरीर उपस्थित भई कसुर गरेको भन्ने अभियोग दाबी स्वतः खण्डित हुने भएकाले फौजदारी न्यायिक प्रकृयामा अन्यत्र रहेको भन्ने दाबीलाई महत्वपूर्ण जिकिरको रूपमा लिने गरिन्छ। यदि अभियुक्त अर्थात आरोपित व्यक्ति वारदात घटेको मिति र समयमा वारदातस्थलभन्दा बाहिर उपस्थित रहेको पुष्टि हुन्छ भने सोही समयमा वारदातस्थलमा उपस्थित भई आरोपित कसुर गर्न सम्भव नहुने भएकाले यस्तो जिकिरलाई कसुरको असम्भाव्यताको दृष्टिकोणबाट (Physical impossibility of defendant's guilt) हेर्नुपर्ने हुन्छ। अन्यत्र उपस्थितिको दाबीका सम्बन्धमा नेपाल कानूनमा छुट्टै व्यवस्था भएको देखिँदैन। तथापि, प्रमाण ऐन, २०३१ को दफा २८ मा **"कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै हुनेछ।"** भन्ने कानूनी व्यवस्था देखिंदा प्रतिवादीले आफू वारदात मिति र समयमा अन्यत्र रहेको र वारदातस्थलमा उपस्थित नभएको भनी जिकिर लिएमा सो जिकिर पुष्टि गर्ने दायित्व निज उपर नै रहेको देखिन्छ। प्रतिवादीको अन्यत्र उपस्थितिको दाबी प्रमाणको भारको सामान्य नियमको अपवादको रूपमा रहेको हुन्छ। आफू वारदातस्थलमा उपस्थित नभएको भनी जिकिर लिने प्रतिवादीले ठोस, वस्तुनिष्ठ र निश्चयात्मक प्रमाण गुजारी सोको पुष्टि गर्न सक्नुपर्छ।

३८६. यस आधारमा हेर्दा प्रतिवादीले केवल वारदातस्थलमा उपस्थित नभएको भनी मौखिक जिकिर लिएकै भरमा मात्र त्यस्तो जिकिर स्थापित हुने या त्यस्तो जिकिरलाई अदालतले स्वीकार गर्नैपर्ने भन्ने अवस्था देखिँदैन। केवल प्रतिवादीले जिकिर लिदैमा वा प्रतिवादीका साक्षीले बकपत्र गर्दैमा अन्यत्र उपस्थितिको दाबीलाई अदालतले

17 The word alibi, a Latin expression means and implies in common acceptation elsewhere; it is a defense based on the physical impossibility of participation in a crime by an accused in placing the latter in a location other than the scene of crime at the relevant time, shortly put, the presence of the accused elsewhere when an offence was committed. ***(Munshi Prasad v State of Bihar, AIR 2001 SC 3031)***

स्वीकार गर्न सक्ने हुँदैन। प्रतिवादी अन्यत्र कतै उपस्थित भएको हाजिरी, दस्तखत, अस्पताल भर्ना, यात्रा प्रमाण, फोटो, भिडियो क्लिप्स/फुटेज, स्वाइप कार्ड लोकेसन, फोन टावर लोकेसन, जिपीएस प्रणाली वा यस्तै कुनै लिखतको प्रमाण वा अन्य कुनै विश्वसनीय आधार प्रमाणबाट प्रतिवादी वारदातस्थलभन्दा बाहिर रहेको यकिन र निश्चयात्मक रूपमा देखिएमा र त्यो पनि वारदात समयमा भौतिक रूपमा वारदातस्थलमा उपस्थित भई वारदातमा संलग्न हुन असम्भव हुने पर्याप्त दुरी रहेको वा भौतिक दुरी कम भए तापनि अन्य कुनै अवरोधका कारण वारदातस्थलमा उपस्थित हुन नसकेको मनासिव कारण नदेखाएसम्म अन्यत्र उपस्थितिको दाबीलाई अदालतले विश्वसनीय जिकिरका रूपमा लिन सक्दैन। अदालतले प्रतिवादीले यस्तो जिकिर सुरुदेखि निरन्तर रूपमा र एकै बेहोराले लिएको छ छैन, त्यस्तो जिकिर पुष्टि हुन सक्ने कुनै अकाट्य प्रमाण पेश गरेको छ छैन र त्यसरी पेश गरिएका प्रमाणलाई अदालतले परीक्षण गरी यकिन गर्न सकिने अवस्था छ वा छैन भन्ने समेतका पक्षहरूलाई सुक्ष्मतम विश्लेषण गरी मिसिल संलग्न अन्य प्रमाणसङ्गको तादात्म्यता समेतको रोहमा मात्र अन्यत्रस्थल उपस्थितिको जिकिर स्थापित हुन सक्ने देखेमा त्यस्तो जिकिरलाई स्वीकार गर्ने हो। अकाट्य प्रमाणको अभावमा अन्यत्र उपस्थितिको जिकिर मान्य नहुने सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दामा व्याख्यासमेत भैसकेको अवस्था छ। उदाहरणका लागि यस अदालतबाट देहायका मुद्दामा गरिएको व्याख्याद्वारा समेत निश्चयात्मक र अकाट्य प्रमाणबाट समर्थित नभएको जिकिरलाई अदालतले स्वीकार गर्न नमिल्ने भन्ने देखिन्छ। जुन यसप्रकार छः

- पुनरावेदक प्रतिवादी **दिपक बहादुर घिमिरे विरूद्ध नेपाल सरकार**[१८] भएको **कर्तव्य ज्यान मुद्दामा** "एकै समयमा एक व्यक्ति दुई ठाउँमा उपस्थित हुन असम्भव छ भनी अभियुक्तले प्रमाणबाट स्थापित गर्न सक्नुपर्दछ। Alibi जिकिर अकाट्य र निर्विवाद प्रमाणबाट स्थापित र प्रमाणित हुन नसकेमा सो जिकीर निजैका विरूद्ध प्रमाण लाग्ने हुन्छ। प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छूट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकीर प्रतिवादीले लिएमा सो कुराको

[१८] ने.का.प. २०७१, भाग ४ , नि.नं.९१४४

प्रमाण पुऱ्याउने भार प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम निज प्रतिवादीको नै हुन्छ"।

- **चाल्स गुरूमुख शोभराज विरूद्ध नेपाल सरकार**[१९] भएको कर्तव्य ज्यान मुद्दामा "कुनै अभियुक्तहरूले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी alibi को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ। यस्तो अन्यस्थल alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिका विरूद्ध नै प्रमाण लाग्न जाने"।
- **अब्बास मिया अन्सारी विरूद्ध नेपाल सरकार**[२०] भएको मुद्दामा "अदालतको बयानमा alibi को दाबी लिएपछि त्यस्तो दाबी पुष्टि गर्न नसक्ने व्यक्तिलाई मौकामा गरेको साबिती बयानलाई अन्य प्रमाणले समर्थन गरेको अवस्थामा निजको विरूद्धमा प्रमाण नलाग्ने भन्ने देखिँदैन। यी प्रतिवादीले जाहेरवालालाई कुटपिट नगरेको भए अधिकारप्राप्त अधिकारीसमक्ष किन साविती बयान गरेका हुन् भन्ने सम्बन्धमा चित्त बुझ्दो कुनै कारण उल्लेख गर्न सकेको नदेखिएको तथा alibi को दावीलाई समर्थन गर्ने वस्तुगत प्रमाण पेस गर्न सकेको नदेखिँदा निजको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजका विरूद्धमा प्रमाणमा लिन मिल्ने"।
- **टीकाराम राईसमेत विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दा**[२१] मा "अन्यत्रस्थल (Alibi) रहेको जिकिरको सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि घटनास्थलमा उपस्थित नभई अन्यत्र थिएँ भन्नका लागि प्रतिवादीले आफूले अन्यत्र स्थल (Alibi) को दाबी पुष्टि गर्नु पहिलो र अनिवार्य सर्त हो।"

---

[१९] ने.का.प २०६७, भाग ५, नि.नं.८३७८

[२०] ने.का.प.२०७८, भाग ८, नि.नं.१०७११

[२१] ने.का.प.२०७१, भाग ११, नि. नं. ९२८३

३८७. यसबाहेक अन्यत्रस्थलको दाबी (Plea Of Alibi) को सम्बन्धमा भारतीय सर्वोच्च अदालतले **Dhananjoy Chatterjee v State of West Bengal**[22] को मुद्दामा **"The plea of alibi must be proved by cogent and satisfactory evidence completely excluding the possibility of the presence of the accused at the scene of occurrence at the relevant time. The Court found that the belated and vague plea of alibi was only an afterthought. Therefore, it was not accepted and the accused was convicted."** भनी गरेको व्याख्या पनि यस सन्दर्भवस उल्लेख गरिएको छ। प्रस्तुत मुद्दाका अतिरिक्त भारतीय सर्वोच्च अदालतले निसंकोच स्वीकार गर्न सकिने प्रमाणको अभावमा Alibi लाई स्वीकार गर्न नमिल्ने भनी अन्य विभिन्न मुद्दा[23]मा गरेको व्याख्या समेत प्रस्तुत मुद्दाको सन्दर्भमा समेत सान्दर्भिक स्रोतको रूपमा हेर्न सकिने देखिन आउँछ।

३८८. प्रस्तुत मुद्दाका सन्दर्भमा प्रतिवादीहरूले वारदात मिति र समयमा आफू अन्यत्रस्थलमा भई वारदातस्थलमा उपस्थित नभएको भनी लिएको जिकिर पुष्टि हुने कुनै तथ्यपरक र निश्चयात्मक प्रमाण पेश दाखिल गर्न नसकेका प्रतिवादीहरूका हकमा प्रमाणको अभावमा उक्त जिकिर स्थापित हुन नसकेको अवस्था हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले उक्त जिकिर केवल आरोपित कसुरबाट सफाई पाउने उद्देश्यले मात्र लिएको देखिन आउँछ।

३८९. अब, प्रस्तुत वारदातमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेछ भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो।

**प्रतिवादी रेशमलाल चौधरीको हकमा हेर्दा,**

३९०. मिसिल संलग्न जाहेरी दरखास्त हेर्दा वारदातका प्रत्यक्षदर्शी एवम् घाइते मानबहादुर बोहोराले वारदातको तत्काल पछि मिति २०७२।०५।८ गते दिएको जाहेरीमा थरूहट समर्थकहरूले आव्हान गरेको बन्द हड्ताल, चक्काजाममा जनधनको सुरक्षा गर्न सेती अंचल प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेको कमाण्डमा टीकापुरको वडा एरीयामा हामी जाहेरवालाहरू समेत खटीएका थियौं। मिति२०७२/५/७ गतेका दिन थरूहट कार्यकर्ताले टीकापुर बजारमा आई

---

22. (1994) 2 SCC 520

23. **Munshi Prasad v State of Bihar**, AIR 2001 SC 3031, **Dudh Nath Pandey v State of UP**, (1981) 2 SCC 166, **Babudas v State of MP**, 2003 Cr LJ 2536 (SC), **Hari Chand v State of Delhi**, AIR 1996 SC 1477 & other.

सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने, तोडफोड गर्ने, हुलदङ्गा गर्ने जस्ता कार्यक्रम रहेको छ, भन्ने जानकारी पाएपश्चात नेपाल प्रहरीको उच्च दर्जाका प्रहरी कर्मचारीले आन्दोलनकर्ताको सुरक्षा तथा सरकारी कार्यालयहरूको सुरक्षार्थ तोकिएको निषेधित क्षेत्रभित्र प्रवेश गर्ने बाटोमा गई सुरक्षाकर्मीहरूले सम्झाईबुझाई गर्दा समेत मार्ने योजनाका साथ आएका अन्यायीहरूले हातमा बन्चरो, तरवार, लाठी, पेट्रोल, घरेलु हतियार, आधुनिक हतियार सहित आई प्रहरीलाई घेराबन्दीमा पारी छापामार शैलीमा चारै तिर घेरी आफूले बोकी ल्याएका हातहतियार प्रहार गरी सुरक्षाकर्मीहरूलाई निर्मम तरिकाले कुटपिट गरी कर्तव्य गरी मारी केही सुरक्षाकर्मीहरूलाई गम्भीर घाईते बनाएको तथा डेढ वर्षीय बालकसमेतलाई गोली हानी मारेको र हतियार लगायतका प्रहरीका संचारसमेत लुटी लगेकोले घटनामा संलग्न उपर कारवाही गरी पाउँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। सोही जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको छ। तत्पश्चात् पनि मृतक प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेका भाई दिपक न्यौपाने, मृतक प्रहरी निरीक्षक बलराम विष्टका भाई धर्मसिंह विष्ट, प्रहरी निरीक्षक श्याम खड्काका भाई प्रकाश खड्का, मृतक जनक बहादुर नेगीका काका राज बहादुर नेगी, मृतक लोकेन्द्र बहादुर चन्दकी श्रीमती पशुपति चन्द, मृतक सशस्त्र प्रहरी वरिष्ठ हवल्दार ललित बहादुर साउदका दाजु गोरख बहादुर साउद, मृतक सशस्त्र प्रहरी हवल्दार रामविहारी थारूका दाजु ओमकार थारू समेतले विभिन्न मितिमा दिएको छुट्टाछुट्टै जाहेरी दरखास्तमा यी प्रतिवादी रेशमलाल चौधरी समेतको संलग्नतामा वारदात भएको बेहोरा उल्लेख भएको देखिन्छ।

३९१. सो बाहेक उल्लिखित वारदातका सम्बन्धमा सशस्त्र प्रहरी उपरीक्षक हर्क बहादुर रावलको जाहेरी सरहको छुट्टै प्रतिवेदन समेत मिसिल सामेल भएको देखिन्छ। सो प्रतिवेदन हेर्दा, मिति २०७२/५/७ गते थरूहटका कार्यकर्ताहरूले टीकापुर बजारमा आई निजी तथा सार्वजनिक सम्पत्तिको क्षति पुर्‍याउने योजना रहेको छ भन्ने जानकारी पाएपछि शान्ति सुरक्षाका लागी सशस्त्र प्रहरी टोली खटी जाँदा बदनियतका साथ आएका प्रतिवादीहरूले अगाडि महिला तथा बालबालिकालाई ब्यानर बोक्न लगाई पछाडि घरेलु हातहतियार सहित आएका जत्थाले छापामार शैलीमा प्रहरी टोलीलाई घेराबन्दिमा पारी आक्रमण गर्दा नेपाल प्रहरीका उच्च अधिकारी सहित सशस्त्र प्रहरी हवल्दार ललित बहादुर साउद, सशस्त्र प्रहरी हवल्दार राम विहारी थारूको हत्या गरी

दर्जनौ सशस्त्र प्रहरी कर्मचारीलाई घाईते बनाएको उक्त घटना धनिराम चौधरी, रेशमलाल चौधरी समेतको निर्देशनमा रणभुमी भन्ने फिरूलाल चौधरी, विश्राम चौधरी, फुलराम चौधरी, बालकृष्ण चौधरीको अगुवाईमा विभत्स हत्या घटना गराएको हुँदा हदैसम्मको कारवाही गरीपाउँ भन्ने समेतको बेहोरा देखिन्छ।

३९२. अभियोग पत्र हेर्दा प्रतिवादी रेशमलाल चौधरी समेतले नेतृत्व गरी लक्ष्मण थारू चौधरी समेतको योजना र निर्देशनमा मिति २०७२/०५/०७ गते टीकापुरस्थित सरकारी कार्यालयमा थरूहट कार्यालय लेख्ने बहाना बनाई सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई मार्ने योजना बनाई गाउँगाउँबाट घरेलु हतियार सहितका अन्य प्रतिवादीहरूसमेत हजारौंका संख्यामा मानिस बोलाई वारदातस्थल टीकापुरस्थित पशुहाट बजारमा सरकारी कार्यालय र सर्वसाधारणको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूलाई भाग्न उम्कन नदिई "C" आकारको घेरा हाली आफूले बोकी ल्याएका घरेलु हतियारहरू भाला, लाठी, खुट्टा, बन्चरो, तरवारलगायतले निर्ममतापूर्वक प्रहार गरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेतका आठ जना सुरक्षाकर्मी र डेढ वर्षिय नाबालिग टेकबहादुर साउदसमेतको विभत्स तवरले कर्तव्य गरी मारी सुरक्षाकर्मीसँग भएको हतियार र संचार सेटसमेत डाँका गरी लगी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३ नं. तथा ऐ. चोरीको महलको १ नं. विपरीत ६ नं. बमोजिमको कसुर अपराधमा ज्यानसम्बन्धीको महलको १३(१) नं. तथा चोरीको महलको १४(४) नं. बमोजिम ३६ जना सुरक्षाकर्मीलाई जोखिमी हतियार प्रहार गरी ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १५ नं. बमोजिमको कसुर गरेकोले सजाय गरी पाउँ भन्ने मागदावी रहेको पाइन्छ।

३९३. मौकामा फरार रहेका यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीले मिति २०७४/११/१४ मा सुरू कैलाली जिल्ला अदालतमा उपस्थित भई बयान गर्दा **"थरूहट संघर्ष समिति क्षेत्र नं.१ को संयोजक सुरूमा मलाई बनाईएको थियो पछि पार्टीहरूले आ-आफ्नै किसिमले चल्न लागेपछि मैले विभिन्न मिडियाकर्मीहरूलाई जानकारी गराई संयोजक पद त्याग गरेको थिएँ। त्यो समिति कुनै वैधानिक थिएन एक आपसी सरसल्लाहबाट मात्र बनाईएको थियो (स.ज.१२)। म मिति २०७२।५।२ गते देखि मेरो जेठान बिलुभएकोले काठमाडौंमा थिएँ। नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको परामर्शमा सदभाव मिटिङ्गको लागि कैलाली जिल्ला प्रशासन**

कार्यालयमा मिति २०७२।५।५ गते आएको हुँ। मिति २०७२।५।६ गते जिल्ला प्रशासन कार्यालय कैलालीमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सर्वदलीय बैठकमा बसेको हुँ र सोही दिन बेलुकी टीकापुर उग्रतारा सशस्त्र प्रहरी गणभित्रको सर्वदलीय बैठकमा पनि उपस्थित भएको हुँ(स.ज.१३)।मिति २०७२/५/६ गते बेलुका अन्दाजी ५, ६ बजेतिर टीकापुरमा सर्वदलीय बैठक बसेको थियो।त्यस बैठकमा भोली भदौ ७ गते टीकापुरमा रहेका सरकारी कार्यालयहरूमा बोर्ड ब्यानर टास्ने कार्यक्रम रहेको भनी मलाई जानकारी भएकोले समाजमा शान्ति नखलबलियोस भन्ने उद्देश्यले त्यहाँका एस.एस.पी. साब लगायतका मानिसहरूलाई भोली ७ गते टीकापुर बजारमा थरूहट प्रदेशको ब्यानर टाँग्ने कार्यक्रम छ सदभाव नबिग्रीयोस भनी जानकारी गराएको थिएँ। सो सदभाव नबिग्रीयोस भन्ने उद्देश्यले मैले मधेशी दलका भनिएका स्थानीय नेताहरूसँग पनि शान्तिपूर्ण हिसाबले कार्यक्रम गर्नु होला भनी सम्झाएको पनि थिएँ। मिति २०७२/५/७ गते म शान्ति नखलबलियोस भन्ने उद्देश्यले दुर्गौली भन्ने स्थानमा आएँ त्यहाँका स्थानीय नेताहरूलाई तोडफोड नगरौं, शान्तिपूर्ण तरिकाले माग राख्नु नै सबैभन्दा उत्तम हो भनी सम्झाउन लागेको थिएँ।उता मनुवा गा.वि.स.अन्तर्गतको चिलिम चौराहामा भिड जम्मा हुदै थियो भन्ने कुरा मैले सामान्य जानकारी पाएको थिएँ त्यो कुरा मैले दुर्गौलीबाट सशस्त्रको एस पी लक्ष्मण सिंहलाई जानकारी पनि गराएको थिएँ।त्यसपछि त्यहाँका कार्यकर्ताहरूले आ-आफ्नो तर्क दिन थाले पछि उनीहरूसंग कुराकानी नमिल्ला जस्तो भएपछि स्थानीय नेताहरूले आ-आफ्नो नेताहरूलाई सम्पर्क गरी त्यहाँबाट उठेर गए, म चाँही मेरो बर्दियाको गुलरियामा मेरो फुलबारी एफ. एम. भएकाले त्यसतर्फ हिंडें।म दुर्गौलीबाट करिब ११ बजेतिर हिंडेको थिएँ।बबई नदी क्रस गरी ठाकुरद्वारा पुग्न लाग्दा मेरो मोबाइलमा फोन आयो। टीकापुरमा त भिडन्त भयो भन्दा मैले त्यति वास्ता गरिन हुनसक्छ सानोतिनो झडप भयो होला भनेर त्यसपछि ओराली बजारमा पुगी कोक खान लाग्दा त्यहाँ टिभीमा समाचार सुनें।त्यसपछि म गुलरियाको ग्रिल पसलमा गएँ त्यहाँका पसलेले तपाईलाई त प्रहरीले खोजिरहेको छ भन्ने समाचार सुन्यौं भनेपछि म त्यहीं आफ्नो गोप्य स्थानमा सुरक्षित साथ बसेको हुँ। टीकापुर घट्नामा मेरो कुनै संलग्नता रहेको छैन।मैले कसैलाई निर्देशन गरेको पनि छैन।मैले कुनै योजना पनि बनाएको छैन।म प्रति लगाएको आरोप झुठा हो (स.ज.५)।" भनी आरोपित कसुरमा

इन्कार रही बयान गरेको देखिन्छ।

३९४. तर मौकामा पक्राउ परेका प्रदिप चौधरी, हरिनारायण चौधरी र नाबालिग करन चौधरी लगायतका अन्य अधिकांश प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा यिनै प्रतिवादी रेशमलाल चौधरीकै योजना र निर्देशनमा सुरक्षाकर्मी उपर आक्रमण भएको र मृतक प्रहरीलाई निजले समेत लाठी, भाला समेतले प्रहार गरेको भनी पोल गरेको देखिन्छ। प्रतिवादीमध्येका प्रदीप चौधरीले मौकामा बयान गर्दा स.ज.१० मा "...**उक्त वारदातको दिन निषेधित क्षेत्र तोडी अगाडी बढ्ने क्रममा क्षेत्र नं.१ का संयोजक रेशमलाल चौधरी पनि म सँगसँगै थिए। म निज रेशमलाल चौधरीको बडीगार्ड जस्तै हुँ। ...सो समयमा प्रतिवादी रेशमलाल चौधरीले मुखमा मास्क तथा हातमा पन्जा लगाएका थिए। ...रेशमलाल चौधरी लगायतका अन्य प्रतिवादी र म समेतले एस.एस.पी. लक्ष्मण न्यौपाने एउटा घरमा पसेको कुरा थाहा पाई घरकी एउटा आइमाइलाई बाहिर ननिकाले घरमा आगो लगाई दिन्छौ भनी धम्की दिई बाहिर निकाली प्रतिवादीमध्येका श्रवण चौधरीले भालाले पेटमा हान्यो। मैले पहिले बाँसको लाठीले त्यसपछि चक्कुले आँखा तथा शरीरको अन्य भागमा हान्यौं। प्रतिवादी रेशमलाल चौधरीले हाम्रो आन्दोलनलाई दमन गर्ने पहाडियातिर मिलेको प्रहरीलाई आक्रमण गर्न निर्देशन दिएका थिए। निज रेशम चौधरीले समेत एस.एस.पी. भन्ने प्रहरीलाई लाठीले हानेका थिए**" भनी आफू समेत कसुरमा सावित रही प्रतिवादी रेशमलाल चौधरीको निर्देशन तथा संलग्नतामा वारदात घटेको कुरा सिलसिलेवार रूपमा खुलाई लेखाई दिएको पाइन्छ।

३९५. यसैगरी, नाबालिग करन चौधरीले आफ्नो मौकाको बयानमा "**प्रहरी आएर म समेतलाई यहाँ निषेधित क्षेत्र घोषणा गरिएको छ अगाडी नबढ्नुस भन्दा हामी सँगै भएका रेशमलाल चौधरीले चारैतिर घेरी लाठी, भाला, ढुङ्गाले ठोक भनेपछि खेत घर आँगन हुँदै प्रहरी भन्दा अगाडी गयौं (स.ज.९), टीकापुर-९ स्थित पशुहाट बजार नजिक पुगेपछि प्रहरीले हामीलाई रोक्न खोज्दा रेशमलाल चौधरीले प्रहरी हाम्रो दुश्मन हो घेरा बन्दी गरेर मार भनेको हो, निज आफैले पनि प्रहरीलाई लाठीले हानेको हो (स.ज.११)।, प्र.व.उ. लक्ष्मण न्यौपाने समेतलाई निर्ममता पूर्वक हत्या गर्नेमा मैले चिनेका मानिस मध्ये दुगौली-९ घर भएको नेता रेशमलाल चौधरी समेत हुन् (स.ज.-१४), प्रहरीलाई हत्या गर्नेमध्ये मैले चिनेका रेशम चौधरीको हातमा काँडेतार बेरेको**

लाठी थियो। (स.ज.-१५), **मलाई प्रहरीलाई मार्‍यो बहादुर रहेछ भनी काँधमा उचालेका हुन्, उचाल्नेमा रेशम चौधरी र मुनुवा गेलौरी गाउँका मानिस हुन् (स.ज.-१७), रेशमलाल चौधरी घटनामा प्रहरीलाई हान्ने समेत हो, निजको निर्देशन समेत हो (स.ज.२१)"** भनी यी प्रतिवादीकै निर्देशन र संलग्नतामा वारदात घटित गराएको भनी लेखाएको देखिन्छ।

३९६. यसैगरी, हरिनारायण चौधरी, रामकुमार कठरिया लगायत अधिकांश प्रतिवादीहरूले मौकाको बयानमा सोही बेहोरा उल्लेख गरी यी प्रतिवादी रेशमलाल चौधरी समेतले सुरक्षाकर्मीहरू उपर आक्रमण गर्न निर्देशन दिएको र निजले समेत काँडेतार बेरेको लाठीले प्रहरीलाई हानेको भनी घटना विवरण उल्लेख गरी बयान गरेको देखिन आउँछ। ती प्रतिवादीहरूले आफू कसुरमा इन्कार रही पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीलाई मात्र पोल गरेको अवस्था नभई आफू समेत आरोपित कसुरमा संलग्न भई यी प्रतिवादीलाई समेत पोल गरेको देखिन्छ।

३९७. मौकामा पोल गर्ने प्रदिप चौधरी लगायतका अन्य प्रतिवादीहरूले सुरू अदालतमा उपस्थित भई बयान गर्दा आफूहरू वारदातस्थलमा नै उपस्थित नभएको र वारदातको बारेमा आफूले पछि सुनी थाहा पाएको भनी आफू समेत कसुरमा इन्कार रहेका र यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरी लगायतका अन्य प्रतिवादीहरूलाई पोल गरी गरेको मौकाको बयान समेत खण्डित हुने गरी इन्कारी बयान गरेको देखिएतापनि **नाबालिग प्रतिवादी करन चौधरीले भने सुरू अदालतमा समेत मौकाको बयान बेहोरा अनुरूपकै बयान गरेको देखिन्छ।** निजले सुरू अदालतमा गरेको बयानमा मौकाको आफूले गरेको बयान र दस्तखत मेरै हो (स.ज-५) भनी उक्त बयान बेहोरा सनाखत गरी प्रहरीबाट श्रवण चौधरी, प्रदिप चौधरी र रेशम चौधरीले हतियार लुटी लगेका हुन् (स.ज.१७)। वारदातमा प्रतिवादी रेशम चौधरीको हातमा लाठी थियो। सोही लाठीले निजले सुरक्षाकर्मीलाई हिर्काएका हुन्। (स.ज.२३) **प्रहरीलाई मारेपश्चात मलाई रेशमलाल चौधरी र नाम थाहा नभएका व्यक्तिले काँधमा राख्दै बधाई छ भाई** (स.ज.११) भनी भनेका हुन् भनी लेखाई दिएको पाइन्छ।

३९८. प्रतिवादी करन चौधरीले बुबा सिताराम चौधरीको रोहवरमा सह अभियुक्त र वारदातका प्रत्यक्षदर्शी समेतको हैसियतले अदालतमा गरेको बयानमा आफू समेत

आरोपित कसुरमा सावित रहेका र यी प्रतिवादी लगायतका अन्य प्रतिवादीहरूसमेतलाई पोल गरेकोमा मौकाको बयान बेहोरा समर्थित हुने गरी अदालतमा उपस्थित भई गरेको बयानलाई केवल सह अभियुक्तको पोल भनी सो को कुनै प्रामाणिक महत्व नरहने भन्न मिल्ने अवस्था देखिएन। निजले आफूलाई समेत फौजदारी कसुर लाग्ने गरी आफू स्वयम् वारदातमा संलग्न भई प्रहरीलाई प्रहार गरेको र यी पुनरावेदक प्रतिवादीले पनि सुरक्षाकर्मीलाई लाठीले हानेका हुन भनी यकिन साथ लेखाउनुका साथै निजले बयान गर्दा प्रहरीलाई मारेपश्चात प्रतिवादी रेशमलाल चौधरीले काँधमा राख्दै बधाई छ भाई भनेका भनी खास (typical) कथन उल्लेख गरेको पाइन्छ। निजको यो भनाई मौकामा व्यक्त गरेको कथनसङ्ग पनि सु-ससङ्गत (consistent) देखिन्छ। यद्यपि सह अभियुक्तको पोललाई प्रतिवादी उपरका आरोपित कसुर गढाउ गर्ने निश्चयात्मक प्रमाणको रूपमा लिन मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणको समर्थन हुनै पर्ने सम्बन्धमा माथिका प्रकरणमा चर्चा भैसकेको छ। सह-अभियुक्तको बयानमा सुसङ्गति भएको र निजको भनाईमा **"बधाई छ भाई भनी काँधमा राखेका"** जस्ता खास अभिव्यक्ति समेत देखिंदा निजको भनाई काल्पनिक र मनोगत वा बढाइचढाइ गरी भनेको भन्ने देखिन आउँदैन। यी प्रतिवादीको हकमा निजको भनाईलाई महत्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने देखिन आउँछ।

३९९. उक्त कुराको अतिरिक्त मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणका बारेमासमेत हेर्दा प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा घाइते, स्थानीय व्यक्ति तथा अन्य सुरक्षाकर्मीहरू लगायत दर्जनौं व्यक्तिहरूको मौकामा घटना विवरण कागज गराएको देखिन्छ। त्यसरी घटना विवरण कागज गर्ने व्यक्तिहरूमध्ये वादी नेपाल सरकारका साक्षीको हैसियतमा अदालतमा आई बकपत्र गर्ने **घाईते प्रहरी राजेश अर्यालले** मिति २०७२/०५/०७ गते म घटनास्थलमा डियुटीमा थिएँ। वारदातमा रेशमलाल चौधरी समेतका १० औं हजारको हुल जमात थियो (स.ज.६), रेशमलाल चौधरीले एस.एस.पि. लक्ष्मण न्यौपानेलाई हान्दा देखेको हुँ (स.ज.८) भनी यी प्रतिवादी उपरको आरोप पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ। यसैगरी **बुझिएकां लक्ष्मण साउदले** उक्त दिन आफू टीकापुरस्थित पशुहाट बजारमा डिउटीमा खटिएको, रेशमलाल चौधरीको आयोजनामा उक्त घटना भएको (स.ज.५) र मृतक प्रहरी

कर्मचारीलाई रेशमलाल चौधरी समेतले मारेका हुन् (स.ज.८) भनी बकपत्र गरेको देखिन्छ।

४००. यस्तै बुझिएका व्यक्ति **सशस्त्र प्रहरी जवान खगेन्द्र कुमार साउदले** उक्त वारदातमा आफूसमेत घाईते भएको उल्लेख गर्दै वारदात मितिको बिहान १० बजे **प्रतिवादी रेशम चौधरीले "आज रगतको खोलो बग्छ"** भन्दै रिसोर्टबाट भनेको मैले सुनेको हुँ (स.ज.१०), आफूलाई प्रहार गर्ने र सुरक्षाकर्मी एवम् नाबालिगको हत्या गर्ने व्यक्तिहरू रेशम चौधरी लगायतका व्यक्तिहरू हुन् (स.ज.६) भनी बकपत्र गरेको देखिन्छ। यसैगरी घाइते **रविन्द्र धनुषेले** आन्दोलनमा हत्या भएका एसएसपी लक्ष्मण न्यौपाने समेतका ९ जनाको हत्या गर्नमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू, प्रेम चौधरी, फिरूलाल चौधरी, राम कुमार कठरिया, विश्राम चौधरी समेतको संलग्नता रहेको थियो। उक्त आन्दोलनमा म समेत घाईते भएको थिएँ। प्रतिवादीहरूलाई उक्त दिन आन्दोलनमा देखेको हुनाले चिनेको हुँ। तिनीहरूले हातमा गुलेली, ढुङ्गा, भाला, ईट्टा समेतका चिजवस्तु लिएर आएका थिए भन्दै यी प्रतिवादीले वारदात अघि पछि र वारदातको अवस्थामा निर्वाह गरेको भूमिका, निजले गरेको कार्य तथा निजको गतिविधि समेतका सम्बन्धमा यकिनसाथ बेहोरा लेखाएको पाइन्छ।

४०१. यसैगरी जाहेरवाला तथा अन्य प्रत्यक्षदर्शीहरूले समेत यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरी उपरको कसुर समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन आउँछ। **लक्ष्मी खड्का, शारदा कडायत बोहोरा** लगायत सम्पूर्ण जाहेरवालाहरूले अदालतमा आई गरेको बकपत्रमा जाहेरी बेहोरालाई समर्थन गरेको पाइन्छ। केवल जाहेरी दरखास्त आफैंमा प्रतिवादी विरूद्धको प्रमाण नभए तापनि जाहेरवालाले अदालतमा आई बकपत्र गरी समर्थित भएको जाहेरी व्यहोरा प्रतिवादीका विरूद्ध प्रमाणमा लाग्छ। सबै जाहेरवालाहरूले वारदातमा मुख्य भूमिका यिनै प्रतिवादीको रहेको भनी उल्लेख गरेको पाइन्छ। यसैगरी सो घटनाका **प्रत्यक्षदर्शी जंग बहादुर साउद एवम् रामबहादुर ऐरले** सुरू अदालतमा आइ गरेको बकपत्रमा उक्त घटनामा प्रतिवादी रेशमलाल चौधरी, रामजनम चौधरी, धनिराम चौधरी समेतको संलग्नता रहेको भनी लेखाएको अवस्था छ। मिसिल संलग्न **नेत्रराज पडालको बकपत्र हेर्दा निजले** आन्दोलनको नेतृत्व प्रतिवादी रेशमलाल चौधरीले गरेका थिए। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई प्रतिवादी श्रवण चौधरीको हातमा रहेको भालाले प्रहार

गरेका र अन्य प्रतिवादीहरूको हातमा भाटाहरू थिए, त्यसैले प्रहार गरी हत्या गरिएको हो। सुरूमा मलाई लाठी भाटाले प्रहार गरेका र म घाईते भएपछि प्रतिवादी प्रदिप चौधरीले मसंग भएको SLR हतियार खोसी लगेका हुन भनी वारदातको सजिव चित्रण गरी लेखाएको देखिन्छ। जाहेरवाला, घटनाका प्रत्यक्षदर्शी तथा घटना विवरण कागज गर्ने व्यक्तिहरूले गरेको कागज विवरण, प्रतिवादीहरूको मौकाको साविती एवम् प्रतिवादी करन चौधरीको अदालतको बयानमा चित्रित घटना विवरणमा एकरूपता र परस्पर मेल खाएको देखिन्छ।

४०२. यसबाहेक वारदातमा भाला, दाउ, लाठी, बञ्चरो आदि घरेलु हतियार प्रयोग भएको भनिएकोमा लाठी र ती हतियारहरू घटनास्थलबाट बरामद भएको छ। ती हतियारहरू आफू र फरार रहेका अन्य प्रतिवादीहरू समेतले प्रयोग गरेका भनी प्रतिवादी श्रवण चौधरी समेतले सनाखत गरिदिएको देखिन्छ। मिसिल संलग्न सिडिबाट देखिएको श्रव्यदृष्य (भिडियो क्लिप) मा घटना हुनुभन्दा अघिल्लो रात स्थानीय बासिन्दाहरूको घर घरमा गई भोली टीकापुरमा हुने कार्यक्रममा हरेक घरबाट एक जना व्यक्ति आ-आफ्नो घरमा भएका हतियार सहित अनिवार्य रूपमा सामेल हुनु अन्यथा रू. १,०००। जरिवाना र कारवाही हुन्छ भन्ने भावयुक्त श्रव्यदृश्य देखिएको र उक्त दृश्यांकनमा पटक पटक यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरी समेतको नाम लिई निर्देशन दिएको देखिंदा वारदात निजको योजना, निर्देशन र संलग्नतामा भएको पुष्टि हुन आउँछ।

४०३. जहाँसम्म प्रतिवादी रेशमलाल चौधरीले आफू वारदातको समयमा वारदातस्थलमा नै नभएको, वारदातपूर्व नै करिब ११.०० बजेतिर दुर्गौलीबाट फर्की बर्दियाको गुलरियातिर हिंडेको हुँ भनी लिएको Alibi जिकिर छ, निजको जिकिर मुख्यतः निम्न तीन आधार प्रमाणबाट खण्डित भएको देखिन आउँछ :

- <u>पहिलो:</u> माथि विवेचित सह अभियुक्तहरूको बयान तथा प्रत्यक्षदर्शी, घाइते पीडित र जाहेरवालाहरूको अदालत समक्षको बकपत्रमा यी प्रतिवादी वारदातस्थलमा नै रहेको,निजलाई आफुहरूले देखे चिनेको र निजले सुरक्षाकर्मीहरूलाई लाठीले प्रहार गरेको भनी यकिन र निश्चयात्मक कथन व्यक्त भएको पाइएको छ। उक्त बयान तथा बकपत्रहरूमा वारदातस्थलमा निजको उपस्थितिका सम्बन्धमा कुनै द्विविधाजन्य वा विरोधाभाषी भनाई नभई

स्पष्ट,सुसङ्गगत र सामञ्जयस्यपूर्ण (consistent and harmonious) अभिव्यक्ति देखिन्छ। मिसिल संलग्न उल्लिखित लिखतप्रमाणबाट वारदातस्थलमा निजको उपस्थितिका सम्बन्धमा कुनै सन्देह गर्नुपर्ने अवस्था देखिएन।

- **दोस्रो:** अनुसन्धानको क्रममा लिइएको प्रतिवादीको मोबाइल फोनबाट देखिएको वारदातको लगत्तै अघि पछि निजको उपस्थिति रहेको स्थानको BTS (Base Transceiver Station) विवरण र अन्य प्रतिवादीहरूसङ्गको फोनसम्पर्क विवरण (Call Details Report, CDR) बाट पनि निजको दाबी समर्थित भएको दैखिंदैन। मिसिल संलग्न नेपाल टेलिकमबाट झिकाइएको यी प्रतिवादीले प्रयोग गरेको ९८५११२८७३६ नम्बरको मोबाइल फोनको वारदातको समय लगत्तै अघि पछिको आगमन तथा बहिर्गमन कल विवरण यसप्रकारको देखिन्छ:

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 9851128736 | 9851128736 | 9815625949 | 8/24/15 2:35 PM SO | | | 59 | | |
| 9851128736 | 9858424622 | 9851128736 | 8/24/15 2:34 PM MI | | | 43 | | |
| 9851128736 | 14267939 | 9851128736 | 8/24/15 2:30 PM | | 1 | 22 | | |
| 9851128736 | 9851280600 | 9851128736 | 8/24/15 2:29 PM MI | | | 48 | | |
| 9851128736 | 9851128736 | 9848571828 | 8/24/15 2:28 PM | | 0 | 25 | | |
| 9851128736 | 9848423027 | 9851128736 | 8/24/15 2:20 PM MI | ✓ | | 24 | DURGAULI-9M-2 | LAMKI-9M-2 |
| 9851128736 | 9851013629 | 9851128736 | 8/24/15 2:19 PM MI | ✓ | | 27 | | LAMKI-9M-2 |
| 9851128736 | 91540032 | 9851128736 | 8/24/15 2:18 PM | | 1 | 11 | | LAMKI-9M-2 |
| 9851128736 | 9851128736 | 9815625949 | 8/24/15 2:07 PM SO | | | 61 | DURGAULI-9M-1 | |
| 9851128736 | 9813910197 | 9851128736 | 8/24/15 2:01 PM | ✓ | 1 | 57 | | DURGAULI-9M-1 |
| 9851128736 | 9851280600 | 9851128736 | 8/24/15 1:57 PM MI | | | 14 | LNCHOWK-18M-2 | AMOURA-9M-2 |
| 9851128736 | 9851280600 | 9851128736 | 8/24/15 1:56 PM MI | ✓ | | 24 | LNCHOWK-18M-2 | AMOURA-9M-2 |
| 9851128736 | 9848571828 | 9851128736 | 8/24/15 1:50 PM MI | | | 38 | | AMOURA-9M-1 |
| 9851128736 | 9848433802 | 9851128736 | 8/24/15 1:48 PM MI | | | 22 | | AMOURA-9M-2 |
| 9851128736 | 9858425615 | 9851128736 | 8/24/15 1:46 PM MI | | | 40 | NARAYANPURKAILALI-9M-2 | AMOURA-9M-2 |
| 9851128736 | 9851099110 | 9851128736 | 8/24/15 1:46 PM MI | ✓ | | 29 | TIKAPURNT-9M-1 | AMOURA-9M-2 |
| 9851128736 | 91560138 | 9851128736 | 8/24/15 1:44 PM | | 1 | 40 | | AMOURA-9M-2 |
| 9851128736 | 9848571828 | 9851128736 | 8/24/15 1:38 PM MI | | | 51 | | |
| 9851128736 | 9851128736 | 9815625949 | 8/24/15 1:37 PM SO | ✓ | | 85 | DURGAULI-9M-1 | |
| 9851128736 | 9851128736 | 9815042847 | 8/24/15 1:36 PM SO | | | 26 | DURGAULI-9M-1 | |
| 9851128736 | 9841246421 | 9851128736 | 8/24/15 1:22 PM MI | | | 16 | | |
| 9851128736 | 9848571828 | 9851128736 | 8/24/15 1:21 PM MI | ✓ | | 36 | SAMITIPUR-18M-3 | MUNUWA-9M-1 |
| 9851128736 | 9851128736 | 9815625949 | 8/24/15 1:19 PM SO | | | 40 | MUNUWA-9M-2 | |
| 9851128736 | 9848441417 | 9851128736 | 8/24/15 1:18 PM MI | | | 39 | TIKAPURBUSPARK-18M-1 | MUNUWA-9M-1 |
| 9851128736 | 9858425615 | 9851128736 | 8/24/15 1:08 PM MI | ✓ | | 81 | SHATTI-9M-2 | DURGAULI-9M-1 |
| 9851128736 | 9858424850 | 9851128736 | 8/24/15 12:59 PM MI | | | 76 | DHANGADHINT-18M-2 | DURGAULI-9M-1 |
| 9851128736 | 9848500532 | 9851128736 | 8/24/15 12:58 PM MI | | | 55 | TIKAPURBUSPARK-18M-3 | DURGAULI-9M-1 |
| 9851128736 | 9848441417 | 9851128736 | 8/24/15 12:56 PM MI | ✓ | | 79 | TIKAPURBUSPARK-18M-1 | DURGAULI-9M-1 |
| 9851128736 | 9851128736 | 9815625949 | 8/24/15 12:55 PM SO | | | 49 | DURGAULI-9M-1 | |
| 9851128736 | 9815655145 | 9851128736 | 8/24/15 12:49 PM | | 1 | 58 | | DURGAULI-9M-1 |
| 9851128736 | 9814611441 | 9851128736 | 8/24/15 12:41 PM | | 1 | 38 | | DURGAULI-9M-1 |
| 9851128736 | 9814611441 | 9851128736 | 8/24/15 12:37 PM | | 1 | 30 | | DURGAULI-9M-1 |
| 9851128736 | 9841246421 | 9851128736 | 8/24/15 12:32 PM MI | | | 5 | | DURGAULI-9M-1 |

उल्लिखित Call Details Report लाई अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले गरेको मोबाइल तथ्याङ्क विश्लेषण समेत मिसिल सामेल रहेको देखिन्छ। जुन यस प्रकार रहेकोछ:[24]

## मोबाइल तथ्याङ्क विश्लेषण

मोबाईल नम्बर:- 9851128736

सिमकार्ड धनि :- रेशम चौधरी

मोबाइल प्रयोगकर्ता :- रेशम चौधरी

बुवा :- लालविर चौधरी

वतन :- जिल्ला कैलाली दुर्गौली ९ जगतपुर घर भई हाल टिकापुर न.पा.५

नागरिकता प्रमाण पत्र नं. :-६५८५

पासपोर्ट न. :-४५२६८२३

प्रतिवादीको फोटो

**Call detail record विश्लेषण :-**

- श्री प्रतिवादी रेशमलाल चौधरीले प्रयोगमा ल्याएको ९८११२८७३७ नं.को मोबाइल वारदात मितिको बिहान ०५.१५ बजेको समय देखि ०८.११ बजेको समय सम्म समितिपुरमा रहेको मोबाइल लोकेशनबाट देखिन आएको सो पश्चात बिहान ०८.४१ बजेको समय देखि १०.१४ बजे सम्म मदनाश्रीतमा रहेको.
- बिहान १०.२८ बजेको समयमा समितिपुरको नेपाल टेलीकमको टावरसंग आवद्ध भई ९८५१२७२०५३ नं.को मोबाइलमा कल गरेको देखिएको .
- बिहान १०.४० बजेको समयमा समितिपुरको नेपाल टेलीकमको टावरसँग आवद्ध भई ९८६८४७८८९३ न.को मोबाइलबाट कल गरेको देखिएको ,
- १०.४२ देखि १०.५७ बजे सम्म अमौरा रहेको,११:०२ बजे देखि १३.०८ बजे सम्म दुर्गौलीमा रहेको ।
- १३.२१ वारदात समयमा घटनास्थल नजिक रहेको नेपाल टेलीकमको समितिपुर टावरमा आवद्ध रहेको ९८४८५७१८२८ नं.को मोबाइल प्रयोग गर्ने कवालाल चौधरीको मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल आएको देखिएको.
- १३.३६ बजेको समयमा रेशमलाल चौधरीको मोबाइलको लोकेशन घटनास्थल नजिक रहेको दुर्गौली वरपर रहेको, -
- १३.४६ बजेको समयमा रेशमलालको मोबाइलमा टिकापुर मोबाइल लोकेशन रहेको ९८५१०९९११० न.को मोबाइलबाट कल आएको देखिएको.
- १३.४६ बजेको समयमा रेशमलालको मोबाइलमा नारायणपुर कैलाली मोबाइल लोकेशन रहेको ९८५८४२५२१४ न.को मोबाइलबाट कल आएको देखिएको,
  मोबाइलबाट कल आएको देखिएको, रेशमलालको मोबाइलमा ९८४८४३३८०२ नं.को मोबाइलबाट कल आएको देखिएको,
- १३.४८ बजेको समयमा रेशमलालको मोबाइलमा ९८४८४३३८०२ न.को मोबाइलबाट कल आएको देखिएको, मोबाइल प्रयोग गर्ने कवालाल चौधरीको मोबाइलबाट रेशमलाल चौधरीको
- १३.५० बजेको समयमा ९८४८५७१८२८ न.को मोबाइल प्रयोग गर्ने कवालाल चौधरीको मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल आएको देखिएको.
- १३.५२ १३.५७ बजेको समयमा ९८५१२८०६०० न.को मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल आएको देखिएको.
- १४.०१ बजेको समयमा ९८१३५१०१९७ न.को मोबाइलबाट दुर्गौलीमा मोबाइल लोकेसन भएको रेशमलाल चौधरीको मोबाइलमा कल आएको देखिएको,
- १४.०७ बजे रेशम लाल चौधरीले ९८१५६२५९४९ न.को मोबाइलमा कल गरेको देखिएको ,
- १४१८ बजेको समयमा ०९१-५४००३२ न.को टेलीफोनबाट रेशमलाल चौधरीको मोबाइलमा कल गर्दा रेशमलाल चौधरीको मोबाइल लोकेसन लम्की देखिएको.
- १४१० बजेको समयमा ९८५१०१३६२९ न.को मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल गर्दा रेशमलाल चौधरीको मोबाइल लोकेसन लम्की देखिएको.
- १४.२० बजेको समयमा ९८४८४२३०२७ न.को मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल गर्दा रेशमलाल चौधरीको मोबाइल लोकेसन लम्की देखिएको.
- १५.००८ बजेको समयमा ९८४८४४१४१७ न.को मोबाइलबाट रेशमलाल चौधरीको मोबाइलमा कल गर्दा रेशमलाल चौधरीको मोबाइल लोकेसन बर्दिया भुरीगाउ देखिएको.
- यी प्रतिवादी रेशमलाल चौधरी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने सहितको प्रहरी टोली माथि घरेलु हतियार प्रहार गर्दा वारदात स्थानमा रहेका कवालाल चौधरी समेतका व्यक्तिहरुसग सम्पर्कमा रहदै आएको यि प्रतिवादीको CDR DATA बाट

---

24 यस तथ्याङ्क विश्लेषण प्रतिवेदनमा प्रतिवादी रेशमलाल चौधरीले प्रयोग गरेको भनिएको मोबाइल नम्बर ९८११२८७३७ भनी गलत नम्बर उल्लेख भएको देखिएतापनि प्रतिवेदनमा उल्लिखित अन्य विवरण नेपाल टेलिकमबाट प्राप्त निजको ९८५११२८७३६ नम्बर को फोनको विवरणसङ्ग मिलेको देखिन्छ।

देखिन आएको,उक्त वारदात समयमा प्रतिवादीको मोबाइलको लोकेशन बारदात स्थान नजिक रहेको दुर्गौली [illegible] टेलीकमको टावरसंग आवद्ध रहेको देखिदा प्रतिवादी घटनास्थल वरपर रहेको पुष्टि हुन आउँछ।

**BTS विश्लेषण :-**

- निज प्रतिवादी रेशमलाल चौधरीको मोवाइल नं. ९८४११२८७३६ नं. को मोबाइलबाट घटनास्थलको नजिक रहेको NCELL TOWER शंकरपुरसंग आवद्ध रहेको ९८१५६२५९४९ नं.को मोबाइलमा १३.१६ बजेको समयमा कल गरेको,
- ९८१५०४२८४७ नं.को मोबाइलमा १३.३२ बजेको समयमा कल गरेको,
- ९८१५६२५९४९ नं.को मोबाइलमा १३.३५ बजेको समयमा कल गरेको,
- ९८१५६२५९४९ नं.को मोबाइलमा १४.०४ बजेको समयमा कल गरेको NCELL BTS विश्लेषणबाट देखिन आएको।


नोट :

BTS भन्नाले कुनै स्थानमा दुर संचार प्रदायक कम्पनीले निमार्ण गरेको निश्चित स्थानको टावरले कुनै निश्चित समयमा कल रिसिभ गरेको र कल गरेको मोबाइलहरुको सम्पुर्ण विवरण भन्ने बुझिन्छ।

Callwise Location ( Call Detail Record) भन्नाले कुनै मोबाइल प्रयोगकर्ताले मोबाइल प्रयोग गर्दा मोबाइल प्रयोग गरेको [illegible]वार,मिति,समय,कल गर्ने र कल रिसिभ गर्ने समेतको मोबाइल विवरण सहितको विवरण भन्ने बुझिन्छ।

उल्लिखित विवरण हेर्दा प्रतिवादीले प्रयोग गरेको मोबाइल फोन वारदातको दिन दिउँसो १:३७ बजे घटनास्थल नजिक दुर्गौली टावरसङ्ग आवद्ध रहेको भन्ने देखिन्छ। यसबाट सो समयमा निज दुर्गौली वरपर रहेको भन्ने देखिन आउँछ। ततपश्चात् निजले प्रयोग गरेको मोबाइल फोनमा दिउँसो २:१९ र २:२० मा आएको फोनमा निजको फोनको मोबाइल लोकेशन कैलालीको लम्कीमा देखिन्छ। वारदातको दिन बिहानैदेखि यी प्रतिवादीको अन्य प्रतिवादीहरूसङ्ग निरन्तर सम्पर्क भैरहेको समेत देखिन्छ। वारदातका दिन करिब १३.३० बजेतिर वारदात घटित भएकोमा सोको झण्डै १ घण्टा पछिसम्म अर्थात २.२० बजेसम्म प्रतिवादीले मोबाइल फोन प्रयोग गरेको स्थान घटनास्थल नजिकै रहेभएको देखिन्छ। उक्त फोन आफ्नो होइन वा अरू कसैले अन्यत्र लगेको भन्ने पनि प्रतिवादीको जिकिर देखिदैन। यद्यपि BTS प्रणालीले मोबाइल फोनको स्थान देखाउँदा सम्बन्धित टावरको नेटवर्क घेरालाई देखाउने हुँदा प्रतिवेदनमा देखिएको स्थान केवल टावर भएको स्थानमात्र नभई सोको केही टाढासम्मको दुरी अर्थात टावरको आधार क्षेत्र

देखिने भएकाले उक्त स्थानलाई प्राविधिक हिसाबले टावर रहेकै स्थान भनी यकिनरूपमा लिन नहुने प्राविधिक पक्षलाई यो इजलासले बोध गरेको छ। तर उक्त BTS विवरणको समग्र विश्लेषणबाट वारदात समयमा वारदातस्थलमा उपस्थित भई वारदात घटाए पश्चात् BTS ले देखाएको मोबाइल लोकेसन र सो स्थानमा पुग्न नसकिने समय तथा भौतिक दुरी भने किमार्थ प्रमाणित हुन सक्दैन। वारदातस्थल र मोबाइल लोकेसन वा सम्बन्धित टावरको अनुमानित नेटवर्क क्षेत्रभित्रको दुरी र सडकको अवस्था समेतलाई नेपालको मानचित्र तथा देहायको Google Map समेतका आधारमा प्राविधिक विश्लेषण गरी हेर्दा समेत वारदातस्थल टीकापुरमा वारदात घटाइ BTS मा देखिएको समयमा कैलालीको दुर्गौली, नारायणपुर वा लम्की टावरको नेटवर्क क्षेत्रभित्र पुग्न नसकिने अवस्था देखिएन।




Plea of Alibi स्थापित हुन देखिएका प्रमाणहरूबाट प्रतिवादी वारदात समयमा अन्य स्थलमा उपस्थित भएका कारण वारदातस्थलमा उपस्थित भई वारदात घटाउन स्पष्टतः असम्भव (Principle of impossibilities) देखिनुपर्नेमा प्रस्तुत मुद्दामा त्यस्तो असम्भाव्य स्थिति देखिन आउँदैन। साथै ११:०० बजे नै

वर्दियाको गुलरियातिर हिंडेको भनी दाबी गरेका प्रतिवादीको २:३० बजे सम्म बाटोमा पर्ने अन्य विभिन्न टावरहरूको सङ्केत (BTS Network Coverage) देखिनु पर्नेमा सो नदेखिइ वारदातस्थल वरपरका BTS मात्र देखिएकाले समेत प्रतिवादीको अन्यत्रस्थल उपस्थितिको जिकिर वैज्ञानिक र तथ्यगत प्रमाणबाट अकाट्य रूपमा पुष्टि हुन सकेको देखिएन।

- <u>तेस्रो</u>: यी प्रतिवादी रेशमलाल चौधरीले आफू घटनास्थल नभै बर्दियामा थिएँ भनी लिएको जिकिर सह प्रतिवादी लक्ष्मण थारू चौधरीले सुरू अदालतमा गरेको बयान बेहोराबाट समेत खण्डित हुन पुगेको छ। उक्त बयानको स.ज. ६ मा निज लक्ष्मण थारू चौधरीले "**२:३० बजेको समयमा मैले प्रदिप चौधरीलाई पनि फोन गर्दा निजले टीकापुरमा घटना घटेको तथा के कति क्षति भयो थाहा भएन भनेका हुन। सोको लगत्तै मैले रेशमलाल चौधरीलाई फोन सम्पर्क गरी घटना विषयमा जानकारी लिन खोज्दा निजले आफू फुलबारी एफ.एम. भित्रै छु। टीकापुर घटनामा टीकापुर खत्तम भयो केही पछि फोन गर्छु भनी मलाई भनेका हुन्**" भनी बयान गरेको देखिंदा निजको अभिव्यक्ति आफू वारदातमा नभएको वा अरू कसैले भनेर सुनी थाहा पाएको भन्ने देखिदैन। निज प्रतिवादी लक्ष्मण थारू चौधरीले आफ्नो मोबाइल नम्बर ९८१३६४२१४० बाट सो समयमा यी प्रतिवादीको मोबाइल नम्बर ९८५११२८७३६ मा फोन गरेको मिसिल संलग्न CDR बाट समेत देखिएको छ। प्रतिवादी लक्ष्मण थारू चौधरीले अदालतमा बयान गर्दा यी प्रतिवादी रेशम चौधरीलाई फोन नगरेको भए फोन गरेको भनी लेखाउनुपर्ने वा निजले अन्यत्र भएको भनी भनेको भए फुलबारी एफ. एम. मा छु भनेर निजले भनेको भनी लेखाउनुपर्ने कुनै कारण मिसिलबाट देखिन आउँदैन। उक्त संवादमा यी प्रतिवादी रेशमलाल चौधरी वारदातस्थलमा नपुगी फर्केको वा बर्दियाको गुलरिया जाँदै गर्दा बाटोमा भएको भन्ने निजको भनाई देखिँदैन। निजको बयानमा उक्त समयमा प्रतिवादी रेशमलाल चौधरीले आफू फूलबारी एफ. एम. मा रहेको भनी लेखाएको र प्रतिवादी रेशमलाल चौधरीको मोबाइल BTS टावरले समेत सोही वरपरको स्थान इङ्गित गरेको देखिंदा वारदात भएको लामो समयपश्चात् सम्म पनि यी प्रतिवादी वारदातस्थल नजिकै रहे भएको

पुष्टि हुन्छ। वारदातस्थल नै नपुगी ११.०० बजे नै कैलालीको दुर्गौली भन्ने स्थानबाट बर्दियाको गुलरियातिर हिंडेको भन्ने प्रतिवादी रेशमलाल चौधरीको जिकिर CDR/BTS आदि वैज्ञानिक प्रमाण लगायत मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। निश्चयात्मक र अकाट्य प्रमाणबाट समर्थित नभएको Alibi को जिकिरलाई केवल आरोपित कसुरबाट उन्मुक्ति पाउने उद्देश्यले लिएको जिकिर भनी मान्नुपर्ने देखिन आयो।

४०४. जहाँसम्म प्रतिवादीहरूले कल रेकर्ड र मोबाइल लोकेसन विवरणको आधिकारिता र प्रमाणग्राह्यताको सम्बन्धमा समेत प्रश्न उठाएको विषय छ, यस सम्बन्धमा रहेका व्यवस्थाहरू हेर्दा, प्रमाण ऐन, २०३१, कानून व्याख्या सम्बन्धी ऐन, २०१० तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा विद्युतीय तरङ्गमार्फत स्वचालित प्रणालीबाट सृजित श्रव्यदृश्य वा यस्तै लिखत प्रमाणका सम्बन्धमा छुट्टै विशेष कानूनी व्यवस्था देखिँदैन। तर विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी ऐन, २०६४ को दफा २(फ) ले विद्युतीय स्वरूपको कुनै माध्यमबाट सृजना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि वा ध्वनिलाई विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को रूपमा परिभाषित गरी सोही ऐनको दफा ४ मा विद्युतीय अभिलेखको कानूनी मान्यताका सम्बन्धमा देहायको व्यवस्था रहेको पाइन्छः

***प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख वा अन्यकुनै कुरा लिखित वा मुद्रित रूपमा राखिएको वा टाइप गरिएको हुनु पर्ने भनी उल्लेख गरिएको भए तापनि त्यस्ता सूचना, लिखत, अभिलेख वा कुरा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रक्रिया पूरा गरी विद्युतीय अभिलेखको रूपमा राखिएको भए त्यस्तो विद्युतीय अभिलेखले पनि कानूनी मान्यता प्राप्त गर्नेछ ।***

उल्लिखित कानूनी व्यवस्थाबाट विद्युतीय स्वरूपको कुनै माध्यमबाट सृजना गरी सम्प्रेषण गरिएको वा जम्मा गरिएको तथ्याङ्कलाई विद्युतीय अभिलेखको रूपमा प्रमाणग्राह्य मान्न कानूनतः बाधा देखिँदैन।

४०५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले साक्षीको बकपत्र लगायतका मुद्दाको काम कारवाहीमा श्रव्यदृश्य संवादलाई स्वीकार गरेको देखिएको[25] सन्दर्भमा भने विद्युतीय माध्यमबाट सृजित वा जम्मा गरिएको तथ्याङ्कलाई केही हदसम्म स्वीकार गरेको देखिन आउँछ। यस पृष्ठभूमिमा सूचना र प्रविधि (Information and Technology) को क्षेत्रमा भएको नवप्रवर्तन (Innovation) र आविष्कारका कारण विकसित प्रविधिलाई न्यायिक काम कारवाहीको रोहमा मान्यता प्रदान नगर्नु उचित देखिँदैन। यस किसिमको विवरणलाई अदालतले प्रमाणमा स्वीकार गरेको न्यायिक अभ्यास समेत रहेको छ। तर कम्प्युटर प्रणालीबाट सृजित विवरणको यस्ता प्रतिवेदनको सत्यता र विश्वसनीयताका सम्बन्धमा अदालत यकिन हुन भने आवश्यक हुन्छ।

४०६. CDR र BTS विवरणलाई प्रमाणमा ग्रहण गरिनका लागि त्यस्तो विवरण मुद्दाको अनुसन्धान गर्न अख्तियार प्राप्त निकाय वा अधिकारीले सम्बन्धित अदालतको अनुमति प्राप्त गरी विधिसम्मत ढङ्गले प्राप्त गरेको हुनुपर्छ। अनधिकृत व्यक्ति वा निकायले गैरकानूनी ढङ्गले प्राप्त गरेको विवरणहरू प्रमाणग्राह्य मान्न मिल्दैन। साथै यस्ता विवरणहरू प्रमाणग्राह्य हुनका लागि पूर्व परिभाषित स्वचालित पद्धति (Automated system) बाट सृजना भएको तथा तथ्याङ्क वा विवरणको भण्डारण वा सञ्चिती पनि तोकिएको प्रकृया बमोजिम नै गरिएको हुनुपर्ने हुन्छ। त्यस्ता विवरणको सृजना गर्नमा मानवीय हस्तक्षेप भएको हुन नहुने र प्राप्त विवरणमा छेडखानी (tampering) वा तोडमोड (distortion) गरिएको हुन नहुने समेत विद्युतीय अभिलेखलाई प्रमाणमा स्वीकार गर्न आवश्यक महत्वपूर्ण पूर्वावस्था हुन। उल्लिखित अवस्थाको सुनिश्चितता भएको CDR/BTS विवरणलाई भने प्रमाणमा लिनु नपर्ने कुनै तर्कसङ्गत कारण दैखिंदैन। प्रस्तुत मुद्दामा पेश भई आएका CDR/BTS प्रतिवेदनलाई प्रमाणमा लिन नमिल्ने भनी माथि उल्लिखित कुनै आधार अवस्था देखिन नआएकाले मिसिल संलग्न CDR/BTS विवरण प्रमाणग्राह्य देखिन आयो र उक्त विवरणबाट यी प्रतिवादी वारदातको दिन र समयमा वारदातस्थल वरिपरि नै रहेको स्थापित हुन आयो।

[25] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०९

४०७. यसप्रकार प्रतिवादी रेशमलाल चौधरीले आफू वारदातस्थलमा उपस्थित नै नभएको भनी जिकिर लिएको भए तापनि तथ्यगत र अकाट्य प्रमाण पेश गरी त्यस्तो जिकिर पुष्टि गराउन नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादीले अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेकै आधारमा निजको इन्कारीलाई विश्वास गर्न सकिने अवस्था देखिएन। मिसिल प्रमाणबाट समर्थित नभएको इन्कारी बयानले सङ्कलित सबुद प्रमाणलाई खण्डित गर्न सक्दैन। अभियोग गढाउ हुने प्रमाणलाई खण्डित गर्न इन्कारी पुष्टि हुने प्रमाण नै पेश गर्नुपर्छ। केवल मौखिक जिकिरका भरमा लिखित प्रमाणबाट देखिएको तथ्य खण्डित हुनसक्दैन। मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीको वारदातमा संलग्नता पुष्टि हुन आउँछ। वारदातमा यी प्रतिवादीको भूमिका हेर्दा निज रेशमलाल चौधरीले मुख्य भई सङ्गठित रूपमा योजना बनाएको र वारदातमा आफैं उपस्थित भई सुरक्षाकर्मीलाई प्रहार गरेको र गर्न लगाएको देखिन आउँछ। निजको नेतृत्वको भिडले कार्यक्षेत्रमा खटिएका सुरक्षाकर्मी माथी योजनाबद्ध ढङ्गले आक्रमण गरेको र भिड समक्ष आत्मसमर्पण गरी जीवनदानको भिख मागेका ८ जना प्रहरी कर्मचारीलाई यी प्रतिवादीहरूको समूहले लाठी ढुङ्गा, बन्चरो, प्रहार गरी, आँखामा भाला रोपी शरीरमा खर, पेट्रोल, मट्टितेल खन्याई जलाउने र शवहरू क्षत-विक्षत गर्ने जस्तो सभ्य समाजको अपेक्षा र मानवीय चेतना विरूद्ध अत्यन्त अमानवीय, क्रुर र निर्मम ढङ्गले ज्यान मारेको, सो क्रममा एकजना अबोध शिशुको समेत ज्यान लिएको एवम् अन्य ३६ जना प्रहरी कर्मचारीलाई ज्यान मार्ने नियतले आक्रमण गरेको देखिन आई निज प्रतिवादी रेशमलाल चौधरी उपरको आरोपित कसुर शङ्का रहित तवर (Beyond reasonable doubt) ले पुष्टि हुन आयो।

४०८. अब,निजलाई लिइएको सजायको मागदाबी सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा भएको व्यवस्था हेर्दा ***लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा त्यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिने ठहर्न आएमा सोही मानिस मुख्य जिम्मेवार ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिन ठहर्न नआएमा सबैलाई***

*जन्मकैद गर्नुपर्ने "*भन्ने व्यवस्था रहेको र ऐ. १५ मा *ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै बचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नु पर्छ* भन्ने व्यवस्था रहेको पाइन्छ। तदनुरूप, यी पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा **जन्मकैदको सजाय हुने र ज्यान मार्ने उद्योगतर्फ ऐ.१५ नं. बमोजिम ५ वर्ष कैद** गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिएन। आफू निर्दोष भएकाले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने निजको पुनरावेदन जिकिर र निजको तर्फबाट बहस पैरवी गर्नुहुने विद्वान अधिवक्ताहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन।

प्रतिवादी हरिनारायण चौधरीको हकमा हेर्दा,

४०९. प्रतिवादी हरिनारायण चौधरीले अदालतमा बयान गर्दा "वारदातस्थलमा आफु उपस्थित रहेको कुरासम्म स्वीकार गरी सुरक्षाकर्मी उपर आक्रमण गरेको भन्ने आरोपित कसुरमा भने इन्कार रहेको देखिन्छ। निजको मौकाको बयान हेर्दा **"टीकापुर आन्दोलनमा जान भनी मेरो गाउँको भलमान्साले अह्राए अनुसार चिराकीले घर घरमा आएर घरको २ जना मानिस अनिवार्य जानुपर्ने, यदि नगएमा एक हजार जरीवाना लगाउने खबर गरेकोले लाठी, घरेलु हँसिया, भाला सहित सहभागी भएको हुँ। प्रहरी टोलीलाई घेरा हाली आक्रमण गर्दा म अग्रपंक्तिमा थिएँ। मलाई समेत छर्रा लागेको छ। टीकापुर बजारमा छिर्न खोज्दा सुरक्षाकर्मीले रोकेपश्चात हामीले प्रतिकार गरेका हौं। प्रतिकार गर्दा लाठी भाला खुकुरी प्रहार गरेको हो। मैले काँचो बाँसको डण्डाले प्रहरीलाई हिर्काएको हुँ। आक्रमणमा अन्य प्रतिवादीहरूसमेत थिए। घरभित्र लुकेका प्रहरीलाई श्रवण चौधरी, प्रदिप चौधरी समेतले ल्याएका हुन। अन्य प्रतिवादीलाई करन चौधरीले मारेका हुन"** भनी अन्य प्रतिवादीहरूलाई समेत पोल गरी

कसुरमा सावित रही बयान गरेको देखिन्छ। अदालतमा आई बयान गर्दा कसुरमा इन्कारी रहेको भए तापनि आफू समेत आन्दोलनमा सरीक भई अग्रपक्तिमा रहेको तथ्य स्वीकार गरेका छन। निजको घाँटी, तिघ्रा र पाखुरामा छर्रा लागी घाईते भएको भन्ने देखिएबाट पनि निजको वारदातस्थलमा उपस्थिति पुष्टि हुन्छ। अदालतको बयानमा स्वीकार गरेको हदसम्मको बयान बेहोरालाई अन्यथा भन्न मिलेन। अदालतको बयानमा प्रहरीलाई आक्रमण गरेको तथ्यमा इन्कार रहेतापनि वारदातस्थलमा रहेका अन्य प्रतिवादीहरूले प्रहरीलाई भाला, बञ्चरो, घन प्रहार गर्नेमा हरिनारायण चौधरी समेतका प्रतिवादीहरू हुन भनी मौकामा बयान गर्दा निज विरूद्ध पोल गरेको देखिन्छ।

४१०. प्रतिवादी रामकुमार कठरियाले मौकामा बयान गर्दा आफू समेत आन्दोलनमा गएको स्वीकार गरी स.ज.१८ मा "वारदातको दिन हातमा लाठी बन्चरो सहित प्रत्यक्ष हत्यामा संलग्न मेरो गाउँका छिमेकी हरिनारायण चौधरी समेत हुन" भनी र प्रतिवादी श्रवण चौधरीले "प्रतिवादी रेशम चौधरी समेतको योजना तथा निर्देशन मुताविक मेरै गाउँका भलमन्सा बलिराम चौधरीले प्रत्येक घरबाट एक जना सदस्य आन्दोलनमा जानै पर्ने नगएमा दण्ड जरिवाना तिर्नुपर्ने भनी भनेपछि म र मेरो गाउँको हरिनारायण चौधरी समेत हातहातमा भाला, लाठी, दाउ, गुलेली जस्ता घरेलु हातहतियार लिई आन्दोलनमा सहभागी हुन गएका हौं। म समेत भई एस. एस. पी. लाई मार्दाको समयमा हरिनारायण चौधरी समेत भई बाटो छेउ पशुहाट बजार नजिक एक प्रहरीलाई लाठी ढुङ्गा प्रहार गरी मारेको" भनी आफू समेत कसुरमा सावित रही वारदातमा यी प्रतिवादी हरिनारायण चौधरी समेतको संलग्नता रहेको भनी अनुसन्धान अधिकृत समक्ष बयान गरेको देखिन्छ। उल्लिखित प्रतिवादीहरू बाहेक राजेश चौधरी, प्रदिप चौधरी लगायतका अधिकांश प्रतिवादीहरूले समेत मौकामा पुनरावेदक प्रतिवादी हरिनारायण चौधरीसमेतले आक्रमण गरेको भनी बयान गरेको देखिन्छ।

४११. अदालतमा उपस्थित भई आफूले समेत आरोपित कसुर गरेको भनी सावित भएका प्रतिवादी करन चौधरीले मौकाको बयान समर्थित हुने गरी अदालतमा गरेको बयानमा वारदातमा यी प्रतिवादीको संलग्नता रहेको पुष्टि हुने गरी बेहोरा लेखाइदिएको देखिन्छ। निजले अदालतमा उपस्थित भई गरेको बयानमा आफू

समेतलाई आरोपित कसुर लाग्ने गरी कसुरमा सावित भई यी प्रतिवादीलाई समेत पोल गरेको देखिन्छ। निजको बयानलाई मिसिल संलग्न प्रमाणहरूको रोहमा हेर्दा पुनरावेदक प्रतिवादीको अनुसन्धान अधिकारी समक्षको बयान र सहप्रतिवादीहरूको पोल बयानको बेहोराको घटनाचित्रण तथा निजको संलग्नताको प्रकृतिमा एकरूपता देखिन्छ। उक्त बयान मिसिल संलग्न जाहेरवाला, घाइते तथा प्रत्यक्षदर्शीहरूको बकपत्रबाट समेत समर्थित भएको छ। उक्त बकपत्रमा यी प्रतिवादी हरिनारायण चौधरीले समेतले सुरक्षाकर्मीमाथि आक्रमण गरेको भनी लेखाइदिएको देखिन्छ। यी प्रतिवादीलाई लागेको छर्राबाट समेत निज वारदातस्थलमा उपस्थित रहेको भन्ने पोल बेहोरा पुष्टि भैरहेको देखिन आउँछ।

४१२. माथि विवेचित आधार कारण तथा प्रमाणबाट निज प्रतिवादी आरोपित कसुरमा संलग्न भएको पुष्टि भएकोमा संभावित सजायबाट बच्ने उद्देश्यलेसम्म अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो। अन्य सम्बद्ध प्रमाणहरूबाट वारदातमा निजको संलग्नता देखिएको र निजले लिएको इन्कारी बयान मिसिल प्रमाणबाट समर्थित हुन सकेको नदेखिंदा प्रतिवादी हरिनारायण चौधरीले जोखिमी घरेलु हतियार प्रयोग गरी सुरक्षाकर्मी समेतलाई कर्तव्य गरी मारेको तथा अन्य सुरक्षाकर्मीहरूलाई ज्यान मार्ने नियतले आक्रमण गरी गम्भीर घाइते बनाएको देखिन आएको हुँदा आफू निर्दोष भएकाले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भन्ने निजको पुनरावेदन जिकिर र निजको तर्फबाट बहस पैरवी गर्नुहुने विद्वान कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, **निज प्रतिवादी हरिनारायण चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा जन्मकैदको सजाय हुने र ज्यान मार्ने उद्योगतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

प्रतिवादी प्रदिप चौधरीको हकमा विचार गर्दा

४१३. पुनरावेदक प्रतिवादी प्रदिप चौधरीले अदालत समक्ष बयान गर्दा मिति २०७२/५/७ गते म आफ्नै घरमा थिए। उक्त दिन बिहान घरको काम गरी दिउँसो गाउघरकै स-साना केटा केटीहरूलाई ट्यूसन पढाई घरमा बसेको थिएँ। प्रस्तुत वारदात घट्नामा मेरो कुनै संलग्नता रहेको छैन। वारदातमा को कसको संलग्नता रहेको छ त्यो पनि थाहा छैन। प्रतिवादी करन चौधरीले मैले सुरक्षाकर्मीहरूबाट एस.एल.आर.हतियार खोसी लगेको हुन भनी गरेको बयान व्यहोरा झुठा हो। निजलाई हाम्रो गाउँघरमा दिमाग खुस्केको मानिस भनी भन्ने गरेका छन। घट्नामा मेरो संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धानको क्रममा गरेको बयानमा "वारदातको दिन रेशमलाल चौधरी समेतको मुख्य योजना तथा निर्देशन मुताविक गाउँका भलमन्सा बलिराम चौधरीको आह्वानमा गाउँका साथी श्रवण चौधरी लगायत थुप्रै मानिस टीकापुर स्थित सरकारी कार्यालय कब्जा गर्ने भनी मनुवा गा.वि.स. वडा नं.६ चिलिम चौराहमा भेला भई चारैतिरबाट हात हातमा लाठी, भाला, गुलेली, बन्चरो, हसिया जस्ता घरेलु हातहतियार लिई चिलिम चौराहमा खटिएको प्रहरी टोलीलाई धक्का मुक्का गर्दै अघि बढ्यौं। 'थरूहट जिन्दावाद' भन्दै नारा लगाउदै टीकापुर नगरपालिका वडा नं.९ पशुहाट बजारको नजिक प्रवेश गर्न निषेधित क्षेत्र तोडि अगाडी बढ्ने क्रममा हामीहरू र प्रहरीबीच घम्सा घम्सी भएपछि प्रहरी भागे। प्रहरीलाई हामी सबै मिली लखेट्यौं। प्रहरीहरू भाग्ने क्रममा प्रहरीको ठूलो मान्छे मोटो, काँधमा धेरै तारा भएको हाल नाम थाहा भएका एस.एस.पी. लक्ष्मण न्यौपाने समेतका प्रहरीलाई लखेट्यौं। म समेतका अन्य मानिस समेत भई लक्ष्मण न्यौपाने एउटा घरमा पसेको कुरा थाहा पाई घरकी एउटी आईमाइलाई बाहिर ननिकाले घरमा आगो लगाई दिन्छौ भनी धम्की दिई घर बाहिर निकाली श्रवण चौधरीले भालाले पेटमा हान्यो। मैले पहिले बाँसको लाठीले त्यसपछि चक्कुले आँखा तथा शरीरको अन्य भागमा हान्यौं। सो समय सम्ममा हरिनारायण चौधरी समेतका अन्य प्रतिवादीहरूले पशुहाट बजार छेउमा एउटा प्रहरी मारी सकेका थिए। मैले अर्को नाम थाहा नभएको व्यक्तिको हातबाट दाउ खोसी एस.एस.पी. लाई प्रहार गरी अलिपर धारातिर एउटा घाईते प्रहरीको S.L.R. राइफल खोसी ल्याई श्रवण चौधरीको हातमा दिएँ। एस.एस.पी.लाई मारेको घरभन्दा अलि तल बाटोमा अन्य साथीहरूले एउटा चौधरी जातिको हुँ नमार भन्ने प्रहरीलाई लाठी, ढुङ्गा,

रड, भाला जस्ता हातहतियार प्रहार गर्दै थिए। चौधरी जातिको पुलिस मरिसकेको र अर्को फट फट गरी सास फेर्दै थियो। म समेत अन्य साथीहरू मिली निज प्रहरी माथि खर खन्याई नचिनेका एकजना मानिससँग सलाई मागी दुवै जना प्रहरीलाई आगो लगाई मारेको हुँ(स.ज.१०)। रणभूमि भन्ने फिरूलाल चौधरी, बलिराम चौधरी, रेशमलाल चौधरी लगायतका प्रतिवादीहरूले आफ्नो भाषामा प्रहरीलाई आक्रमण गर्न भनी वचन दिएका र आफूले समेत ढुंगा, लाठी प्रहार गरी प्र.ब.उ. लक्ष्मण न्यौपाने समेतको प्रहरी टोलीलाई कर्तव्य गरी मारे मराएको हो (स.ज.११)। बरामद भएका हातहतियार मध्येका काठको बिंड भएको घाँस काट्ने गडेसा जस्तो हतियार मैले घटनामा प्रयोग गरी प्रहरी कर्मचारीलाई प्रहार गरेको थिएँ। हेरी चिनी सनाखत समेत गरिदिएँ (स.ज.१२)। प्रहरीले अखण्ड पक्षधरलाई सहयोग गरेकाले हामीले मारेका हौं (स.ज.१३)" भनी वारदातको विस्तृत र सिलसिलेवार चित्रण गरी वारदातमा आफ्नो संलग्नतालाई स्वीकार गरी बयान गरेको देखिन्छ।

४१४. वारदातमा प्रयोग गरिएका बरामदित हतियारहरू अनुसन्धानका क्रममा प्रतिवादीहरूबाट सनाखत गराइएको अवस्था समेत छ। प्रतिवादी प्रदिप चौधरीले बरामदित हतियारहरूमध्ये काठको बिड भएको बन्चरो घटनास्थलमा रहेको कच्ची बाटो भन्दा पर खेतमा भागी रहेका २ जना प्रहरीलाई मार्दाका बखत प्रहार गरेको र कालो बिंड भएको चक्कु एस.एस.पी. लक्ष्मण न्यौपानेलाई आँखामा प्रहार गर्दाका बखत प्रयोग गरेको हतियार हो भनी मिति २०७२/०५/२९ मा मौकामा सनाखत गरिदिएको समेत देखिन्छ। यसैगरी अनुसन्धानमा तत्काल प्रचलित मुलुकी ऐन, अदालती बन्दोबस्तको १७३ नं. बमोजिम प्र.ज. सुरजसिंह ठकुरीले सनाखत कागज गर्दा "उक्त दिन म प्र.व.उ. लक्ष्मण न्यौपाने सँगै डिउटीमा थिएँ। एक्कासी थारूहटका कार्यकर्ताले घेराबन्दी गरी चारैतिरबाट ढुङ्गा मुढा प्रहार गरी आक्रमण गर्न थाले पछि प्र.व.उ. र म समेत भागेका हौं। एस.एल. आर. राइफल प्रतिवादी प्रदिप चौधरीले खोसेको मैले देखेको हुँ हेरी चिनी सनाखत गरीदिएँ" भनी सनाखत गरी दिएको पाइन्छ। यसैगरी प्रतिवादी मध्येका श्रवण चौधरीले मिति २०७२/०५/२९ मा अनुसन्धानमा सनाखत कागज गर्दा काठको बिड भएको घाँस काट्ने गडेसा जस्तो दाउ प्रतिवादी प्रदिप चौधरीले वारदातमा प्रयोग गरेको हतियार हो भनी सनाखत कागज गरिदिएको देखिएबाट समेत यी प्रतिवादीले वारदातमा घरेलु

हतियार प्रयोग गरी प्रहरीलाई मारेको र प्रहरीबाट SLR खोसी ल्याएको भन्ने देखिन आउँछ। अन्य प्रतिवादीहरूको बयान कागजबाट समेत यी प्रतिवादीले वारदातमा मुख्य भई प्रहरीहरूलाई लखेटेको, घरभित्र लुकी बसेका प्रहरीलाई तानी घरबाहिर ल्याएको, प्रहरीबाट हतियार खोसेको तथा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने लगायतका सुरक्षाकर्मीलाई घरेलु हतियारले चोट छाडेको देखिन आउँछ। प्रतिवादीमध्येका करन चौधरीले आफ्नो अनुसन्धानको बयानमा आफू समेत वारदातमा रहेको स्वीकार गरी प्रहरी जवान लोकेन्द्र चन्दलाई मार्नेमा मैले चिनेका मध्ये प्रदिप चौधरी समेत हुन्। निजको हातमा भाला थियो। प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई आँखामा भाला हान्ने प्रदिप चौधरी हुन् भनी स्पष्ट रूपमा खुलाई लेखाई दिएको र अदालतमा गरेको बयानमा समेत मौकाको उक्त बयान बेहोरालाई समर्थन गरेको देखिन्छ।

४१५. यसप्रकार, प्रतिवादी प्रदिप चौधरीको मौकाको साविती बयान अन्य प्रतिवादीहरूको मौकाको पोल र प्रतिवादी करन चौधरीको मौकाको र अदालतको बयान समेतबाट समर्थित भएको अवस्था छ। जाहेरवाला, घाइते पीडित समेतले वादी नेपाल सरकारका साक्षीका रूपमा अदालतमा उपस्थित भई घटना विवरण कागज र जाहेरी बेहोरा समर्थित हुने गरी बकपत्र गरेको एवम् घटनास्थल मुचुल्का र सनाखत विवरण समेतका कागज प्रमाणबाट समेत समर्थित भएको देखिंदा यी प्रतिवादीले अदालत समक्ष आई इन्कारी बयान गरेता पनि मौकाको साविती बयान पुष्टि भएको र अदालतको इन्कारी बयान समर्थित हुनसकेको देखिन आएन। यी प्रतिवादी उपरको प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने लगायतका प्रहरी कर्मचारीलाई आक्रमण गरी मारेको भन्ने आरोपित कसुर पुष्टि हुन आयो। **तसर्थ, निज प्रतिवादी प्रदिप चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा जन्मकैदको सजाय हुने र ज्यान मार्ने उद्योगतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत दिपायलको फैसला मनासिब देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

<u>प्रतिवादी श्रवण चौधरीको हकमा विचार गर्दा</u>

४१६. यी प्रतिवादी श्रवण चौधरीले सुरू अदालतमा बयान गर्दा "वारदात मिति २०७२/०५/०७ गतेका दिन टीकापुरमा कार्यक्रम छ जानुपर्‍यो भनी म समेत टीकापुरतर्फ जाँदै गर्दा मोतिनगर भन्ने ठाउँमा पुग्दा अगाडी टीकापुर साइडबाट मान्छेहरू हामी भएको स्थानतिर भाग्दै दौडदै आएका थिए। त्यसपछि म समेत टीकापुरतिर नगई सोही भिड सित आफ्नो घरतर्फ फर्केको हुँ। घटनामा मेरो कुनै संलग्नता छैन" भनी कसुरमा इन्कार रही बयान गरेता पनि मौकाको बयानमा "म समेत सबैले लाठी, भाला, खुँडा, बन्चरो, गुलेली, दाउ, खुकुरी, तरबार जस्ता घरेलु हातहतियार लिई आन्दोलनमा सहभागी भई प्रहरीलाई धक्का दिँदै अगाडी बढी टीकापुर स्थित पशुहाट बजार पुगी चारैतिरबाट ८/१० हजारको थारूहट कार्यकर्ता समेत भेला भएकोमा पूर्व योजना अनुसार निषेधित क्षेत्र तोडी अगाडी बढ्न खोज्दा एस.एस.पी. ले सम्झाईबुझाई गर्ने प्रयास गर्दा हामीले नमानी अगाडी बढे पश्चात प्रहरीले रबर बुलेट अश्रुग्याँस हान्दा चारैतिरबाट प्रहरीलाई घेरा हाली उल्टै प्रहरीले हानेको अश्रुग्याँस च्याप्प समाती प्रहरीलाई फाल्दा प्रहरी टोली भाग्न सुरू गर्‍यो। प्रहरीका एस.एस.पी. ज्यान जोगाई एक घर भित्र पसेको थाहा पाइ मैले सो घरको झ्यालमा भाला प्रहार गरी जाली च्याति दिएँ। मैले मेरो साथमा भएको भाला र घाँस तथा मासु काट्ने काठको बिंड भएको दाउले एस.एस.पी. लक्ष्मण न्यौपाने समेतलाई प्रहार गरेँ। साथै मसँग भएको फलामे रडको भालाले निजको पेटमा प्रहार गरी कर्तव्य गरी मारेको हुँ। प्रतिवादी प्रदिप चौधरीले प्रहरी कर्मचारीको हातमा रहेको SLR भन्ने लामो हतियार मलाई दिए। मैले SLR बोकी अन्य प्रहरी कर्मचारीलाई खेतै खेतबाट लखेटे (स.ज.१०), बरामद भएका हाहतियारहरू हामीहरूले सो वारदातको समयमा प्रयोग भएकामध्येका हुन्। तिखो खन्तिजस्तो भाला मैले एस.एस.पी. भन्ने व्यक्तिलाई घटनास्थलमा रहेको घरबाट बाहिर निकाली प्रहार गरेको हतियार हो (स.ज.-१२), मिसिल संलग्न निलो सर्ट लगाई, मुखमा मास्क लगाई, पहेँलो कट्टुमा SLR राईफल बोकेकको मानिसको फोटो हेरी चिनी थाहा पाएँ सो व्यक्ति म नै हुँ हेरी चिनी सनाखत समेत गरी दिएँ (स.ज.१६)" भनी आरोपित कसुरमा सावित रही वारदातको विस्तृत र सिलसिलेवार विवरण समेत उल्लेख गरी बयान गरेको देखिन्छ। सो फोटो मिसिल संलग्न देखिन्छ। प्रतिवादी प्रदिप चौधरीले अनुसन्धानमा

बयान गर्दा "म समेतले प्र.ब.उ. लक्ष्मण न्यौपानेलाई घरभित्रबाट बाहिर निकाली हामी मध्येका श्रवण चौधरीले भालाले पेटमा हानेको हो" भनी गरेको बयान तथा प्रतिवादी करन चौधरीले अदालतमा गरेको बयानमा समेत मौकाको बयान वेहोरा समर्थित हुने गरी प्रदिप चौधरीले प्रहरीको हातबाट हतियार खोसी श्रवण चौधरीलाई दिई श्रवण चौधरीले हतियार लगी गएको देखेको हुँ भनी बयान गरेको देखिँदा प्रतिवादी श्रवण चौधरीको अनुसन्धानको बयान अन्य प्रतिवादीहरूको बयानबाट समेत समर्थित हुन आउँछ। यस अतिरिक्त अनुसन्धानमा कागज गर्ने घाईते प्रहरी जवान भरत सिंह बडाल, घाईते प्रहरी जवान गजबहादुर भन्डारी समेतले अनुसन्धानमा गरेको घटना विवरण कागज समर्थित हुने गरी अदालतमा गरेको बकपत्र समेतले यी प्रतिवादी श्रवण चौधरीको अनुसन्धानको बयान समर्थित भई प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेलाई निज लुकेको घरबाट बाहिर ल्याई भाला रोप्ने, चक्कु प्रहार गर्ने कार्य यिनै प्रतिवादी श्रवण चौधरी समेतले गरेको पुष्टि हुन आयो। **तसर्थ, निज प्रतिवादी श्रवण चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा जन्मकैदको सजाय ठहराइ निज वारदातका बखत १४ वर्ष माथि १६ वर्ष मुनिको नाबालिग भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ३६(३) तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४५(३) बमोजिम सोको आधी १० वर्ष कैद हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

<u>प्रतिवादी वीर बहादुर चौधरीको हकमा हेर्दा</u>

४१७. निजले मौकाको बयानमा आरोपित कसुरमा पूर्णतः सावित भई "**वारदातका दिन प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू समेतले प्रत्येक घरबाट एक एकजना घरेलु हतियार सहित थरूहटको आन्दोलनमा जानु पर्ने यदि कोही नगएमा रू.१,०००।- जरिवाना हुने निर्देशन गरेपश्चात, म वारदातका दिन विकास चौधरीले नेतृत्व गरेको टोलीमा सहभागी भएको थिएँ। सबैले हातमा लाठा, भाला, बन्चरो, काँडेतार बेरिएका लाठीहरू बोकेका थिए। वारदातस्थल पशुहाटबजार नजिक पुगेपछि निषेधित क्षेत्र प्रवेश**

गर्न खोज्दा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसमेतको टोलीले सम्झाईबुझाई गर्दा आफूहरूले नमानेपश्चात सुरक्षाकर्मीहरूले अश्रुग्यौंस हान्दा अग्रपक्तिमा रहेका महिलाहरू यत्रतत्र भागेपछि हामीहरू पूर्वयोजना अनुसार म लगायत प्रतिवादीहरू राम प्रसाद चौधरी, प्रेम चौधरी, राम नरेश चौधरी समेतले प्रहरीलाई घेराबन्दी गरी हामीले बोकी लिएका हातहतियारले प्रहार गरेका हौं" भनी बेहोरा लेखाएको देखिन्छ।

४१८. निज प्रतिवादी अदालतमा आई बयान गर्दा कसुरमा इन्कारी रहेको र अन्यत्रस्थलको दाबी लिएको भए तापनि प्रतिवादी रामप्रसाद चौधरीले मौकामा बयान गर्दा यी प्रतिवादी वीर बहादुर चौधरी समेतको वारदातस्थलमा उपस्थिति रहेको र वारदातस्थलमा उपस्थित व्यक्तिहरूले प्रहरी माथि घेरा हाली कुटपिट गर्दा यी प्रतिवादी समेत संलग्न रहेका थिए भनी निज विरूद्ध किटानी गरी पोल बयान गरेको देखिन्छ। प्रतिवादी करन चौधरीले अदालतमा बयान गर्दा समेत आफूले कसुर गरेको सावित भई यी प्रतिवादी वीर बहादुर चौधरीसमेतले घरेलु हतियार प्रयोग गरी सुरक्षाकर्मी उपर आक्रमण गरेको भनी बयान गरेको देखिन्छ। सह प्रतिवादीहरूको उल्लिखित बयान बेहोराबाट यी प्रतिवादी वारदातमा संलग्न रहेको पुष्टि हुन आउँछ।

४१९. यस अतिरिक्त घाइते प्रहरी जवान सुरज सिंह ठकुरी समेतले वारदातको दिन प्रहरी कर्मचारीहरलाई वारदातस्थलमा उपस्थित भई विभिन्न हातहतियार प्रयोग गरी मार्ने र घाइते तुल्याउने वीर बहादुर चौधरीसमेतका प्रतिवादीहरूलाई आफूहरूले वारदातस्थलमा प्रत्यक्ष देखेको भनी सनाखत गरिदिएको अवस्था छ। वारदातका सम्बन्धमा विभिन्न जाहेरी दरखास्तमा यी प्रतिवादीको नाम किटानी भएको र जाहेरवालाहरूले जाहेरी बेहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गरेको अवस्था समेत छ। प्रतिवादीले अदालतको बयानमा आफू वारदातका दिन झन्झटपुर मनिकापुर चुरोट बिक्री गर्न गएको भनी अन्यत्रस्थलको दाबी लिएको देखिएतापनि वारदातको दिन निजले प्रयोग गरेको मोबाइल नम्बर ९८४८४२९४३५ को BTS लोकेसन वारदातस्थलको वरपर रहेको देखिएको र यी प्रतिवादीको अन्य सह-अभियुक्तसङ्ग सोही लोकेसनबाट बारम्बार फोन सम्पर्क भएको समेत देखिन आएबाट निजको अन्यत्रस्थलको दाबी पुष्टि हुने अवस्था देखिएन।

४२०. माथि विवेचित आधार कारण तथा प्रमाणबाट निज प्रतिवादी आरोपित कसुरमा संलग्न भएको पुष्टि भएकोमा संभावित सजायबाट बच्ने उद्देश्यलेसम्म अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो। अन्य सम्बद्ध प्रमाणहरूबाट वारदातमा निजको संलग्नता देखिएको र निजले लिएको इन्कारी बयान मिसिल प्रमाणबाट समर्थित हुन सकेको नदेखिंदा प्रतिवादी वीरबहादुर चौधरीले जोखिमी घरेलु हतियार प्रयोग गरी सुरक्षाकर्मी समेतलाई कर्तव्य गरी मारेको तथा अन्य सुरक्षाकर्मीहरूलाई ज्यान मार्ने नियतले आक्रमण गरी गम्भीर घाइते बनाएको पुष्टि हुन आएको हुँदा **निज प्रतिवादी वीर बहादुर चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने हुँदा जन्मकैदको सजाय हुने र ज्यान मार्ने उद्योगतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

<u>प्रतिवादी सुन्दरलाल कठरियाको हकमा हेर्दा</u>

४२१. यी पुनरावेदक प्रतिवादी विरूद्ध धर्मसिंह विष्ट समेतले निज समेतको नाम उल्लेख गरी निज वारदातमा संलग्न रहेको भनी किटानी जाहेरी दिएको देखिन्छ। यी प्रतिवादीले **मौकामा बयान** गर्दा "गाउँका भलमन्सासमेतले निर्देशन गरे बमोजिम हात हातमा लाठी, घरेलु औजार भाला समेत बोकी म मेरो गाउँको जनता माध्यामिक विद्यालय कन्चनपुर मनुवामा आई भलमन्सा डम्बर कठरियाले १२/१५ जनाको समूह बनाई हात हातमा भाला तथा लाठी लिई चिलिम चौराहामा भेला भएका हौं। मैले बाँसको लाठीमा किला हानेको लाठी सहित चौराहामा गएको थिएँ। रेशम चौधरीले निर्देशन गरे अनुसार आन्दोलनको अगाडी पंक्तिमा महिला र पछाडी पुरूष नारा लगाउँदै चिलिम चौराहमा पुग्दा प्रहरी टोलीले आन्दोलन गर्ने समुदायका व्यक्तिहरूलाई सम्झाई रहेका थिए। आन्दोलनकारीले प्रहरीलाई धकेली पशुहाट बजार निषेधित स्थानमा पुग्दा प्रहरीले रोक्न खोज्दा आन्दोलनकारीले प्रहरीलाई घेरा हाली लाठा, भाला समेतका हतियार प्रयोग गरेको र प्रहरीले अश्रुग्याँस, रबर छर्रा हान्दा म

अग्रपंक्तिमा भएकोले मेरो खुट्टामा ९ ओटा छर्रा समेत लागेका हुन्। प्रहरी भागी रहेको बेला मेरो हातमा भएको बाँसको लाठीले ३/४ पटक प्रहरीलाई प्रहार गरेको हो" भनी हतियार सहित आन्दोलनमा गई प्रहरीलाई प्रहार गरेको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ।

४२२. यस्तै निज प्रतिवादीले सुरू अदालतमा बयान गर्दा वारदातको दिन बिहान करीव १० बजेको समयमा घरबाट टीकापुर आन्दोलनमा सहभागी हुन हातमा प्लेकार्ड सहित नाराहरू समेत लगाउदै आन्दोलनमा गएको र प्रहरीले हानेको अश्रुग्याँस लगायत रबरको छर्रा लागी आफू बेहोस भएको भनी आरोपित कसुरमा इन्कार रहेको भए तापनि निजको बयान बेहोराबाटै यी प्रतिवादी वारदातस्थलमा मौजुद रहेको तथ्य स्वीकार गरेको देखिन्छ। निजको खुट्टा एवम् तिघ्रामा चोट लागेको, Nine depressed circular wound on left lower thing above knee. Each having-1 cm radius. Slight bleeding present. भन्ने समेत बेहोराको मिसिल संलग्न प्रतिवादी सुन्दरलाल कठरीयाको स्वास्थ्य परीक्षण प्रतिवेदनले पनि यी प्रतिवादी वारदातस्थलमा उपस्थित भएको तथ्य पुष्टि भएको देखिन आयो। प्रतिवादी करन चौधरीले मौकामा र अदालतमा गरेको बयानमा पनि निजलाई घटनास्थलमा उपस्थित रहेको देखेको भन्ने लेखाएको देखिन्छ। यसबाट यी प्रतिवादी सुन्दरलाल कठरिया अन्य प्रतिवादीहरूको योजना र निर्देशन बमोजिम प्लेकार्ड तथा लाठी समेत लिई सुरक्षाकर्मी समेतलाई घेरा दिने, बाटो छेक्ने एवम् भाग्न उम्कन नपाउने समेतका कार्य गरी ज्यान मार्ने मतलवमा पसी अन्य प्रतिवादीहरूलाई मार्ने संयोग पारिदिएको तर निजले मृतक उपर हतियार छाडेको भन्ने मिसिल प्रमाणहरूबाट देखिन नआएकाले वारदातमा निजको संलग्नता मुलुकी ऐन,ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिमको कसुर पुष्टि हुन आएकाले सोही कानूनी व्यवस्था बमोजिम निज प्रतिवादीलाई ५ (पाँच) वर्ष कैद सजाय हुनुपर्ने देखियो। तसर्थ, माथि विवेचित आधार, कारणहरूबाट **निज प्रतिवादी सुन्दरलाल कठरीयालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला मनासिव देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

प्रतिवादी राजकुमार कठरियाको हकमा हेर्दा

४२३. निज प्रतिवादीले मौकामा बयान गर्दा "मिति २०७२/५/७ गते बिहान गाउँको भलमन्सा डम्मर कठरियाले टीकापुर आन्दोलनमा प्रत्येक घरबाट आन्दोलनमा जाने र नगएमा रू. १००० (एक हजार) जरिवाना लाग्छ भनी चिराकी सुनवर्ष कठरिया मार्फत उर्दी भन्न लगाए पश्चात आ-आफ्नो घरबाट भाला डन्डा बोकेर बिहान १०:०० बजे गाउँका सबै मानिस जनता मा.वि.को पिपल चौतारामा जम्मा हुने भनेपछि म संग दिनेश कठरिया, पुरन कठरिया, राम कुमार कठरिया समेतका मानिस प्राय सबैको हात हातमा किला ठोकेको लाठी, तार बेरेको लाठी, हसिया, बन्चरो, समेत ६/७ जनाको हातमा थियो। हामी भेला जम्मा भई सके पछि गाउँको भलमन्सा डम्मर कठरियाले नारा जुलुस लगाउँदै अगाडि बढ्ने र चिलिम चौराह पुगेपछि अन्य गा.वि.स.का मानिससंग भेट भई अगाडि बढने भनेपछि चिलिम चौराहमा ७/८ हजार मानिस भाला, डण्डा सहित भेला भएका थिए, प्रहरी टोली पनि थियो। महिला अगाडि, हामी पछाडि हुदै प्रहरी टोलीलाई धकेल्दै पशुहाटबजार सम्म पुऱ्याउदा त्यहाँ निषेधित क्षेत्र तोकिएको हुँदा प्रहरीले रोक्ने कोशिश गर्यो, हामीहरूलाई जस्तो सुकै भएपनि टीकापुर पुग्ने र सरकारी कार्यालय तोडफोड गर्ने भनिएको हुँदा अगाडिका प्रहरीहरूलाई ढुङ्गामुढाको बर्षा गऱ्यौ, केही टोली प्रहरीलाई घेर्न गए, म पनि प्रहरीलाई घेर्न सडकको दक्षिण पट्टीको घरको बाटो हुँदै जाँदा मेरो हिपको भागमा पछाडिको साथीले पछाडिबाट प्रहरीलाई हान्न खोज्दा मेरो पछाडि चोट लागी उपचारको लागी कञ्चनपुर बस्ने दिनेश कठरिया, ऐ.ऐ.बस्ने राम कुमार कठरियाले लगी गएका हुन" भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ।

४२४. यस्तै निज प्रतिवादीले सुरू अदालतमा बयान गर्दा "मिति २०७२/५/७ गते म टिकापूरको आन्दोलनमा म गएको कुरा साँचो हो। आन्दोलनमा आउनु भनी गाउँको चौकीदारले खबर गरेको हुँदा आन्दोलनमा गएको हुँ। खबर पाए पछि हातमा पम्प्लेट बोकी आन्दोलनमा गएको हुँ। मलाई घाईते अवस्थामा अस्पतालमा पुऱ्याई होस खुले पछि मात्र थाहा पाएको हुँ" भनी लेखाएको देखिंदा यी प्रतिवादी वारदातस्थल टीकापुरमा मौजुद रहेको तथ्य निजको मौकाको एवम् अदालतको बयानबाट समेत स्थापित हुन्छ। निज प्रतिवादीविरूद्ध श्रवण चौधरी, प्रदिप चौधरी तथा सुन्दरलाल कठरिया समेतका प्रतिवादीहरूले मौकामा आफू कसुरमा सावित रही यी

प्रतिवादी समेत वारदातस्थलमा उपस्थित भई प्रहरीलाई चोट प्रहार गरेका भनी यकिन साथ पोल गरेको देखिन्छ। उल्लिखित प्रतिवादीहरूले मौकामा गरेको साविती र पोल बयान अर्का प्रतिवादी करन चौधरीले अदालतमा गरेको बयान बेहोरा समेतबाट समर्थित भएको अवस्था छ। जाहेरवाला घाइते तथा अन्य प्रत्यक्षदर्शीहरूको बकपत्र बेहोराबाट पनि यी प्रतिवादी वारदातस्थलमा उपस्थित भई सुरक्षाकर्मीलाई घेरा दिई पछाडिबाट धकेल्दै वारदातस्थलसम्म पुर्‍याएको भन्ने देखिन्छ।

४२५. माथि विवेचित आधार कारणबाट यी प्रतिवादी राजकुमार कठरियाले ज्यान मार्ने मतलवमा पसी सुरक्षाकर्मी समेतलाई घेरा दिने बाटो छेक्ने वा उम्कन नपाउने समेतका कार्य गरी अन्य प्रतिवादीहरूलाई ज्यान मार्ने संयोग पारिदिएको मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएकाले वारदातमा निजको संलग्नता मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिमको कसुर भन्ने पुष्टि हुन आएकाले निज प्रतिवादीलाई सोही कानूनी व्यवस्था बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुनुपर्ने देखियो। तसर्थ, निज प्रतिवादी राजकुमार कठरियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसलामा केही उल्टी गरी सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहर्‍याएको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था रहेन।

<u>प्रतिवादी बृजमोहन डगौरा चौधरीको हकमा हेर्दा</u>

४२६. निज प्रतिवादी मौकामा बयान गर्दा "थारू समुदायको हकहितको लागि आमहडताल गर्नुपर्ने, प्रहरी प्रशासनले हस्तक्षेप गरेमा प्रतिकार गर्नुपर्ने भएकोले प्रत्येक घरबाट अनिवार्य रूपमा हातमा लाठा, भाला, खुँडा जस्ता घरेलु हतियार बोकी आन्दोलनमा आउनुपर्ने, यदि नआएको खण्डमा रू.१,०००/- जरिवाना हुने भनी प्रतिवादी रेशमलाल चौधरी समेतले निर्देशन गरेपछि म साईकल चढेर उक्त कार्यक्रममा आएको हुँ। गाउँगाउँबाट आएका आन्दोलनकारीहरू चिलिम चौराहा हुँदै अग्रपक्तिंमा महिलाहरू लगाई पशुहाटबजारतर्फ गएकोमा निषेधित क्षेत्र भनी प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने समेतले सम्झाउँदै गर्दा आफूहरूले नमाने पछि प्रहरीहरूले अश्रुग्याँस प्रहार गरेका हुन। सोपश्चात महिलाहरू भागदौड गरेपछि आफूहरूले

चारैतिरबाट सुरक्षाकर्मीहरूलाई घेराबन्दीमा पारी आफूसँग भएका हातहतियारले निजहरूलाई प्रहार गरेका हौं, सुरक्षाकर्मीहरूलाई कर्तव्य गरी मारीसकेपश्चात निजहरूको हतियार को कसले लुट्यो थाहा भएन" भनी लेखाएको देखिन्छ भने अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेतापनि वारदातस्थलमा उपस्थित भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ। अन्य प्रतिवादीहरू श्रवण चौधरी र प्रदिप चौधरी समेतले मौकामा निज प्रतिवादीसमेत वारदातस्थलमा संलग्न रहेको भनी पोल गरेको देखिन्छ। प्रतिवादी करन चौधरीले अदालतमा गरेको बयानबाट समेत यी प्रतिवादी वारदातस्थलमा मौजुद रहेको भन्ने देखिन्छ। सह प्रतिवादीहरूले आफू कसुरमा सावित रही गरेको पोलयुक्त बयान खम्बीर अवस्थामा छ। मिसिल संलग्न जाहेरवाला, घाइते तथा वारदातका प्रत्यक्षदर्शी घटना विवरण कागज गर्ने चश्मदीद गवाह समेतको बकपत्रबाट यी प्रतिवादी ज्यान मार्ने मतलबमा पसी घरेलु हतियार सहित वारदातस्थलमा उपस्थित भई सुरक्षाकर्मी समेतलाई घेरा दिने बाटो छेक्ने वा भाग्न उम्कन नपाउने समेतका कार्य गरी अन्य प्रतिवादीहरूलाई ज्यान मार्ने संयोग पारिदिएको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएकाले निजको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. को कसुर भई निजलाई सोही बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुनुपर्ने देखियो। **तसर्थ, माथि विवेचित आधार कारणहरूबाट निज प्रतिवादी बृजमोहन डगौरा चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था रहेन।**

<u>प्रतिवादी राजेश चौधरीको हकमा हेर्दा</u>

४२७. निज प्रतिवादीले मौकामा बयान गर्दा **"मिति २०७२/५/७ गतेका दिन टीकापुर बजार स्थित सरकारी कार्यालयहरूमा हामी प्रतिवादीहरूले थारूवान संघीय राज्य लेखेको बोर्ड राख्नुपर्ने र सोका लागी प्रत्येक घरबाट एक एक जना व्यक्ति आउनु पर्ने यदि नआएमा रू .१०००।- जरिवाना तिर्नुपर्ने, प्रहरी प्रशासनले थुनछेक गरेमा सबै जनाले हात हातमा लाठी, तरवार, खुँडा, बेल्चा, भाला, खुकुरी, बन्चरो समेतका हातहतियार**

लिई आउने र सोही हातहतियारबाट आक्रमण गर्नुपर्छ भन्ने प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारू समेतका व्यक्तिहरूले निर्देशन दिए अनुसार गाउँका भलमन्सा ईश्वरीप्रसाद चौधरीले सुनाएपश्चात आफू समेतका करिब ३०० जना जति मानिस सोही बिहान थापापुर गा.वि.स.मा जम्मा भई प्रतिवादी रामचन्द्र चौधरी र बन्धु थारूले भेलामा भाषण समेत गरिसकेपश्चात् आफुहरू उक्त स्थानबाट हातहातमा घरेलु हतियार बोकी चिलिम चौराहामा पुगेका हौं। ८/१० हजारको संख्यामा रहेका आन्दोलनकारीहरू अगाडि बढ्दै पशु हाटबजार पुगेपश्चात सुरक्षाकर्मीहरूले सम्झाईबुझाई गर्दा महिला टोलीले नमाने पछि प्रहरीले अश्रुग्याँस हानेको र महिला टोली तितरबितर भएका हुन। सोपश्चात् वारदातस्थलमा उपस्थित व्यक्तिहरूले प्रहरी माथि घेरा हाली कुटपिट गर्दा म समेत अगाडि गई प्रहरीलाई लखेटेको हुँ भनी वारदातस्थलमा उपस्थित भई प्रहरीलाई घेरा हाली लखेटेको हो"भनी तथ्य स्वीकार गरी लेखाएको देखिन्छ। यी प्रतिवादीले अदालतमा आरोपित कसुरमा इन्कारी रही बयान गरेतापनि वारदातस्थलमा मौजुद रहेको तथ्य स्वीकार गरेको देखिन्छ। मौकामा सावित भई बयान गर्ने प्रदिप चौधरी श्रवण चौधरी तथा अदालतमा सावित भएका प्रतिवादी करन चौधरीको बयानबाट पनि यी प्रतिवादी घरेलु हतियार सहित वारदातस्थलमा उपस्थित भएका तथा सुरक्षाकर्मीहरूलाई घेरा हाली लखेटेको भन्ने देखिन आउँछ। यसबाट यी प्रतिवादीले आफू वारदातस्थलमा मौजुद रही अन्य प्रतिवादीहरूलाई ज्यान मार्न सहयोग पुग्ने गरी सुरक्षाकर्मी समेतलाई घेरा दिने, बाटो छेक्ने वा भाग्न उम्कन नपाउने समेतका कार्य गरी ज्यान मार्ने मतलवमा पसी ज्यान मार्ने संयोग पारिदिएको देखिन आएकाले उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिमको कसुर पुष्टि हुन आएकाले निजलाई सोही कानूनी व्यवस्था बमोजिम ५ वर्ष कैद सजाय हुनुपर्ने देखियो। **तसर्थ, माथि उल्लिखित आधार कारणहरूबाट निज प्रतिवादी राजेश चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको सुरू जिल्ला अदालतको फैसलामा केही उल्टी गरी सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहराएको उच्च अदालत दिपायलको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था रहेन।**

**प्रतिवादी लक्ष्मण थारू (चौधरी) को हकमा हेर्दा**

४२८. प्रतिवादी लक्ष्मण थारूसमेतको योजना र निर्देशनमा वारदात घटाइएको भनी निजका विरूद्ध किटानी जाहेरी परेको एवम् निज उपर तदनुरूप नै मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम ज्यान मार्नमा वचन दिएको र ज्यान मार्ने उद्योगतर्फ समेत ऐ. १५ नं. बमोजिम अभियोग दाबी भएको भए तापनि यी प्रतिवादी मौकामा अनुसन्धान अधिकारी समक्ष र सुरू अदालतमा गरेको बयानमा समेत आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। निजले मौकामा बयान गर्दा **"मिति २०७२/०५/०७ गतेको टीकापुरको कार्यक्रम बारे मलाई थाहा नै थिएन। उक्त मितिको बिहान म दाङ जिल्ला लमहीमा थिएँ। सोही दिनको १३:०० बजेको समयमा बाँके जिल्लाको कोहलपुरमा र १४:३० बजेको समयमा बर्दिया जिल्लाको गुलरियामा भई राती गुलरीया नै बसेको हुँ। उक्त कर्तव्यज्यान मुद्दामा को कसको संलग्नता छ, सो सम्बन्धमा थाहा भएन।"** भनी वारदातस्थलमा उपस्थित नभइ अन्यत्रस्थलको उपस्थितिको जिकिर लिएको र अदालतको बयानमा समेत वारदातस्थलमा नभएको जिकिर लिएकोमा मिसिल संलग्न CDR/BTS विवरणबाट समेत वारदात मिति र समयमा निजको मोबाइल टावर लोकेसन बाँके जिल्लाको कोहलपुर क्षेत्र देखिन आई यी प्रतिवादीको वारदातस्थलमा उपस्थिति नभएको तथ्य पुष्टि हुन आउँछ। यी प्रतिवादी व्वारदातस्थलमा उपस्थित भई यो यस बेहोराले यो सुरक्षाकर्मी प्रहरीलाई हान्न मार्न वचन दिएको भनी अभियोगपत्रमा दाबी लिएको वा अन्य प्रतिवादीहरूले खुलाई बयान गर्न सकेको पनि देखिँदैन। जाहेरवाला, घटना विवरण कागज गर्ने व्यक्ति, पीडित घाइते लगायतका व्यक्तिहरूले समेत यी प्रतिवादीले यो यस्तो निर्देशन वा वचन दिई निजले भने बमोजिम यो यस्तो प्रतिवादीले यो यसरी प्रहार गरेको भनी निज उपरको अभियोगदाबी पुष्टि हुनसक्ने गरी बकपत्र गरेको स्थिति देखिँदैन। सङ्कलित मिसिल प्रमाणबाट निजले वारदातमा सुरक्षाकर्मीहरूको ज्यान मार्नमा वचन दिएको वा मार्नलाई संयोग पारिदिएको अवस्था पुष्टि हुन आएन।

४२९. तथापि, निजले मौकाको बयानमा **"मिति २०७२/०४/२८ गते टीकापुरमा रेशमलाल चौधरीद्वारा आयोजित कार्यक्रममा सहभागी भई मैलेसमेत बोलेको थिएँ। ट्राफिकचोकमा आयोजित कार्यक्रम मैले भाषणको क्रममा नयाँ बन्ने संविधानमा कञ्चनपुर देखी चितवनसम्मको एक थरूहट राज्य बनाउनुपर्छ यदि त्यसो नभएमा**

प्रत्येक थारूले हात हातमा लाठी लिई जुलुस निकाल्नुपर्छ भनेको थिएँ" भनी बयान गरेको र अदालतको बयानमा समेत सो बेहोरालाई अन्यथा भनेको देखिँदैन। अन्य प्रतिवादीहरूले निजको सोही निर्देशनलाई मानी हातहातमा लाठी र अन्य घरेलु हतियारसमेत बोकी वारदातस्थलमा गएको तथ्यबाट वारदातबारे निजलाई केही थाहा जानकारी नभएको भन्ने तथ्य स्थापित हुन आउँदैन। निजले जिकिर लिए जस्तो प्रस्तुत वारदातका बारेमा निजलाई थाहा जानकारी हुन सक्ने अवस्था भए नभएको सम्बन्धमा प्रस्तुत वारदात के कस्तो परिस्थितिमा घटित भएको भनी वारदातको पृष्ठभूमि हेर्नुपर्ने हुन्छ जुन माथिको प्रकरनहरूमा विवेचना भैसकेको छ। यी प्रतिवादी थरूहट थारूवान संघर्ष समितका संयोजक भएको तथ्यमा विवाद छैन। सोही संघर्ष समितिमा रहेका व्यक्तिहरूको लामो समयदेखिको योजना, निर्देशन र संलग्नतामा प्रस्तुत वारदात घटाइएको अवस्था छ। मिसिल संलग्न प्रतिवादी करन चौधरीको मौकाको तथा अदालतको बयान र अन्य प्रतिवादीहरूको मौकाको बयान बेहोरामा र घाइते पीडित तथा जाहेरवालाहरूको बकपत्रमा समेत यी प्रतिवादीको मत सल्लाह र निर्देशनमा वारदात घटित गराएको भनी किटानीसाथ लेखाइदिएको देखिन्छ। मिसिल संलग्न श्रव्यदृश्य दृश्यांकनमा वारदातपूर्व नै वारदातस्थलमा हातहतियारसहित उपस्थित हुन दिएको निर्देशनमा यी प्रतिवादीको पटक पटक नाम लिएको देखिनु तथा वारदातपश्चात यी प्रतिवादीले वारदातको जिम्मा लाई वक्तव्यबाजी गरेको र सामाजिक सञ्जाल फेसबुकमा व्यक्त गरेको प्रतिक्रिया एवम् बयानको स.ज. १७ मा उक्त तथ्यलाई स्वीकार गरेका समेतका परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादी वारदातस्थलमा उपस्थित नभएको र ज्यान मार्नलाई वचन दिएको वा संयोग पारिदिएको अवस्था नभए तापनि निजले गरेको नेतृत्व र भडकाउपूर्ण कार्यबाट समेत निज अन्य तरहले ज्यान मार्ने मतलवमा पसी वारदात घटित गराएको देखिन आएकाले वारदातमा निजको संलग्नता अनुसार निजको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर पुष्टि हुन आयो। तसर्थ, **निज प्रतिवादी लक्ष्मण थारू (चौधरी) लाई सोही नम्बरको कानूनी व्यवस्था बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुनुपर्नेमा सुरू कैलाली जिल्ला अदालतले तदनुरूप गरेको फैसला केही उल्टी गरी मुलुकी ऐन,ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ सजाय ठहर गरेको उच्च**

अदालत दिपायलको फैसला मिलेको नदेखिंदा केही उल्टी भई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुनुपर्ने देखियो।

प्रतिवादी रामकुमार कठरियाको हकमा हेर्दा

४३०. यी प्रतिवादी समेतको उपस्थितिमा वारदात घटाइएको भनी निजका विरूद्ध किटानी जाहेरी परेको र निज उपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम ज्यान मारेको र ज्यान मार्ने उद्योगतर्फ समेत ऐ. १५ नं. बमोजिम अभियोग दावी देखिन्छ। यी प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "आन्दोलनमा अनिवार्य रूपमा भाला, लाठी, खुकुरीसहित जानुपर्ने भएकाले आफ्नो घरबाट लाठी हातमा लिई स्कुलमा गएको हुँ। बोर्डिङ्ग स्कुलमा ७/८ हजार जनाको संख्यामा घरेलु हातहतियार सहित जम्मा भई डम्मर कठरीयाको निर्देशनमा पंक्तिबद्ध भई प्रतिवादीहरू टीकाराम चौधरी, बिरू चौधरीसमेतसँगै लाठी बोकेर गएका थिए। उक्त हुलमा म अगाडि गएको हुँ, पशुहाटबजार नजिक प्रहरीलाई घेरा बन्दी गरी लाठा हानी सकेको अवस्थामा म पुगेको हुँ" भनी लाठी लिई वारदातस्थलमा गएको तथ्यसम्म स्वीकार गरी बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दा वारदातको दिन केहीबेर घरमै बसी बिहान खाना खाएर जंगलमा घाँस काट्न गइ साँझ घर फर्की आएको हुँ। वारदात के कसरी भयो, थाहा छैन भनी वारदातमा कुनै संलग्नता नरहेको र आफू वारदातस्थलमा उपस्थित नै नभइ अन्यत्रस्थलको उपस्थितिको जिकिर लिएको देखिन्छ। तथापि सह-प्रतिवादीहरू प्रदिप चौधरी, श्रवण चौधरी समेतका व्यक्तिहरूले मौकाको बयानमा यी प्रतिवादीसमेत वारदातस्थलमा उपस्थित भएका भनी बयान गरेको देखिन्छ। प्रतिवादी करन चौधरीले अदालतमा गरेको बयानमा समेत यी प्रतिवादीलाई पोल गरेको अवस्था छ। मौकामा बुझिएका मानिसहरू, जाहेरवाला घाइते तथा प्रत्यक्षदर्शी र अन्य घटना विवरण कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादी समेत वारदातस्थलमा उपस्थित रहेको भनी यकिनसाथ बकपत्र गरी लेखाइदिएको पाइन्छ। तथापि, मिसिल प्रमाणबाट यी प्रतिवादीले वारदातमा सुरक्षाकर्मीहरू उपर यो यस्तो चोट छाडेको भन्ने यकिनसाथ खुल्न आउँदैन। यसबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुँदैन तर निज ज्यान मार्ने मत सल्लाहमा पसी वारदातस्थलमा उपस्थित भएको भन्नेसम्म पुष्टि हुन आएकाले वारदातमा निजको

संलग्नता मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर पुष्टि हुन आई निजलाई सोही नम्बर बमोजिमको कानूनी व्यवस्था अनुरूप ३ (तीन) वर्ष कैद सजाय हुनुपर्ने देखियो। तसर्थ, माथि उल्लिखित आधार कारणबाट मुलुकी ऐन,ज्यानसम्बन्धीको महलको १३(३) नं. र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योग तथा डाँका चोरीतर्फको कसुर स्थापित हुन नसक्ने भएकाले निज प्रतिवादी रामकुमार कठरियालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने गरी सुरू कैलाली जिल्ला अदालतले गरेको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिब देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।

<u>प्रतिवादी चुन्नीराम चौधरीको हकमा हेर्दा</u>

४३१. निज प्रतिवादी मौकामा फरार रही निवेदनसाथ सुरू अदालतमा उपस्थित भई बयान गर्दा "मलाई रामचन्द्र चौधरीले आज टीकापुरमा हुने आन्दोलनमा जानु पर्दछ। त्यहाँ वालपेन्टिङ्ग समेत गर्नु पर्ने हो पोलिस समेत किनेर ल्याउनु होला भनी खबर गरेकाले म साईकल चढी जोशीपुर बजार गई पोलिस किनी जोशीपुरको झवहीस्थित रामजानकी मन्दिरको पर्खालमा थरूहट संयुक्त राज्य परिषद जिन्दावाद भन्ने लेखी वालपेन्टिङ्ग गरिरहेको अवस्थामा त्यहीबाट धेरै मानिसहरू हातहातमा लाठी भाटा बोकी टीकापुरतर्फ गईरहेको देखी तपाईहरू किन लाठी बोकेर जानु भएको हाम्रो आन्दोलन त शान्तिपूर्ण तरिकाले गर्ने भनिएको छ भनी भनेको थिएँ। मैले भनेपनि मानिसहरू लाठी भाटाहरू बोकी टीकापुर गईसकेपछि म पनि काम सकाएर आन्दोलनमा जाने सोंच बनाई काम गरिरहेको अवस्थामा करिब २ बजेको समयमा मानिसहरू टीकापुरबाट चिच्याउँदै घरतर्फ फर्की रहेको देखि किन फर्किनुभयो भनी सोध्दा टीकापुरमा घटना भयो भनी भनेका थिए। पछि रेडियोमा टीकापुर घटनाको बारे थाहा पाएको हुँ। म पनि आन्दोलनमा जाने वाला थिएँ तर काम गर्दा गर्दै ढिला भएका कारण जान पाइन। म घटनास्थल नपुगी जोशीपुरबाट फिर्ता भएको हुँ" भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि सह-प्रतिवादीहरू प्रदिप चौधरी, श्रवण चौधरी लगायतका व्यक्तिहरूले वारदातस्थलमा यी प्रतिवादी समेत लाठी सहित उपस्थित भएका भनी पोल गरेको देखिन्छ। प्रतिवादी करन चौधरीले अदालतमा उपस्थित भई बयान गर्दा समेत वारदातमा यी प्रतिवादी उपस्थित भएको भनी

लेखाएको अवस्था छ। मौकामा घटना विवरण कागज गर्ने व्यक्ति तथा घाइते समेतका चश्मदीद गवाह र जाहेरवालाहरूसमेतले अदालतका बकपत्र गर्दा मौकाको कागज तथा जाहेरी बेहोरा समर्थित हुने गरी बकपत्र गरिदिएको देखिएतापनि उल्लिखित कागज प्रमाणबाट यी प्रतिवादी आफैंले मृतक वा घाइते सुरक्षाकर्मीलाई चोट छोडेको वा प्रतिवादीहरूलाई ज्यान मार्नलाई वचन दिएको वा संयोग पारिदिएको भन्ने पुष्टि हुन सकेको देखिएन। ज्यान मार्नमा मतलवमा पसी लाठी लिई वारदातमा उपस्थित भएकोसम्म देखिएको र निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर भन्ने पुष्टि हुन आएकाले निजलाई सोही नम्बरको कानूनी व्यवस्था अनुरूप ३ (तीन) वर्ष कैद सजाय हुनुपर्ने देखियो। **तसर्थ, माथि उल्लिखित आधार कारणबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योग तथा डाँका चोरीतर्फको कसुर स्थापित हुन नसक्ने भएकाले निज प्रतिवादी चुन्निराम चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने गरी सुरू कैलाली जिल्ला अदालतले गरेको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मनासिब देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।**

<u>प्रतिवादी गंगाराम डगौरा चौधरीको हकमा हेर्दा</u>

४३२. यी प्रतिवादी गंगाराम डगौरा चौधरी अनुसन्धानमा फरार रहेकोमा निवेदनसाथ अदालतमा उपस्थित भई बयान गर्दा निजले **'मिति २०७२/०५/०७ मा घटना घटेको ठाउँमा म गएकै छैन, म मेरो खेतबारीमा काम गर्दै थिए। घटना सम्बन्धमा मलाई कुनै थाहा छैन, घटना घटेको स्थलबाट मेरो घर १५/२० किलोमीटर टाढाको दुरीमा पर्दछ भनी वारदातस्थलमा उपस्थित नै नभएको भनी जिकिर लिएको देखिन्छ। अन्य प्रतिवादीहरूले वारदातस्थलमा उपस्थित भई सुरक्षाकर्मीहरू उपर चोट छाडेको'** भनी मौकामा तथा अदालतमा समेत पोल बयान गरेका, प्रदिप चौधरी र करन चौधरीसमेतका सह-अभियुक्तहरूले आफ्नो बयानमा यी प्रतिवादी वारदातस्थलमा उपस्थित भएको वा निजलाई देखेको भनी यी प्रतिवादीको प्रस्तुत वारदातमा संलग्नता रहेको पुष्टि हुने गरी पोल गर्न सकेको देखिंदैन। घाइते र अन्य प्रत्यक्षदर्शीहरू साक्षीका रूपमा अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि यी

प्रतिवादीको वारदातमा उपस्थित रहेको वा निजको साथमा के कुन हतियार लाठा भाला भएको भन्ने वा यी प्रतिवादी वारदातस्थलमा उपस्थित भई यो यस बेहोराले सुरक्षाकर्मी प्रहरीलाई घेरा हालेको, लखेटेको, प्रहार गरेको भनी निजको वारदातको संलग्नता पुष्टि हुने गरी बकपत्र गर्न सकेको देखिँदैन। स्वयम् वादी नेपाल सरकारका साक्षीका रूपमा जाहेरवाला, घटना विवरण कागज गर्ने व्यक्ति तथा पीडित घाइतेहरू समेतले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी वारदातस्थलमा उपस्थित भएका, निजले सुरक्षाकर्मीहरूलाई यो यस बेहोराले यसप्रकार सुरक्षाकर्मीलाई आक्रमण गरेका भनी वारदातमा निजको भूमिका र उपस्थिति स्पष्ट खुलाउन सकेको नदेखिएको अवस्थामा केवल निजका विरूद्ध परेको जाहेरीकै आधारमा निज उपरको अभियोगदाबी पुष्टि हुन सक्ने स्थिति देखिएन। फौजदारी मुद्दामा अभियुक्त उपरको कसुर प्रमाणित गर्ने भार वादीको हुने र निज उपरका अभियोग शंकारहित तवरले पुष्टि हुनुपर्नेमा मिसिल प्रमाणबाट निज उपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि नभई निजको अदालतको इन्कारी बयान समर्थित हुन आयो। **तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी गंगाराम डगौरा चौधरी उपरको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुष्टि हुन नसकेकाले सो नम्बर बमोजिम जन्मकैदको सजाय र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ ५ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला निजको हकमा मिलेको नदेखिंदा उल्टी हुने देखियो।**

<u>प्रतिवादी विद्रोह भन्ने सिताराम चौधरीको हकमा</u>

४३३. यी प्रतिवादी मौकामा फरार भई सुरू अदालतमा निवेदनसाथ आई बयान गर्दा **"गाउँका भलमन्सा इश्वरी प्रसाद चौधरीले सबैजना टीकापुर आन्दोलनमा जानुपर्छ नजाने व्यक्तिलाई जरिवाना समेत गरिनेछ भनी खबर गरे बमोजिम उक्त वारदातको दिन म साइकल लिएर टीकापुर आन्दोलनमा जाने क्रममा जोशीपुर गा.वि.स. को लकरमण्डी भन्ने ठाउँमा पुगेपछि मेरो साइकलको रिङ्ग भाँचिएको हुँदा त्यहाँबाट फर्केर घरमा आई मोटरसाइकल चलाई टीकापुर जाने क्रममा मोतिपुर भन्ने ठाउँमा होटलमा बसी मादक पदार्थ रक्सी सेवन गरी बसेको अवस्थामा अश्रुग्याँस र गोली**

चलेको आवाज आएपछि सोही स्थानंबाट घर तर्फ फर्केको हुँ। मैले कुनै कसैलाई मारेको छैन। म पहिले ने.क.पा. माओवादीको सेना भएको कारण मेरो नाउँमा झुठ्ठा मुद्दा दिएका हुन। म घटनास्थलमा पुग्न नपाउँदै घटना भएका कारण घर फर्केको हुँ। आन्दोलनमा नजाने व्यक्तिहरूलाई जरिवाना गर्छौं। गाउँबाट निकाला गर्छौं भनी थरूहटका नेता कार्यकर्ताहरूले धम्की दिने गरेका कारण आन्दोलनमा जान बाध्य पारिएका छन "भनी वारदातमा आफ्नो संलग्नता नरहेको तर थरूहटका नेताको धम्किको कारण उपस्थित हुन जाने क्रममा बाटोबाटै फर्किएको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ।

४३४. प्रतिवादी करन चौधरीले मौकामा एवम् अदालत समक्षको बयानमा अन्य प्रतिवादीहरूको वारदातमा क-कसको हातमा कुन कुन हतियार थियो, मृतक प्रहरीलाई क-कस्ले के-कस्तो रित बाट प्रहार गरे भनी सिलसिलेवार रूपमा किटानी साथ लेखाई दिएकोमा वारदातमा यी प्रतिवादीको उपस्थिति रहेको वा निजको संलग्नता रहेको भनी पोल गर्न सकेको देखिँदैन। प्रतिवादीहरू विश्राम चौधरी र श्रवण चौधरी समेतले मौकामा साविती बयान गर्दा वारदातमा अन्य प्रतिवादीहरूको संलग्नता र भूमिकाको बारेमा चित्रण गरेको देखिएतापनि यी प्रतिवादीको नाम तथा वारदातमा उपस्थित रहेको वा यो यस्तो संलग्नता रहेको भनी लेखाई दिएको पनि पाइदैन। प्रतिवादी प्रदिप चौधरीले अनुसन्धानको बयानमा अन्य प्रतिवादीहरूको नाम उल्लेखन गर्ने क्रममा यी प्रतिवादीको नामसम्म उल्लेख गरेतापनि के कस्तो हतियार वा लाठी, भाला लिई वारदातस्थलमा उपस्थित रहेका हुन र निजले सुरक्षाकर्मीहरूलाई घेरेको, प्रहार गरेको, लखेटेको वा चोट छाडेका भनी लेखाउन सकेको नभई बयानमा गोश्वारारूपमा यी प्रतिवादी समेतको नामसम्म उल्लेख गरेको देखिन्छ। फौजदारी कसुर स्थापित हुन वारदातमा अभियुक्तको के कस्तो भूमिका रहेको थियो भन्ने सम्बन्धमा प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणबाट व्यक्तिपिच्छेको भूमिका देखिनुपर्दछ। तर यी प्रतिवादीका हकमा अन्य प्रतिवादीहरूको पोल बयानबाट निज वारदातमा संलग्न रहेको भनी यकिन साथ खुल्न आउँदैन। यसबाहेक, अनुसन्धानमा कागज गर्ने व्यक्ति तथा अदालतमा आई बकपत्र गर्ने जाहेरवाला, पीडित घाइते एवम् अन्य घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी समेतका व्यक्तिहरूले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादी वारदातस्थलमा उपस्थित भई

सुरक्षाकर्मीहरूलाई प्रहार गरेको, लखेटेको, घेरा हालेको वा भाग्न उम्कन नदिई मार्नमा संयोग पारिदिएको जस्ता कुनै निषेधित र कसुरजन्य कार्य गरेको भनी यकिन साथ लेखाउन नसकेको हुँदा निजका विरूद्ध परेको जाहेरीकै आधारमा यी प्रतिवादीलाई आरोपित कसुरमा दोषी मान्न सकिएन। फौजदारी मुद्दामा अभियुक्त उपरको कसुर प्रमाणित गर्ने भार वादीको हुने र निज उपरका अभियोग शंकारहित तवरले पुष्टि हुनुपर्नेमा मिसिल प्रमाणबाट निज उपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन सकेको देखिएन। **तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी 'विद्रोह' भन्ने सीताराम चौधरी उपरको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. तथा ऐ.१५ नं. बमोजिमको अभियोग दाबी पुष्टि हुन नसकी अभियोग दाबीबाट सफाई पाउनुपर्ने देखियो। ऐ. १३ नम्बर बमोजिमको जन्मकैदको सजाय र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ ५ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला मिलेको देखिएन।**

४३५. अतः माथिका प्रकरणहरूमा विवेचित आधार, कारण र प्रमाणबाट पुनरावेदक **प्रतिवादीमध्येका 'विद्रोह' भन्ने सिताराम चौधरी र गंगाराम डगौरा चौधरीको हकमा** सुरू कैलाली जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम जन्मकैद तथा ज्यान मार्ने उद्योगतर्फ ऐ. १५ नं बमोजिम ५ वर्ष कैद सजाय गरेको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने एवम् साधकको रोहमा हेरिएका **प्रतिवादी लक्ष्मण थारू (चौधरी)को हकमा** निजलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं बमोजिम जन्मकैद तथा ज्यान मार्ने उद्योगतर्फ ऐ. १५ नं बमोजिम ५ वर्ष कैद सजाय गरेको उच्च अदालत दिपायलको फैसला मिलेको नदेखिदा केहि उल्टी भई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं बमोजिम ३ वर्ष कैद सजाय हुने तथा अन्य **पुनरावेदक प्रतिवादीहरू रेशमलाल चौधरी, हरिनारायण चौधरी, प्रदिप चौधरी, श्रवण चौधरी र वीर बहादुर चौधरीको हकमा** मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने

हुँदा जन्मकैदको सजाय हुने र ज्यान मार्ने उद्योगतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने एवम् **प्रतिवादी श्रवण चौधरी** वारदातका बखत १४ वर्ष माथि १६ वर्ष मुनिको नाबालिग भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(३) तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम सोको आधी १० वर्ष कैद हुने, **प्रतिवादीहरू सुन्दरलाल कठरिया, राजकुमार कठरिया, बृजमोहन डगौरा चौधरी र राजेश चौधरीको हकमा** मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने र **प्रतिवादीहरू राजकुमार कठरिया र चुन्निराम चौधरीको हकमा** मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. र ऐ.१५ नं. बमोजिम ज्यान मार्ने उद्योग तथा डाँका चोरीतर्फको कसुर स्थापित हुन नसक्ने भएकाले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्वन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने गरी भएको उच्च अदालत दिपायलको मिति २०७७।०९।०२ को फैसला सो हदसम्म मिलेको देखिंदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने निजहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नु।

## तपसिल

१) माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू विद्रोह भन्ने सीताराम चौधरी र गंगाराम डगौरा चौधरीको हकमा सुरू कैलाली जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद र ऐ. १५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहर भएको फैसला सदर गरेको उच्च अदालत दिपायलको मिति २०७७।०९।०२ को फैसला उल्टी भई निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहरेकाले निजहरूको नाममा राखेको कैदको लगत कट्टा गर्नु भनी सुरू जिल्ला अदालतलाई लेखी पठाउनु।

२) प्रतिवादीहरू विद्रोह भन्ने सिताराम चौधरी-१ र गंगाराम डगौरा चौधरी-१ लाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट थुना मुक्त गर्ने भनी यस अदालतबाट संक्षिप्त आदेश भई लेखी पठाइसकेको देखिंदा सो तर्फ केही गरिरहनु परेन।

३) प्रतिवादी लक्ष्मण थारू (चौधरी) को हकमा सुरू कैलाली जिल्ला अदालतको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद र ऐ.१५ नं. बमोजिम ५ वर्ष कैदसजाय ठहर गरेको उच्च अदालत दिपायलको फैसला केही उल्टी भई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुने ठहरेकोले उच्च अदालत दिपायलले राखेको कैदको लगत संशोधन गर्नु भनी सुरू कैलाली जिल्ला अदालमा लेखी पठाउनू।

४) प्रतिवादी लक्ष्मण थारू (चौधरी) मिति २०७२।०५।२३ देखि मिति २०७५।११।२२ सम्म थुनामा रही निजलाई लागेको कैद भुक्तान भैसकेकाले सो सम्बन्धमा केही गरिरहनु परेन।

५) प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई र थुनामा रहेका प्रतिवादीहरूलाई दिनु।

६) सरोकारवालाले फैसलाको नक्कल माग्न आएमा नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

७) मुद्दाको लगत कट्टा गरी प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा म सहमत छु।

नहकुल सुवेदी
(न्यायाधीश)

आनन्दमोहन भट्टराई
(न्यायाधीश)

**इजलास अधिकृत(उपसचिव)** :- शिव वाग्ले / सदन अधिकारी

**शाखा अधिकृतः** सदिक्षा नेपाल

**कम्प्युटर अपरेटरः-** पद्मा आचार्य

इति संवत् २०८० साल जेठ २ गते रोज ३ शुभम् ---------------------------------।